# बुढीगंगा नगरपालिकाको वस्तुगत विवरण

## (Budhiganga Municipality Profile)

## २०८२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय डोटी
(डोटी, अछाम, बाजुरा)
फोन : ०९४४४०१५३

# बुढीगंगा नगरपालिकाको वस्तुगत विवरण

# २०८२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय डोटी
(डोटी, अछाम, बाजुरा)
फोन : ०९४४४०१५३

# बुढीगंगा नगरपालिकाको वस्तुगत विवरण
# (Budhiganga Municipality Profile)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय डोटी
(डोटी, अछाम, बाजुरा)
फोन : ०९४४४०१५३

बुढीगंगा नगरपालिकाको वस्तुगत विवरण २०८२

प्रकाशकः तथ्याङ्क समन्वय कार्यालय, डोटी

फोन नं.: ०९४-४४०१५३, ९८५८४२०१५१, ९८५८४८०३०३

वेवसाइटः scodoti.nsonepal.gov.np

इमेल : scodoti@nsonepal.gov.np, sodoti440153@gmail.com

प्रकाशन प्रति : २००

प्रकाशन वर्षः २०८२

# बुढीगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौं, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

९८५८४८३९९१ (प्रमुख)
९८४८५४०३७२ (उप प्रमुख)
९८६५६४९०२७ (प्र.प्र.अ.)
info@budhigangamunbajura.gov.np
www.budhigangamunbajura.gov.np


प.सं. ०८१/८२
च.नं.

## शुभकामना सन्देश!!!



नेपालको संवैधानतः संघिय संरचना अनुरुप मुलुकमा तीन तहका सरकारहरु विद्यमान छन ।. जस अनुरुप बुढीगंगा नगरपालिका स्थानीय तह अन्तर्गत रहेको नगर सरकार हो । यस बुढीगंगा नगरपालिकाको दोस्रो कार्यकालका लागि निर्वाचित भईसके पछि नगरका सम्पुर्ण पक्षको पहिचान गर्नु, विश्लेषण गर्नु र योजना बनाएर कामलाई अगाडी बढाउनु नै हाम्रो आफ्नो कर्तव्य ठानेका छौ । बुढीगंगालाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले योजनाबद्ध नगर, लैङ्गिक रुपमा महिलामैत्री, सामाजिक रुपले समावेशी सहभागितात्मक, वातावर्णीय रुपले स्वच्छ सफा, व्यवस्थापकिय रुपले सुव्यवस्थित बनाई शिक्षा, स्वास्थ्य र प्रशासनिक कार्य प्राभावकारी बनाउन नगर प्रोफाईल बनाउनु अनिवार्य विषय हो।

यसै सन्दर्भमा यस नगरपालिकाको पहिलो कार्यकालमा बन्न नसकेको नगर प्रोफाईल दोस्रो कार्यकालमा हाम्रो टिम निर्वाचित भएपछि पहिलो नगरसभाले वस्तुगत अवस्था पहिचानको लागि नगर प्रोफाईल तयार गर्ने निर्णय गर्यो । विविध कठिनाइका बावजुद सो कार्य हाल सम्म सम्पन्न हुन नसकेकाले प्रोफाईल निर्माणको कार्य अगाडी बढाएको हो । यस नगरपालिकाको भौगोलिक विविधताको साथै हावापानी तथा वातावरण र सामाजिक संस्कृतीमा विविधता, व्यापकत्ता रहेको छ । १० वटा वडाहरु रहेको नगरपालिकाका कुना कन्दराको समूचित विकास गर्नका लागि हामी हर प्रयासमा जुटिरहेका छौं । नगरको चौतर्फि विकासका लागि समग्र नगरको वस्तुस्थितीका बारेमा जानकारी लिन नगर प्रोफाईलको आवश्यकता महशुस गरी तथ्याङ्क समन्वय कार्यालय डोटीले यो कामलाई अघि बढाएकोमा हार्दिक आभार प्रकट गर्दछु । नगरको विकासलाई सबल बनाउँदै दिर्घकालिन योजनालाई गुणस्तरीय र दिगो बनाउने जिम्मा हाम्रो नै हो । यो प्रोफाईललाई विकासको दस्तावेज मानेर नगरले भोलीका दिनमा सोच तयार पारेर व्यवहारमा कार्यान्वियन गर्नेछ । शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, विद्युत, सञ्चार, जनसंख्या, रोजगार, प्रविधी लगायत समाजका सबै पक्षहरुलाई समेटेर नगर प्रोफाईल बन्ने विश्वास छ ।आवश्यकतामा आधारीत विकासलाई पहिचान गरी हरेक कार्यक्रमहरु अघि बढाउन यो नगर प्रोफाईल महत्वपूर्ण दस्तावेज बन्ने अपेक्षा समेत राखेको छु ।

यो नगर प्रोफाईल " बुढीगंगा नगरपालिका वस्तुगत विवरण, २०८२" बनाउनका लागि आवश्यक सहयोग गर्ने तथ्याङ्क समन्वनय कार्यालय तथा यस संस्थामा आवद्ध कर्मचारी, तथ्यांक उपलब्ध गराउने व्यक्ति र सल्लाह सुझाव दिने सबै क्षेत्रका महानुभाव ज्यूहरु सबैलाई म बुढीगंगा नगरपालिकाको तर्फबाट विषेश धन्यावाद ज्ञापन गर्दछु । अब यो नगर प्रोफाईलको आधारमा नगरको विकासका लागि हामीले थाल्ने कार्यक्रम तथा योजनाहरु कार्यान्वियनमा सहकार्य र सहयोग गर्न सबै पक्षहरुलाई अपिल गर्दै यो सशक्त दस्तावेज प्रकाशनको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

(राम बहादुर बानियाँ)
नगर प्रमुख
राम बहादुर बानियाँ
नगर प्रमुख

# बुढीगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कुल्देवमाण्डौं, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

९८५८५८३१११ (प्रमुख)
९८४८५४०३७२ (उप प्रमुख)
९८६५६४१०२७ (प्र.प्र.अ.)
info@budhigangamunbajura.gov.np
www.budhigangamunbajura.gov.np


प.सं. ०८१/८२
च.नं.

## शुभकामना सन्देश



तथ्याङ्क समन्वय कार्यालय, डोटीद्वारा प्रकाशन हुन लागिरहेको बुढीगंगा नगरपालिकाको वस्तुगत विवरण २०८२ पुस्तक प्रकाशनको लागि हार्दिक शुभकामना तथा धन्यवाद व्यक्त गर्न चाहान्छु। जनसांख्यिक अवस्था, तथ्याङ्क र विवरणहरुलाई व्यवस्थित, वैज्ञानिक र अध्यावधिक रुपमा प्रस्तुत गर्न योगदान पुर्याउने महत्वपूर्ण दस्तावेजको रुपमा रहने विश्वास लिएको छु। पुस्तक प्रकाशनले हाम्रो नगरपालिकाको योजनावद्द विकास र नीति निर्माणमा मार्गदर्शन प्रदान गर्नेछ, तथ्याङ्कको आधारमा विकासका कार्यहरु प्रभावकारी ढंगले अगाडी वढाउन महत्वपूर्ण सहयोग गर्नेछ भन्ने मेरो दृढ विश्वास छ।

यस उपयोगी प्रकाशन कार्यमा समर्पित भई योगदान पुऱ्याउने सवै निकाय विशेष गरी तथ्याङ्क समन्वय कार्यालय डोटीको टिम प्रति म नगरपालिका परिवार तर्फबाट आभार प्रकट गर्दछु साथै यस नगर वस्तुगत विवरणले हाम्रो पालिकाको समावेशी विकास, समान अवसर र सेवा प्रवाहमा उल्लेखनीय योगदान पुऱ्याओस् भन्ने कामना गर्दछु।

मार्या खड्का कुँवर
(नगर उपप्रमुख)
बुढीगंगा नगरपालिका, कुल्देवमाण्डौं
बाजुरा ।

माया खड्का कुँवर
नगर उप-प्रमुख

# बुढीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौं, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

९८५८४८३९९१ (प्रमुख)
९८४८५४०३७२(उप प्रमुख)
९८६५६४९०२७(प्र.प्र.अ.)
info@budhigangamunbajura.gov.np
www.budhigangamunbajura.gov.np


प.सं. ०८१/८२
च.नं.

## शुभकामना सन्देश



तथ्याङ्क समन्वय कार्यालय, डोटीबाट प्रकाशन हुँदै गरेको बुढीगंगा नगरपालिकाको वस्तुगत विवरण २०८२ प्रकाशनको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

विकासको योजना, स्रोतको वितरण र सेवा प्रवाहलाई प्रभावकारी बनाउन यथार्थ, विश्वसनीय र अद्यावधिक तथ्याङ्क अनिवार्य आधार हो। यिनै कुरालाई मध्यनजर राखी तथ्याङ्क समन्वय कार्यालय डोटीले प्रकाशन गर्न लागेको पालिका वस्तुगत विवरण हाम्रो पालिकाको वर्तमान अवस्थाको समग्र चित्र प्रस्तुत गर्ने अत्यन्त उपयोगी दस्तावेज हो।

यस पालिका वस्तुगत विवरणले पालिकाको जनसांख्यिक संरचना, सामाजिक सेवा, आर्थिक गतिविधि, स्वास्थ्य, शिक्षा लगायतका महत्वपूर्ण सूचनाहरू समेटेको छ, जसले नीति निर्माण, विकास योजना र अनुगमन/मूल्याङ्कनमा अमूल्य सहयोग पुऱ्याउनेछ।

यस महत्वपूर्ण कार्यमा संलग्न रहनु भएका तथ्याङ्क समन्वय कार्यालय डोटीको सम्पूर्ण टिम, अन्य सरोकारवाला निकाय तथा प्राविधिक टिमप्रति धन्यवाद व्यक्त गर्दै, यो प्रकाशनले हाम्रो पालिकालाई अझ तथ्याङ्कमैत्री, पारदर्शी र उत्तरदायी बनाउने दिशामा महत्वपूर्ण योगदान पुऱ्याओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

अम्मर राज जोशी
(प्रमुख प्रशासकिय अधिकृत)
बढीगंगा नगरपालिका, कुल्देवमाण्डौं,
बाजुरा।
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय डोटी
(डोटी,अछाम,बाजुरा)

☎ ०९४-४४०१५३
Email: scodoti@nsonepal.gov.np
Email: sodoti440153@gmail.com

## मन्तव्य



नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्गको रुपमा रहेको साविकको तथ्याङ्क ऐन, २०१५ लाई प्रतिस्थापन गरी नयाँ तथ्याङ्क ऐन, २०७९ जारी भएको छ।नेपाल सरकार राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) स्तरको महानिर्देशकको नेतृत्वमा रहेको साविकको केन्द्रीय तथ्याङ्क विभागलाई स्तरोन्नति गरी नेपाल सरकारको विशिष्ट श्रेणी (सचिव) स्तरको प्रमुख तथ्याङ्क अधिकारीबाट नेतृत्व हुने गरी राष्ट्रिय तथ्याङ्क कार्यालय स्थापना भएको छ। यस कार्यालयले स्थापनाकालदेखि नै मुलुकको आर्थिक, सामाजिक, जनसांख्यिक क्षेत्रका साथै अन्य विभिन्न प्रकारका तथ्याङ्कको संकलन, प्रशोधन, प्रकाशन, र वितरण गर्दै आइरहेको छ। यसका अतिरिक्त पछिल्लो समयमा वातावरणीय क्षेत्रका तथ्याङ्क समेत प्रकाशन गर्दै आएको छ। तथ्याङ्कको आधिकारिक निकायको रुपमा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयले राज्यको नीति, निर्माण तथा योजना तर्जुमा र तिनको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक पर्ने तथ्याङ्क आपूर्तिमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तथ्यमा आधारित योजना तथा कार्यक्रम निर्माणका लागि राज्यका तीनै तहका सरकार संघ, प्रदेश र स्थानिय तहका सम्पूर्ण निकायहरुका लागि राष्ट्रिय जनगणनाको माध्यमबाट खण्डीकृत र बृहत तथ्याङ्क प्रयोगकर्ताहरुका लागि सूचना एवं तथ्याङ्क उपलब्ध हुँदै आएका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयको नयाँ संरचनावाट स्थापित तथ्याङ्क समन्वय कार्यालय, डोटीले चालु आ.व. को वार्षिक कार्यक्रम अन्तर्गत आफ्नो कार्यक्षेत्र भित्र रहेका स्थानीय तहहरुको जनसांख्यिक प्रतिवेदन तयार पार्ने क्रममा बुढीगंगा नगरपालिकाको जनसांख्यिक प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गर्न पाउँदा अत्यन्तै हर्षित एवं गौरवान्वित भएको छु। तथ्याङ्क समन्वय कार्यालयबाट प्रकाशित यस प्रतिवेदनले बुढीगंगा नगरपालिकालाई विभिन्न योजना, नीति तथा कार्यक्रमहरु निर्माण गर्नका लागि आवश्यक जनसांख्यिक, सामाजिक, आर्थिक लगायत अन्य विभिन्न क्षेत्रका आधारभूत तथ्याङ्क उपलब्ध हुने कुरामा विश्वस्त छु। राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय कृषिगणना २०७८, राष्ट्रिय आर्थिक गणना २०७५ लगायत अन्य राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित विभिन्न विषयगत तथ्याङ्क यस बुढीगंगा नगरपालिकाको प्रतिवेदनमा समावेश गरिएको छ। यस प्रतिवेदन तयारीका लागि विभिन्न माध्यमबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग तथा तथ्याङ्क संकलनमा मदत गर्ने सम्पूर्ण निकायहरुमा आभार प्रकट गर्न चाहन्छु। यस प्रतिवेदन तयारीमा मूर्तरुप दिनका लागि यस तथ्याङ्क समन्वय कार्यालय, डोटीका सुपरिवेक्षक प्रकाश बिष्ट, सुपरिवेक्षक तिलक पाल, खरिदार हरिश पन्त, सहलेखापाल केशव बहादुर साउद लगायत कार्यालय सहयोगी कर्ण बहादुर मेधासी, धन बहादुर देउवा समेतलाई विशेष धन्यवाद दिन चाहन्छु। यस प्रतिवेदन तयारीका लागि विभिन्न चरणमा समन्वय, सहयोग, सुझाव प्रदान गर्नुहुने बुढीगंगा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यस प्रकाशनमा कहीं कतै कमी, कमजोरी, त्रुटि भएमा यहाँहरुको उचित राय सुझावको अपेक्षासहित आगामी प्रकाशनमा त्रुटि न्यूनीकरण गर्ने तथा सच्याउने प्रतिवद्धता व्यक्त गर्दछु।

खेम राज भट्ट
नि. तथ्याङ्क समन्वय अधिकारी
तथ्याङ्क समन्वय कार्यालय डोटी


बुढीगंगा नगरपालिका
1
2
3
4
5
6
7
8
9
10
खप्तड छेडेदह गा.पा.
बडिमालिका न.पा.
त्रिवेणी न.पा.
साँफेबगर न.पा.
मेल्लेख गा.पा.
N
W
E
Kilometers
0 0.5 1 2 3 4
1 cm = 0.68 km
© OpenStreetMap (and) contributors, CC-BY-SA

# विषयसूची


खण्ड १ परिचय ........ 1

१.१ भौगोलिक अवस्थिति ........ 1

१.२ ऐतिहासिक चिनारी तथा नामाकरण ........ 1

१.३ राजनीतिक अवस्थिति ........ 1

१.४ सांस्कृतिक उत्कृष्टता ........ 2

१.५ प्राकृतिक सम्पदा तथा धरातलीय अवस्थाः ........ 2

खण्ड २ः जनसाङ्ख्यिक विवरण ........ 3

२.१ जनसंख्या र लैङ्गिक अनुपात ........ 3

२.२ नगरपालिकाको वि.सं. २०६८ र २०७८ को जनसाङ्ख्यिक स्थिति ........ 4

२.२.१ अक्सर बसोबासः बुढीगंगा नगरपालिका, नेपालभित्रै अरू स्थान र विदेश ........ 5

२.३ सहरी तथा ग्रामीण जनसंख्या ........ 7

२.४ नगरपालिकाको वडागत लैङ्गिक अनुपात ........ 7

२.५ परिवारको संरचना ........ 9

२.६ परिवारमुली ........ 10

२.७ परिवारमुलीसँगको नाताअनुसार जनसंख्या ........ 11

२.८ उमेरगत जनसंख्या ........ 12

२.९ उमेर समूहअनुसार जनसंख्याको संरचना (Population structure by age group) ........ 15

२.१० बृहत् उमेर समूह र विशेष उमेरअनुसारको जनसंख्या ........ 16

२.११ उमेरअनुसार परिवारमुलीको संख्या ........ 17

खण्ड ३ः जातजाति, भाषा तथा धर्मसम्बन्धी विवरण ........ 19

३.१ नगरपालिकामा जातजातिको अवस्था ........ 19

३.२ जातजाति अनुसार साक्षरता दर ........ 20

३.३ मातृभाषाको अवस्था ........ 21

३.४ धर्मसम्बन्धी विवरण ........ 22

३.५ दोस्रो भाषा अनुसारको जनसंख्या ........ 23

३.६ नेपालमा बसोबास गर्ने विभिन्न देशका नागरिकको जनसंख्या ........ 23

४.१ जनसंख्याको वैवाहिक स्थिति ........ 24

४.२ पहिलो विवाह गर्दाको उमेर ........ 25

४.३ विवाहको औसत उमेर....26
४.४ एकल महिलाको अवस्था....27
खण्ड ५:ज्येष्ठ नागरिक....29
५.१ ज्येष्ठ नागरिक र लैङ्गिक अनुपात....29
५.२ वडा अनुसार ६० वर्ष र सोभन्दा माथिको जनसंख्या....29
५.३ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ज्येष्ठ नागरिक....30
५.४ बुढ्यौली जनसंख्या....30
खण्ड ६: बालबालिकाको स्थिति....32
६.१ बालबालिकाको जनसंख्या तथा लैङ्गिक अनुपात....32
६.२ वडाको कुल जनसंख्यामा बालबालिकाको अनुपात....33
६.३ बाल-आश्रित अनुपात....33
६.४ बाल विवाह....34
६.५ बालबालिकाको साक्षरता दर....36
६.६ अध्ययनरत तथा स्कुल बाहिर रहेका बालबालिकाको विवरण....37
६.७ बालश्रमको विवरण....37
६.८ जन्मदर्ताको अवस्था....39
खण्ड ७: अपाङ्गता भएका व्यक्तिको स्थिति....40
७.१ अपाङ्गता भएका व्यक्तिको जनसंख्या र लैङ्गिक अनुपात....40
७.२ अपाङ्गताको प्रकारसम्बन्धी विवरण....41
७.३ अपाङ्गता भएका व्यक्तिको साक्षरतादर....42
७.४ अपाङ्गता भएका व्यक्तिको आर्थिक काममा संलग्नताको अवस्था (१० वर्ष वा सोभन्दा माथिका)....43
खण्ड ८: जनसंख्याको शैक्षिक स्थिति....44
८.१ साक्षरतादर (५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका)....44
८.२ वडा अनुसार साक्षरतादर....44
८.३ साक्षर जनसंख्याले उत्तीर्ण गरेको तहसम्बन्धी विवरण....47
८.४ ५ वर्षदेखि २५ वर्षसम्मका हाल स्कुल गइरहेका वा विगतमा स्कुल गएको जनसंख्याको विवरण....49
८.५ अध्ययन गरेको विषयक्षेत्र....50
खण्ड ९: बसाइँसराइ सम्बन्धी विवरण....53
९.१ जन्मस्थानको आधारमा जनसंख्या....53
९.२ पछिल्लोपटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या....54

९.३ पछिल्लोपटक मुलुकभित्रकै अर्को स्थानबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण.....55
९.४ यसअघिको बसोबास भएको देश.....56
९.५ विदेशबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण.....56
खण्ड १०: प्रजनन् सम्बन्धी विवरण.....58
१०.१ जीवनकालभरी जन्माएका बच्चाको संख्याअनुसारको महिला.....58
१०.२ महिलाको उमेर समूह अनुसार जीवितै जन्मिएका, जीवितै जन्मिएर मरेका र हालसम्म जीवित बच्चाहरूको संख्या.....59
१०.३ विगत १२ महिनामा जीवितै बच्चा जन्माएका महिलाहरूको संख्या र जीवितै जन्मिएका बच्चा.....60
खण्ड ११: आर्थिक क्रियाकलापसम्बन्धी विवरण.....62
११.१ आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या.....62
११.२ आर्थिक क्रियाकलाप सम्बन्धी विवरण.....63
११.३ आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या.....64
११.४ आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या.....65
११.५ कृषि तथा गैरकृषि क्षेत्रमा संलग्न जनसंख्या.....67
खण्ड १२: घरको संरचना तथा प्रयोग.....69
१२.१ घरको मुख्य प्रयोग.....69
१२.२ घरको तला.....70
१२.३ घरको आयु.....71
१२.४ घरको स्वामित्व.....72
१२.५ घरको जग.....73
१२.६ घरको बाहिरी गारो.....74
१२.७ घरको छानो.....75
१२.८ घरको भुइँ.....76
१२.९ घरको गुणस्तरीयता वर्गीकरणअनुसार परिवारको वितरण.....77
खण्ड १३: पारिवारिक सेवा सुविधा तथा पहुँच.....79
१३.१ परिवारमा खानेपानीको मुख्य स्रोत.....79
१३.२ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन.....80
१३.३ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत.....82
१३.४ परिवारले प्रयोग गर्ने शौचालय.....83
१३.५ परिवारमा उपलव्ध साधन/सुविधा.....84
१३.६ सम्पन्नताको वर्गीकरणअनुसार परिवारको वितरण.....86

१३.७ आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवार ....................................................................................87
१३.८ बैंक तथा वित्तीय संस्थामा बैंक खातासम्बन्धी विवरण ....................................................................................88
१३.९ प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम ....................................................................................89
१३.१० बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको विवरण ....................................................................................89
१३.११ घर, जग्गामा महिलाको स्वामित्व ....................................................................................90
१३.१२ कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको विवरण ....................................................................................91
खण्ड १४: अक्सर विदेश बस्ने जनसंख्या ....................................................................................92
१४.१ परिवारमा अनुपस्थित विदेश ....................................................................................92
१४.२ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको उमेर समूहअनुसारको विवरण ....................................................................................92
१४.३ अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देशअनुसारको विवरण ....................................................................................93
१४.४ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको विदेश जानुको कारण अनुसारको विवरण ....................................................................................94
१४.५ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थामा उत्तीर्ण गरेको तहअनुसारको विवरण ....................................................................................95
खण्ड १५: मृत्युसम्बन्धी विवरण ....................................................................................97
१५.१ मृत्युसम्बन्धी विवरण ....................................................................................97
१५.२ विगत १२ महिनामा मृत्यु भएको कारण ....................................................................................98
१५.३: १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको अवस्था ....................................................................................98
खण्ड १६: कृषि सम्बन्धी विवरण ....................................................................................99
१६.१ कृषि सम्बन्धी विवरण ....................................................................................99
१६.२ जग्गाको उपभोग ....................................................................................99
१६.३ जग्गाको उपयोग ....................................................................................100
१६.४ पशुपन्छीको विवरण ....................................................................................100
खण्ड १७: सारांश ....................................................................................102
जनसंख्या ....................................................................................102
ग्रामीण तथा सहरी जनसंख्या ....................................................................................102
पारिवारिक संरचना ....................................................................................102
महिला परिवारमुली ....................................................................................102
साक्षरतादर ....................................................................................102
अध्ययन गरेको विषयक्षेत्र ....................................................................................102
मातृभाषा ....................................................................................103
धर्म ....................................................................................103

वैवाहिक स्थिति....................103
एकल महिला....................103
ज्येष्ठ नागरिक....................103
बुढ्यौली जनसंख्या....................103
बालबालिका....................103
बालआश्रित अनुपात....................104
बाल विवाह....................104
बालबालिकाको साक्षरतादर....................104
विद्यालय गइरहेका र विद्यालयभन्दा बाहिर रहेका बालबालिका....................104
बालश्रम....................104
जन्मदर्ताको अवस्था....................104
अपाङ्गता भएका व्यक्ति....................104
बसाइँसराइ....................105
बसाइँसराइ गर्नुको मुख्य कारण....................105
प्रजनन् सम्बन्धी विवरण....................105
जीवितै जन्मिएका बच्चा....................105
आर्थिक काम....................105
अक्सर रोजगार र अक्सर बेरोजगार....................106
आर्थिक काम र पेसा....................106
कृषि र गैरकृषि क्षेत्रमा संलग्न जनसंख्या....................106
आवास र प्रमुख आवासीय अवस्था....................106
घरको गुणस्तर....................106
खानेपानीको मुख्य स्रोत....................106
खाना पकाउन अक्सर प्रयोग हुने इन्धन....................107
बत्ती बाल्न प्रयोग गरिने स्रोत....................107
परिवारले प्रयोग गर्ने शौचालय....................107
सम्पन्नताको वर्गीकरण अनुसार परिवार....................107
बैंक तथा वित्तीय संस्थामा खाता हुने परिवार र व्यक्ति....................107
बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका परिवार....................107
घर, जग्गामा महिलाको स्वामित्व....................107
कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार....................108

परिवारमा अनुपस्थित विदेश (विदेशमा बस्ने परिवारका सदस्य)......108

विदेश बस्ने व्यक्ति र गन्तव्य देश......108

अनुपस्थित व्यक्ति विदेश जानुको कारण......108

परिवारमा अनुपस्थित व्यक्तिहरूको विदेश जानुको मुख्य (५५.९%) कारण तलब ज्याला रहेको छ। दोस्रो ठुलो (२७.१%) कारण आश्रित रहेको छ। त्यस्तै, विदेश जाने कारण कामको खोजी हुनेहरूको हिस्सा ११.६ प्रतिशतसहित तेस्रो स्थानमा रहेको छ। अध्ययन र तालिमको लागि विदेश गएकाहरूको अनुपात १.९ प्रतिशत रहेको छ।......108

मृत्युसम्बन्धी विवरण......108

मृत्यु भएका व्यक्ति र उनीहरूको उमेर......108

मृत्यु भएको कुल जनसंख्यालाई उमेर समूहअनुसार विश्लेषण गर्दा सर्वाधिक मृत्यु ८० वर्ष र सोभन्दा माथिको उमेर समूहमा विद्यमान देखिन्छ। यस उमेर समूहमा जम्मा मृत्यु भएका मध्ये २३.६ प्रतिशत महिलाको मृत्यु भएको देखिन्छ भने पुरुषतर्फ यो मान २६.३ प्रतिशत रहेको छ। अत्यधिक मृत्यु भएको दोस्रो ठुलो उमेर समूह ७०-७४ रहेको छ जहाँ समग्र मृत्यु अनुपात १६.३ रहेको छ।......108

मृत्युको कारण......108

कृषिसम्बन्धी विवरण......109

जग्गाको उपभोग......109

जग्गाको उपयोग......109

पशुपन्छी......109

खण्ड १८ : शिक्षा सम्बन्धी......110

१८.१ : प्रारम्भिक बाल शिक्षा र विकास......110

१८.२ ECED केन्द्रहरूको संख्या......110

१८.३ ECED मा बालबालिकाको संख्या......111

१८.४ ECED मा GER/NER......111

१८.५ सिकाइ र अन्य सामग्रीहरूको उपलब्धता......112

१८.६ विद्यालयहरू......112

१८.७ विद्यालयहरूको संख्या......113

१८.८ आधारभूत तहका विद्यालयहरू......113

१८.९ माध्यमिक तहका विद्यालयहरू......114

१८.१० आधारभूत तहको शिक्षा......115

१८.११ आधारभूत तहमा विद्यार्थीहरूको संख्या......115

१८.१२ आधारभूत तहमा आन्तरिक दक्षता......116

१८.१३ GER/NER आधारभूत तहमा......118

१८.१४: कक्षा १ मा GIR र NIR......119

१८.१५: माध्यमिक तहको शिक्षा ....119
१८.१६ माध्यमिक तहमा विद्यार्थीहरूको संख्या ....120
१८.१७ माध्यमिक तहमा आन्तरिक दक्षता ....121
१८.१८: माध्यमिक तहमा GER/NER ....122
१८.१९ माध्यमिक तहमा विद्यार्थी शिक्षक अनुपात ....122
१८.२० आधारभूत तहमा सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको संख्या ....123
१८.२१ आधारभूत तहमा संस्थागत विद्यालयहरूमा शिक्षकहरूको संख्या ....124
१८.२२ माध्यमिक तहमा सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको संख्या ....124
खण्ड १९: स्वास्थ्य ....126
१९.१ वडाअनुसार स्वास्थ्य संस्थाहरूको विवरण ....126
१९.२ नगरपालिकाभित्र कार्यरत स्वास्थ्य जनशक्ति विवरण ....126
१९.३ प्रमुख स्वास्थ्य सूचकांकहरूको त्रिवर्षिय प्रवृति तथ्य तालिका (Fact Sheet) ....127
१९.४ खोप कार्यक्रम २०८०/०८१ ....129
१९.५ वाल स्वास्थ्य कार्यक्रम २०८०/०८१ ....130
१९.६ परिवार स्वास्थ्य कार्यक्रम ....131
१९.७ ओ.पि.डी.मा आएका नयाँ बिरामीहरूको प्रतिशत ....131
१९.८ प्रमुख दश रोगहरु ....132
अनुसूची १: वडाअनुसार महिलाको नाममा घर, जग्गा वा घर र जग्गा दुबै हुने परिवार ....133
अनुसूची २: अक्सर बसोबास, स्वदेश अनुपस्थित र विदेश अनुपस्थित विवरण ....133
खण्ड २०: वडाहरुको आधारभूत विवरण ....134
खण्ड २१: जननिर्वाचित जनप्रतिनिधि सम्बन्धी विवरण ....183
२१.१: २०७९ सालमा जननिर्वाचित जनप्रतिनिधीहरुको विवरण ....183
२१.२: २०७४ सालमा जननिर्वाचित जनप्रतिनिधीहरुको विवरण ....185
**सन्दर्भ सामग्रीहरु** ....202

# तथ्याङ्कमा बुढीगंगा नगरपालिका : (वि.स. २०७८)

| विवरण | तथ्याङ्क |
|---|---|
| परिवार संख्या | ४५५४ |
| जम्मा जनसंख्या | २०१८५ |
| पुरुष | ९२५४ |
| महिला | १०९३१ |
| औसत परिवार संख्या | ४.४३ |
| लैङ्गिक अनुपात | ८४.६६ |
| वार्षिक जनसंख्या वृद्धिदर | -०.६८ |
| जनघनत्व | ३४१ |
| १६ देखि ४० वर्षका युवाको जनसंख्या | ३७.२ |
| ज्येष्ठ नागरिक (६० वर्ष र सोभन्दा माथिको जनसंख्या) | १०.२ |
| ६८ वर्ष र सोभन्दा माथिको जनसंख्या | ५.६ |
| ६५ वर्ष र सोभन्दा माथिको जनसंख्या | ७.२ |
| बालबालिका (०—१७) (%मा) | ४२.७ |
| अनुपस्थित विदेश (जना) | ४२६८ |
| एकल परिवार (%मा) | ४८.०८ |
| संयुक्त परिवार (%मा) | ५१.९२ |
| महिला परिवारमुली (%मा) | ३९.८१ |
| साक्षरतादर (%मा) | ७१.८६ |
| पुरुष | ८२.८२ |
| महिला | ६२.८८ |
| बालबालिकाको साक्षरता दर | **९८.४** |
| विवाहित (%मा) | ५७ |
| पुरुष | ५५.५ |
| महिला | ५८.२ |
| बालविवाह | १८ |
| एकल महिला | ८.४३ |
| आश्रित बालबालिका अनुपात (%मा) | ६० |
| आश्रित ज्येष्ठ नागरिक अनुपात (%मा)) | १७.६ |
| अपाङ्गता (%मा) | ३.१ |
| जन्मदर्ता (५ वर्ष मुनिका) (%मा) | ९०.६ |
| घरको स्वामित्व (%मा) | |
| आफ्नै | ९६ |

| विवरण | तथ्याङ्क |
|---|---|
| भाडामा | ३.१ |
| घरको जग (%मा) | |
| माटोजडित इँटा-ढुङ्गा | ९१.९ |
| सिमेन्टजडित इँटा-ढुङ्गा | ३.४ |
| घरको छाना (%मा) | |
| ढुंगा/सिलेट | ६४.३ |
| जस्ता/टिन | २४.९ |
| परिवारमा खानेपानीको मुख्य स्रोत (%मा) | |
| घर परिसरबाहिर बाहिरको धारा/पाइप | ६२.३४ |
| घर परिसरभित्र र बाहिरको धारा/पाइप | २०.४७ |
| परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन (%मा) | |
| काठ-दाउरा | ९१.३३ |
| एल.पी.ग्यास | ८.१९ |
| परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत (%मा) | |
| बिजुली | ९३.३७ |
| सोलार | ५.५३ |
| कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार (%मा) | ६.९६ |
| शौचालय नभएको परिवार (%मा) | १.५६ |
| महिलाको नाममा घर, जग्गा वा दुवै हुने परिवार (%मा) | ४.४ |
| कृषि क्षेत्रमा संलग्न जनसंख्या प्रतिशत | ८०.७६ |
| गैरकृषि आर्थिक काममा संलग्न जनसंख्या प्रतिशत | १९.२३ |
| आर्थिक काममा संलग्नता (%मा) | |
| गैरघरायसी क्षेत्रमा संलग्न जनसंख्या प्रतिशत | ११.३४ |
| घरायसी क्षेत्रमा संलग्न जनसंख्या प्रतिशत | ६०.५१ |
| आर्थिक काम नगर्ने | २८.१ |

# खण्ड १ परिचय

## १.१ भौगोलिक अवस्थिति

बुढीगंगा नगरपालिका सुदूरपश्चिम प्रदेश अन्तर्गत बाजुरा जिल्लाको दक्षिण भागमा अवस्थित रहेको छ। नगरपालिकाको भौगोगिक अवस्थिति २९ डिग्री १८ मिनेट ०६ सेकेन्ड देखि २९ डिग्री २५ मिनेट ११ सेकेण्डसम्म उत्तरी अक्षांश र ८१ डिग्री १५ मिनेट ३६ सेकेन्ड देखि ८१ डिग्री २३ मिनेट २८ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिकाको पूर्वमा त्रिवेणी नगरपालिका र अछामको मेल्लेख गाउँपालिका, पश्चिममा खप्तड छेडेदह गाउँपालिका, उत्तरमा बडिमालिका नगरपालिका र दक्षिणमा अछाम जिल्लाको साँफेबगर नगरपालिकासंग सिमा जोडिएको छ।

## १.२ ऐतिहासिक चिनारी तथा नामाकरण

यस नगरपालिकाको नामाकरण बाजुराको प्रमुख नदी बुढीगंगाको नामबाट राखिएको हो भने नगरपालिकामा बाजुरा जिल्लाको पुरानो सरमुकाम टाँटे र बाइसे राज्य मध्येको एक प्रमुख राज्य बाजुरा राज्यको बार्जुकोट दरबार (हाल भग्नावशेष मात्र) छ।

## १.३ राजनीतिक अवस्थिति

बुढीगंगा नगरपालिका सुदूरपश्चिम प्रदेशअन्तर्गत बाजुरा जिल्लाको दक्षिण भागमा अवस्थित रहेको छ। स्थानीय तह पुनर्संरचनाका क्रममा वि.सं. २०७३ साल फागुन २७ गते साविकको ब्रह्मतोला, कुल्देवमाण्डौं र बाह्रबिस गा.वि.स. लगायतका क्षेत्रलाई समावेश गरी स्थापना गरिएको छ। कुल क्षेत्रफल ५९.१९ वर्ग कि.मि. रहेको यस नगरपालिका १० वटा वडामा विभाजन गरिएको छ। प्रतिनिधिसभा सदस्यका लागि १ वटा निर्वाचन क्षेत्रमध्ये यो नगरपालिका प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत रहेको छ। नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरु र हालका वडाहरुको क्षेत्रफल तथा वडाले ओगटेको प्रतिशत सहितको विवरणलाई तालिका नं. १.३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका १.३.१ : बुढीगंगा नगरपालिकाको वडा विभाजन**

| वडा नं. | समावेश गाविस / नगरपालिका | साविकका वडाहरु | क्षेत्रफल(वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | ब्रह्मतोला | २,३ | ६.८४ | ११.६ |
| २ | ब्रह्मतोला | १,४,५ | ५.८२ | ९.८ |
| ३ | ब्रह्मतोला | ६,७,८,९ | ४.२७ | ७.२ |
| ४ | कुल्देबमाण्डौ | १,२,५ | ८.३२ | १४.१ |
| ५ | कुल्देबमाण्डौ | ३,४,९ | २.६२ | ४.४ |
| ६ | कुल्देबमाण्डौ | ७,८ | १.९६ | ३.३ |
| ७ | कुल्देबमाण्डौ | ६ | ६.३६ | १०.७ |
| | बाह्रबिस | ८,९ | | |
| ८ | बाह्रबिस | ३,७ | ५.९४ | १०.० |
| ९ | बाह्रबिस | ५,६ | ८.४५ | १४.३ |
| १० | बाह्रबिस | १,२,४ | ८.६१ | १४.५ |
| **जम्मा क्षेत्रफल** | | | **५९.१९** | १०० |

## १.४ सांस्कृतिक उत्कृष्टता

क्षेत्री, ब्राम्हण, ठकुरी, दलित जातिको मिश्रित बसोबास रहेको यस नगरपालिकामा मुख्य कामकाजी भाषाका साथै बोलीचालीको भाषा पनि नेपाली नै रहेको पाइन्छ। धार्मिक रुपमा हिन्दू धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा नयाँ वर्ष विशुपर्व, गौरा पर्व, दशैं, तिहार, माघे सङ्क्रान्ति, महाशिवरात्री आदि रहेका छन्। धार्मिक तथा भाषिक रुपमा करिब एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभूषाका रुपमा पुरुषहरूले मुख्य रुपमा दौरा, सुरुवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी लगाउने यस नगरपालिकामा बार्जुकोट दरबार, कुडीकोट दरबार, बयालचाका दरबार साथै चुल्ठे देवि भगवतिको मन्दिर जस्ता विभिन्न देवि देवताका मठ मन्दिर र अन्य थुप्रै ऐतिहासिक सम्पदाहरु अवस्थित रहेका छन्। यस नगरपालिकामा जातिगत विविधता सँगसँगै भाषिक विविधता पनि रहेको छ। जनगणना २०७८ अनुसार यहाँ अक्सर बसोबास गर्ने कुल जनसंख्याले ६ ओटा भन्दा बढी मातृभाषा व्यवहारमा रहेको देखिन्छ। कुल जनसंख्यामा नेपाली मातृभाषा हुने जनसंख्याको हिस्सा ६६ प्रतिशत रहेको छ। दोस्रो ठुलो (३०.९%) मातृभाषा बाजुरेली रहेको छ। जनगणना २०७८ अनुसार यस नगरपालिकामा मूलतः ३ ओटा धर्म अवलम्बनमा रहेको देखिन्छ। कुल जनसंख्यामध्ये ९९.९८ प्रतिशतले हिन्दु धर्म अवलम्बन गरेको देखिन्छ। बाँकी २ धर्म मान्ने जनसंख्याको संख्या निकै न्यून क्रमशः बौद्ध (०.०७%) प्रतिशत र इस्लाम(०.०१%)।

## १.५ प्राकृतिक सम्पदा तथा धरातलीय अवस्थाः

नगरपालिकाको कुल क्षेत्रफलको ३८ प्रतिशत कृषियोग्य भूमी रहेको छ भने ३७ प्रतिशत वन क्षेत्र रहेको छ। यस नगरपालिकामा उष्ण प्रदेशीय र समसितोष्ण प्रदेशीय हावापानी पाइनुका साथै बाजुरा जिल्लाकै सबैभन्दा बढी उर्वर खेतियोग्य जमिन पनि रहेको पाइन्छ।

तालिका १.५.१: नगरपालिकामा रहेका प्रमुख १० ओटा जातजाति तथा ५ ओटा मातृभाषा र धर्म

| क्र.स. | प्रमुख १० जातजाति | % | क्र.स. | जातजाति | % | क्र.स. | प्रमुख ५ भाषा | % | क्र.स. | प्रमुख धर्म | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | क्षेत्री | ४५.७८ | ६. | मिजार | ४.३९ | १. | नेपाली | ६६.०५ | १. | हिन्दु | ९९.९८ |
| २. | विश्वकर्मा | १९.७० | ७. | कुमाल | १.६९ | २. | बाजुरेली | ३०.८६ | २. | बैध्द | ०.०१ |
| ३. | ब्राह्मण पहाड | ११.०५ | ८. | सन्यासी/दशनामी | ०.४७ | ३. | खस | २.२० | ३. | ईस्लाम | ०.०१ |
| ४. | परियार | ९.६८ | ९. | अन्य | ०.२६ | ४. | अछामी | ०.५८ | | | |
| ५. | ठकुरी | ६.७३ | १०. | सुनुवार | ०.२५ | ५. | अन्य | ०.१४ | | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

# खण्ड २: जनसाङ्ख्यिक विवरण

## २.१ जनसंख्या र लैङ्गिक अनुपात

वि.सं. २०७८ को राष्ट्रिय जनगणनानुसार बुढीगंगा नगरपालिकामा ४,५५४ परिवार र कुल जनसंख्या २०,१८५ रहेको छ। कुल जनसंख्यामा पुरुष ९,२५४ (४५.८५ %) र महिला १०,९३१ (५४.१५%) रहेका छन्। यहाँको औसत परिवार संख्या ४.४३ जना रहेको छ अर्थात् १०० ओटा परिवारमा ४४३ जना अक्सर बसोबास गर्ने सदस्य रहेका छन्। यस नगरपालिकाको लैङ्गिक अनुपात ८४.६६ रहेको छ। यस अनुपातले प्रति १००० जना महिला बराबर करिब ८४६ जना पुरुष रहेका छन् भन्ने देखिन्छ। यो अनुपातले पुरुषको संख्या निकै कम छ भन्ने देखाएको छ। वि.सं. २०६८ मा बुढीगंगा नगरपालिकामा ४,२७७ परिवार र कुल २१,६७७ जनसंख्या रहेको थियो। जनघनत्व सम्बन्धमा यस नगरपालिकामा प्रतिवर्ग किलोमिटर क्षेत्रफलभित्र ३४१ जना मानिस बसोबास गर्दछन्। पछिल्लो जनगणना २०७८ अनुसार यस नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर -०.६८ प्रतिशत रहेको छ (तालिका २.१.१)।

तालिका २.१.१: परिवार संख्या, जनसंख्या तथा लैङ्गिक अनुपात

| क्षेत्र | २०६८ | | | २०७८ | | | | | | | | वार्षिक जनसंख्या बृद्दिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | वडाको प्रतिशत | परिवार संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | वडाको प्रतिशत | औसत परिवार आकार | लैङ्गिक अनुपात | जनघनत्व | |
| बुढीगंगा | ४२७७ | २१६७७ | १०० | ४५५४ | २०१८५ | ९२५४ | १०९३१ | १०० | ४.४३ | ८४.६६ | ३४१ | -०.६८ |
| १ | ४४० | २१५३ | ९.९३ | ४४७ | २१०२ | ९६५ | ११३७ | १०.४० | ४.७० | ८४.८७ | ३०७ | -०.२३ |
| २ | ४२६ | २१६४ | ९.९८ | ४७३ | २०५१ | ९०१ | ११५० | १०.५२ | ४.३४ | ७८.३५ | ३५२ | -०.५१ |
| ३ | ४५६ | २११४ | ९.७५ | ३६५ | १४११ | ६२९ | ७८२ | ७.१५ | ३.८७ | ८०.४३ | ३३० | -३.८१ |
| ४ | ४७७ | २५७७ | ११.८९ | ५२४ | २३१५ | १०७९ | १२३६ | ११.३१ | ४.४२ | ८७.३० | २७८ | -१.०२ |
| ५ | ३०० | १५१७ | ५.६१ | २८८ | १२४७ | ५७५ | ६७२ | ६.१५ | ४.३३ | ८५.५७ | ४७६ | -१.८६ |
| ६ | ३६४ | १८३१ | ८.४५ | ४९२ | २२४२ | ११०५ | ११३७ | १०.४० | ४.५६ | ९७.१९ | ११४४ | १.९६ |
| ७ | ४३७ | २२७३ | १०.४९ | ४७८ | २२१५ | १०१० | १२०५ | ११.०२ | ४.६३ | ८३.८२ | ३४८ | -०.२५ |
| ८ | ३९७ | १८२९ | ८.४४ | ४१७ | १७३५ | ७७९ | ९५६ | ८.७५ | ४.१६ | ८१.४९ | २९२ | -०.५१ |
| ९ | ४१७ | २१५२ | ९.९३ | ४८९ | २०७७ | ९३२ | ११४५ | १०.४७ | ४.२५ | ८१.४० | २४६ | -०.३४ |
| १० | ५६३ | ३०६७ | १४.१५ | ५८१ | २७९० | १२७९ | १५११ | १३.८२ | ४.८० | ८४.६५ | ३२४ | -०.९० |

स्रोतः राष्ट्रिय जनगणना २०६८ र २०७८

जनसंख्याको विश्लेषणमा लैङ्गिक अनुपात अत्यन्त महत्वपूर्ण आयाम हो। पुरुष र महिलाको जनसंख्यामा विद्यमान रहन सक्ने समता वा विषमतालाई लैङ्गिक अनुपातले प्रतिविम्बित गर्दछ। त्यसैगरी भविष्यमा कुनै स्थान विशेषको जनसंख्यामा हुनसक्ने परिवर्तनका साथसाथै समाजमा पुरुष र महिलाको उपस्थिति र गैरउपस्थितिका सवाललाई समेत लैङ्गिक अनुपातले उजागर गर्दछ। सबैभन्दा उच्च (९७.१९) लैङ्गिक अनुपात भएको वडा नं. ६ हो भने सबैभन्दा न्यून (७८.३५) लैङ्गिक अनुपात वडा नं. २ मा रहेको छ। नगरपालिकाको समग्र लैङ्गिक अनुपात (८४.६६) भन्दा कम लैङ्गिक अनुपात हुने वडाहरू ५ ओटा र बढी हुने वडाहरू ५ ओटा रहेका छन् जसलाई चित्र २.१.१ मा ठाडो धर्काेद्वारा संकेत गरिएको छ।

चित्र २.१.१: वडा तहमा लैङ्गिक अनुपातको अवस्था (%)




## २.२ नगरपालिकाको वि.सं. २०६८ र २०७८ को जनसाङ्ख्यिक स्थिति

वि.सं. २०६८ र २०७८ को तुलना गर्दा यस नगरपालिकाका १० मध्ये ९ वडाहरूमा जनसंख्या घटेको छ भने १ मात्र वडामा बढेको देखिन्छ। विगत १० वर्षमा जनसंख्या बढेको वडा नं. ६ मात्र देखिन्छ। बाँकी सबै वडामा जनसंख्या घटेको छ। राष्ट्रिय जनगणनाअनुसार वडा तहमा सर्वाधिक (१३.८२%) जनसंख्या वडा नं. १० मा छ भने सबैभन्दा कम (६.१५%) जनसंख्या वडा नं. ५ मा रहेको देखिन्छ। वडा विशेषमा जनसंख्या घटबढ हुनुमा विविध कारण अन्तरनिहीत हुनसक्छन्। तिनको बेग्लै अध्ययन हुनसक्छ।

चित्र २.२.१ : नगरपालिकाको कुल जनसंख्यामध्ये वडागत वितरण (२०६८ र २०७८)



यस नगरपालिकाको वि.सं. २०६८ र २०७८ को वडागत जनसंख्यामा आएको परिवर्तन चित्र २.२.२ मा प्रस्तुत गरिएको छ। विगत १० वर्षमा वडा नं. १,२,३,४, ५, ७, ८, ९ र १० मा जनसंख्या घटेको छ। वडा नं. ६ मा मात्र जनसंख्या १० बर्षमा बढेको देखिन्छ।

चित्र २.२.२: वि.सं. २०६८ र २०७८ को वडागत जनसंख्या वितरण (%)




## २.२.१ अक्सर बसोबासः बुढीगंगा नगरपालिका, नेपालभित्रै अरू स्थान र विदेश

बुढीगंगा नगरपालिका स्थायी बसोबास भई अक्सर नेपालभित्रै अन्यत्र बसोबास गर्नका लागि १,००४ परिवारबाट कम्तीमा एक जना गएको देखिएको छ। उक्त परिवारबाट २,७०९ जना व्यक्ति नेपालभित्रै अन्यत्र बसोबास गरेको पाइएको छ। त्यसैगरी यस स्थानका १,६८९ परिवारबाट कम्तीमा एक जना व्यक्ति विदेशमा अक्सर बसोबास गर्ने गएको देखिएको छ। यी परिवारबाट कुल ४,२६८ जना विदेश गएका छन्। नेपालभित्रै अनुपस्थित रहने पुरुष र महिलाको अनुपातमा उल्लेखनीय भिन्नता देखिदैन भने विदेशमा अनुपस्थित रहनेमा महिलाभन्दा पुरुष करिब १.५ गुणा रहेको छ (तालिका २.२.२)।

तालिका २.२.२: नगरपालिका, नेपालको अन्य स्थान र विदेशमा अक्सर बसोबास गर्ने जनसंख्या

| अक्सर बसोबासको स्थान | परिवार संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| बुढीगंगा नगरपालिकामा अक्सर बसोबास गर्ने | ४५५४ | २०१८५ | ९२५४ | १०९३१ |
| नेपालको अन्य स्थानमा बसोबास गर्ने | १००४ | २७०९ | १६४४ | १०६५ |
| विदेशमा अक्सर बसोबास गर्ने | १६८९ | ४२६८ | २८०६ | १४६२ |

वडास्तरमा अनुपस्थित विदेश हुनेको सबैभन्दा उच्च संख्या (१,०२० जना) वडा नं. १० मा रहेको देखिन्छ भने स्वदेशमै अनुपस्थित हुनेहरूमध्ये सर्वाधिक संख्या वडा नं. ४ (३९४ जना) मा रहेको देखिन्छ। विदेशमा अनुपस्थित सबैभन्दा

न्यून संख्या(९७ जना) वडा नं. ५ मा छ भने स्वदेशमा अनुपस्थित सबैभन्दा न्यून (११० जना) पनि वडा नं. ७ मा रहेको देखिन्छ।

तालिका २.२.३: वडाअनुसार अक्सर बसोबास, अनुपस्थित स्वदेश र अनुपस्थित विदेशको विवरण

| वडा नं. | अक्सर बसोबास | | | अनुपस्थित स्वदेश | | | अनुपस्थित विदेश | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | २१०२ | ९६५ | ११३७ | २५५ | १५७ | ९८ | ४५९ | २६५ | १९४ |
| २ | २०५१ | ९०१ | ११५० | ३३२ | २१३ | ११९ | ४७२ | ३०७ | १६५ |
| ३ | १४११ | ६२९ | ७८२ | ३४४ | २०१ | १४३ | ५९१ | ३५९ | २३२ |
| ४ | २३१५ | १०७९ | १२३६ | ३९४ | २४२ | १५२ | ४३७ | २९२ | १४५ |
| ५ | १२४७ | ५७५ | ६७२ | २७३ | १५९ | ११४ | ९७ | ७६ | २१ |
| ६ | २२४२ | ११०५ | ११३७ | २५३ | १४४ | १०९ | १३७ | १०० | ३७ |
| ७ | २२१५ | १०१० | १२०५ | ११० | ६९ | ४१ | २८८ | २०५ | ८३ |
| ८ | १७३५ | ७७९ | ९५६ | १६४ | ११० | ५४ | २९९ | २२३ | ७६ |
| ९ | २०७७ | ९३२ | ११४५ | २६९ | १६३ | १०६ | ४६८ | ३४४ | १२४ |
| १० | २७९० | १२७९ | १५११ | ३१५ | १८६ | १२९ | १०२० | ६३५ | ३८५ |
| बुढीगंगा | २०१८५ | ९२५४ | १०९३१ | २७०९ | १६४४ | १०६५ | ४२६८ | २८०६ | १४६२ |

**नक्सा २.२.१ : बुढीगंगा नगरपालिकाको वडाअनुसारको जनसंख्या वितरण**



## २.३ सहरी तथा ग्रामीण जनसंख्या

विगतमा नगरपालिकालाई सहरी क्षेत्रका रूपमा र गाउँपालिकालाई ग्रामीण क्षेत्रका रूपमा स्वतः वर्गीकरण गरी सहरी तथा ग्रामीण जनसंख्या निकाल्ने अभ्यास रहेको थियो। राष्ट्रिय जनगणना २०७८ का विषयगत नतिजा प्रकाशन गर्ने सिलसिलामा सहरी तथा ग्रामीण क्षेत्रको वर्गीकरणमा नयाँ अवधारणा अनुसरण गरिएको छ। यसअनुसार नगरपालिकामा पनि सहरी, अर्धसहरी र ग्रामीण प्रकृतिका वडाहरू हुनसक्छन् भने गाउँपालिकामा पनि कुनै वडा सहरी, कुनै अर्धसहरी र कुनै ग्रामीण प्रकृतिका हुन सक्दछन्। यसै वस्तुतथ्यलाई अङ्गीकार गर्दै राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.सं. २०८० मा सहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरण नामक प्रतिवेदन प्रकाशन गरेको छ र यसमा देशका ७५३ ओटै स्थानीय तहका वडाहरूलाई निश्चित आधारमा सहरी, अर्धसहरी र ग्रामीण वडाका रूपमा वर्गीकरण गरेको छ।

यस बुढीगंगा नगरपालिकाको समग्र जनसंख्यालाई सहरीकरणको अवस्थानुसार वर्गीकृत गर्दा २८ प्रतिशत जनसंख्या शहरी क्षेत्र तथा बाँकि ७२ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गरेको पाइएको छ।

चित्र २.३.१ : सहरी तथा ग्रामीण जनसंख्या वितरण




## २.४ नगरपालिकाको वडागत लैङ्गिक अनुपात

यस नगरपालिकामा वडागत रूपमा हेर्दा लैङ्गिक अनुपातमा उल्लेखनीय विषमता रहेको देखिन्छ। नगरपालिकाको लैङ्गिक अनुपात सँग तुलना गर्दा ६ ओटा वडाको ८४.६६ भन्दा कम छ भने बाँकी ४ ओटा वडाको लैङ्गिक अनुपात नगरपालिकाको समग्र अनुपातभन्दा माथि रहेको छ। वडामध्ये सबैभन्दा उच्च लैङ्गिक अनुपात वडा नं. ६ मा ९७.१९ छ भने सबैभन्दा न्यून वडा नं. २ मा ७८.३५ रहेको छ।

तालिका २.४.१ : बुढीगंगा नगरपालिकामा लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुष संख्या)

| वडा | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| १ | २१०२ | ९६५ | ११३७ | ८४.८७ |
| २ | २०५१ | ९०१ | ११५० | ७८.३५ |
| ३ | १४११ | ६२९ | ७८२ | ८०.४३ |
| ४ | २३१५ | १०७९ | १२३६ | ८७.३ |

| वडा | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ५ | १२४७ | ५७५ | ६७२ | ८५.५७ |
| ६ | २२४२ | ११०५ | ११३७ | ९७.१९ |
| ७ | २२१५ | १०१० | १२०५ | ८३.८२ |
| ८ | १७३५ | ७७९ | ९५६ | ८१.४९ |
| ९ | २०७७ | ९३२ | ११४५ | ८१.४ |
| १० | २७९० | १२७९ | १५११ | ८४.६५ |
| बुढीगंगा | २०१८५ | ९२५४ | १०९३१ | ८४.६६ |

चित्र २.४.१: नगरपालिकामा वडाअनुसारको लैङ्गिक अनुपात



नक्सा २.४.१: नगरपालिकाको वडाअनुसार जनघनत्व




## २.५ परिवारको संरचना

परिवारको बनावटलाई गत जनगणनामा दुई प्रकारमा वर्गीकृत गरेर विवरण सङ्कलन गरिएको थियो। पहिलो एकल परिवार र दोस्रो संयुक्त परिवार। प्रयोगकर्ताको सुविधाको लागि एकल र संयुक्त परिवारको अवधारणा यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ।

एकल परिवार भन्नाले एकै घरमा बसोबास गर्नुका साथसाथै देहायको शर्त पूरा भएको हुनुपर्दछ।

क) बाबु, आमा (दुई जना) र अविवाहित छोरा/छोरी भएको परिवार,

ख) श्रीमान्/श्रीमती मात्र भएको परिवार,

ग) परिवारमा एकजना मात्र सदस्य भएको,

घ) अविवाहित दाजुभाइ, दिदीबहिनी मात्र भएको परिवार सम्झनुपर्छ।

एकल परिवारको यस परिभाषाभित्र नपर्ने सम्पूर्ण परिवार संयुक्त परिवारमा पर्दछन्। परिवारको संरचनाले खास भूगोल वा प्रशासनिक क्षेत्रको सामाजिक स्वरूप र पारिवारिक आयाममा भइरहेका परिवर्तनहरूलाई प्रतिविम्बित गर्दछ। कुनै व्यक्ति वा परिवारको सोच, पृष्ठभूमि, परम्परा, पेसा, व्यवसाय, आवश्यकता, सामाजिक वातावरण र बाध्यता लगायतका कारणले पनि परिवारको संरचना निर्देशित हुने गर्दछ। बुढीगंगा नगरपालिकाको कुल जनसंख्यामध्ये ५१.९२ प्रतिशत एकल परिवारमा बसोबास गर्दछन् भने बाँकी ४८.०८ प्रतिशत जनसंख्या संयुक्त परिवारभित्र अक्सर बसोबास गर्दछन्।

### तालिका २.५.१: परिवारको संरचनागत विवरण

| वडा | जम्मा जनसंख्या | एकल परिवारमा | संयुक्त परिवारमा | एकल परिवारमा | संयुक्त परिवारमा |
|---|---|---|---|---|---|
| | | बसोबास गर्ने जनसंख्या | | जनसंख्या प्रतिशत | |
| १ | २१०२ | ९५१ | ११५१ | ४५.२४ | ५४.७६ |
| २ | २०५१ | ९४६ | ११०५ | ४६.१२ | ५३.८८ |
| ३ | १४११ | ६७५ | ७३६ | ४७.८४ | ५२.१६ |
| ४ | २३१५ | ११४२ | ११७३ | ४९.३३ | ५०.६७ |
| ५ | १२४७ | ५३६ | ७११ | ४२.९८ | ५७.०२ |
| ६ | २२४२ | ११५४ | १०८८ | ५१.४७ | ४८.५३ |
| ७ | २२१५ | ११३३ | १०८२ | ५१.१५ | ४८.८५ |
| ८ | १७३५ | ९९३ | ७४२ | ५७.२३ | ४२.७७ |
| ९ | २०७७ | ९९९ | १०७८ | ४८.१ | ५१.९ |
| १० | २७९० | ११७५ | १६१५ | ४२.११ | ५७.८९ |
| बुढीगंगा | २०१८५ | ९७०४ | १०४८१ | ४८.०८ | ५१.९२ |

## २.६ परिवारमुली

परिवारभित्रै अक्सर बसोबास भएको सदस्यमध्येबाट परिवारको महत्वपूर्ण जिम्मेवारी वहन गर्ने, परिवार सञ्चालनको लागि आवश्यक चाँजोपाँजो मिलाउने र पारिवारिक विषयमा निर्णय लिने व्यक्ति नै परिवारमुली हो। परिवारमुली पुरुष वा महिला जो पनि हुनसक्दछ। परिवारमुलीको उमेर, पेसा, व्यवसाय, शिक्षा, स्वास्थ्य, निर्णय क्षमता आदि विषयले समग्र परिवारको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक अवस्थालाई धेरै हदसम्म निर्धारण गर्दछ। परिवारभित्र कसले परिवारमुलीको भूमिका निर्वाह गर्दछ भन्ने विषय अक्सर परिवार र समाज अनुसार फरक पर्दछ। तथापि, उमेर र अनुभवले परिपक्व, आम्दानी खर्चको प्रबन्ध मिलाउन सक्ने, आवश्यकतानुसार निर्णय लिनसक्ने व्यक्ति नै सामान्यतया परिवारमुली हुने गर्दछ। विशेष अवस्थामा बालबालिकाले पनि परिवारमुलीको जिम्मेवारी वहन गरेका हुन सक्दछन्। बुढीगंगा नगरपालिकामा कुल ४,५५४ परिवार रहेका छन् भने तीमध्ये ६०.२ प्रतिशत परिवारमा पुरुष परिवारमुली रहेका छन् भने ३९.८ प्रतिशत परिवारको मुली महिलाहरू रहेका देखिन्छन्।

### तालिका २.६.१ः बुढीगंगा नगरपालिकामा पुरुष तथा महिला परिवारमुलीको वितरण

| वडा | जम्मा परिवार | पुरुष परिवारमुली | महिला परिवारमुली | महिला परिवारमुली भएको परिवार |
|---|---|---|---|---|
| १ | ४४७ | ३३६ | १११ | २४.८३ |
| २ | ४७३ | २४८ | २२५ | ४७.५७ |
| ३ | ३६५ | २०९ | १५६ | ४२.७४ |
| ४ | ५२४ | २८१ | २४३ | ४६.३७ |
| ५ | २८८ | २०५ | ८३ | २८.८२ |
| ६ | ४९२ | ३७१ | १२१ | २४.५९ |
| ७ | ४७८ | २५६ | २२२ | ४६.४४ |
| ८ | ४१७ | २३६ | १८१ | ४३.४१ |
| ९ | ४८९ | २३२ | २५७ | ५२.५६ |
| १० | ५८१ | ३६७ | २१४ | ३६.८३ |
| बुढीगंगा | ४५५४ | २७४१ | १८१३ | ३९.८१ |

## २.७ परिवारमुलीसँगको नाताअनुसार जनसंख्या

परिवारमुलीसँगको नाताअनुसार सबैभन्दा ठुलो समूह (२८.४%) छोराबुहारीको छ भने दोस्रो (१८.६%) र तेस्रो ठुला (१४.१%) समूह क्रमशः छोरी-ज्वाईँको र श्रीमान्-श्रीमती रहेको छ। नातिनातिनीको हिस्सा १०.७ प्रतिशतसहित चौथो क्रममा छ भने परिवारमुलीसँग बाबुआमा नाता पर्ने व्यक्ति १.९४ प्रतिशत रहेका छन्। परिवारमुलीको सासुससुरा नाताका पारिवारिक सदस्य ०.८३ प्रतिशत रहेको देखिन्छ।

### तालिका २.७.१ः परिवारमुलीसँगको नाताअनुसारको विवरण

| लिङ्ग | | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| संख्या / % | | संख्या | % | संख्या | % | संख्या | % |
| | जम्मा | २०१८५ | १०० | ९२५४ | १०० | १०९३१ | १०० |
| परिवारमुलीको नाता | परिवारमुली | ४५५४ | २२.६ | २७४१ | २९.६ | १८१३ | १६.६ |
| | श्रीमान् / श्रीमती | २८५० | १४.१ | ३७७ | ४.१ | २४७३ | २२.६ |
| | छोरा/ बुहारी | ५७३८ | २८.४ | ४६५४ | ५०.३ | १०८४ | ९.९ |
| | छोरी/ज्वाइँ | ३७६२ | १८.६ | १५ | ०.२ | ३७४७ | ३४.३ |
| | बुबा/ आमा | ३९२ | १.९४ | ८० | ०.९ | ३१२ | २.९ |
| | सासु ससुरा | १६८ | ०.८३ | ५० | ०.५ | ११८ | १.१ |
| | दाजुभाइ/ दिदीबहिनी | ३२३ | १.६ | १६७ | १.८ | १५६ | १.४ |
| | नाती/नातिनी | २१५१ | १०.७ | १०४७ | ११.३ | ११०४ | १०.१ |
| | अन्य | १९९ | ०.९९ | ८२ | ०.९ | ११७ | १.१ |
| | घरेलु कामदार | १६ | ०.०८ | १५ | ०.२ | १ | ०.० |
| | नाता नपर्ने | ३२ | ०.१६ | २६ | ०.३ | ६ | ०.१ |

## २.८ उमेरगत जनसंख्या

समग्र जनसंख्याभित्र कुन उमेरको जनसंख्या कति छ भन्ने प्रश्न महत्वपूर्ण हुन्छ। कुल जनसंख्यामा बालबालिका (बाल आश्रित जनसंख्या), युवा, प्रौढ र वृद्धवृद्धा (जेष्ठ नागरिक आश्रित जनसंख्या) हुने हुनाले उमेरगत जनसंख्याको वितरण विश्लेषण गर्नु उपयुक्त मानिन्छ। एकल उमेर समूहको जनसंख्याबाट प्रयोगकर्ताले आफ्नो आवश्यकतानुसार विभिन्न उमेर वर्गमा विभाजन गरेर विश्लेषण गर्न सहज हुन्छ। जनगणनाबाट प्राप्त तथ्याङ्कलाई एकल उमेरअनुसार ० देखि १०० र सोभन्दा माथि गरी कुल १०१ ओटा समूहमा उपलब्ध गराइएको छ। बुढीगंगा नगरपालिकामा एकल उमेर समूहअनुसार सर्वाधिक (३.५%) जनसंख्या १२ वर्ष उमेर समूहको छ भने त्यसपछिका चार स्थान क्रमशः १४ (३.१%), १५ (२.९%), १३ (२.९%) र १६ (२.९%) नं. एकल उमेर समूह रहेका छन्।

तालिका २.८.१: उमेरगत (single year) जनसंख्या

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| जम्मा | २०१८५ | १०० | ९२५४ | १०० | १०९३१ | १०० |
| ० | ३३० | १.६ | १७७ | १.९ | १५३ | १.४ |
| १ | ३३६ | १.७ | १८१ | २.० | १५५ | १.४ |
| २ | ३८५ | १.९ | १९७ | २.१ | १८८ | १.७ |
| ३ | ४०२ | २.० | २१७ | २.३ | १८५ | १.७ |
| ४ | ४१२ | २.० | २२९ | २.५ | १८३ | १.७ |
| ५ | ४३१ | २.१ | २०९ | २.३ | २२२ | २.० |
| ६ | ४६६ | २.३ | २४५ | २.६ | २२१ | २.० |
| ७ | ४३४ | २.२ | २०४ | २.२ | २३० | २.१ |
| ८ | ४४७ | २.२ | २०९ | २.३ | २३८ | २.२ |
| ९ | ४६० | २.३ | २२३ | २.४ | २३७ | २.२ |
| १० | ५५२ | २.७ | २८४ | ३.१ | २६८ | २.५ |
| ११ | ४४६ | २.२ | २५३ | २.७ | १९३ | १.८ |
| १२ | ७१० | ३.५ | ३५७ | ३.९ | ३५३ | ३.२ |
| १३ | ५८३ | २.९ | २९९ | ३.२ | २८४ | २.६ |
| १४ | ६३२ | ३.१ | २९९ | ३.२ | ३३३ | ३.० |
| १५ | ५८८ | २.९ | २८१ | ३.० | ३०७ | २.८ |
| १६ | ५८१ | २.९ | २५० | २.७ | ३३१ | ३.० |
| १७ | ४२६ | २.१ | १८९ | २.० | २३७ | २.२ |
| १८ | ५५४ | २.७ | २४३ | २.६ | ३११ | २.८ |
| १९ | ३१४ | १.६ | १२५ | १.४ | १८९ | १.७ |
| २० | ४७१ | २.३ | १९१ | २.१ | २८० | २.६ |
| २१ | २७४ | १.४ | १२२ | १.३ | १५२ | १.४ |
| २२ | ४५० | २.२ | १९७ | २.१ | २५३ | २.३ |
| २३ | २९१ | १.४ | १२१ | १.३ | १७० | १.६ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| २४ | २९३ | १.५ | १४७ | १.६ | १४६ | १.३ |
| २५ | ३०९ | १.५ | १३१ | १.४ | १७८ | १.६ |
| २६ | २६९ | १.३ | १३७ | १.५ | १३२ | १.२ |
| २७ | १९८ | १.० | ९५ | १.० | १०३ | ०.९ |
| २८ | २८९ | १.४ | १२४ | १.३ | १६५ | १.५ |
| २९ | १४६ | ०.७ | ७१ | ०.८ | ७५ | ०.७ |
| ३० | ३६२ | १.८ | १४५ | १.६ | २१७ | २.० |
| ३१ | १३० | ०.६ | ५७ | ०.६ | ७३ | ०.७ |
| ३२ | २१५ | १.१ | ९१ | १.० | १२४ | १.१ |
| ३३ | १९० | ०.९ | ७४ | ०.८ | ११६ | १.१ |
| ३४ | १६६ | ०.८ | ६७ | ०.७ | ९९ | ०.९ |
| ३५ | ३९० | १.९ | १४० | १.५ | २५० | २.३ |
| ३६ | २०८ | १.० | ९१ | १.० | ११७ | १.१ |
| ३७ | ११७ | ०.६ | ५१ | ०.६ | ६६ | ०.६ |
| ३८ | २५९ | १.३ | ९१ | १.० | १६८ | १.५ |
| ३९ | ११९ | ०.६ | ५२ | ०.६ | ६७ | ०.६ |
| ४० | ४८९ | २.४ | १९५ | २.१ | २९४ | २.७ |
| ४१ | १०३ | ०.५ | ४३ | ०.५ | ६० | ०.५ |
| ४२ | १८१ | ०.९ | ७८ | ०.८ | १०३ | ०.९ |
| ४३ | १५० | ०.७ | ५२ | ०.६ | ९८ | ०.९ |
| ४४ | ९० | ०.४ | ५० | ०.५ | ४० | ०.४ |
| ४५ | ३५७ | १.८ | १५२ | १.६ | २०५ | १.९ |
| ४६ | १३८ | ०.७ | ६१ | ०.७ | ७७ | ०.७ |
| ४७ | ९८ | ०.५ | ४७ | ०.५ | ५१ | ०.५ |
| ४८ | २३९ | १.२ | ९६ | १.० | १४३ | १.३ |
| ४९ | ८६ | ०.४ | ३९ | ०.४ | ४७ | ०.४ |
| ५० | ३९३ | १.९ | १६४ | १.८ | २२९ | २.१ |
| ५१ | ९५ | ०.५ | ४१ | ०.४ | ५४ | ०.५ |
| ५२ | १५७ | ०.८ | ८१ | ०.९ | ७६ | ०.७ |
| ५३ | १५८ | ०.८ | ८० | ०.९ | ७८ | ०.७ |
| ५४ | १०६ | ०.५ | ३७ | ०.४ | ६९ | ०.६ |
| ५५ | २१६ | १.१ | ९३ | १.० | १२३ | १.१ |
| ५६ | १४९ | ०.७ | ७२ | ०.८ | ७७ | ०.७ |
| ५७ | ७८ | ०.४ | ४६ | ०.५ | ३२ | ०.३ |
| ५८ | १४४ | ०.७ | ६३ | ०.७ | ८१ | ०.७ |
| ५९ | ५७ | ०.३ | ३३ | ०.४ | २४ | ०.२ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| ६० | २७१ | १.३ | ११२ | १.२ | १५९ | १.५ |
| ६१ | ५८ | ०.३ | ४० | ०.४ | १८ | ०.२ |
| ६२ | १२८ | ०.६ | ५३ | ०.६ | ७५ | ०.७ |
| ६३ | ९८ | ०.५ | ४४ | ०.५ | ५४ | ०.५ |
| ६४ | ६७ | ०.३ | ३० | ०.३ | ३७ | ०.३ |
| ६५ | १९१ | ०.९ | ८२ | ०.९ | १०९ | १.० |
| ६६ | ६९ | ०.३ | ३३ | ०.४ | ३६ | ०.३ |
| ६७ | ४८ | ०.२ | २१ | ०.२ | २७ | ०.२ |
| ६८ | १०८ | ०.५ | ३५ | ०.४ | ७३ | ०.७ |
| ६९ | ५६ | ०.३ | २८ | ०.३ | २८ | ०.३ |
| ७० | २२७ | १.१ | ८२ | ०.९ | १४५ | १.३ |
| ७१ | ६० | ०.३ | २५ | ०.३ | ३५ | ०.३ |
| ७२ | ८६ | ०.४ | ३६ | ०.४ | ५० | ०.५ |
| ७३ | ६९ | ०.३ | २८ | ०.३ | ४१ | ०.४ |
| ७४ | ६६ | ०.३ | ३२ | ०.३ | ३४ | ०.३ |
| ७५ | १२९ | ०.६ | ४७ | ०.५ | ८२ | ०.८ |
| ७६ | ६५ | ०.३ | २८ | ०.३ | ३७ | ०.३ |
| ७७ | ३३ | ०.२ | १४ | ०.२ | १९ | ०.२ |
| ७८ | ४४ | ०.२ | १७ | ०.२ | २७ | ०.२ |
| ७९ | १९ | ०.१ | ११ | ०.१ | ८ | ०.१ |
| ८० | ४८ | ०.२ | २० | ०.२ | २८ | ०.३ |
| ८१ | ११ | ०.१ | ४ | ०.० | ७ | ०.१ |
| ८२ | १५ | ०.१ | ६ | ०.१ | ९ | ०.१ |
| ८३ | ११ | ०.१ | २ | ०.० | ९ | ०.१ |
| ८४ | ११ | ०.१ | ६ | ०.१ | ५ | ०.० |
| ८५ | १४ | ०.१ | ५ | ०.१ | ९ | ०.१ |
| ८६ | ४ | ०.० | १ | ०.० | ३ | ०.० |
| ८७ | ६ | ०.० | ४ | ०.० | २ | ०.० |
| ८८ | ८ | ०.० | ३ | ०.० | ५ | ०.० |
| ८९ | ५ | ०.० | ३ | ०.० | २ | ०.० |
| ९० | १६ | ०.१ | ४ | ०.० | १२ | ०.१ |
| ९१ | २ | ०.० | ० | ०.० | २ | ०.० |
| ९२ | ४ | ०.० | २ | ०.० | २ | ०.० |
| ९३ | ३ | ०.० | ० | ०.० | ३ | ०.० |
| ९४ | ३ | ०.० | ३ | ०.० | ० | ०.० |
| ९५ | १ | ०.० | ० | ०.० | १ | ०.० |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| ९६ | २ | ०.० | ० | ०.० | २ | ०.० |
| ९७ | १ | ०.० | १ | ०.० | ० | ०.० |
| ९८ | ३ | ०.० | १ | ०.० | २ | ०.० |
| ९९ | ३ | ०.० | २ | ०.० | १ | ०.० |
| १०० + | ३ | ०.० | ० | ०.० | ३ | ०.० |

## २.९ उमेर समूहअनुसार जनसंख्याको संरचना (Population structure by age group)

जनसंख्याको संरचनाभित्र विभिन्न उमेर समूहका पुरुष र महिलाको अनुपात के कसरी वितरण भएको छ सोको तथ्याङ्क समेटिएको हुन्छ। त्यसैगरी जनघनत्व, जातजाति जस्ता विषय पनि यसभित्र पर्दछन्। यस बुढीगंगा नगरपालिकामा पुरुषको तुलनामा महिलाको जनसंख्या अधिक रहेको विषय माथिका उप खण्डमा विश्लेषण गरिसकिएको छ। जनसंख्या पिरामिडबाट उमेर समूह अनुसार पुरुष र महिलाको वितरण कस्तो छ भन्ने सूचना सहजै प्राप्त गर्न सकिन्छ। पुरुष र महिला दुवैको जनसंख्या ० देखि १४ वर्षसम्म क्रमशः बढेको देखिन्छ। त्यसपछि पुरुषको जनसंख्या क्रमशः एउटा निश्चित प्रवृत्तिमा रहेर ०४-१४ सम्म क्रमशः बढेको देखिन्छ र त्यसपछि ८५-८९ वर्ष उमेर समूहसम्मै निरन्तर घटिरहेको देखिन्छ। महिलाको जनसंख्या ० देखि १४ वर्षसम्म निरन्तर बढेको र १५-१९ उपरान्त ३०-३४ सम्म क्रमशः घटेको देखिन्छ। ३५-३९ उमेर समुहमा केहि बढेपनि सो उपरान्त जनसंख्या क्रमिक रुपमै घटेको छ। वैदेशिक रोजगारी र अध्ययन समेतको उद्देश्यले विदेशिने पुरुषको संख्या ठुलो भएकोले २० वर्षदेखि लगभग ६० वर्षसम्म नै जनसंख्या संरचनामा प्रत्येकजसो पुरुषको तुलनामा महिलाको संख्या अधिक रहेको स्पष्ट देखिन्छ।

चित्र २.९.१ः नगरपालिकाको जनसंख्या पिरामिड




यस नगरपालिकाको समग्र जनसंख्यालाई विभिन्न उमेर समूहअनुसार तुलना गर्दा सबैभन्दा ठुलो (१४.५%) जनसंख्या १०-१४ वर्षको उमेर समूहमा रहेको छ र त्यसलाई दोस्रो (१२.२%) स्थानमा रहेर पछ्याएको छ १५-१९ उमेर समूहले।

तालिका २.९.१: नगरपालिकामा उमेर समूहअनुसार जनसंख्या

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| **बुढीगंगा नगरपालिका** | | | | | | |
| जम्मा | **२०१८५** | **१००** | **९२५४** | **४५.८** | **१०९३१** | **५४.२** |
| ००-०४ वर्ष | १८६५ | ९.२ | १००१ | **५.०** | ८६४ | **४.३** |
| ०५-०९ वर्ष | २२३८ | ११.१ | १०९० | **५.४** | ११४८ | **५.७** |
| १०-१४ वर्ष | २९२३ | १४.५ | १४९२ | **७.४** | १४३१ | **७.१** |
| १५-१९ वर्ष | २४६३ | १२.२ | १०८८ | **५.४** | १३७५ | **६.८** |
| २०-२४ वर्ष | १७७९ | ८.८ | ७७८ | **३.९** | १००१ | **५.०** |
| २५-२९ वर्ष | १२११ | ६ | ५५८ | **२.८** | ६५३ | **३.२** |
| ३०-३४ वर्ष | १०६३ | ५.३ | ४३४ | **२.२** | ६२९ | **३.१** |
| ३५-३९ वर्ष | १०९३ | ५.४ | ४२५ | **२.१** | ६६८ | **३.३** |
| ४०-४४ वर्ष | १०१३ | ५ | ४१८ | **२.१** | ५९५ | **२.९** |
| ४५-४९ वर्ष | ९१८ | ४.५ | ३९५ | **२.०** | ५२३ | **२.६** |
| ५०-५४ वर्ष | ९०९ | ४.५ | ४०३ | **२.०** | ५०६ | **२.५** |
| ५५-५९ वर्ष | ६४४ | ३.२ | ३०७ | **१.५** | ३३७ | **१.७** |
| ६०-६४ वर्ष | ६२२ | ३.१ | २७९ | **१.४** | ३४३ | **१.७** |
| ६५-६९ वर्ष | ४७२ | २.३ | १९९ | **१.०** | २७३ | **१.४** |
| ७०-७४ वर्ष | ५०८ | २.५ | २०३ | **१.०** | ३०५ | **१.५** |
| ७५-७९ वर्ष | २९० | १.४ | ११७ | **०.६** | १७३ | **०.९** |
| ८०-८४ वर्ष | ९६ | ०.५ | ३८ | **०.२** | ५८ | **०.३** |
| ८५-८९ वर्ष | ३७ | ०.२ | १६ | **०.१** | २१ | **०.१** |
| ९०-९४ वर्ष | २८ | ०.१ | ९ | **०.०४** | १९ | **०.१** |
| ९५+ वर्ष | १३ | ०.१ | ४ | **०.०२** | ९ | **०.०४** |

## २.१० बृहत् उमेर समूह र विशेष उमेरअनुसारको जनसंख्या

नीति निर्माण र योजना तर्जुमाको लागि विभिन्न उमेर समूहअनुसारको जनसंख्या आवश्यक पर्दछ। एक वर्षमुनिका शिशुको संख्या खोप व्यवस्थापन, जन्मदर्ताको अभिलेख तुलना आदिको लागि उपयोगी हुनसक्छ। पाँच वर्षमुनिका बालबालिकाको जनसंख्याले पूर्वप्राथमिक र प्राथमिक तहका सम्भाव्य संख्याको आँकलन गर्न तथा त्यस उमेरभित्र दिनुपर्ने खोपका लागि आवश्यक पर्दछ। त्यस्तै १४ वर्ष र सोभन्दा मुनिको जनसंख्याले विद्यालय गइरहेका वा विद्यालय बाहिर रहेको जनसंख्या र परिवारमा आश्रित जनसंख्याबारे सूचना उपलब्ध हुन्छ। अठार वर्षभन्दा मुनिको जनसंख्याले कुल बालबालिकाको जनसंख्या थाहा हुन्छ। पुरुष र महिलाको ६८ वर्षभन्दा माथिको जनसंख्या सामाजिक सुरक्षा भत्ताको लागि आवश्यक बजेट व्यवस्थापनका लागि महत्वपूर्ण हुन्छ।

बुढीगंगा नगरपालिकामा १ वर्षभन्दा मुनिको जनसंख्याले कुल जनसंख्यामा १.६ प्रतिशत अंश ओगटेको छ जब कि ५ वर्षभन्दा कम उमेरको जनसंख्या ७.२ प्रतिशत रहेको छ। नागरिकता प्राप्त गर्न योग्य उमेर १६ वर्ष हो। यस नगरपालिकामा १६ वर्ष र सोभन्दा माथिको जनसंख्या ६२.३ प्रतिशत रहेको छ। महिलाहरूको प्रजनन उमेर १५ देखि ४९ वर्ष हो। यस उमेरका महिलाको जनसंख्या नगरपालिकाको कुल महिलामध्ये २७.० प्रतिशत रहेको देखिन्छ। नेपाल सरकारले दिने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ६८ वर्ष र सोभन्दा माथिको ज्येष्ठ नागरिकको हिस्सा ५.६ प्रतिशत रहेको छ।

तालिका २.१०.१: विशेष उमेर समूहअनुसारको जनसंख्या

| उमेर समूह | बुढीगंगा नगरपालिका | | बाजुरा | |
|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ वर्षभन्दा कम | ३३० | १.६ | २५९७ | १.९ |
| ५ वर्षभन्दा कम | १४५३ | ७.२ | १४६२३ | १०.६ |
| ०-१४ वर्ष | ७०२६ | ३४.८ | ४९९३० | ३६.० |
| १६ वर्ष वा सोभन्दा माथि | १२५७१ | ६२.३ | ८४८६० | ६१.३ |
| ०-१८ वर्ष | ९१७५ | ४५.५ | ६३४४१ | ४५.८ |
| १५-५९ वर्ष | ११०९३ | ५५.० | ७६०७१ | ५४.९ |
| ६० वर्ष वा सोभन्दा माथि | २०६६ | १०.२ | १२५२२ | ९.० |
| १५-४९ वर्षका महिला (कुल महिलामध्ये) | ५४४४ | २७.० | ३५१८० | २५.४ |
| ६८ वर्ष वा सोभन्दा माथि | ११३६ | ५.६ | ६६८४ | ४.८ |
| १६-२४ वर्ष | ३६५४ | १८.१ | २४७४३ | १७.९ |
| १६-४० वर्ष | ७५१० | ३७.२ | ५२३१० | ३७.८ |
| जम्मा | २०१८५ | १०० | १३८५२३ | १०० |

## २.११ उमेरअनुसार परिवारमुलीको संख्या

परिवारमुलीको उमेर, शिक्षा, पेसा र साक्षरताले सिङ्गो परिवारको व्यवस्थापन र दैनिक जीवनयापनलाई निर्देशित गर्दछ। जनगणनामा परिवारमुली कम्तीमा पनि १० वर्ष उमेर पूरा भएको र परिवारमा अक्सर बसोबास गर्ने व्यक्ति नै हुनुपर्दछ भन्ने मान्यता राखिएको थियो। परिवारमुलीले नै घरपरिवारको महत्वपूर्ण विषयमा निर्णय गर्ने र दैनिक व्यवहारका चाँजोपाँजो मिलाउने भएकोले मुलीको उमेर र लैङ्गिक हिसाबले अरू पारिवारिक सवाललाई तदनुरूप दिशानिर्देश गर्दछ। यस नगरपालिकामा उमेर समूहअनुसार परिवारमुलीलाई विभाजन गरेर हेर्दा सबैभन्दा धेरै (२१.७%) ४०-४९ वर्षका देखिन्छन्। दोस्रो (२०.६%), तेस्रो (१८.९%) र चौथो (१३.५%) ठुलो उमेर समूह क्रमशः ३०-३९, ५०-५९ र ६०-६९ रहेका छन्। वृद्ध उमेर (७० वर्ष र सोभन्दा माथि) का परिवारमुलीको हिस्सा ११.६ प्रतिशत रहेको छ। परिवारमुलीको जिम्मेवारी वहन गर्न बाध्यता भएका १४ वर्षभन्दा कम उमेरका बालबालिकाको हिस्सा ०.२ प्रतिशत रहेको छ। लैङ्गिक रूपमा परिवारमुलीको संख्यालाई विश्लेषण गर्दा असमान प्रवृत्ति रहेको देखिन्छ। उदाहरणका लागि ३० देखि ३९ वर्ष उमेर समूहका पुरुष परिवारमुलीको हिस्सा २२ प्रतिशत छ भने सोही उमेरका महिला परिवारमुलीको हिस्सा ३२.९ प्रतिशत रहेको छ। यहाँ तथ्याङ्कले एउटा रोचक प्रवृत्ति प्रस्तुत गरेको छ। १४ वर्षभन्दा कम, १५-१९, २०-२९ र ३०-३९ उमेर समूहमा महिला परिवारमुलीको प्रतिशत उच्च छ। ४० वर्षभन्दा माथिको उमेर समूहमा पुरुष परिवारमुलीको अनुपात महिलाको तुलनामा निकै उच्च रहेको देखिन्छ।

## तालिका २.११.१: उमेर समूहअनुसार परिवारमुलीको संख्या र प्रतिशत

| उमेर समूह | जम्मा परिवार | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | ४५५४ | १०० | २७४१ | १०० | १८१३ | १०० |
| १४ वर्षभन्दा कम | ११ | ०.२४ | ३ | ०.११ | ८ | ०.४४ |
| १५-१९ | ७१ | १.५६ | २५ | ०.९१ | ४६ | २.५४ |
| २०-२९ | ५३९ | ११.८४ | ३१३ | ११.४२ | २२६ | १२.४७ |
| ३०-३९ | ९३८ | २०.६० | ५१४ | १८.७५ | ४२४ | २३.३९ |
| ४०-४९ | ९८९ | २१.७२ | ६१६ | २२.४७ | ३७३ | २०.५७ |
| ५०-५९ | ८६१ | १८.९१ | ५८६ | २१.३८ | २७५ | १५.१७ |
| ६०-६९ | ६१५ | १३.५० | ३९३ | १४.३४ | २२२ | १२.२४ |
| ७० वर्षमाथि | ५३० | ११.६४ | २९१ | १०.६२ | २३९ | १३.१८ |

## चित्र २.११.१: लैङ्गिक रूपमा परिवारमुली (% मा) (कुल परिवार संख्याको)



# खण्ड ३: जातजाति, भाषा तथा धर्मसम्बन्धी विवरण

## ३.१ नगरपालिकामा जातजातिको अवस्था

बुढीगंगा नगरपालिकामा जातजातिगत विविधता रहेको छ। यहाँ क्षेत्री, ब्राह्मण, विश्वकर्मा, परियार, ठकुरी, मिजार लगायत भन्दा बढी जातजातिको उपस्थिति रहेको छ यद्यपि कुनै कुनै जातजातिको संख्या १०० भन्दा कम पनि रहेको छ यहाँ सर्वाधिक (४५.८%) क्षेत्री रहेका छन् भने दोस्रो ठुलो (१९.७%) जनसंख्या ब्राह्मण-पहाड जातिको रहेको छ। तेस्रो (११.०%), चौथो (९.७%) र पाँचौं (६.७%) मा क्रमशः विश्वकर्मा, परियार , ठकुरी रहेका छन्। त्यसैगरी छैठौं (४.४%) मा मिजार, सातौं (१.७%) मा सन्यासी/दशनामी, आठौं (०.५%) मा कुमाल, नवौं (०.३%) मा सुनुवार र दशौं (०.२%) मा अन्य जातजाति रहेका छन्।

तालिका ३.१.१: नगरपालिकामा जातजाति अनुसारको जनसंख्या

| जातजातिको नाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | २०१८५ | १०० | ९२५४ | १०० | १०९३१ | १०० |
| क्षेत्री | ९२४१ | ४५.८ | ४२६५ | ४६.१ | ४९७६ | ४५.५ |
| ब्राह्मण - पहाड | ३९७६ | १९.७ | १८०२ | १९.५ | २१७४ | १९.९ |
| विश्वकर्मा | २२३० | ११.० | १०११ | १०.९ | १२१९ | ११.२ |
| परियार | १९५४ | ९.७ | ९०१ | ९.७ | १०५३ | ९.६ |
| ठकुरी | १३५८ | ६.७ | ६३६ | ६.९ | ७२२ | ६.६ |
| मिजार | ८८७ | ४.४ | ३९० | ४.२ | ४९७ | ४.५ |
| सन्यासी/दशनामी | ३४१ | १.७ | १४६ | १.६ | १९५ | १.८ |
| कुमाल | ९५ | ०.५ | ५१ | ०.६ | ४४ | ०.४ |
| सुनुवार | ५३ | ०.३ | ३० | ०.३ | २३ | ०.२ |
| अन्य | ५० | ०.२ | २२ | ०.२ | २८ | ०.३ |

चित्र ३.१.१: बुढीगंगा नगरपालिकामा रहेको प्रमुख जातजातिको विवरण (%मा)



यस नगरपालिकाको कुल जनसंख्यालाई विभिन्न ६ ओटा समूहमा समूहीकृत गर्दा सर्वाधिक हिस्सा पहाडी जातजाति (६४.७%) को रहेको छ। दोस्रो, तेस्रो, चौथो र पाँचौं ठुलो हिस्सा क्रमशः पहाडी दलित (३३.२%), पहाडी जनजाती (२%), तराई जातजाति (०.१%) र तराई जनजाती (०.१%) को रहेको छ।

तालिका ३.१.२ मा जातजाति र उनीहरूको साक्षरतादरलाई पनि तुलनायोग्य बनाउने उद्देश्य राखिएको छ। पहाडी जातजातिको साक्षरता दर ७३.८ रहेको छ। पहाडी जातजातिको र पहाडी जनजातिको साक्षरता दरमा १.३ प्रतिशतको अन्तर रहेको छ। पहाडी दलितको साक्षरता दर पहाडी जातजातिको भन्दा ५.८ प्रतिशत विन्दुले न्यून अर्थात् ६८.० प्रतिशत रहेको छ। न्यून संख्यामा रहेका तराई जनजातिको साक्षरता दर सबैभन्दा बढी (करिव ९१ प्रतिशत) रहेको छ।

तालिका ३.१.२ः जातजातिको समूहगत साक्षरता स्थिति

| जातजाति समुह | जनसंख्या | प्रतिशत | साक्षरता दर |
|---|---|---|---|
| जम्मा | १८३२० | १०० | ७१.९ |
| पहाडी जातजाति | ११८५० | ६४.६८ | ७३.८ |
| पहाडी दलित | ६०७९ | ३३.१८ | ६८.० |
| पहाडी जनजाती | ३६० | १.९७ | ७२.५ |
| तराई जातजाति | १३ | ०.०७ | ८४.६ |
| तराई जनजाती | ११ | ०.०६ | ९०.९ |
| अन्य | ७ | ०.०४ | ७१.४ |

## ३.२ जातजाति अनुसार साक्षरता दर

बुढीगंगा नगरपालिकाको समग्र साक्षरता दर ७१.९ प्रतिशत रहेको छ। यो सबै वडा, सबै लिङ्ग र सबै जातजातिका बासिन्दाको औसत साक्षरता दर हो। नीति निर्माताका लागि खण्डीकृत साक्षरता दर विशेष उपयोगी हुने गरेको छ। जसरी वडास्तरमा साक्षरता दर समान हुँदैन त्यसरी नै जातजातिका तहमा हेर्दा साक्षरतादरमा उल्लेखनीय भिन्नता रहेको देखिन्छ। यसका पछाडि खास समाज वा समुदायको मूल्य मान्यता र आर्थिक सामाजिक अवस्थाका साथसाथै सरकारको लगानी, नीति तथा कार्यक्रमको योगदान समेत रहेको हुन्छ। बुढीगंगा नगरपालिकाभित्र अक्सर बसोबास गर्ने विभिन्न जातजातिको साक्षरता दर यस खण्डमा तुलना गरिएको छ। कम्तीमा १०० जना जनसंख्या भएको जातजातिको साक्षरता स्थितिलाई मात्र यहाँ तुलना गरिएको छ। यस नगरपालिकामा उच्च साक्षरता दरका आधारमा प्रमुख तीन जातजाति क्रमशः सन्यासी/दशनामी (८१.४%), ठकुरी (७६.३%) र ब्राह्मण पहाड (७४.९%) रहेका छन्। नगरपालिकाको कुल जनसंख्यामा पहिलो ठुलो स्थानमा रहेका क्षेत्री जातजातिको साक्षरता दर ७३.१ प्रतिशत रहेको छ जुन नगरपालिकाको औसतभन्दा १.२ प्रतिशत विन्दुले बढी हो।

तालिका ३.२.१: १०० भन्दा बढी संख्यामा भएका जातजातिको साक्षरतादर

| क्र.स. | जातजाति | जनसंख्या | जनसंख्या प्रतिशत | साक्षर जनसंख्या | ५ बर्ष वा सो भन्दा माथिको जनसंख्या | साक्षरता दर(प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | पुरुष | महिला |
| १ | जम्मा | २०१८५ | १०० | १३१६५ | १८३२० | ७१.९ | ८२.८ | ६२.९ |
| २ | क्षेत्री | ९२४१ | ४५.८ | ६१८५ | ८४६४ | ७३.१ | ८३.६ | ६४.३ |
| ३ | ब्राह्मण - पहाड | ३९७६ | १९.७ | १५२८ | २०४१ | ७४.९ | ८५.४ | ६६.५ |
| ४ | विश्वकर्मा | २२३० | ११.० | २४३७ | ३५१५ | ६९.३ | ८१.२ | ५९.७ |
| ५ | परियार | १९५४ | ९.७ | ११९४ | १७६१ | ६७.८ | ७९.४ | ५८.२ |
| ६ | ठकुरी | १३५८ | ६.७ | ९६१ | १२५९ | ७६.३ | ८६.५ | ६७.८ |
| ७ | मिजार | ८८७ | ४.४ | ५०३ | ७९८ | ६३.० | ७२.६ | ५५.८ |
| ८ | सन्यासी/दशनामी | ३४१ | १.७ | ७० | ८६ | ८१.४ | ९१.१ | ७०.७ |

## ३.३ मातृभाषाको अवस्था

यस नगरपालिकामा जातिगत विविधता सँगसँगै भाषिक विविधता पनि रहेको छ। यहाँ अक्सर बसोबास गर्ने कुल जनसंख्याले ७ ओटा मातृभाषा व्यवहार गरेको देखिन्छ। कुल जनसंख्यामा नेपाली मातृभाषा हुने जनसंख्याको हिस्सा ६६ प्रतिशत रहेको छ। दोस्रो ठुलो (३०.९%) मातृभाषा बाजुरेली रहेको छ। भने खस भाषालाई मातृभाषाको रूपमा व्यवहार गर्ने जनसंख्या २.२ प्रतिशत रहेको छ। अछामी मातृभाषा हुने जनसंख्या ०.६ प्रतिशत रहेको छ। डोटेली, थारु र अन्य मातृभाषा बोल्ने प्रत्येकको मान ०.१ प्रतिशत रहेको छ।

तालिका ३.३.१: नगरपालिकामा बोलिने मातृभाषा अनुसारको जनसंख्या

| मातृभाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | २०१८५ | १०० | ९२५४ | १०० | १०९३१ | १०० |
| नेपाली | १३३३२ | ६६.० | ६७९९ | ७३.५ | ६५३३ | ५९.८ |
| बाजुरेली | ६२२९ | ३०.९ | २२१२ | २३.९ | ४०१७ | ३६.७ |
| खस | ४४५ | २.२ | २०४ | २.२ | २४१ | २.२ |
| अछामी | ११८ | ०.६ | ७ | ०.१ | १११ | १.० |
| अन्य | २९ | ०.१ | १२ | ०.१ | १७ | ०.२ |
| डोटेली | २० | ०.१ | १० | ०.१ | १० | ०.१ |
| थारु | १२ | ०.१ | १० | ०.१ | २ | ०.० |

चित्र ३.३.१: नगरपालिकामा १०० भन्दा बढी व्यक्तिले बोल्ने मातृभाषाको विवरण (% मा)




## ३.४ धर्मसम्बन्धी विवरण

नेपालका जनगणनाहरूमा धर्म सम्बन्धी प्रश्नले निरन्तरता पाउँदै आएको छ। धर्म मानिसहरूको आस्था, पहिचान, संस्कृति र सभ्यतासँग जोडिएको विषय हो। समाज वा कुनै भौगोलिक क्षेत्र कुन हदसम्म बहुधार्मिक रहेको छ भन्ने सूचना धर्म सम्बन्धी तथ्याङ्कबाट मिल्दछ। यस नगरपालिकामा मूलतः ३ ओटा धर्म अवलम्बनमा रहेको देखिन्छ। कुल जनसंख्यामध्ये ९९.९८ प्रतिशतले हिन्दु धर्म अवलम्बन गरेको देखिन्छ भने बौद्धमार्गीहरूको हिस्सा ०.०१ प्रतिशत रहेको छ। इस्लाम धर्म अनुशरण गर्नेको हिस्सा ०.०१ प्रतिशत रहेको छ। यहाँ अवलम्बनमा रहेका हरेक धर्ममा पुरुष र महिलाको अनुपात समान नरहेको देखिन्छ, किनभने एउटै परिवारभित्र पनि पुरुष र महिलाको धार्मिक आस्था र मान्यता स्वाभाविक रूपमा फरक हुनसक्दछ।

तालिका ३.४.१: नगरपालिकामा धर्मअनुसारको जनसंख्या

| धर्म | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | २०१८५ | १०० | ९२५४ | १०० | १०९३१ | १०० |
| हिन्दू | २०१८० | ९९.९८ | ९२५० | ९९.९६ | १०९३० | ९९.९९ |
| बौद्ध | ३ | ०.०१ | २ | ०.०२२ | १ | ०.००९ |
| इस्लाम | २ | ०.०१ | २ | ०.०२२ | ० | ० |

चित्र ३.४.१: नगरपालिकामा धर्मअनुसारको विवरण (% मा)



## ३.५ दोस्रो भाषा अनुसारको जनसंख्या

समाजमा विभिन्न मातृभाषा बोल्ने समुदायका व्यक्ति हुने भएकोले आफ्नो परिवार र समभाषी समुदायभित्र मातृभाषाको व्यवहार गरेपनि फरक समुदायका व्यक्तिसँग र अवस्थाअनुसार एकै परिवारभित्र समेत दोस्रो भाषा बोल्ने जनसंख्या हुन्छ। नेपाल बहुभाषिक देश भएको हुँदा स्थान विशेषमा पनि बहुभाषिक व्यक्तिहरूले बसोबास गरेका हुनसक्छन्। यस्तो अवस्थामा कुनै पनि वडा वा स्थानीय तहमा मातृभाषाबाहेक दोस्रो भाषा बोल्ने जनसंख्या रहेको हुन्छ।

बुढीगंगा नगरपालिकामा आफ्नो मातृभाषाबाहेक अरू कुनै पनि दोस्रो भाषा नबोल्ने जनसंख्या ६३.१ प्रतिशत रहेको छ। दोस्रो (अर्थात् सम्पर्क भाषा) भाषा नेपाली हुने जनसंख्या ३३.३ प्रतिशत रहेको छ भने १.९ प्रतिशत जनसंख्याले अंग्रेजी भाषालाई दोस्रो भाषाको रूपमा व्यवहार गरेको देखिन्छ। यसका अलावा हिन्दी (१.०%), बाजुरेली (०.३%) र उर्दु (०.१%) पनि दोस्रो भाषाको रूपमा प्रयोग भएको देखिन्छ।

तालिका ३.५.१: नगरपालिकामा बोलिने दोस्रो भाषाअनुसारको जनसंख्या

| दोस्रोभाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | २०१८५ | १०० | ९२५४ | १०० | १०९३१ | १०० |
| दोश्रो भाषा नभएका | १२७३५ | ६३.१ | ६४५४ | ६९.७ | ६२८१ | ५७.५ |
| नेपाली | ६७१८ | ३३.३ | २३९६ | २५.९ | ४३२२ | ३९.५ |
| अंग्रेजी | ३८० | १.९ | २०४ | २.२ | १७६ | १.६ |
| हिन्दी | १९४ | १.० | १४२ | १.५ | ५२ | ०.५ |
| बाजुरेली | ५७ | ०.३ | ५ | ०.१ | ५२ | ०.५ |
| अन्य | ४९ | ०.२ | २० | ०.२ | २९ | ०.३ |
| उर्दू | २० | ०.१ | ९ | ०.१ | ११ | ०.१ |
| अवधी | १८ | ०.१ | १४ | ०.२ | ४ | ०.० |
| अछामी | १४ | ०.१ | १० | ०.१ | ४ | ०.० |

## ३.६ नेपालमा बसोबास गर्ने विभिन्न देशका नागरिकको जनसंख्या

जनगणनाको अवधिमा नेपालभित्र अक्सर बसोबास गर्ने सबै व्यक्तिहरूको गणना गरिन्छ। यहाँ बुझ्नैपर्ने अर्को यथार्थ यो छ कि विदेशस्थित नेपाली कुटनीतिक नियोगभित्र बसोबास गर्ने व्यक्तिहरूलाई पनि नेपालको जनसंख्यामा गणना गरिन्छ भने नेपालस्थित विदेशी कुटनीतिक नियोगभित्र बसोबास गर्ने व्यक्तिलाई नेपालको जनगणनामा समावेश गरिँदैन। जनगणनाको तथ्याङ्क सङ्कलनको अवधिभित्र पर्यटक भई वा अन्य उद्देश्यले नेपालमा आएका तर अक्सर बसोबास नभएका कुनै पनि विदेशी नागरिकलाई नेपालको जनगणनामा गणना गरिँदैन।

पछिल्लो बाहौं राष्ट्रिय जनगणनाअनुसार नेपालमा कुल १,७९,७५५ जना विदेशी नागरिकले अक्सर बसोबास गरेको देखिन्छ, जसलाई नेपालको कुल जनसंख्या २,९१,६४,५७८ भित्र समावेश गरिएको छ। यस नगरपालिकाको कुल २०,१८५ जनसंख्यामध्ये कोही पनि विदेशी नागरिक अक्सर बसोबास गर्ने गरेको देखिएन।

# खण्ड ४: वैवाहिक अवस्थासम्बन्धी विवरण

## ४.१ जनसंख्याको वैवाहिक स्थिति

जनगणनामा १० वर्ष र सोभन्दा माथिको प्रत्येक व्यक्तिलाई निजका वैवाहिक अवस्थाबारे प्रश्न सोधिएको थियो। वैवाहिक स्थितिसम्बन्धी प्रश्नबाट कुनै व्यक्ति विवाहित वा अविवाहित के हो भन्ने सूचनाका साथसाथै विवाहितमध्ये कुनै व्यक्तिको अवस्था विधुर/विधवा, पारपाचुके वा छुट्टिएको कुन हो भन्ने तथ्याङ्क उपलब्ध हुन्छ।

यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल जनसंख्या १६०८२ रहेको छ र त्यसमध्ये विवाह नभएको जनसंख्या ३७.६ प्रतिशत रहेको छ। लैङ्गिक रूपमा हेर्दा १० वर्षमाथिका महिलाको कुल संख्या ८९१९ मध्ये ३३.६ प्रतिशत अविवाहित रहेका छन् भने अविवाहित पुरुषको संख्या करिब ८.९ प्रतिशत विन्दुले बढी अर्थात् ४२.५ प्रतिशत रहेको छ। विवाहित जनसंख्यामा जीवनमा एकपटक मात्र विवाह गरेका वा श्रीमान्/श्रीमतीसँग पारपाचुके भएर पुनः विवाह गरेको जनसंख्यासमेत समावेश भएको हुन्छ। दश वर्ष र सोभन्दा माथिको कुल जनसंख्या १६०८२ मध्ये ५७.० प्रतिशत विवाहित छन् भने कुल महिलामा विवाहित महिलाको संख्या ५८.२ प्रतिशत रहेको छ। विधुर/विधवाको जनसंख्यामा गणना हुनका लागि पति वा पत्नीमध्ये एकजनाको मृत्यु भइसकेको र जीवित पति वा पत्नीले पुनर्विवाह नगरी बसेको अवस्था हुनुपर्दछ। यस नगरपालिकामा विधुर/विधवाको अंश समग्रमा ५.३ प्रतिशत, पुरुषतर्फ २.० प्रतिशत र महिलातर्फ ७.९ प्रतिशत रहेको छ। विधुर महिलालाई राज्यले एकल महिलाको रूपमा स्वीकार गरेको र तोकिएअनुसारको मासिक निर्वाह भत्ता उपलब्ध गराउँदै आएको छ। स्थानीय तहका लागि पनि यो तथ्याङ्क महत्वपूर्ण मानिन्छ।

कानुनी रूपमा पति र पत्नी अलग भएको अवस्था पारपाचुके हो। कुनै धार्मिक सम्प्रदायमा परम्पराअनुसार पति पत्नी पारपाचुकेकै हैसियतमा अलग भएको जनसंख्यासमेत पारपाचुकेमै गत जनगणनामा समावेश गरिएको छ। यस नगरपालिकामा पारपाचुके भएको जनसंख्या समग्रमा ०.०३ प्रतिशत छ। छुट्टिएको जनसंख्या यस नगरपालिकामा ०.१ प्रतिशत रहेको छ। वैवाहिक जीवनमा पति र पत्नीबिच मनोमालिन्य भई छुट्टै बसेको तर वैधानिक रूपमा पारपाचुके नभएको अवस्थामा रहेका जनसंख्यालाई छुट्टिएकोअन्तर्गत गणना गरिएको छ।

तालिका ४.१.१: बुढीगंगा नगरपालिकामा १० वर्षमाथिको जनसंख्याको वैवाहिक अवस्था

| वैवाहिक स्थिति | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १० वर्ष वा सोभन्दा माथि | १६०८२ | १०० | ७१६३ | १०० | ८९१९ | १०० |
| विवाह नभएको | ६०३९ | ३७.६ | ३०४१ | ४२.५ | २९९८ | ३३.६ |
| विवाहित | ९१७० | ५७.० | ३९७७ | ५५.५ | ५१९३ | ५८.२ |
| विधुर/विधवा | ८४६ | ५.३ | १४२ | २.० | ७०४ | ७.९ |
| पारपाचुके | ५ | ०.०३ | ० | ०.० | ५ | ०.१ |
| छुट्टिएको | २२ | ०.१ | ३ | ०.० | १९ | ०.२ |

चित्र ४.१.१: दश वर्षमाथिको जनसंख्याको वैवाहिक अवस्था




## ४.२ पहिलो विवाह गर्दाको उमेर

उमेरअनुसार १० वर्ष वा सोभन्दा माथिको जनसंख्याले फरक फरक उमेरमा पहिलो विवाह गरेको हुन्छ। सामाजिक संरचना र परम्परा, पारिवारिक अवस्था, वैयक्तिक चाहना, बाध्यता लगायतका कारणले पुरुष र महिलाको विवाह गर्ने उमेर फरक फरक हुन्छ। कतिपय व्यक्तिले एकपटक भन्दा बढी विवाह गरेका हुन सक्दछन् तर जनगणनामा व्यक्तिको पहिलोपटक कुन उमेरमा विवाह भएको थियो सोही तथ्याङ्क सङ्कलन र विश्लेषण गरिन्छ।

कानुनले २० वर्ष नपुगी विवाह गर्न नपाइने भए तापनि समाजमा कानुनी उमेर हद नपुगी विवाह भइरहेको देखिन्छ र यसलाई तथ्याङ्कले पनि पुष्टि गरेको छ। यस नगरपालिकामा ४९ जना (०.५%) व्यक्तिको १० वर्ष पनि नपुगी विवाह भएको देखिन्छ। स्मरणीय यो छ कि आजभन्दा छ/सात दशक अघि नेपाली समाजमा केटा र केटीको सानै उमेरमा पनि विवाह हुने गर्दथ्यो। वि.सं. २०७८ को जनगणनाबाट यस नगरपालिकामा १०-१४ वर्ष उमेर समूहका ९.३ प्रतिशत जनसंख्याको विवाह भएको देखिन्छ। यस उमेर समूहमा पुरुषतर्फ यो अनुपात ५.३ प्रतिशत छ भने महिलातर्फ २.९ प्रतिशत विन्दुले बढी अर्थात् १२.१८ प्रतिशत रहेको छ। विवाहको तीब्रता भएका अरु दुई उमेर समूह क्रमशः १५-१७ र १८-२० हुन्। यहाँको ३१.४ प्रतिशत जनसंख्याको १५-१७ वर्षभित्र विवाह भइसकेको देखिन्छ जहाँ पुरुषतर्फको मान २२.४ र महिलातर्फको मान ३७.६५ प्रतिशत रहेको छ।

बुढीगंगा नगरपालिकामा विवाहको उत्कर्ष उमेर समूह १८-२० देखिएको छ। यस समूहमा ३८.० प्रतिशत १० वर्ष र सोभन्दा माथिको जनसंख्याको विवाह भइसकेको देखिन्छ। यसलाई लैङ्गिक रूपमा तुलना गर्दा पुरुषतर्फ ४१.५ प्रतिशत र महिलातर्फ ३५.४८ प्रतिशत रहेको छ। त्यसै गरी २१-२४ वर्ष उमेर समूहमा विवाह भइसकेको १० वर्षमाथिको जनसंख्या १४.० प्रतिशत रहेको छ। पुरुष वा महिला परिपक्व भइसक्ने उमेर अर्थात् २५-२९ वर्षभित्र पहिलोपटक विवाह गर्ने जनसंख्या ५.३ प्रतिशत रहेको छ। यस उमेर समूहमा पुरुषतर्फको हिस्सा ८.७ प्रतिशत छ भने महिला तर्फको हिस्सा २.८५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिला दुवैको पहिलो विवाह हुने उमेर २० वर्ष पूरा भएपछि क्रमशः घट्दै गएको छ। पहिलो पटक विवाह भएका महिलाको अनुपात सर्वाधिक (३७.६५%) १५-१७ वर्ष उमेर समूहभित्र रहेको छ जब कि पुरुषहरूले पहिलो विवाह हुने सर्वाधिक (४१.५%) ठुलो उमेर समूह १८-२० वर्षको रहेको देखिन्छ। नेपालको कानुनले विवाहका लागि तोकेको न्यूनतम उमेर अर्थात् २० वर्षभन्दा माथि प्रथमपटक विवाह गर्ने पुरुषको संख्या २१ देखि २४ वर्ष उमेर समूहमा महिलाको भन्दा ३.६ प्रतिशत विन्दुले उच्च अर्थात् १४.० प्रतिशत रहेको छ।

### तालिका ४.२.१: उमेर समूह अनुसार पहिलो विवाहसम्बन्धी विवरण

| उमेर समूह | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा | १००४३ | १०० | ४१२२ | १०० | ५९२१ | १०० |
| दश वर्षमुनि | ४९ | ०.५ | ७ | ०.२ | ४२ | ०.७१ |
| १०-१४ | ९३९ | ९.३ | २१८ | ५.३ | ७२१ | १२.१८ |
| १५-१७ | ३१५२ | ३१.४ | ९२३ | २२.४ | २२२९ | ३७.६५ |
| १८-२० | ३८१२ | ३८.० | १७११ | ४१.५ | २१०१ | ३५.४८ |
| २१-२४ | १४११ | १४.० | ७९७ | १९.३ | ६१४ | १०.३७ |
| २५-२९ | ५२८ | ५.३ | ३५९ | ८.७ | १६९ | २.८५ |
| ३०-३४ | ९४ | ०.९ | ७० | १.७ | २४ | ०.४१ |
| ३५-३९ | २५ | ०.२ | २२ | ०.५ | ३ | ०.०५ |
| ४०-४४ | ६ | ०.१ | ५ | ०.१ | १ | ०.०२ |
| ४५-४९ | ३ | ०.० | २ | ०.० | १ | ०.०२ |
| ५०+ | ८ | ०.१ | ६ | ०.१ | २ | ०.०३ |
| नखुलेको | १६ | ०.२ | २ | ०.० | १४ | ०.२४ |

### चित्र ४.२.१: दश वर्ष वा सोभन्दा माथिको जनसंख्यामा पुरुष र महिलाको वैवाहिक उमेर (%)




## ४.३ विवाहको औसत उमेर

विवाह गर्ने उमेर समुदाय, समाज, भूगोल, परम्परा, पारिवारिक अवस्था आदिसँग अन्तरसम्बन्धित हुन्छ। राज्यले जारी गरेको कानुनले पनि वैवाहिक उमेरको सीमालाई धेरै हदसम्म नियन्त्रण गरेको हुन्छ। विवाहित जनसंख्यामध्ये बुढीगंगा नगरपालिकामा विवाह भएका पुरुष तथा महिलाको औसत उमेर १८ वर्ष रहेको छ। यहाँका विवाहित पुरुषको औसत

उमेर महिलाको भन्दा २ प्रतिशत विन्दुले माथि अर्थात् १९.६ वर्ष रहेको छ भने विवाहित महिलाको औसत उमेर १७.६ वर्ष रहेको देखिन्छ।

तालिका ४.३.१: वडा अनुसार पहिलो विवाह गर्दाको औसत उमेर

| वडा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| १ | १९.१ | २०.५ | १८.१ |
| २ | १८.२ | १९.४ | १७.३ |
| ३ | १८.३ | १९.२ | १७.७ |
| ४ | १८.५ | १९.४ | १७.९ |
| ५ | १८.७ | १९.६ | १८ |
| ६ | १८.४ | १९.९ | १७.१ |
| ७ | १८.८ | २० | १८ |
| ८ | १८.१ | १९.१ | १७.४ |
| ९ | १८.९ | २०.८ | १७.८ |
| १० | १७.५ | १८.४ | १६.९ |
| बुढीगंगा | १८.४ | १९.६ | १७.६ |

चित्र ४.३.१: वडा अनुसार विवाह गर्ने औसत उमेर




## ४.४ एकल महिलाको अवस्था

राज्यले एकल महिलालाई सामाजिक सुरक्षाको प्रबन्ध गरेको छ। समाज पनि बिस्तारै एकल महिलाका समस्या र मुद्दाप्रति सकारात्मक हुँदै गएको देखिन्छ। नीति निर्माता र निर्णयकर्तालाई एकल महिलाको तथ्याङ्क उपयोगी हुने गरेको छ। एकल महिलाको तथ्याङ्कले वैयक्तिक, पारिवारिक र सामाजिक संरचनाको बारेमा यथेष्ट सूचना प्रवाह गर्दछ। यहाँ एकल महिलाको परिभाषा प्रस्तुत गर्नु मनासिब ठानिएको छ।

एकल महिलामा गणना हुनका लागि कुनै महिला विधवा, पारपाचुके भएको, श्रीमान् संग छुट्टिएर बसेको र श्रीमान बेपत्ता भएका वा हराएका हुनुपर्दछ। तर, राष्ट्रिय जनगणनामा श्रीमान बेपत्ता भएका वा हराएका महिलाको विवरण सङ्कलन नगरिएको कारणले यस प्रतिवेदनमा अघिल्ला चार प्रकारका महिलाहरूलाई एकल महिलाको रूपमा प्रस्तुत गरिएको छ। यस नगरपालिकामा एकल महिलाको कुल जनसंख्या ७५२ रहेको छ जुन १० वर्ष वा सोभन्दा माथिका कुल महिला जनसंख्याको ८.४ प्रतिशत हो। वडा तहमा एकल महिलाको संख्या अध्ययन गर्दा वडा नं. ९ मा सर्वाधिक अर्थात् ११.४ प्रतिशत रहेको छ भने दोस्रो र तेस्रो स्थानमा क्रमशः वडा नं. ४ (१०.२%) र वडा नं. ७ (९.३%) रहेका छन्। सबैभन्दा कम (७.१%) एकल महिला वडा नं. २ मा रहेका छन्। नगरपालिकाका १० ओटा वडामध्ये ७ ओटा वडा (१, २, ३, ५, ६, ८ र ९) मा यस नगरपालिकामा रहेका एकल महिलाको औसत विद्यमानता दर (८.४%) भन्दा कम विद्यमानता दर छ भने बाँकी ३ ओटा वडाहरूमा सोभन्दा उच्च अनुपातमा एकल महिला रहेका छन्।

तालिका ४.४.१: वडा अनुसार एकल महिलाको अवस्था

| वडा | १० बर्ष र सो भन्दा माथिका महिला | | | % | |
|---|---|---|---|---|---|
| | जम्मा | विधुर/ विधवा | एकल महिला | विधुर/ विधवा | एकल महिला |
| १ | ९०२ | ७० | ७२ | ७.७६ | ७.९८ |
| २ | ९३६ | ६२ | ६६ | ६.६२ | ७.०५ |
| ३ | ६४९ | ५० | ५३ | ७.७ | ८.१७ |
| ४ | १००५ | ९८ | १०२ | ९.७५ | १०.१५ |
| ५ | ५६१ | ३० | ३५ | ५.३५ | ६.२४ |
| ६ | ९२३ | ५५ | ५७ | ५.९६ | ६.१८ |
| ७ | ९७९ | ८६ | ९१ | ८.७८ | ९.३ |
| ८ | ७८६ | ५२ | ६५ | ६.६२ | ८.२७ |
| ९ | ९४५ | १०१ | १०८ | १०.६९ | ११.४३ |
| १० | १२३३ | १०० | १०३ | ८.११ | ८.३५ |
| जम्मा | ८९१९ | ७०४ | ७५२ | ७.८९ | ८.४३ |

चित्र ४.४.१ : वडा अनुसार एकल महिलाको प्रतिशत



# खण्ड ५:ज्येष्ठ नागरिक

## ५.१ ज्येष्ठ नागरिक र लैङ्गिक अनुपात

ज्येष्ठ नागरिक परिवार एवम् समाजका अभिभावक हुन्। हरेक व्यक्तिले आफ्नो जीवनकालमा यो अवस्थालाई अनुभव गर्नैपर्दछ। राज्यले पनि सामाजिक सुरक्षा भत्तालगायतका नीति तथा कार्यक्रम मार्फत ज्येष्ठ नागरिकको पक्षपोषण गरेको देखिन्छ। आश्रित जनसंख्याको गणना गर्दा ज्येष्ठ नागरिकको संख्या आवश्यक पर्दछ। ज्येष्ठ नागरिकको संख्याले जनसंख्याको बनावट र जीवन प्रत्याशासमेत (Life Expectency) लाई प्रतिविम्बित गर्दछ। बुढीगंगा नगरपालिकामा ६० वर्ष वा सोभन्दा माथि (ज्येष्ठ नागरिक) को कुल जनसंख्या २०६६ रहेको छ जुन यहाँको कुल जनसंख्या २०,१८५ को १०.२ प्रतिशत हुन आउँछ। ज्येष्ठ नागरिकको लैङ्गिक अनुपात ७२ रहेको छ। यसलाई १,००० महिला ज्येष्ठ नागरिकका माझमा ७२० जना पुरुष ज्येष्ठ नागरिक रहेका छन् भन्ने अर्थमा बुझिन्छ। वडा तहमा हेर्दा अनुपातका दृष्टिले सबैभन्दा धेरै (१२.८%) ज्येष्ठ नागरिक वडा नं. ५ मा रहेका छन् भने सबैभन्दा न्यून (७.५%) अनुपात वडा नं. ६ मा रहेको छ (तालिका ५.१.१)। संख्यात्मक हिसाबले सबैभन्दा धेरै अर्थात् ३०० जना ज्येष्ठ नागरिक वडा नं. १० मा रहेका छन् भने सबैभन्दा कम १३२ जना वडा नं. ८ मा रहेका छन्। ज्येष्ठ नागरिकको उच्चतम (९३९) लैङ्गिक अनुपात वडा नं. ५ मा रहेको छ। यसको अर्थ यस वडामा ६० वर्ष वा सोभन्दा माथिका प्रत्येक १,००० वृद्धाहरूमा ९३९ जना वृद्धहरू रहेका छन्। ज्येष्ठ नागरिकको न्यूनतम ६२.७ लैङ्गिक अनुपात वडा नं. ३ मा रहेको छ।

तालिका ५.१.१: वडा अनुसार ज्येष्ठ नागरिकको संख्या र लैङ्गिक अनुपात

| वडा | जम्मा जनसंख्या | ६० वर्ष वा माथिका पुरुष | ६० वर्ष वा माथिका महिला | ६० वर्ष वा माथिका जेष्ठ नागरिक | जेष्ठ नागरिकको जनसंख्या प्रतिशत | लैङ्गिक अनुपात (प्रति १०० जना ज्येष्ठ महिलामा) |
|---|---|---|---|---|---|---|
| १ | २,१०२ | १०५ | १३२ | २३७ | ११.२७ | ७९.५ |
| २ | २,०५१ | १०८ | १३४ | २४२ | ११.८० | ८०.६ |
| ३ | १,४११ | ६९ | ११० | १७९ | १२.६९ | ६२.७ |
| ४ | २,३१५ | १०३ | १४९ | २५२ | १०.८९ | ६९.१ |
| ५ | १,२४७ | ७७ | ८२ | १५९ | १२.७५ | ९३.९ |
| ६ | २,२४२ | ७३ | ९४ | १६७ | ७.४५ | ७७.७ |
| ७ | २,२१५ | ७७ | १०९ | १८६ | ८.४० | ७०.६ |
| ८ | १,७३५ | ५४ | ७८ | १३२ | ७.६१ | ६९.२ |
| ९ | २,०७७ | ८२ | १३० | २१२ | १०.२१ | ६३.१ |
| १० | २,७९० | ११७ | १८३ | ३०० | १०.७५ | ६३.९ |
| बुढीगंगा | २०,१८५ | ८६५ | १,२०१ | २,०६६ | १०.२४ | ७२.० |

## ५.२ वडा अनुसार ६० वर्ष र सोभन्दा माथिको जनसंख्या

बुढीगंगा नगरपालिकामा ६० वर्ष र सोभन्दा माथिको समग्र जनसंख्या अनुपात १०.२ प्रतिशत रहेको छ। वडा तहमा हेर्दा यो सर्वाधिक (१२.८%) वडा नं. ५ मा रहेको छ भने सबैभन्दा न्यून (७.४%) वडा नं. ६ मा रहेको छ।

तालिका ५.२.१: ६० वर्ष र सोभन्दा माथिको जनसंख्या (%)

| वडा | जम्मा जनसंख्या | ६० वर्ष र सोभन्दा माथिको जनसंख्या % | ६५ वर्ष र सोभन्दा माथिको जनसंख्या % | ६८ वर्ष र सोभन्दा माथिको जनसंख्या % | ७० बर्ष वा सोभन्दा माथिको जनसंख्या % |
|---|---|---|---|---|---|
| १ | २१०२ | ११.३ | ८.२ | ६.५ | ५.२ |
| २ | २०५१ | ११.८ | ८.५ | ६.६ | ५.९ |
| ३ | १४११ | १२.७ | ८.९ | ६.३ | ५.५ |
| ४ | २३१५ | १०.९ | ६.५ | ५.२ | ४.१ |
| ५ | १२४७ | १२.८ | ९.१ | ७.४ | ६.० |
| ६ | २२४२ | ७.४ | ५.९ | ४.९ | ४.३ |
| ७ | २२१५ | ८.४ | ५.७ | ४.२ | ३.७ |
| ८ | १७३५ | ७.६ | ५.२ | ४.० | ३.३ |
| ९ | २०७७ | १०.२ | ७.१ | ५.८ | ५.४ |
| १० | २७९० | १०.८ | ७.५ | ६.१ | ५.२ |
| बुढीगंगा | २०१८५ | १०.२ | ७.२ | ५.६ | ४.८ |

## ५.३ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ज्येष्ठ नागरिक

नेपाल सरकारले ६८ वर्ष उमेर पूरा भएका सबै ज्येष्ठ नागरिकलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएकोमा आर्थिक बर्ष २०८२/०८३ को बजेट मार्फत ७० बर्ष पुगेका ज्येष्ठ नागरिकलाई दिने निर्णय गरेको छ। यस बुढीगंगा नगरपालिकामा ७० वर्ष वा सोभन्दा माथिको जनसंख्या ४.८ प्रतिशत रहेको छ। वडास्तरमा ज्येष्ठ नागरिकहरूको अनुपात फरक फरक रहेको छ। वडा नं. ८ मा यो अनुपात ३.३ प्रतिशत मात्र रहेको छ भने वडा नं. ५ मा ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्न योग्य जनसंख्या ६ प्रतिशत रहेको छ।

चित्र ५.३.१: वडा अनुसार ७० बर्ष  र सोभन्दा माथिका जनसंख्या (प्रतिशत)




## ५.४ बुढ्यौली जनसंख्या

विश्वव्यापी रूपमा ६५ वर्ष र सोभन्दा माथिको जनसंख्यालाई बुढ्यौली जनसंख्याका रूपमा लिइन्छ। यस्तो तथ्याङ्कबाट बुढ्यौली जनसंख्याको स्वास्थ्य, जीवनशैली, आर्थिक सक्रियता लगायतका विषयमा पर्याप्त सूचना प्राप्त हुन्छ। बुढ्यौली सूचकाङ्क निकाल्नका लागि पनि यो तथ्याङ्क आवश्यक छ। बुढ्यौली सूचकाङ्क निकाल्नको लागि १४ वर्ष र सोभन्दा कम

उमेरको कुल जनसंख्याले ६५ वर्ष र सोभन्दा माथिको कुल जनसंख्यालाई भाग गरेर प्रतिशतमा रूपान्तरण गरिन्छ। बुढ्यौली सूचकाङ्क बढ्नु भनेको उक्त क्षेत्रको जनसंख्या बुढ्यौली उन्मुख हुँदै गएको वा भएको भन्ने जनाउँछ।

बुढीगंगा  नगरपालिकामा कुल १,४४४ जना (७.२%) ६५ वर्ष र सोभन्दा माथिको जनसंख्या रहेको छ। त्यसै गरी १४ वर्ष र सोभन्दा मुनिको कुल जनसंख्या ७,०२६ (३४.८%) रहेको छ। यी दुई तथ्याङ्कबाट बुढ्यौली सूचकाङ्क २०.६ हुन आउँछ (तालिका ५.४.१)। यसको सरल अर्थ यो हुन्छ कि १४ वर्ष र सोभन्दा मुनिका १,००० बालबालिका हुँदा २०६ जना ६५ वर्ष वा सोभन्दा माथिका बुढाबुढी रहेका छन्। यसले यस नगरपालिकाको जनसंख्या बुढ्यौली उन्मुख भए पनि बुढ्यौली जनसंख्यामा पूर्ण प्रवेश नगरेको सङ्केत गर्दछ। यस नगरपालिकामा बुढ्यौली जनसंख्या अनुपात सर्वाधिक (९.१%) वडा नं. ५ मा रहेको छ भने सबैभन्दा कम (५.२%) वडा नं. ८ मा रहेको छ।

तालिका ५.४.१: वडा अनुसार बुढ्यौली जनसंख्या र सूचकाङ्क

| वडा नं. | जनसंख्या | | | बुढ्यौली | |
|---|---|---|---|---|---|
| | ०-१४ बर्ष | ६५ बर्ष र सो भन्दा माथि | कुल जनसंख्या | सूचकाङ्क | जनसंख्या % |
| १ | ७२७ | १७३ | २,१०२ | २३.८ | ८.२ |
| २ | ६९६ | १७४ | २,०५१ | २५.० | ८.५ |
| ३ | ४५८ | १२५ | १,४११ | २७.३ | ८.९ |
| ४ | ८४० | १५१ | २,३१५ | १८.० | ६.५ |
| ५ | ३५३ | ११४ | १,२४७ | ३२.३ | ९.१ |
| ६ | ७८२ | १३३ | २,२४२ | १७.० | ५.९ |
| ७ | ७६८ | १२६ | २,२१५ | १६.४ | ५.७ |
| ८ | ६३७ | ९१ | १,७३५ | १४.३ | ५.२ |
| ९ | ७७४ | १४७ | २,०७७ | १९.० | ७.१ |
| १० | ९९१ | २१० | २,७९० | २१.२ | ७.५ |
| **बुढीगंगा** | ७,०२६ | १,४४४ | २०,१८५ | २०.६ | ७.२ |

चित्र  ५.४.१: वडाअनुसार बुढ्यौली जनसंख्या र सूचकाङ्क (प्रतिशत)



# खण्ड ६: बालबालिकाको स्थिति

## ६.१ बालबालिकाको जनसंख्या तथा लैङ्गिक अनुपात

नेपालको कानुनले १८ वर्ष उमेर पूरा नभएका सबैलाई बालबालिका स्वीकार गरेको छ। विश्वका विभिन्न देशहरूका बिच बालबालिका सम्बन्धी तथ्याङ्कको तुलना गर्दा पनि यही १८ वर्षको सीमालाई आत्मसात गरेको देखिन्छ। बालबालिका समग्र जनसंख्यामा आश्रित जनसंख्या हो र कुनै पनि देशको जनसंख्या संरचनाको एक महत्वपूर्ण हिस्सा पनि हो। बुढीगंगा नगरपालिकामा कुल ८,६२१ जना बालबालिका रहेका छन् जुन यहाँको कुल जनसंख्याको ४२.७ प्रतिशत हुन आउँछ। नगरपालिकाको कुल जनसंख्यामा हेर्ने हो भने २१.३ प्रतिशत बालक र २१.४ प्रतिशत बालिका रहेका छन्। यहाँ बालबालिकाको समग्र लैङ्गिक अनुपात ९९.७ रहेको छ। यसको सरल अर्थ यो छ कि प्रति १,००० बालिकामा ९९७ जना बालकहरू रहेका छन्। यस नगरपालिकाका ६ ओटा वडा (वडा नं. १, २, ३, ५, ७ र ८) हरूमा बालबालिकाको लैङ्गिक अनुपात १०० भन्दा कम रहेको छ भने बाँकी ४ ओटै वडामा लैङ्गिक अनुपात १०० भन्दा माथि रहेको छ।

तालिका ६.१.१: वडा अनुसार बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात (०—१७ वर्ष)

| वडा | बालक | % | बालिका | % | जम्मा | % | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | ४०९ | १९.५ | ४७१ | २२.४ | ८८० | ४१.९ | ८६.८ |
| २ | ४२२ | २०.६ | ४५८ | २२.३ | ८८० | ४२.९ | ९२.१ |
| ३ | २८२ | २०.० | २८४ | २०.१ | ५६६ | ४०.१ | ९९.३ |
| ४ | ५२२ | २२.५ | ४९९ | २१.६ | १,०२१ | ४४.१ | १०४.६ |
| ५ | २०९ | १६.८ | २४५ | १९.६ | ४५४ | ३६.४ | ८५.३ |
| ६ | ४९३ | २२.० | ४२७ | १९.० | ९२० | ४१.० | ११५.५ |
| ७ | ४७२ | २१.३ | ४७७ | २१.५ | ९४९ | ४२.८ | ९९.० |
| ८ | ३८१ | २२.० | ३८२ | २२.० | ७६३ | ४४.० | ९९.७ |
| ९ | ४९३ | २३.७ | ४५७ | २२.० | ९५० | ४५.७ | १०७.९ |
| १० | ६२० | २२.२ | ६१८ | २२.२ | १,२३८ | ४४.४ | १००.३ |
| बुढीगंगा | ४३०३ | २१.३ | ४३१८ | २१.४ | ८,६२१ | ४२.७ | ९९.७ |

चित्र ६.१.१: वडाअनुसार बालबालिकाको लैङ्गिक अनुपात



## ६.२ वडाको कुल जनसंख्यामा बालबालिकाको अनुपात

बालबालिका केन्द्रित नीति, योजना तथा कार्यक्रम बनाउनका लागि तल्लो स्तरसम्म कुल जनसंख्यामा बालबालिकाको अनुपात कति छ भन्ने तथ्याङ्क महत्वपूर्ण रहन्छ। बुढीगंगा नगरपालिकाका १० ओटा वडाहरूको कुल जनसंख्यामा बालबालिकाहको अनुपात तालिका ६.२.१ मा प्रस्तुत गरिएको छ। वडास्तरमा तुलना गर्दा बालबालिकाको सर्वाधिक (४५.७%) अंश वडा नं. ९ मा रहेको देखिन्छ। दोस्रो (४४.४%) र तेस्रो (४४.१%) ठुलो अनुपात वडा क्रमशः वडा नं. १० र ४ मा रहेको देखिन्छ। बालकहरूको अनुपात सर्वाधिक (२३.७%) वडा नं. ९ मा रहेको छ भने बालिकाहरूको सर्वाधिक (२२.४%) अनुपात वडा नं. १ मा रहेको छ।

### तालिका ६.२.१: वडाको कुल जनसंख्यामा बालबालिकाको अनुपात

| वडा | जम्मा जनसंख्या | बालक | | बालिका | | बालबालिका | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | जम्मा | % |
| १ | २,१०२ | ४०९ | १९.५ | ४७१ | २२.४ | ८८० | ४१.९ |
| २ | २,०५१ | ४२२ | २०.६ | ४५८ | २२.३ | ८८० | ४२.९ |
| ३ | १,४११ | २८२ | २०.० | २८४ | २०.१ | ५६६ | ४०.१ |
| ४ | २,३१५ | ५२२ | २२.५ | ४९९ | २१.६ | १,०२१ | ४४.१ |
| ५ | १,२४७ | २०९ | १६.८ | २४५ | १९.६ | ४५४ | ३६.४ |
| ६ | २,२४२ | ४९३ | २२.० | ४२७ | १९.० | ९२० | ४१.० |
| ७ | २,२१५ | ४७२ | २१.३ | ४७७ | २१.५ | ९४९ | ४२.८ |
| ८ | १,७३५ | ३८१ | २२.० | ३८२ | २२.० | ७६३ | ४४.० |
| ९ | २,०७७ | ४९३ | २३.७ | ४५७ | २२.० | ९५० | ४५.७ |
| १० | २,७९० | ६२० | २२.२ | ६१८ | २२.२ | १,२३८ | ४४.४ |
| **बुढीगंगा** | **२०,१८५** | **४३०३** | **२१.३** | **४३१८** | **२१.४** | **८,६२१** | **४२.७** |

## ६.३ बाल-आश्रित अनुपात

बालबालिकालाई कुनै पनि देशको भविष्यका रूपमा लिइन्छ। यससँगै गाँसिएको अर्को पाटो भनेको बालबालिका कुल आश्रित जनसंख्या (बालबालिका र बृद्धवृद्धा) को सबैभन्दा ठुलो हिस्सा हुन्। बाल/आश्रित अनुपात निकाल्नको लागि बालबालिकाको खास स्थानको जनसंख्यालाई सोही स्थानको १५ देखि ६४ वर्षसम्मको कुल जनसंख्याले भाग गर्ने प्रचलन रहेको छ। बुढीगंगा नगरपालिकाको समग्र बाल-आश्रित अनुपात ६०.० प्रतिशत रहेको छ। यसको अर्थ १०० जना काम गर्ने उमेर समूहको जनसंख्याले ६० जना बालबालिकाको खानपिन, रेखदेख, शिक्षा, स्वास्थ्य लगायतको हेरविचार गर्नु परिरहेको भन्ने बुझिन्छ। उक्त जनसंख्याको भार उत्पादक जनसंख्यामाथि पर्ने हुन्छ। वडास्तरमा बाल-आश्रित अनुपात न्यूनतम ४५.३ प्रतिशत (वडा नं. ५) देखि अधिकतम ६७.० प्रतिशत (वडा नं. ९) सम्म रहेको छ। बाल/आश्रित अनुपात ६० प्रतिशतभन्दा बढी भएका वडाहरूमा १,४,८,९ र १० रहेका छन्। बाँकी वडाहरूको बाल-आश्रित अनुपात ४५ प्रतिशतदेखि ५९ प्रतिशतसम्म रहेको छ।

तालिका ६.३.१: वडाअनुसार बाल-आश्रित अनुपात

| वडा | ०-१४ बर्ष | १५-६४ बर्ष | बाल आश्रित अनुपात | ६५ बर्ष र सो भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७२७ | १,२०२ | ६०.५ | १७३ | २,१०२ |
| २ | ६९६ | १,१८१ | ५८.९ | १७४ | २,०५१ |
| ३ | ४५८ | ८२८ | ५५.३ | १२५ | १,४११ |
| ४ | ८४० | १,३२४ | ६३.४ | १५१ | २,३१५ |
| ५ | ३५३ | ७८० | ४५.३ | ११४ | १,२४७ |
| ६ | ७८२ | १३२७ | ५८.९ | १३३ | २,२४२ |
| ७ | ७६८ | १३२१ | ५८.१ | १२६ | २,२१५ |
| ८ | ६३७ | १००७ | ६३.३ | ९१ | १,७३५ |
| ९ | ७७४ | ११५६ | ६७.० | १४७ | २,०७७ |
| १० | ९९१ | १५८९ | ६२.४ | २१० | २,७९० |
| बुढीगंगा | ७,०२६ | ११,७१५ | ६० | १,४४४ | २०,१८५ |

चित्र ६.३.१: वडाअनुसार बाल आश्रित अनुपात




## ६.४ बाल विवाह

समाजमा अभ्यासमा रहेको भए तापनि बाल विवाहलाई वैयक्तिक, सामाजिक र कानुनी तीनओटै दृष्टिकोणबाट सकारात्मक मानिदैन। बालक वा बालिकाको वृद्धि र व्यक्तित्व विकासमा बाल विवाह बाधक हुनसक्ने भएकोले यसलाई हतोत्साहित गर्ने उद्देश्यले कानुनी व्यवस्था समेत गरिएको छ। बाल विवाह केन्द्रदेखि सबै स्थानीय तहका वडास्तरसम्म विद्यमान रहेको तथ्याङ्कबाट देखिएको छ। बाल विवाहको तथ्याङ्क प्रस्तुत गर्नुअघि यहाँ बाल विवाहको अवधारणा बारेमा स्पष्ट हुनु जरुरी छ। सामान्यतः कानुनले बालबालिका अन्तर्गत गणना हुने उमेरभित्र विवाह भएको अवस्था नै बाल विवाह हो। विवाह बन्धनमा बाँधिने पुरुष वा महिला दुवैजना १८ वर्षभन्दा मुनि भएको अवस्थामा वा ती दुईमध्ये एक जना १८ वर्षभन्दा कम उमेरको भए पनि बाल विवाहमै गणना हुन्छ। तालिका ६.४.१ मा १८ वर्ष उमेर नपुग्दै विवाह भएका बालबालिकाको तथ्याङ्क विश्लेषण गरिएको छ। बाल विवाहको विश्लेषण गर्दा जोडिएर आउने अर्को प्रमुख विषय कानुनले तोकेको उमेर हद पूरा नभई विवाह गरेका व्यक्तिहरूको बिचमा भएको विवाह पनि हो। नेपालमा कानुनले २० वर्ष पूरा

नभएका महिला र पुरूषलाई विवाहका लागि अयोग्य मानेको छ। तसर्थ, १८ र १९ वर्षको उमेरमा विवाह भएको जनसंख्याको अनुपात पनि यहाँ विश्लेषण गर्नु उपयुक्त हुन्छ। अन्तर्राष्ट्रिय अभ्यास अनुसार गणनाको समयमा २० देखि २४ वर्षको उमेर समूहभित्र रहेका पुरुष र महिलालाई उनीहरूको पहिलोपटक विवाह हुँदा उमेर कति थियो भन्ने आधारमा बाल विवाहको विद्यमानता दर निकाल्ने गरिएको छ। बुढीगंगा नगरपालिकामा १८ वर्षभन्दा कम उमेरमा विवाह हुने पुरुष र महिलाको समग्र अनुपात १८ प्रतिशत रहेको छ। सोही उमेर समूहका महिलामध्ये १८ वर्ष उमेर नपुगी विवाह हुनेको अनुपात २४ प्रतिशत छ भने पुरुषका हकमा यो मान १०.४ प्रतिशत रहेको छ। यसबाट यस नगरपालिकामा पुरुषको तुलनामा महिलाहरूको बालविवाह दर दुई गुणा बढी रहेको देखिन्छ।

### तालिका ६.४.१: वडाअनुसार बालविवाहको अवस्था

| वडा नं. | १८ वर्षभन्दा कम उमेरमा विवाहित | | २० देखि २४ वर्षका जनसंख्या | | बाल विवाह दर % | | |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| १ | ८ | २४ | १०१ | ११६ | ७.९२ | २०.७ | १४.८ |
| २ | ५ | १६ | ६८ | १०८ | ७.४ | १४.८ | ११.९ |
| ३ | ६ | १४ | ४० | ६५ | १५.० | २१.५ | १९.१ |
| ४ | १२ | ३१ | ८३ | ९३ | १४.५ | ३३.३ | २४.४ |
| ५ | ० | ५ | ५६ | ६४ | ०.० | ७.८ | ४.२ |
| ६ | ११ | ४२ | १०७ | १४० | १०.३ | ३०.० | २१.५ |
| ७ | ११ | २५ | ८७ | ११३ | १२.६ | २२.१ | १८.० |
| ८ | ७ | २१ | ६३ | ९३ | ११.१ | २२.६ | १८.० |
| ९ | ३ | २५ | ६२ | ८६ | ४.८ | २९.१ | १८.९ |
| १० | १८ | ३७ | १११ | १२३ | १६.२ | ३०.१ | २३.५ |
| बुढीगंगा | ८१ | २४० | ७७८ | १००१ | १०.४ | २४.० | १८.० |

वडागत रूपमा हेर्दा बाल विवाहको तीव्रता वडा नं. ४ मा रहेको देखिन्छ जहाँ बालिका अवस्थामा भएको विवाहको विद्यमानतादर २४.४ प्रतिशत छ। पुरुषतर्फ सबैभन्दा उच्च बाल विवाहदर वडा नं. १० मा रहेको छ जहाँ यसको मान १६.२ प्रतिशत रहेको छ। महिलातर्फ उच्चतम (३३.३%) बाल विवाहदर वडा नं.४ मा रहेको छ। पुरुषतर्फ वडा नं. ५ मा बाल विवाह दर शुन्य रहेको छ भने महिलातर्फको न्यूनतम मान (७.८%) यसै वडामा रहेको छ। नगरपालिकाका १० ओटा वडामध्ये सबैभन्दा न्यून (४.२%) बाल विवाहदर वडा नं. ५ मा रहेको देखिन्छ।

### चित्र ६.४.१: वडाअनुसार बाल विवाहको विद्यमानता स्थिति



## ६.५ बालबालिकाको साक्षरता दर

जनगणनामा ५ वर्ष र सोभन्दा माथिको सम्पूर्ण जनसंख्यालाई साक्षरता सम्बन्धी प्रश्न सोधिएको थियो। बालबालिकाको अन्य सूचक जस्तै साक्षरता दर पनि योजना तथा नीति निर्माणको चरणमा र तिनको मूल्याङ्कनमा महत्वपूर्ण हुने गर्दछन्। हाम्रो जस्तो विकासोन्मुख देशमा ५ वर्ष र सोभन्दा माथिको जनसंख्याको समग्र साक्षरतादरभन्दा बालबालिकाको साक्षरतादर सामान्यतः उच्च हुने गर्दछ। यस्तो हुनुको सम्भावित कारणमा पुरानो पुस्ताले नयाँ पुस्ताले जस्तो सहज रूपमा विद्यालय जाने अवसर पाएको हुँदैन। पछिल्ला चार पाँच दशकमा बालबालिकालाई विद्यालय पठाउने प्रचलन व्यापक हुँदै गएको छ र सरकारले प्राथमिक शिक्षालाई अनिवार्य घोषणा गरेको छ। बुढीगंगा नगरपालिकामा बालक तथा बालिकाको समग्र साक्षरता दर ९५.९ प्रतिशत रहेको छ। वडागत रूपमा बाल साक्षरता दरलाई तुलना गर्दा सर्वाधिक (९८.७%) साक्षरता दर वडा नं. ८ मा रहेको छ। चित्र ६.५.१ मा बालबालिकाको वडागत साक्षरता दर नगरपालिकाको औसतभन्दा तल वा माथि रहेको सङ्केत गर्नका खण्डित रेखाले सङ्केत गरिएको छ। यस रेखाले वडा नं.३, ६, ७, ८, ९ र १० मा बालबालिकाको साक्षरता दर औसतभन्दा बढी रहेको देखाएको छ भने बाँकी ४ ओटा वडाको औसत साक्षरता दर नगरपालिकाको समग्रभन्दा माथि वा बराबर रहेको देखिन्छ।

तालिका ६.५.१: वडा अनुसार बाल साक्षरता दर

| वडा नं. | साक्षर बालबालिका | निरक्षर बालबालिका | साक्षरता उल्लेख नभएको | जम्मा | साक्षरता दर |
|---|---|---|---|---|---|
| १ | ६२८ | २८ | ० | ६५६ | ९५.७३ |
| २ | ६५२ | २९ | ४ | ६८५ | ९५.१८ |
| ३ | ४३५ | १० | ० | ४४५ | ९७.७५ |
| ४ | ७३५ | ७६ | ० | ८११ | ९०.६३ |
| ५ | ३३८ | ३४ | ० | ३७२ | ९०.८६ |
| ६ | ६७२ | १५ | ० | ६८७ | ९७.८२ |
| ७ | ७३८ | १६ | ० | ७५४ | ९७.८८ |
| ८ | ६०० | ८ | ० | ६०८ | ९८.६८ |
| ९ | ७४० | १७ | ० | ७५७ | ९७.७५ |
| १० | ९४३ | ३७ | १ | ९८१ | ९६.१३ |
| बुढीगंगा | ६,४८१ | २७० | ५ | ६७५६ | ९५.९३ |

चित्र ६.५.१: वडाअनुसार बालबालिकाको साक्षरतादर



## ६.६ अध्ययनरत तथा स्कुल बाहिर रहेका बालबालिकाको विवरण

राष्ट्रिय जनगणनामा ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिलाई अध्ययन गर्न हाल स्कुल गइरहनुभएको छ भनी सोधिएको प्रश्नमा प्राप्त उत्तरको विश्लेषण गर्दा यस नगरपालिकाका ५ देखि १७ वर्षसम्मका कुल ६,७५१ जनामध्ये ६,२०६ (९१.९%) जना हाल स्कुल गइरहेको देखिन्छ भने ४.४ प्रतिशत विगतमा गएको तर हाल स्कुल नगएको तथ्याङ्कले देखाएको छ। कहिल्यै स्कुल नगएका बालबालिकाको हिस्सा ३.८ प्रतिशत रहेको छ। कहिल्यै पनि स्कुल नगएका ५ देखि १७ वर्षसम्मका सर्वाधिक (९.१%) बालबालिका वडा नं. ५ मा रहेका छन्। त्यसैगरी हाल स्कुल गइरहेका सर्वाधिक अर्थात् ९५.९ प्रतिशत बालबालिका वडा नं. ३ मा रहेका छन्।

### तालिका ६.६.१: अध्ययनरत तथा स्कुल बाहिर रहेका बालबालिकाको विवरण

| वडा | ५ देखि १७ वर्षका बालबालिका संख्या | | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | स्कुल गइरहेका | विगतमा स्कुल गएका | स्कुल नगएका | जम्मा | स्कुल गइरहेका | विगतमा स्कुल गएका | कहिल्यै स्कुल नगएका |
| १ | ६११ | २२ | २३ | ६५६ | ९३.१४ | ३.३५ | ३.५१ |
| २ | ६३२ | २२ | २७ | ६८१ | ९२.२६ | ३.२१ | ३.९४ |
| ३ | ४२७ | ९ | ९ | ४४५ | ९५.९६ | २.०२ | २.०२ |
| ४ | ७२५ | २० | ६६ | ८११ | ८९.४ | २.४७ | ८.१४ |
| ५ | २८५ | ५३ | ३४ | ३७२ | ७६.६१ | १४.२५ | ९.१४ |
| ६ | ६४८ | २३ | १६ | ६८७ | ९४.३२ | ३.३५ | २.३३ |
| ७ | ७१० | २७ | १७ | ७५४ | ९४.१६ | ३.५८ | २.२५ |
| ८ | ५६९ | ३२ | ७ | ६०८ | ९३.५९ | ५.२६ | १.१५ |
| ९ | ७१० | ३२ | १५ | ७५७ | ९३.७९ | ४.२३ | १.९८ |
| १० | ८८९ | ५५ | ३६ | ९८० | ९०.६२ | ५.६१ | ३.६७ |
| बुढीगंगा | ६२०६ | २९५ | २५० | ६७५१ | ९१.८६ | ४.३७ | ३.७ |

## ६.७ बालश्रमको विवरण

बालश्रमका विभिन्न अवस्था, प्रकार र अवधारणा प्रचलित छन्। संयुक्त राष्ट्रसंघ बालकोषका अनुसार प्रत्येक १० जनामा १ जना बालबालिका बालश्रम गर्न बाध्य छन्। जो बालबालिका उनीहरूको उमेरका हिसाबले कुनै काम गर्न शारीरिक रूपमा सबल छैनन् अथवा कामको प्रकृति र परिस्थिति अनुसार कुनै काम जोखिमपूर्ण छ, त्यस्तो काममा संलग्न भएका रहेछन् भने त्यो स्थिति बालश्रममा पर्दछ। तर, बालबालिकाको शारीरिक र मानसिक विकासमा सकारात्मक योगदान गर्ने काम जस्तो कि हलुका प्रकृतिका घरायसी काम र विद्यालय बिदा हुँदाको अवस्थामा गरिएका कुनै सरल कामबाहेक बालश्रमले उनीहरूको स्वास्थ्य, सुरक्षा र मानसिक विकासमा क्षति पुर्याउदछ। बुढीगंगा नगरपालिकामा समग्र बालश्रम विद्यमानता दर घरायसी क्षेत्रमा ३१.९ प्रतिशत र गैरघरायसी क्षेत्रमा १०.५ प्रतिशत रहेको देखिन्छ। यहाँ बालश्रम गर्दा कति समय काम गरेको आधारमा हिसाब किताब गरिएको छ भन्ने सवाल बुझ्नु मनासिब हुन्छ। जनगणनामा आर्थिक कामको बारेमा १० वर्ष र सोभन्दा माथिको जनसंख्यालाई मात्र प्रश्न सोधिएको थियो। उनीहरूले गणनाको दिनदेखि अघिल्लो १२ महिनामा कम्तीमा १ दिन काम गरेको भए त्यसलाई पनि श्रम गरेको मानिने प्रावधान राखिएको थियो। अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विगत एक हप्तामा कम्तीमा एक घण्टा नाफा वा आम्दानी हुने काम गरेका बालबालिकालाई बालश्रमको रूपमा मान्ने चलन छ। यहाँ गैरघरायसी क्षेत्र भन्नाले वित्तीय, गैरवित्तीय तथा नाफा नकमाउने संस्था पर्दछ। घरायसी क्षेत्र भन्नाले असंगठित रूपमा परिवारले संचालन गरेका सबै प्रकारका आर्थिक क्रियाकलापहरू पर्दछन् जस्तै

कृषि, अनौपचारिक र असंगठित रूपमा व्यक्ति वा परिवारले संचालन गरेका व्यापार, उद्योग, व्यवसाय, सडक किनारमा बिक्री गर्ने आदि यस अन्तर्गत पर्दछन्।

वडास्तरमा बालश्रम विद्यमानता दर तुलना गर्दा घरायसी क्षेत्रमा सर्वाधिक (७८.९%) वडा नं. १० मा देखिन्छ भने सबैभन्दा कम (३.३%) वडा नं. ९ मा रहेको छ। गैरघरायसी क्षेत्रको सर्वाधिक बालश्रम विद्यमानता दर सर्वाधिक ((१३.४%) वडा नं. २ मा र सबैभन्दा कम (४.८%) वडा नं. १० मा रहेको छ।

### तालिका ६.७.१: वडाअनुसार बालश्रमको अवस्था

| अघिल्लो १२ महिनामा कम्तीमा एक दिन आर्थिक काममा संलग्नता | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगर्ने | जम्मा | बालश्रम प्रतिशत | | |
| | | | | | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगर्ने |
| १ | ५१ | १२४ | २५६ | ४३१ | ११.८३ | २८.७७ | ५९.४ |
| २ | ६४ | २३ | ३९० | ४७७ | १३.४२ | ४.८२ | ८१.७६ |
| ३ | २० | १५७ | १२० | २९७ | ६.७३ | ५२.८६ | ४०.४ |
| ४ | ६९ | १३४ | ३५३ | ५५६ | १२.४१ | २४.१ | ६३.४९ |
| ५ | २० | १२४ | १०१ | २४५ | ८.१६ | ५०.६१ | ४१.२२ |
| ६ | ५४ | ५९ | ३०७ | ४२० | १२.८६ | १४.०५ | ७३.१ |
| ७ | ६१ | १०६ | ३२९ | ४९६ | १२.३ | २१.३७ | ६६.३३ |
| ८ | ३५ | १६३ | २१२ | ४१० | ८.५४ | ३९.७६ | ५१.७१ |
| ९ | ६८ | १७ | ४२७ | ५१२ | १३.२८ | ३.३२ | ८३.४ |
| १० | ३२ | ५३२ | ११० | ६७४ | ४.७५ | ७८.९३ | १६.३२ |
| बुढीगंगा | ४७४ | १४३९ | २६०५ | ४५१८ | १०.४९ | ३१.८५ | ५७.६६ |

### चित्र ६.७.१: वडाअनुसार बालश्रम (गैरघरायसी क्षेत्र)



## ६.८ जन्मदर्ताको अवस्था

नेपालमा जन्मदर्तालाई बालबालिकाको संवैधानिक हकको रूपमा लिइएको छ। पछिल्लो जनगणनामा ५ वर्षमुनिका प्रत्येक बालबालिकाको जन्मदर्ता गरिएको छ वा छैन भन्ने प्रश्न सोधिएको थियो। राज्यप्रदत्त कैयन् सुविधामा जन्मदर्ताको अत्यन्तै महत्व रहेको हुँदा यो प्रश्न राखिएको थियो। सरकारले विभिन्न नीति तथा कार्यक्रम मार्फत् जन्मदर्तालाई अभियानका रूपमा सञ्चालन गरिरहेको छ। बुढीगंगा नगरपालिकामा ५ वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाहरूको समग्र जन्मदर्ताको अवस्था ९०.६ प्रतिशत रहेको छ। वडा तहमा तुलना गर्दा जन्मदर्ताको अधिकतम (९७.४%) उपलब्धि वडा नं. ८ ले हासिल गरेको देखिन्छ। न्यून जन्मदर्ता भएका तीनओटा वडाहरू क्रमशः वडा नं. ७ (८१.९%), वडा नं. १० (८५.१%) र वडा नं. ३ (८८.८%) रहेका छन्।

नगरपालिकाको औसत जन्मदर्ता ९०.६ प्रतिशतभन्दा कम जन्मदर्ता स्थिति रहेका वडाहरू क्रमशः ३, ४, ७ र १० रहेका छन् भने बढी भएका वडाहरु १, २, ५, ६, ८ र ९।

तालिका ६.८.१: वडा अनुसार जन्मदर्ता भएका बालबालिकाको अवस्था

| वडा नं. | ५ वा सोभन्दा कम उमेरका बालबालिका | जम्मा | | जन्मदर्ता गरेको प्रतिशत |
|---|---|---|---|---|
| | | जन्मदर्ता गरेको | जन्मदर्ता नगरेको | |
| १ | २६३ | २४३ | २० | ९२.४ |
| २ | २३७ | २१९ | १८ | ९२.४ |
| ३ | १५४ | १३५ | १९ | ८७.७ |
| ४ | २५९ | २३० | २९ | ८८.८ |
| ५ | १०५ | १०२ | ३ | ९७.१ |
| ६ | २८९ | २६८ | २१ | ९२.७ |
| ७ | २४३ | १९९ | ४४ | ८१.९ |
| ८ | १९३ | १८८ | ५ | ९७.४ |
| ९ | २३७ | २२८ | ९ | ९६.२ |
| १० | ३१६ | २६९ | ४७ | ८५.१ |
| बुढीगंगा | २२९६ | २०८१ | २१५ | ९०.६ |

चित्र ६.८.१: वडाअनुसार जन्मदर्ताको अवस्था



# खण्ड ७: अपाङ्गता भएका व्यक्तिको स्थिति

## ७.१ अपाङ्गता भएका व्यक्तिको जनसंख्या र लैङ्गिक अनुपात

सामाजिक तथ्याङ्कलाई विभिन्न वर्गमा खण्डीकृत गर्ने सन्दर्भमा अपाङ्गता भएको जनसंख्या पनि महत्वपूर्ण मानिन्छ। समावेशी विकास र अवसरमा समान पहुँचका लागि जुनसुकै शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूका लागि राज्यले नीति, योजना तथा कार्यक्रम अगाडि ल्याउने सिलसिलामा अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या अपरिहार्य हुन्छ। मूलतः प्राकृतिक वा मानवसिर्जित कारणले नै मानिसमा अपाङ्गता हुनसक्दछ। त्यसबाहेक जन्मजात अपाङ्गता पनि हुने गर्दछ।शिक्षा, स्वास्थ्य, रोजगारी, राज्य सञ्चालन, सामाजिक सुरक्षालगायतका क्षेत्रमा अपाङ्गता भएका जनसंख्याको बेग्लै पहुँच र सहभागिता सुनिश्चितता गर्नका लागि अपाङ्गता भएको जनसंख्याको वडा तहसम्मको तथ्याङ्क आवश्यक पर्दछ। बुढीगंगा नगरपालिकामा कुल २०,१८५ जनसंख्यामध्ये ६२६ जनामा अपाङ्गता रहेको छ। यो संख्या नगरपालिकाको कुल जनसंख्याको ३.० प्रतिशत हुन आउँछ र यसैलाई यस नगरपालिकाको अपाङ्गता विद्यमानतादर मानिन्छ। वडागत रूपमा अपाङ्गता विद्यमानतादर तुलना गर्दा सर्वाधिक (६.८%) वडा नं. ६ मा देखिन्छ। वडा नं. १० दोस्रोमा (४.४%) र तेस्रोमा (३.६%) वडा नं. ८ रहेको छ। अपाङ्गता विद्यमानतादर सबैभन्दा न्यून (१.२%) वडा नं. ५ मा रहेको छ।

यहाँ पुरुष र महिलाको अपाङ्गताको आँकडामा भिन्नता रहेको तथ्य विचारणीय छ। कुल जनसंख्यामा ५०.३ प्रतिशत पुरुषमा अपाङ्गता रहेको छ भने ४९.७ प्रतिशत महिलामा यो मान  प्रतिशत रहेको छ। पुरुषमा अपाङ्गता विद्यमानतादर महिलाको भन्दा ०.६ प्रतिशत विन्दुले बढी देखिएको छ। व्यक्तिमा अपाङ्गताको प्रकार, गहनता र असर फरक फरक हुन्छ।

तालिका ७.१.१: अपाङ्गताको जनसंख्या र विद्यमानता दर

| लिङ्ग | अपाङ्गता भएका व्यक्ति | अपाङ्गता नभएका व्यक्ति | अपाङ्ता नखुलेका | जम्मा | **अपाङ्गताको विद्यमानता दर** | अपाङ्गता भएकामध्ये लैङ्गिक हिस्सा प्रतिशत |
|---|---|---|---|---|---|---|
| पुरुष | ३१५ | ८९३७ | २ | ९,२५४ | **३.४** | ५०.३ |
| महिला | ३११ | १०६१६ | ४ | १०,९३१ | **२.८** | ४९.७ |
| जम्मा | ६२६ | १९५५३ | ६ | २०,१८५ | **३.१** | १०० |

तालिका ७.१.२: अपाङ्गतासम्बन्धी वडागत विवरण

| वडा | जम्मा जनसंख्या | अपाङ्गता नभएका | जम्मा अपाङ्गता भएका व्यक्ति | नखुलेको | अपाङ्गता विद्यमानतादर |
|---|---|---|---|---|---|
| १ | २१०२ | २०५२ | ५० | ० | २.३८ |
| २ | २०५१ | १९९९ | ५२ | ० | २.५४ |
| ३ | १४११ | १३८४ | २७ | ० | १.९१ |
| ४ | २३१५ | २२७२ | ४३ | ० | १.८६ |
| ५ | १२४७ | १२३२ | १५ | ० | १.२ |
| ६ | २२४२ | २०९० | १५२ | ० | ६.७८ |
| ७ | २२१५ | २१६३ | ५२ | ० | २.३५ |
| ८ | १७३५ | १६७३ | ६२ | ० | ३.५७ |
| ९ | २०७७ | २०२५ | ५० | २ | २.४१ |

| वडा | जम्मा जनसंख्या | अपाङ्गता नभएका | जम्मा अपाङ्गता भएका व्यक्ति | नखुलेको | अपाङ्गता विद्यमानतादर |
|---|---|---|---|---|---|
| १० | २७९० | २६६३ | १२३ | ४ | ४.४१ |
| बुढीगंगा | २०१८५ | १९५५३ | ६२६ | ६ | ३.१ |

राज्यले अपाङ्गता भएको जनसंख्याको लागि विशेष हक र सामाजिक सुरक्षाको नीति लिएको छ र तदनुरूप कार्यक्रम सञ्चालन गर्दै आएको छ। अपाङ्गता सम्बन्धी स्थानीय नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्नका लागि यसप्रकारको खण्डीकृत तथ्याङ्क अपरिहार्य मानिन्छ। नेपालमा अपाङ्गता सम्बन्धी तथ्याङ्कको सबैभन्दा ठुलो प्राथमिक स्रोत राष्ट्रिय जनगणना नै हो।

चित्र ७.१.१: वडा अनुसार अपाङ्गता विद्यमानता दर




## ७.२ अपाङ्गताको प्रकारसम्बन्धी विवरण

गत बाह्रौं राष्ट्रिय जनगणनामा अपाङ्गताको प्रकारलाई यसअघिका जनगणनामाझैं विभिन्न १२ ओटा वर्गमा विभाजन गरी त्यसै अनुरूप तथ्याङ्क सङ्कलन गरिएको थियो। अपाङ्गताको प्रकारमध्ये यस नगरपालिकामा सबैभन्दा धेरै (५४.६३%) शारीरिक अपाङ्गता रहेको छ। दोस्रो र तेस्रोमा क्रमशः न्यून दृष्टियुक्त (१०.८६%) र बहिरोपन (७.८३%) रहेका छन्। अपाङ्गता भएको जनसंख्यामध्ये बहुअपांगता हुनेको अनुपात ७.१९ प्रतिशत रहेको देखिन्छ। खास प्रकारको अपाङ्गता विद्यमानता दर पुरुष र महिलामा भिन्न हुनु स्वाभाविकै हो। उदाहरणका लागि शारीरिक अपाङ्गताको दर पुरुषका हकमा ५८.७३ प्रतिशत छ भने यो महिलामा ८.२ प्रतिशत विन्दुले कम अर्थात् ५०.५ प्रतिशत मात्र छ। बहिरोपनको विद्यमानता दर पुरुषमा २८ र महिलामा ६.८ प्रतिशतमा रहेको छ।न्यून दृष्टियुक्त अपाङ्गता पुरुषतर्फ ९.२१ प्रतिशत छ भने महिलातर्फ १२.५ प्रतिशत रहेको छ।

तालिका ७.२.१: अपाङ्गताको प्रकार अनुसारको जनसंख्या वितरण

| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ६२६ | १००.०० | ३१५ | १००.०० | ३११ | १००.० |
| शारीरिक अपाङ्गता | ३४२ | ५४.६३ | १८५ | ५८.७३ | १५७ | ५०.५ |
| न्यून दृष्टियुक्त | ६८ | १०.८६ | २९ | ९.२१ | ३९ | १२.५ |
| पूर्ण दृष्टिविहीन | २६ | ४.१५ | १० | ३.१७ | १६ | ५.१ |
| बहिरोपन | ४९ | ७.८३ | २८ | ८.८९ | २१ | ६.८ |
| सुस्तश्रवण | २७ | ४.३१ | ६ | १.९० | २१ | ६.८ |
| श्रवण दृष्टिविहीन | ९ | १.४४ | ३ | ०.९५ | ६ | १.९ |
| स्वर र बोलाइ | ३१ | ४.९५ | १९ | ६.०३ | १२ | ३.९ |
| मानसिक वा मनोसामाजिक | १७ | २.७२ | ७ | २.२२ | १० | ३.२ |
| बौद्धिक अपाङ्गता | ९ | १.४४ | ४ | १.२७ | ५ | १.६ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ३ | ०.४८ | १ | ०.३२ | २ | ०.६ |
| बहुअपाङ्गता | ४५ | ७.१९ | २३ | ७.३० | २२ | ७.१ |

चित्र ७.२.१: अपाङ्गताको प्रकारअनुसारको जनसंख्या (%मा)




## ७.३ अपाङ्गता भएका व्यक्तिको साक्षरतादर

अपाङ्गताले कुनै पनि मानिसको दैनिकीलाई असर पार्दछ। अपाङ्गताको प्रकार अनुसार यस्ता असरको गहनता फरक फरक हुने गर्दछ। कुनै व्यक्तिमा अपाङ्गता छ भने उसको कार्यक्षमतामा अपाङ्गताको कारण सीमितता पैदा हुन्छ फलस्वरूप सामान्य मानिसको जस्तो प्रभावकारी कार्यसम्पादन नहुने वा गर्न नसक्ने स्थिति पैदा हुन्छ। हाम्रो जस्तो विकासका पूर्वाधार कमजोर, अपर्याप्त र अपाङ्गमैत्री विरलै हुने देशमा अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता पनि स्वाभाविक रूपमा प्रभावित हुन्छ। बुढीगंगा नगरपालिकामा अपाङ्गता भएका व्यक्तिको समग्र साक्षरतादर ५५.५ प्रतिशत रहेको छ।

वडास्तरमा हेर्दा अपाङ्गता भएका व्यक्तिको उच्चतम (७३.३%) साक्षरता दर वडा नं. ५ मा रहेको छ भने न्यूनतम (३४.६%) साक्षरता दर वडा नं. ३ मा रहेको छ।

चित्र ७.३.१: अपाङ्गता भएका व्यक्तिको साक्षरता दर




## ७.४ अपाङ्गता भएका व्यक्तिको आर्थिक काममा संलग्नताको अवस्था (१० वर्ष वा सोभन्दा माथिका)

अघिल्लो खण्डमा उल्लेख गरिसकिएको छ कि अपाङ्गताका कारण कुनै व्यक्तिको कार्यक्षमतामा असर पर्न सक्छ। अपाङ्गतामैत्री वातावरण भएन भने उनीहरू विकासका अवसर, सहभागिता र लाभहरूबाट वञ्चित हुने वा सीमित मात्रामा मात्र लाभान्वित हुने सम्भावना रहन्छ। दिगो विकास लक्ष्यले कोही पनि पछाडि नछुटून् भन्ने जुन नारा अगाडि सारेको छ, त्यो अपाङ्गता भएका व्यक्तिहरूका लागि समेत लागु हुन्छ। बुढीगंगा नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको घरायसी क्षेत्रको आर्थिक काममा संलग्नता ३६.४ प्रतिशत रहेको छ भने गैरघरायसी क्षेत्रमा उनीहरूको संलग्नतादर १५.७ प्रतिशत रहेको छ। दुवै क्षेत्रमा उनीहरूको समग्र संलग्नतादर ५२.१ प्रतिशत रहेको छ। वडास्तरमा हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक काममा समग्र संलग्नतादर सर्वाधिक (७२.२%) वडा नं. ८ मा देखिन्छ भने सबैभन्दा कम (३१.९%) वडा नं. १ मा रहेको छ।

तालिका ७.४.१: वडाअनुसार अपाङ्गता भएका व्यक्तिको आर्थिक काममा संलग्नताको अवस्था

| वडा | गैर घरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगरेका | जम्मा | गैर घरायसी क्षेत्र | घरायसी क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७ | २२ | १६ | ४५ | १५.५६ | ४८.८९ | ६४.४५ |
| २ | ५ | २० | २४ | ४९ | १०.२ | ४०.८२ | ५१.०२ |
| ३ | ४ | १३ | ९ | २६ | १५.३८ | ५० | ६५.३८ |
| ४ | ४ | ८ | २५ | ३७ | १०.८१ | २१.६२ | ३२.४३ |
| ५ | २ | ११ | ० | १३ | १५.३८ | ८४.६२ | १०० |
| ६ | १९ | ४६ | ७० | १३५ | १४.०७ | ३४.०७ | ४८.१४ |
| ७ | ५ | २३ | १८ | ४६ | १०.८७ | ५० | ६०.८७ |
| ८ | ५ | ३६ | १२ | ५३ | ९.४३ | ६७.९२ | ७७.३५ |
| ९ | ४ | ६ | ३४ | ४४ | ९.०९ | १३.६४ | २२.७३ |
| १० | ७ | ८० | २४ | १११ | ६.३१ | ७२.०७ | ७८.३८ |
| बुढीगंगा | ६२ | २६५ | २३२ | ५५९ | ११.०९ | ४७.४१ | ५८.५ |

# खण्ड ८: जनसंख्याको शैक्षिक स्थिति

## ८.१ साक्षरतादर (५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका)

साक्षर जनसंख्या कुनै पनि देश, सरकार र समाजको लागि महत्वपूर्ण जनशक्ति मानिन्छ। उच्चतम साक्षरता दर त्यस्तो सूचक हो जसले कुनै पनि देशको शैक्षिक विकासको अवस्थालाई प्रतिविम्बित गर्दछ। साक्षर जनसंख्याले विकास प्रयास र विकासका विभिन्न आयामलाई सहजीकरण र निर्देशित गर्ने हुनाले नीति निर्माता, योजनाविद् र निर्णयकर्ताका लागि यसले अत्यन्त महत्वपूर्ण तथ्याङ्क उपलब्ध गराउँदछ। साक्षरता दरलाई पनि पुरुष, महिला, हिमाल, पहाड, तराई, ग्रामीण सहरी, सम्पन्नताको पञ्चम वर्गीकरण र वडा तहमा वर्गीकरण गरेर विश्लेषण गर्दा तथ्याङ्कमा फरक फरक अवस्था र प्रवृत्ति देखिने भएकोले यहाँ त्यसै अनुसार सङ्क्षेपमा चर्चा गरिएको छ। जनगणनामा अन्तर्राष्ट्रिय अभ्यासको अनुशरण गर्दै ५ वर्ष र सोभन्दा माथिको जनसंख्यालाई साक्षरतासम्बन्धी प्रश्न सोधिएको थियो। यस उमेर समूहका प्रत्येक व्यक्तिले यदि पढ्न र लेख्न दुवै जानेको भए साक्षर भएको मानी साक्षर जनसंख्या भित्र समावेश गरिएको छ। विगतको तुलनामा साक्षर जनसंख्या बढ्नु स्वाभाविक हो तर एक जनगणनादेखि अर्को जनगणनासम्म साक्षरता दर कति प्रतिशतले बढ्यो भन्ने प्रश्नले राज्यको शैक्षिक नीति र लगानीको मूल्याङ्कन गर्न सहज हुनेछ। यस नगरपालिकामा वि.सं. २०६८ को साक्षरता दर ५९.९८ प्रतिशत रहेको थियो जसमा पुरुष साक्षरतादर ७६.३ प्रतिशत रहेको थियो भने महिलातर्फ यो मान ४६.६ प्रतिशत मात्र थियो। एक दशकपछि अर्थात् वि.सं. २०७८ मा यस नगरपालिकामा समग्र (पुरुष र महिला) साक्षरतादर ७१.९ प्रतिशत पुगेको छ, जुन अघिल्लोको तुलनामा ११.९ प्रतिशत विन्दुले बढी हो। यस अवधिमा पुरुष साक्षरता दरमा ६.५ प्रतिशत विन्दुले वृद्धि भई ८२.८ प्रतिशत पुगेको छ भने महिला साक्षरता दरमा पुरुषको तुलनामा उल्लेखनीय रूपले वृद्धि भई एक दशक अवधिमा १६.३ प्रतिशत विन्दुले माथि अर्थात् ६२.९ प्रतिशत पुगेको छ।

चित्र ८.१.१: नगरपालिकाको २०६८ र २०७८ को साक्षरता दर (%मा)




## ८.२ वडा अनुसार साक्षरतादर

वडा अनुसारको साक्षरता सम्बन्धी तथ्याङ्क वडास्तरका जनप्रतिनिधि सहित सबै सरोकारवालाको लागि विशेष रुचिको विषय रहँदै आएको छ। यस नगरपालिकाका १० ओटा वडामध्ये सबैभन्दा उच्च साक्षरता दर भएका पाँचओटा वडाहरू क्रमशः ६ (८१.२८%), ८ (७३.९९%), १ (७३.४८%), ७ (७३.१२%) र ३ (७२.७१%) रहेका छन्। त्यसैगरी साक्षरता

दर न्यून रहेका तीनओटा वडाहरू क्रमशः ४ (६५.९४%), २ (६७.८३%) र १० (६९.३२%) रहेका छन्। समग्र नगरपालिकाको औसत साक्षरता दर (७१.८६%) भन्दा कम साक्षरता दर भएका चारओटा वडाहरू (४, २, १०, ५ र ९) रहेका छन्। बाँकी वडाहरूको साक्षरता दर नगरपालिकाको औसत साक्षरता दरभन्दा उच्च रहेको देखिन्छ। वडास्तरमा साक्षरता दरमा उल्लेखनीय भिन्नताका पछाडि विभिन्न कारणहरू विद्यमान रहेका हुनसक्दछन्। घरपरिवारको आर्थिक अवस्था, बुढ्यौली उमेरको ठुलो जनसाङ्ख्यिक हिस्सा, सामाजिक विश्वास, पेसा, व्यवसाय, विद्यालयको उपलब्धता, बसाइँसराइ, राज्य र स्थानीय तहको लगानी आदिले यसमा भूमिका खेलेको हुन सक्दछ। यसमा अन्तरनिहीत पृष्ठभूमि र कारण थप अध्ययन र अनुसन्धानको लागि राम्रो विषय हुनसक्दछ।

तालिका ८.२.१: नगरपालिकाका वडा अनुसार साक्षरता दर

| वडा | ५ वर्ष माथिको जनसंख्या | पढ्न लेख्न दुवै जानेको | पढ्न मात्र जानेको | पढ्न लेख्न नजानेको | नखुलेको | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| बुढीगंगा नगरपालिका | | | | | | |
| जम्मा | १८३२० | १३१६५ | १०३ | ५०४९ | ३ | ७१.८६ |
| पुरुष | ८२५३ | ६८३५ | ३४ | १३८२ | २ | ८२.८२ |
| महिला | १००६७ | ६३३० | ६९ | ३६६७ | १ | ६२.८८ |
| वडा नं. १ | | | | | | |
| जम्मा | १८७८ | १३८० | १३ | ४८५ | ० | ७३.४८ |
| पुरुष | ८५२ | ७१० | ५ | १३७ | ० | ८३.३३ |
| महिला | १०२६ | ६७० | ८ | ३४८ | ० | ६५.३० |
| वडा नं. २ | | | | | | |
| जम्मा | १८५६ | १२५९ | १४ | ५८० | ३ | ६७.८३ |
| पुरुष | ८०७ | ६४२ | ४ | १५९ | २ | ७९.५५ |
| महिला | १०४९ | ६१७ | १० | ४२१ | १ | ५८.८२ |
| वडा नं. ३ | | | | | | |
| जम्मा | १२९० | ९३८ | २ | ३५० | ० | ७२.७१ |
| पुरुष | ५६६ | ४६० | ० | १०६ | ० | ८१.२७ |
| महिला | ७२४ | ४७८ | २ | २४४ | ० | ६६.०२ |
| वडा नं. ४ | | | | | | |
| जम्मा | २१०५ | १३८८ | १२ | ७०५ | ० | ६५.९४ |
| पुरुष | ९६७ | ७५८ | ५ | २०४ | ० | ७८.३९ |
| महिला | ११३८ | ६३० | ७ | ५०१ | ० | ५५.३६ |
| वडा नं. ५ | | | | | | |
| जम्मा | ११६५ | ८२६ | १० | ३२९ | ० | ७०.९० |
| पुरुष | ५३७ | ४३० | ३ | १०४ | ० | ८०.०७ |
| महिला | ६२८ | ३९६ | ७ | २२५ | ० | ६३.०६ |
| वडा नं. ६ | | | | | | |
| जम्मा | २००९ | १६३३ | १ | ३७५ | ० | ८१.२८ |
| पुरुष | ९७१ | ८८४ | ० | ८७ | ० | ९१.०४ |

| वडा | ५ वर्ष माथिको जनसंख्या | पढ्न लेख्न दुवै जानेको | पढ्न मात्र जानेको | पढ्न लेख्न नजानेको | नखुलेको | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| महिला | १०३८ | ७४९ | १ | २८८ | ० | ७२.१६ |
| वडा नं. ७ | | | | | | |
| जम्मा | २०२० | १४७७ | १ | ५४२ | ० | ७३.१२ |
| पुरुष | ९०९ | ७५५ | ० | १५४ | ० | ८३.०६ |
| महिला | १११९ | ७२२ | १ | ३८८ | ० | ६४.९९ |
| वडा नं. ८ | | | | | | |
| जम्मा | १५८० | ११६९ | ५ | ४०६ | ० | ७३.९९ |
| पुरुष | ६८३ | ५८३ | ० | १०० | ० | ८५.३६ |
| महिला | ८९७ | ५८६ | ५ | ३०६ | ० | ६५.३३ |
| वडा नं. ९ | | | | | | |
| जम्मा | १८८४ | १३३९ | १९ | ५२६ | ० | ७१.०७ |
| पुरुष | ८२४ | ६९१ | ८ | १२५ | ० | ८३.८६ |
| महिला | १०६० | ६४८ | ११ | ४०१ | ० | ६१.१३ |
| वडा नं. १० | | | | | | |
| जम्मा | २५३३ | १७५६ | २६ | ७५१ | ० | ६९.३२ |
| पुरुष | ११३७ | ९२२ | ९ | २०६ | ० | ८१.०९ |
| महिला | १३९६ | ८३४ | १७ | ५४५ | ० | ५९.७४ |

चित्र ८.२.१: वडाअनुसार साक्षरतादर (% मा)



नक्सा ८.२.१ः वडाअनुसारको साक्षरतादर




## ८.३ साक्षर जनसंख्याले उत्तीर्ण गरेको तहसम्बन्धी विवरण

साक्षर जनसंख्यालाई उनीहरूले उत्तीर्ण गरेको शैक्षिक तह अनुसार विश्लेषण गर्न जरुरी हुन्छ। नेपाल सरकारले प्राथमिक शिक्षा अनिवार्य गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क घोषणा गरेको छ। सबै व्यक्तिलाई विभिन्न परिस्थिति र व्यक्तिगत कारणले उच्च शिक्षा प्राप्त गर्ने अवसर नमिल्न सक्छ। देशका लागि सबै प्रकारको शैक्षिक जनशक्ति आवश्यक पर्दछ। तथापि, राज्यका लागि उच्च शिक्षित जनसंख्या नै बढी ग्राह्य र महत्वपूर्ण हुनसक्दछ।

जनगणनामा साक्षर जनसंख्याले उत्तीर्ण गरेको तहलाई पूर्वप्राथमिक देखि स्नातकोत्तर वा सो-सरहसम्म समूहीकृत गरिएको छ। कुल साक्षर जनसंख्या १३,२२३ मध्ये सर्वाधिक ३४.१ प्रतिशतले प्राथमिक तह (कक्षा १ देखि  सम्म) पूरा गरेको देखिन्छ भने २१ प्रतिशत जनसंख्याले निम्नमाध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेको देखिन्छ। तेस्रो ठुलो (१६.७%) समूहले माध्यमिक तह पूरा गरेको देखिन्छ। एस.एल.सी. (हाल एस.ई.ई.) र दश जोड दुई उत्तीर्ण हुनुलाई अझै पनि निकै महत्वका साथ हेर्ने गरिएको देखिन्छ। कुल ४.८ प्रतिशतले एस.एल.सी. वा सो-सरह उत्तीर्ण गरेका छन् भने पाँच वर्ष वा सोभन्दा माथिको १०.५ प्रतिशत जनसंख्याले प्रमाणपत्र तह उत्तीर्ण गरेका छन्।

स्नातक उत्तीर्ण गर्नेको अनुपात ३.८ प्रतिशत रहेको छ भने स्नातकोत्तर वा सोसरह उत्तीर्ण गर्ने जनसंख्या १.६ प्रतिशत मात्र रहेको छ। प्रत्येक तह उत्तीर्ण गर्ने पुरुष र महिलाको अनुपातमा कतै सामान्य भिन्नता छ भने कतै उल्लेखनीय भिन्नता रहेको देखिन्छ। उदाहरणका लागि स्नातकोत्तर गर्ने पुरुषको अनुपात २.२ प्रतिशत छ भने यो तह पूरा गर्ने

महिलाको अनुपात केवल ०.९ प्रतिशत रहेको छ। तर, प्रमाणपत्र तह वा सोसरह पूरा गर्ने पुरुषभन्दा महिलाको अनुपात ०.३ प्रतिशत विन्दुले कम अर्थात् १०.३ प्रतिशत रहेको देखिन्छ।

तालिका ८.३.१: साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह

| उत्तीर्ण गरेको तह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | १३२२३ | १०० | ६८५१ | १०० | ६३७२ | १०० |
| पूर्व प्राथमिक तह | ५८६ | ४.४ | ३०१ | ४.४ | २८५ | ४.५ |
| प्राथमिक तह (१-५) | ४५०४ | ३४.१ | २३३९ | ३४.१ | २१६५ | ३४.० |
| निम्न माध्यमिक तह (६-८) | २७७९ | २१.० | १३९९ | २०.४ | १३८० | २१.७ |
| माध्यमिक तह (९-१०) | २२०७ | १६.७ | ११५८ | १६.९ | १०४९ | १६.५ |
| एस.एल.सी. वा सोसरह | ६३४ | ४.८ | ३१६ | ४.६ | ३१८ | ५.० |
| प्रमाणपत्र वा सोसरह | १३८४ | १०.५ | ७२६ | १०.६ | ६५८ | १०.३ |
| स्नातक वा सोसरह | ५०२ | ३.८ | २८८ | ४.२ | २१४ | ३.४ |
| स्नातकोत्तर वा सोसरह | २१२ | १.६ | १५३ | २.२ | ५९ | ०.९ |
| अन्य | २ | ०.० | १ | ०.० | १ | ०.० |
| तह नभएको/तह नखुलेको | २९१ | २.२ | १२३ | १.८ | १६८ | २.६ |
| उल्लेख नभएको | १२२ | ०.९ | ४७ | ०.७ | ७५ | १.२ |

चित्र ८.३.१: नगरपालिकाका साक्षर पुरूष तथा महिलाले उत्तीर्ण गरेको तह (% मा)



## ८.४ ५ वर्षदेखि २५ वर्षसम्मका हाल स्कुल गइरहेका वा विगतमा स्कुल गएको जनसंख्याको विवरण

नीतिनिर्माता र योजनाविद्का लागि ५-२५ वर्ष उमेरका व्यक्तिमध्ये कति जना हाल विद्यालय गइरहेका छन् र कति जनसंख्या विगतमा विद्यालय जाने गरेको भए पनि हाल विद्यालय जान छोडिसकेका छन् भन्ने तथ्याङ्क महत्वपूर्ण रहि आएको छ। त्यसैगरी कहिल्यै पनि विद्यालय नगएको त्यस उमेरको जनसंख्यालाई पनि राज्यको शैक्षिक नीतिको समय सापेक्ष मूल्याङ्कनका लागि आधार तथ्याङ्कका रूपमा लिइन्छ। राज्यले प्राथमिक तहसम्मको शिक्षालाई अनिवार्य गर्ने नीति लिएको भए तापनि कैयन् विद्यार्थीले प्राथमिक तह नै पूरा नगरी विद्यालय छाड्ने प्रवृत्ति अझै पनि देखिएको छ भने निशुल्क गर्ने नीति लिइएको माध्यमिक तहमा पनि लाखौं बालबालिका अध्ययन विमुख भएको अवस्था तथ्याङ्कबाट देखिन आएको छ। यस नगरपालिकाको ५-२५ बर्ष उमेर समुहको कुल ८,२१६(१००%) जनसंख्यामध्ये ७८.८ प्रतिशत हाल (गणनाको समयमा) विद्यालय गइरहेको देखिन्छ भने १६.३ प्रतिशत विगतमा विद्यालय जाने गरेको तर गणनाको समयमा विद्यालय नजाने गरेको देखिन्छ। त्यसैगरी कहिल्यै पनि विद्यालय वा कलेज नगएको जनसंख्याको अनुपात ४.८ प्रतिशत रहेको छ।

तालिका ८.४.१: ५वर्षदेखि २५ वर्षसम्मका हाल स्कुल गइरहेका वा विगतमा स्कुल गएको जनसंख्याको विवरण

| क्षेत्र | जम्मा | हाल स्कूल गइरहेका | विगतमा स्कूल गएका | कहिल्यै स्कुल नगएका | नखुलेको |
|---|---|---|---|---|---|
| बुढीगंगा | | | | | |
| जम्मा | ८२१६ | ७८.८ | १६.३ | ४.८ | ०.१ |
| पुरुष | ३९१२ | ८१.२ | १४.७ | ३.९ | ०.१ |
| महिला | ४३०४ | ७६.६ | १७.८ | ५.६ | ०.० |
| वडा १ | | | | | |
| जम्मा | ८३० | ७७.२ | १८.४ | ४.३ | ०.० |
| पुरुष | ३६८ | ७७.२ | १९.० | ३.८ | ०.० |
| महिला | ४६२ | ७७.३ | १८.० | ४.८ | ०.० |
| वडा २ | | | | | |
| जम्मा | ८३२ | ७९.३ | १५.१ | ४.९ | ०.६ |
| पुरुष | ३८६ | ८१.६ | १४.५ | २.८ | १.० |
| महिला | ४४६ | ७७.४ | १५.७ | ६.७ | ०.२ |
| वडा ३ | | | | | |
| जम्मा | ५३० | ८६.० | ११.३ | २.६ | ०.० |
| पुरुष | २५० | ८८.४ | ८.४ | ३.२ | ०.० |
| महिला | २८० | ८३.९ | १३.९ | २.१ | ०.० |
| वडा ४ | | | | | |
| जम्मा | ९३८ | ७७.९ | १३.८ | ८.३ | ०.० |

| क्षेत्र | जम्मा | हाल स्कूल गइरहेका | विगतमा स्कूल गएका | कहिल्यै स्कुल नगएका | नखुलेको |
|---|---|---|---|---|---|
| पुरुष | ४७४ | ८०.४ | १२.९ | ६.८ | ०.० |
| महिला | ४६४ | ७५.४ | १४.७ | ९.९ | ०.० |
| वडा ५ | | | | | |
| जम्मा | ४१८ | ६७.० | १८.९ | १३.९ | ०.२ |
| पुरुष | १९० | ६७.४ | २०.० | १२.१ | ०.५ |
| महिला | २२८ | ६६.७ | १८.० | १५.४ | ०.० |
| वडा ६ | | | | | |
| जम्मा | ८१२ | ८०.४ | १६.० | ३.६ | ०.० |
| पुरुष | ४२२ | ८२.७ | १४.२ | ३.१ | ०.० |
| महिला | ३९० | ७७.९ | १७.९ | ४.१ | ०.० |
| वडा ७ | | | | | |
| जम्मा | ९४९ | ७९.८ | १७.१ | ३.२ | ०.० |
| पुरुष | ४४९ | ८३.१ | १४.० | २.९ | ०.० |
| महिला | ५०० | ७६.८ | १९.८ | ३.४ | ०.० |
| वडा ८ | | | | | |
| जम्मा | ७७१ | ८०.९ | १६.५ | २.६ | ०.० |
| पुरुष | ३५० | ८२.३ | १५.७ | २.० | ०.० |
| महिला | ४२१ | ७९.८ | १७.१ | ३.१ | ०.० |
| वडा ९ | | | | | |
| जम्मा | ८८८ | ८२.३ | १५.१ | २.६ | ०.० |
| पुरुष | ४२९ | ८६.९ | १०.५ | २.६ | ०.० |
| महिला | ४५९ | ७८.० | १९.४ | २.६ | ०.० |
| वडा १० | | | | | |
| जम्मा | १२४८ | ७५.५ | १९.३ | ५.१ | ०.१ |
| पुरुष | ५९४ | ७८.३ | १८.० | ३.७ | ०.० |
| महिला | ६५४ | ७२.९ | २०.५ | ६.४ | ०.२ |

## ८.५ अध्ययन गरेको विषयक्षेत्र

साक्षर जनसंख्याले कुन कुन विषयमा उच्च शिक्षा अध्ययन गरिरहेको छ भन्ने सवाल अत्यन्त महत्वपूर्ण छ। सन्तुलित विकासको लागि राज्यलाई विविध विषयको जनशक्ति आवश्यक पर्दछ। देशको युवा शक्ति के कस्तो विषयको अध्ययनमा आकर्षित छ भन्ने चित्र उनीहरूले अध्ययन गरेको विषयबाट ज्ञात हुन्छ। उच्च शिक्षा प्राप्त गर्ने जनशक्तिले के कस्ता प्राविधिक विषय र गैरप्राविधिक विषय अध्ययन गरिरहेको वा गरेको छ र राज्यको विकास अभियानमा भावी दिनमा माग हुने विषय विशिष्ट जनशक्तिको आपूर्ति कस्तो हुनेछ भनेर यस तथ्याङ्कबाट स्पष्ट हुन सकिन्छ। कुनै पनि स्थानीय तहमा अक्सर बसोबास भएका व्यक्ति (विद्यार्थी) हरूले अध्ययन गरेको विषयले त्यस स्थानीय तहको शैक्षिक अवस्था, प्राथमिकता

र जनशक्ति आपूर्तिको सम्भावनालाई इङ्गित गर्दछ। बुढीगंगा नगरपालिकामा १० जोड दुई वा सोभन्दा माथि अध्ययन गरेका व्यक्तिको तथ्याङ्क हेर्दा समग्र (पुरुष तथा महिला) मा ४९.८६ प्रतिशत जनसंख्याले शिक्षा अध्ययन गरेको देखिन्छ। दोस्रोमा व्यवस्थापन (१४.९२%) र तेस्रोमा मानविकी तथा सामाजिक शास्त्र (१०.६८%) रहेको छ। स्वास्थ्य-चिकित्साशास्त्रमा ४.५८ प्रतिशत शिक्षित जनसंख्या छ भने विज्ञान तथा प्रविधितर्फ ३.९६ प्रतिशतले उच्च शिक्षा अध्ययन गरेको देखिन्छ। पशुविज्ञान, पशुचिकित्सा अध्ययन गरेको जनसंख्या ३.० प्रतिशत छ। कृषि तथा वन, सूचना प्रविधिजस्ता प्राविधिक विषय अध्ययन गर्नेहरू निकै कम देखिएका छन्। उच्च शिक्षामा विषयक्षेत्र चयनको प्रवृत्ति पुरुष महिलामा भिन्न रहेको अवस्था तथ्याङ्कबाट देखिन्छ। समग्रमा शिक्षा अध्ययन गरेको जनसंख्या उच्च (४९.९%) भए तापनि ४५.२ प्रतिशत पुरुषको अध्ययन क्षेत्र शिक्षा छ भने ५५.८ प्रतिशत महिलाले शिक्षा अध्ययन गरेको देखिन्छ। शिक्षापछि महिलाको दोस्रो रुचिको विषय व्यवस्थापन  रहेको छ जहाँ उनीहरूको हिस्सा १३.३ प्रतिशत छ। व्यवस्थापन विषय अध्ययन गर्ने पुरुषको अंश १६.२ प्रतिशतका साथ दोस्रो क्रममा रहेको छ। विज्ञान तथा प्रविधि अध्ययन गरेका पुरुषको हिस्सा ६.१ प्रतिशत छ जब कि १.३ प्रतिशत महिलाले मात्र विज्ञान तथा प्रविधि अध्ययन गरेका छन्। कतिपय विषयको अध्ययनमा लैङ्गिकताको पनि प्रभाव हुन्छ भन्ने मान्यता स्वास्थ्य/चिकित्साशास्त्र, इन्जिनियरिङ, कम्प्युटर तथा सूचना प्रविधि अध्ययन गरेको जनसंख्याको तुलनात्मक अध्ययनबाट देखिन्छ। उदाहरणका लागि स्वास्थ्य-चिकित्साशास्त्र अध्ययन गर्ने महिला ३ प्रतिशत छन् भने पुरुष ६.६ प्रतिशत। इन्जिनियरिङ अध्ययन गरेका पुरुष १.९ प्रतिशत छन् भने महिला ०.५ प्रतिशत मात्र रहेका छन्। व्यवस्थापन, शिक्षा र मानविकी तथा सामाजिक शास्त्र सङ्काय अध्ययन गरेकाहरूको योग ७५.५ प्रतिशत छ। विज्ञान तथा प्रविधिसँग सम्बन्धित विषय (विज्ञान, चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, कृषि तथा वन, पशुविज्ञान र कम्प्युटर तथा सूचना प्रविधि) अध्ययन गरेकाहरूको योग १४.८ प्रतिशत छ। यसबाट प्राकृतिक विज्ञानको तुलनामा सामाजिक विज्ञान अध्ययन गरेकाहरू करिब ५ गुणा बढी देखिएका छन्।

### तालिका ८.५.१: अध्ययन गरेको क्षेत्र अनुसारको विवरण

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | २०९८ | १०० | ११६७ | १०० | ९३१ | १०० |
| मानविकी तथा सामाजिक शास्त्र | २२४ | १०.६८ | १३४ | ११.४८ | ९० | ९.६७ |
| व्यवस्थापन | ३१३ | १४.९२ | १८९ | १६.२० | १२४ | १३.३२ |
| शिक्षा | १०४६ | ४९.८६ | ५२७ | ४५.१६ | ५१९ | ५५.७५ |
| विज्ञान तथा प्रविधि | ८३ | ३.९६ | ७१ | ६.०८ | १२ | १.२९ |
| स्वास्थ्य,चिकित्साशास्त्र | ९६ | ४.५८ | ३५ | ३.०० | ६१ | ६.५५ |
| इन्जिनियरिङ्ग | २७ | १.२९ | २२ | १.८९ | ५ | ०.५४ |
| कानुन | ५ | ०.२४ | ४ | ०.३४ | १ | ०.११ |
| कृषि | १६ | ०.७६ | ११ | ०.९४ | ५ | ०.५४ |
| वन | १२ | ०.५७ | ९ | ०.७७ | ३ | ०.३२ |
| पशुविज्ञान, पशुचिकित्सा, मत्स्यपालन | ६३ | ३.०० | ३३ | २.८३ | ३० | ३.२२ |
| कम्प्युटर, सूचना प्रविधि | १३ | ०.६२ | ९ | ०.७७ | ४ | ०.४३ |
| अन्य | ३२ | १.५३ | २१ | १.८० | ११ | १.१८ |
| उल्लेख नभएका | १६८ | ८.०१ | १०२ | ८.७४ | ६६ | ७.०९ |

चित्र  ८.५.१: अध्ययन गरेको विषयक्षेत्र अनुसारको विवरण



# खण्ड ९: बसाइँसराइ सम्बन्धी विवरण

## ९.१ जन्मस्थानको आधारमा जनसंख्या

गणनाको समयमा नेपालभित्र अक्सर बसोबास गरिरहेका व्यक्तिहरूको जन्मस्थानको तथ्याङ्कले बसाइँसराइ गर्ने जनसंख्याको बारेमा पर्याप्त सूचना दिन्छ। अर्को शब्दमा भन्नुपर्दा जन्मस्थानसम्बन्धी विवरणबाटै बसाइँसराइको तथ्याङ्क प्राप्त हुन्छ। बसाइँसराइले कुनै खास स्थानको जनसंख्याको आकार, संरचना, वितरण र वृद्धिदरलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। जनगणनामा कुनै खास ठाउँमा बसोबास गरिरहेका मानिसहरूको जन्मस्थान देहायका चारमध्ये कुनै एकमा भएको हुनसक्छ।

क) बसोबास गरिरहेकै पालिकाभित्र वा

ख) बसोबास गरिरहेकै जिल्लाको अर्को कुनै पालिकामा वा

ग) बसोबास गरिरहेको जिल्ला बाहेक नेपालकै कुनै जिल्लामा वा

घ) विदेशमा।

बाह्रौं राष्ट्रिय जनगणनाको तथ्याङ्क विश्लेषण गर्दा आन्तरिक र बाह्य दुवै प्रकारको बसाइँसराइमा ख देखि घ सम्मको बुँदामा समेटिने जनसंख्याकै आधार लिइन्छ। हाल बसोबास गरिरहेको स्थानीय तह रहेको जिल्लाकै कुनै अर्को गाउँपालिका वा नगरपालिकामा जन्म भएको व्यक्ति आन्तरिक बसाइँसराइअन्तर्गतको जिल्लाभित्रको **(Intra-district migration)** बसाइँसराइका रूपमा लिइन्छ। अघिल्लो ११ औं राष्ट्रिय जनगणनामा अन्तरजिल्ला **(Inter-district migration)** बसाइँसराइलाई मात्र आन्तरिक बसाइँसराइका रूपमा लिई व्याख्या र विश्लेषण गरिएको सन्दर्भ यहाँ स्मरणीय छ। बुढीगंगा नगरपालिकाको वि.सं. २०७८ को जनगणनाअनुसार कायम रहेको कुल जनसंख्या २०१८५ मध्ये ९९.८ प्रतिशत नेपालमा जन्मेका र ०.१६ प्रतिशत जनसंख्या विदेशमा जन्मेका देखिन्छ। नेपालमा जन्म भएकामध्ये ८९.१ प्रतिशत बुढीगंगा नगरपालिकामा नै जन्मेका हुन् भने ६.४ प्रतिशत जनसंख्या बाजुरा जिल्लाकै कुनै अर्को स्थानीय तहमा जन्म भई जनगणनाको समयमा बुढीगंगा नगरपालिकाभित्र अक्सर बसोबास भएका व्यक्ति हुन्। यो ६.४ प्रतिशत जनसंख्यालाई जिल्लाभित्रकै एक स्थानीय तहबाट अर्को स्थानीय तह (बुढीगंगा नगरपालिका) भित्र भएको आन्तरिक जनसंख्याका रूपमा लिन सकिन्छ। यस तथ्याङ्कले जीवनकालको बसाइँसराइ **(Life-time migration)** लाई अभिव्यक्त गर्दछ। बाजुरा बाहेक नेपालको कुनै पनि जिल्लामा जन्म भई गणनाको समयमा बुढीगंगा नगरपालिकाभित्र बसोबास गर्ने जनसंख्याको हिस्सा ४.४ प्रतिशत रहेको छ। यसलाई आन्तरिक बसाइँसराइतर्फको अन्तरजिल्ला बसाइँसराइका रूपमा लिने गरिन्छ। यस तथ्याङ्कलाई लैङ्गिक रूपमा विश्लेषण गर्दा बाजुरा जिल्लाको अर्कै स्थानीय तहबाट वा अर्कै जिल्लामा जन्मस्थान हुने महिलाको संख्या उल्लेखनीय रूपले बढी छ। यसो हुनुमा विवाहपश्चात् श्रीमानको घरमा बसोबास गर्ने अधिकतम महिलाहरूको कारण प्रमुख रहेको विश्वास गर्न सकिन्छ। कुल पुरुषमध्ये बुढीगंगा नगरपालिकामै जन्मस्थान हुनेको अनुपात ९६.९ प्रतिशत छ जब कि महिलातर्फ यो आँकडा ८२.६ प्रतिशत रहेको छ। अर्को पालिकामा जन्म हुने पुरुष केवल १.८ प्रतिशत रहेका छन् भने महिलाहरू पाँचगुणा बढी अर्थात् १०.२ प्रतिशत रहेका छन्। त्यसैगरी अर्को जिल्लामा जन्मस्थान हुने पुरुषको अनुपात १.१ प्रतिशत रहेको छ भने महिलातर्फ यो मान ७.१ प्रतिशत रहेको छ।

**तालिका ९.१.१: जन्मस्थानको आधारमा जनसंख्या**

| विवरण | यही जिल्लाको यही पालिकामा जन्मेको | यही जिल्लाको अर्को पालिकामा जन्मेको | अर्को जिल्लामा जन्मेको | विदेशमा जन्मेको | जन्मस्थान नखुलेको |
|---|---|---|---|---|---|
| **जम्मा** | ८९.११ | ६.३५ | ४.३५ | ०.१६ | ०.०३ |
| पुरुष | ९६.८६ | १.८५ | १.०९ | ०.१९ | ०.०१ |

| विवरण | यही जिल्लाको यही पालिकामा जन्मेको | यही जिल्लाको अर्को पालिकामा जन्मेको | अर्को जिल्लामा जन्मेको | विदेशमा जन्मेको | जन्मस्थान नखुलेको |
|---|---|---|---|---|---|
| महिला | ८२.५५ | १०.१६ | ७.१२ | ०.१३ | ०.०५ |

चित्र ९.१.१: नगरपालिकाको जन्मस्थानको आधारमा जनसंख्या (% मा)




## ९.२ पछिल्लोपटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या

अघिल्लो उपखण्डमा जन्मस्थान अनुसारको जनसंख्याको आकारबारे चर्चा गरियो जुन आन्तरिक वा अन्तर्राष्ट्रिय बसाइँसराइ भएको र नभएको जनसंख्या निकाल्नका लागि उपयोगी थियो। यहाँ हाल अक्सर बसोबास गरिरहेका व्यक्तिहरूको यसअघिको बसोबास सम्बन्धी तथ्याङ्क विश्लेषण गरिएको छ। खासमा यस तथ्याङ्कले हालको बसाइँसराइ (Current migration) लाई अभिव्यक्त गर्दछ। यस नगरपालिकाको कुल जनसंख्या २०१८५ मध्ये ८९.१ प्रतिशत यसै स्थानमा जन्म भएका हुन् तर ६.४ प्रतिशत व्यक्तिहरूको यसअघि यसै जिल्लाको अर्को पालिकामा बसोबास रहेको थियो। यस नगरपालिकामा बाजुरा बाहेकका जिल्लामा यसअघिको बसाइँसराइ भएको जनसंख्या ४.४ प्रतिशत रहेको देखिन्छ। यसले अन्तरजिल्ला हालको बसाइँसराइलाई अभिव्यक्त गरेको छ। विदेशमा यसअघि बसोबास भएका तर गणनाको समयमा बुढीगंगा नगरपालिकामा अक्सर बसोबास गर्ने जनसंख्या ०.२ प्रतिशत मात्र रहेको छ। यस तथ्याङ्कले हालको बसाइँसराइको कुल हिस्सामा अर्को जिल्लाबाट बसाइँसराइ गरी आउनेको बाहुल्य स्पष्ट देखिएको छ।

तालिका ९.२.१: पछिल्लोपटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या

| वडा नं. | जम्मा जनसंख्या | यहि पालिकामा जन्मेका | अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस बुढीगंगा नपामा बसोबास गर्ने | अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस बुढीगंगा नपामा बसोबास गर्ने % | विदेशमा जन्मेका | विदेशमा जन्म भै यस बुढीगंगा न.पा. मा बसोबास गर्ने % |
|---|---|---|---|---|---|---|
| १ | २१०२ | १९१९ | १८० | ८.६ | १ | ०.०५ |
| २ | २०५१ | १७२२ | ३२८ | १६ | ० | ० |
| ३ | १४११ | १३४८ | ६२ | ४.४ | १ | ०.०७ |
| ४ | २३१५ | २००० | ३१३ | १३.५ | २ | ०.०९ |
| ५ | १२४७ | १२०६ | ४१ | ३.३ | ० | ० |

| वडा नं. | जम्मा जनसंख्या | यहि पालिकामा जन्मेका | अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस बुढीगंगा नपामा बसोबास गर्ने | अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस बुढीगंगा नपामा बसोबास गर्ने % | विदेशमा जन्मेका | विदेशमा जन्म भै यस बुढीगंगा न.पा. मा बसोबास गर्ने % |
|---|---|---|---|---|---|---|
| ६ | २२४२ | १८७८ | ३६३ | १६.२ | १ | ०.०४ |
| ७ | २२१५ | २१०० | ११४ | ५.१ | ० | ० |
| ८ | १७३५ | १५५२ | १५७ | ९ | २४ | १.३८ |
| ९ | २०७७ | १७१७ | ३५९ | १७.३ | १ | ०.०५ |
| १० | २७९० | २५४४ | २४४ | ८.७ | २ | ०.०७ |
| जम्मा | २०१८५ | १७९८६ | २१६१ | १०.७ | ३२ | ०.१६ |

## ९.३ पछिल्लोपटक मुलुकभित्रकै अर्को स्थानबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण

कतिपय घरपरिवार र जनसंख्याको चलायमान प्रवृत्ति हुने गरेको छ। मुलुकको संविधानले पनि नेपाली नागरिकलाई देशभित्र एक ठाउँबाट अर्को ठाउँमा स्वतन्त्र रूपमा आवतजावत गर्न र बसोबास गर्ने स्वतन्त्रता दिएको छ। त्यसैगरी नेपाली नागरिकले नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्राप्त गरेका छन् (धारा १७, उपधारा १ (ङ)। संवैधानिक तथा कानुनी अधिकारका उदार व्यवस्थाले मात्र नभई मानिसहरू सयौं हजारौं वर्षदेखि एक स्थानबाट अर्को स्थानमा बसाइँसराइ गर्दै आएका छन्। बसाइँसराइका पछाडि दृश्य र अदृश्य प्रेरक एवम् दबाबजन्य कारण रहेका हुन्छन्। बसाइँसराइले जनसंख्या व्यवस्थापनमा अवसर र चुनौती दुवै सिर्जना गर्दछ। राज्यको विकास प्रयासमा बसाइँसराइलाई आबद्ध गरेर लैजानका लागि बसाइँसराइका पछाडि अन्तरनिहीत कारण पहिचान गर्नु जरुरी हुन्छ। जनगणना २०७८ को प्रश्नावलीमा मानिसहरू के कति कारणले हाल बसोबास गरिरहेको स्थानमा पछिल्लोपटक बसाइँसराइ गरेका रहेछन् भन्ने प्रश्न राखिएको थियो। विगतको अनुभवबाट देखिएको छ कि मानिसहरू अक्सर काम वा रोजगारी, विवाह, अध्ययन/तालिम, आश्रित अवस्था, प्राकृतिक प्रकोप, कृषिलगायतका उद्देश्यले बसाइँसराइ गर्दछन्। कतिपय मानिसहरू पहिला परिवारबाट अन्यत्र गएको तर गणनाको समयमा अक्सर बसोबास गर्ने गरी घर फर्किएका पनि हुन्छन्। यी कारणहरू पनि पुरुष, महिला, बालबालिका, वृद्धवृद्धा र युवायुवतीको लागि भिन्दाभिन्दै प्रभावयुक्त हुने गर्दछन्।

बुढीगंगा नगरपालिकामा अक्सर बसोबास गर्न आउने कुल जनसंख्यामध्ये करिब ३.७ प्रतिशत हाल अर्थात् पछिल्लो पटक काम वा रोजगारीका कारणले बसाइँसराइ भएका देखिन्छन्। करिब ५.६ प्रतिशत जनसंख्याको बसाइँसराइ हुनुको कारण व्यापार/व्यवसाय रहेको छ। यसअघि घरपरिवारबाट अन्यत्र गई बसोबास गरेका तर गणनाको समय (वि.सं. २०७८ कार्तिक २ देखि मङ्सिर ९ सम्म) मा घर फर्किएको कारण हुने जनसंख्या ०.३ प्रतिशत रहेको छ। विवाहका कारण यहाँ बसोबास गर्न आउने जनसंख्या ८० प्रतिशत रहेको छ भने अध्ययन वा तालिमको सिलसिलामा यहाँ बसोबास गर्न आउने जनसंख्या २.१ प्रतिशत रहेको छ। आश्रित हुनुको कारणबाट ५.७ प्रतिशत जनसंख्या यस नगरपालिकामा बसोबास गरिरहेको देखिन्छ। यसअघि उल्लेख गरिएझैं पुरुष र महिलाको बसाइँसराइका पछाडि विद्यमान कारण फरक हुन्छन्। बालबालिका र युवायुवतीको बसाइँसराइका कारणमा पनि एकरूपता पाइँदैन।

यस नगरपालिकामा वैवाहिक कारणले बसाइँसराइ भएका महिलाको अंश करिब ९१ प्रतिशत छ भने पुरुषको अंश ९.१ प्रतिशत मात्र रहेको छ। रोजगारीका लागि यस स्थानमा बसोबास गर्ने पुरुष २१ प्रतिशत छन् भने महिला १.१ प्रतिशत मात्र। घर फर्किएको कारण भएका पुरुष १.७ प्रतिशत छन् भने महिला ०.१ प्रतिशत रहेका छन्।

तालिका ९.३.१: यस नगरपालिकामा बसोबास गर्न आउनुको कारण

| विवरण | काम/ रोजगारी | व्यापार/ व्यवसाय | अध्ययन/ तालिम | विवाह | आश्रित | प्राकृतिक प्रकोप | कृषि | घर फर्किएको | अन्य | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ३.७ | ५.६ | २.१ | ८०.० | ५.७ | ०.० | ०.४ | ०.३ | १.६ | ०.७ |
| पुरुष | २१.० | ३२.५ | ९.१ | ९.१ | १७.८ | ०.० | १.० | १.७ | ५.९ | १.७ |
| महिला | १.१ | १.५ | १.१ | ९०.६ | ३.९ | ०.१ | ०.३ | ०.१ | ०.९ | ०.५ |

चित्र ९.३.१: अर्को पालिका र अर्को जिल्लाबाट यस पालिकामा बसोबास गर्न आउनुको कारण (% मा)




## ९.४ यसअघिको बसोबास भएको देश

जनगणनाको प्रकाशित तथ्याङ्कले बुढीगंगा नगरपालिकाको कुल ३४(१.१%) जनाको यसअघिको बसोबास विदेशी मुलुकहरूमा भएको देखाएको छ भने सबै अर्थात ३४ जना (१००%) भारतबाट आएका देखिन्छन्।

तालिका ९.४.१: यसअघि विदेशमा बसोबास हुनेले बसोवास गरेको देश

| यस अघिको बसोबास | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ३४ | १०० | १९ | १०० | १५ | १०० |
| भारत | ३४ | १०० | १९ | १०० | १५ | १०० |

## ९.५ विदेशबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण

विदेशमा यसअघि अक्सर बसोबास भएका तर जनगणनाको अवधिमा यस स्थानमा बसोबास गर्ने गरी आएका व्यक्तिहरू कुन कुन प्रमुख कारणबाट यहाँ आएका हुन् भन्ने सवाल महत्वपूर्ण छ। केही देशहरूलाई अपवादका रूपमा छोडेर

विश्लेषण गर्ने हो भने काम, रोजगारी, अध्ययन वा तालिमको सिलसिलामा विदेश गएका अधिकांश जनसंख्या घर फर्किन्छन्। घर फर्किनेहरूको हिस्सा सर्वाधिक अर्थात् ८२.३ प्रतिशत रहेको छ। विवाहका कारणबाट यहाँ आउनेको हिस्सा २.९, आश्रित भएर आउनेहरु ११.८ प्रतिशत रहेको छ र अन्य कारणबाट यहाँ आउनेहरू २.९४ प्रतिशत रहेको देखिन्छ। विवाहको कारणबाट फर्किने महिला मात्र रहेका छन जुन ६.७ प्रतिशत रहेको छ। त्यस्तै घर फर्किने पुरुषको हिस्सा ८४.२ प्रतिशत हुँदा महिलाको हकमा यो मान ८० प्रतिशत रहेको छ।

तालिका ९.५.१: यसअघिको बसोबास विदेश हुनेको यस पालिकामा बसोवास गर्न आउनुको कारण

| विवरण | विवाह | आश्रित | घर फर्किएको | अन्य |
|---|---|---|---|---|
| **जम्मा** | **२.९४** | **११.७६** | **८२.३५** | **२.९४** |
| पुरुष | ० | १५.७९ | ८४.२१ | ० |
| महिला | ६.६७ | ६.६७ | ८० | ६.६७ |

चित्र ९.५.१: विदेशबाट यस पालिकामा बसोबास गर्न आउनुको कारण (% मा)



# खण्ड १०: प्रजनन् सम्बन्धी विवरण

## १०.१ जीवनकालभरी जन्माएका बच्चाको संख्याअनुसारको महिला

महिलाहरूले आफ्नो प्रजनन् कालमा जीवितै जन्माएका बच्चा, यसरी जन्मिएका कुल बच्चाहरूको संख्या, प्रत्येक विवाहित महिलाबाट प्रजनन् कालमा जन्मेका बच्चाहरूको संख्या जस्ता सूचकहरू जनसंख्या अध्ययन र नीति निर्माताका लागि निकै महत्वपूर्ण हुन्छन्। गणनाको दिनमा १५ देखि ४९ वर्षसम्मका विवाहित महिलाले उमेर समूह अनुसार कति जना बच्चालाई जन्म दिएका रहेछन् भन्ने सवालमा यो उपखण्ड केन्द्रित रहेको छ। यस नगरपालिकामा १५-४९ वर्षसम्मका कुल ३,८८४ जना महिलामध्ये सर्वाधिक संख्या (१८.१%) २०-२४ वर्ष उमेर समूहमा रहेको देखिन्छ। दोस्रो ठुलो (१७.१%) समूह ३५-३९ वर्षसम्मका महिलाको छ भने तेस्रो (१५.८%) ठुलो समूह ३०-३४ वर्षका महिलाको रहेको छ। २५ देखि २९ वर्षसम्मका महिलाहरूको हिस्सा (१५.५%) ४० देखि ४४ उमेर समुहका एक पटक विवाहित महिला १५.२ प्रतिशत र ४५ देखि ४९ बर्षसम्मका महिलाहरुको हिस्सा १३.४ प्रतिशत छ। प्रजनन उमेरको सबैभन्दा तल्लो सिंढी अर्थात् १५-१९ वर्षको उमेर समूहमा रहेका महिलाहरूको अंश यस नगरपालिकामा ४.९ प्रतिशत रहेको छ। आफ्नो प्रजनन् उमेरमा रहेका तर गणनाको दिनसम्म एक जना पनि बच्चा नजन्माएका महिलाको अंश ९.८ प्रतिशत छ भने कम्तीमा एक जना बच्चा जन्माएका विवाहित महिलाको कुल हिस्सा ९०.२ प्रतिशत रहेको छ। बच्चा जन्माएका महिलामध्ये सर्वाधिक (२३.८%) ले २ जना बच्चा जन्माएको देखिन्छ। एक जना मात्र बच्चा जन्माएका महिलाको अंश १६.१ प्रतिशत छ भने २१.१ प्रतिशत महिलाले ३ जना बच्चा जन्माएको तथ्याङ्क छ। वर्तमान समयमा २ भन्दा बढी सन्तान जन्माउने दम्पती न्यून हुँदै गएको देखिन्छ, तथापि यस नगरपालिकामा एकपटक विवाह भएको १५.३ प्रतिशत महिलाले ४ जना बच्चा जन्माएको देखिन्छ भने ५ जना बच्चा जन्माउने महिलाको हिस्सा ७.५ प्रतिशत रहेको छ।

यसै उमेर समूहमा पर्ने विवाहित महिलाले ६, ७, ८ र ९ जनासम्म बच्चा जन्माएको देखिन्छ जुन करिब ६.३ प्रतिशत रहेको छ। यस सम्बन्धी विस्तृत विवरण तालिका १०.१.१ मा दिइएको छ। उक्त तालिकामा उल्लेख भए अनुसार यहाँ एउटा रोचक प्रवृत्ति स्पष्ट देखिएको छ। पाँच पाँच वर्षको उमेर समूह क्रमशः बढ्दै जाँदा कम्तीमा १ देखि ५ र ५ जनाभन्दा बढी बच्चा जन्माएका महिलाको उमेर समूह पनि माथि माथि सरिरहेको छ।

तालिका १०.१.१: १५ वर्षदेखि ४९ वर्षको महिलाले हालसम्म जीवित जन्माएको बच्चाको संख्या र महिलाको उमेर समूहको आधारमा जनसंख्या

| एकपटक विवाह भएको महिला | जम्मा | प्रतिशत | महिलाको उमेर समुह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५-१९ बर्ष | २०-२४ बर्ष | २५-२९ बर्ष | ३०-३४ बर्ष | ३५-३९ बर्ष | ४०-४४ बर्ष | ४५-४९ बर्ष |
| जम्मा महिला संख्या | ३८८४ | १०० | १८९ | ७०२ | ६०४ | ६१५ | ६६३ | ५९१ | ५२० |
| बच्चा नजन्माएको | ३८० | ९.७८ | ११० | १४२ | ४४ | २१ | १९ | २० | २४ |
| १ ओटा बच्चा जन्माएका | ६२५ | १६.०९ | ६८ | ३०४ | १३५ | ३८ | ३० | २० | ३० |
| २ ओटा बच्चा जन्माएका | ९२६ | २३.८४ | ८ | २१४ | २४३ | १८६ | १२२ | ९४ | ५९ |
| ३ ओटा बच्चा जन्माएका | ८२० | २१.११ | १ | ३४ | १३० | २०२ | २०५ | १४५ | १०३ |

| एकपटक विवाह भएको महिला | जम्मा | प्रतिशत | महिलाको उमेर समुह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५-१९ बर्ष | २०-२४ बर्ष | २५-२९ बर्ष | ३०-३४ बर्ष | ३५-३९ बर्ष | ४०-४४ बर्ष | ४५-४९ बर्ष |
| ४ ओटा बच्चा जन्माएका | ५९६ | १५.३५ | २ | ६ | ४४ | ११६ | १६० | १४६ | १२२ |
| ५ ओटा बच्चा जन्माएका | २९३ | ७.५४ | ० | २ | ८ | ३८ | ७२ | ८७ | ८६ |
| ६ ओटा बच्चा जन्माएका | १४६ | ३.७६ | ० | ० | ० | ११ | ३८ | ४८ | ४९ |
| ७ ओटा बच्चा जन्माएका | ६६ | १.७० | ० | ० | ० | २ | १० | १९ | ३५ |
| ८ ओटा बच्चा जन्माएका | २१ | ०.५४ | ० | ० | ० | १ | ५ | ९ | ६ |
| ९ ओटा वा सोभन्दा बढी बच्चा जन्माएका | ११ | ०.२८ | ० | ० | ० | ० | २ | ३ | ६ |

## १०.२ महिलाको उमेर समूह अनुसार जीवितै जन्मिएका, जीवितै जन्मिएर मरेका र हालसम्म जीवित बच्चाहरूको संख्या

प्रजनन् उमेरका महिलाबाट जीवितै जन्मिएका बच्चाहरू मध्ये कतिको निश्चित समयपछि मृत्यु भयो र तीमध्ये कति हालसम्म पनि जीवितै छन् भन्ने तथ्याङ्कले शिशु मृत्युदर (Infant mortality rate), बाल मृत्युदर (Child mortality rate), जीवन प्रत्याशा (Life expectancy) र जीवन तालिका (Life table) आदिको मापन र तयारीमा विशेष सहयोग पुग्दछ। गणनाको दिनसम्म १५ देखि ४९ वर्षको उमेरभित्र पर्ने कुल महिलाले जीवितै जन्माएका कुल बच्चाको संख्या १०,३९८ रहेको छ। यी जीवित जन्मिएका सर्वाधिक २,२४७ जना (२१.६%) बच्चालाई ३५-३९ वर्ष उमेर समूहका विवाहित महिलाले जन्माएका हुन्। जीवितै जन्मिएका सबै बच्चाहरू वयस्क अवस्थासम्म पुग्ने वा बाँच्ने सम्भावना कम हुन्छ। तीमध्ये कतिपय विभिन्न कारणबाट मर्दछन्। यस नगरपालिकामा अक्सर बसोबास गर्ने १५-४९ वर्षका महिलाले जन्माएका कुल १०,३९८ जना (१००%) मध्ये ४७७ जना (४.६%) को मृत्यु भएको देखिन्छ। बाँकी ९,९२१ जना (९५.४%) भने हालसम्म (गणनाको दिनसम्म) पनि जीवितै रहेका देखिन्छन्। मृत्यु भएका कुल ४७७ जना बालबालिकालाई लैङ्गिक रूपमा हेर्दा २१८ जना (४५.७%) बालिका र २५९ जना (५४.३%) बालकको मृत्यु भएको देखिन्छ। यसबाट यस नगरपालिकामा शिशु अथवा बाल मृत्युदर छोरीको भन्दा छोराको बढी हुने गरेको देखिन्छ।

तालिका १०.२.१: १५ देखि ४९ वर्षको महिलाले अहिलेसम्म जन्माएका जीवित बच्चा, जीवित जन्मेर मरेका बच्चा र अहिलेसम्म जीवित रहेका बच्चाको संख्या

| बच्चाको अवस्था र लिंग | जम्मा | महिलाको उमेर समुह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ बर्ष | २०-२४ बर्ष | २५-२९ बर्ष | ३०-३४ बर्ष | ३५-३९ बर्ष | ४०-४४ बर्ष | ४५-४९ बर्ष |
| **हालसम्म जीवितै जन्मेका बच्चाको संख्या** (CEB) | | | | | | | | |
| जम्मा | १०३९८ | ९५ | ८६८ | १२२७ | १७५८ | २२४७ | २१८४ | २०१९ |

| बच्चाको अवस्था र लिंग | जम्मा | महिलाको उमेर समुह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ बर्ष | २०-२४ बर्ष | २५-२९ बर्ष | ३०-३४ बर्ष | ३५-३९ बर्ष | ४०-४४ बर्ष | ४५-४९ बर्ष |
| बालक | ५४६९ | ५७ | ४६८ | ६५१ | ९२२ | ११७४ | ११२७ | १०७० |
| बालिका | ४९२९ | ३८ | ४०० | ५७६ | ८३६ | १०७३ | १०५७ | ९४९ |
| **हालसम्म जीवितै रहेका बच्चाको संख्या** (Children Still Alive) | | | | | | | | |
| जम्मा | ९९२१ | ९५ | ८४९ | १२०५ | १७०५ | २१३९ | २०४८ | १८८० |
| बालक | ५२१० | ५७ | ४५९ | ६४१ | ८९२ | ११११ | १०५१ | ९९९ |
| बालिका | ४७११ | ३८ | ३९० | ५६४ | ८१३ | १०२८ | ९९७ | ८८१ |
| **जीवितै जन्मेर मृत्यु भएको बच्चाको संख्या** (Children Dead) | | | | | | | | |
| जम्मा | ४७७ | ० | १९ | २२ | ५३ | १०८ | १३६ | १३९ |
| बालक | २५९ | ० | ९ | १० | ३० | ६३ | ७६ | ७१ |
| बालिका | २१८ | ० | १० | १२ | २३ | ४५ | ६० | ६८ |
| मृतकको प्रतिशत | | | | | | | | |
| जम्मा | ४.८ | ०.० | २.२ | १.८ | ३.१ | ५.० | ६.६ | ७.४ |
| बालक | ५.० | ०.० | २.० | १.६ | ३.४ | ५.७ | ७.२ | ७.१ |
| बालिका | ४.६ | ०.० | २.६ | २.१ | २.८ | ४.४ | ६.० | ७.७ |

## १०.३ विगत १२ महिनामा जीवितै बच्चा जन्माएका महिलाहरूको संख्या र जीवितै जन्मिएका बच्चा

यसअघिको उपखण्डमा १५ देखि ४९ वर्षभित्रका महिलाले गणनाको दिनसम्म जीवितै जन्माएका बच्चा र ती हाल जीवित रहे वा नरहेको तथ्याङ्कमा आधारित भई विश्लेषण गरियो भने यस खण्डमा सोही उमेर समूहका कुल विवाहित महिलामध्ये विगत १२ महिनामा जीवित बच्चा जन्माउने महिला र तिनले जीवितै जन्माएका बच्चाहरूको संख्याउपर विश्लेषण गरिएको छ। यसले यस नगरपालिकामा प्रतिवर्ष प्रजनन् उमेरका कति जना महिलाले जीवित बच्चा जन्माउँछन् भन्ने तथ्याङ्क उपलब्ध हुन्छ। साथसाथै, एक वर्ष अवधिमा यस स्थानीय तहमा कति जना जीवित शिशुहरूको जन्म हुँदो रहेछ भन्ने तथ्याङ्क पनि अवगत गर्न सकिन्छ।

बुढीगंगा नगरपालिकामा एकपटक विवाह भएका १५-४९ वर्षका महिलाको कुल जनसंख्या ३,८८४ जना छन् भने तीमध्ये ३१७ जना (८.२%) ले एक जना बच्चा जन्माएका रहेछन् भने ५ जना महिलाहरूले २ जना बच्चा जन्माएको देखिन्छ। बच्चा जन्माएका ३२२ जना महिलाले कुल ३२७ जना बालबालिकालाई जन्माएको देखिन्छ जसमा ५४.७ प्रतिशत छोरा र ४५.३ प्रतिशत छोरीहरू रहेको थिए।

तालिका १०.३.१: १५ वर्ष देखि ४९ वर्षका महिलाले विगत १ वर्षमा जीवित जन्माएको बच्चाको संख्याको आधारमा उमेर समूहअनुसार महिलाको संख्या

| एक पटक विवाह भएको महिला | जम्मा | महिलाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ बर्ष | २०-२४ बर्ष | २५-२९ बर्ष | ३०-३४ बर्ष | ३५-३९ बर्ष | ४०-४४ बर्ष | ४५-४९ बर्ष |
| **एक पटक विवाह भएको महिला** | | | | | | | | |
| जम्मा महिला संख्या | ३८८४ | १८९ | ७०२ | ६०४ | ६१५ | ६६३ | ५९१ | ५२० |
| बच्चा नजन्माएको | ३५६२ | १५८ | ५५३ | ५२९ | ५८० | ६४२ | ५८५ | ५१५ |
| एक ओटा बच्चा जन्माएको | ३१७ | ३० | १४८ | ७५ | ३३ | २० | ६ | ५ |
| दुई ओटा बच्चा जन्माएको | ५ | १ | १ | ० | २ | १ | ० | ० |
| **एक वर्ष भित्र जीवितै जन्मेका बच्चाको संख्या** | | | | | | | | |
| जम्मा | **३२७** | **३२** | **१५०** | **७५** | **३७** | **२२** | **६** | **५** |
| छोरा | १७९ | १८ | ८७ | ३९ | १८ | ११ | २ | ४ |
| छोरी | १४८ | १४ | ६३ | ३६ | १९ | ११ | ४ | १ |

# खण्ड ११: आर्थिक क्रियाकलापसम्बन्धी विवरण

## ११.१ आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या

परिवारका विभिन्न उमेर समूहका सदस्यहरूले कुनै न कुनै आर्थिक काम गरेका हुन्छन्। राष्ट्रिय जनगणनामा १० वर्ष वा सोभन्दा माथिको जनसंख्याले गत १२ महिनामा कति अवधि आर्थिक काम गरेका थिए भनेर सोधिएको थियो। कुनै व्यक्तिले गरेको आर्थिक कामलाई अवधिका आधारमा विभिन्न वर्गमा वर्गीकरण गरेर आर्थिक रूपले सक्रिय वा निष्क्रिय जनसंख्याको अनुपात निकाल्ने गरिन्छ। यस्तो अभ्यास कतिपय देशले फरक फरक आधारमा अवलम्बन गरेको हुनसक्छ भने अधिकांश देशले संयुक्त राष्ट्रसंघको तथ्याङ्कीय नियोग (United Nations Statistical Commission) र अन्तर्राष्ट्रिय श्रम संगठनले निश्चित गरेका मानक र स्तरअनुसार अपनाएको पाइन्छ। कानुनी रूपमा १८ वर्षमुनिका बालबालिकालाई कुनै पनि आर्थिक काम गराउन निषेध गरिएको भए तापनि अधिकांश समाजमा यो कायमै रहेको देखिन्छ।

यस बुढीगंगा नगरपालिकामा १० वर्ष र सोभन्दा माथिको कुल १६,०८२ जनामध्ये ३९.४ प्रतिशतले ६ महिना वा सोभन्दा बढी अवधि काम गरेका छन्। त्यसै गरी १३.४ प्रतिशतले ३ देखि ६ महिनासम्म काम गरेका छन् भने १९.१ प्रतिशतले ३ महिनाभन्दा कम अवधि काम गरेका छन्। कुनै पनि आर्थिक काम नगरेको जनसंख्या २८.२ प्रतिशत रहेको छ।

तालिका ११.१.१: आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्याको वितरण

(१० वर्ष वा सोभन्दा बढी)

| विवरण | ६ महिना वा सोभन्दा बढी | ३ देखि ६ महिनासम्म | ३ महिनाभन्दा कम | कुनै पनि आर्थिक काम नगर्ने | जम्मा |
|---|---|---|---|---|---|
| जनसंख्या | | | | | |
| पुरुष | २८७९ | ८८३ | १३७६ | २०२५ | ७,१६३ |
| महिला | ३४५१ | १२६७ | १६९९ | २५०२ | ८,९१९ |
| जम्मा | ६,३३० | २,१५० | ३,०७५ | ४,५२७ | १६,०८२ |
| प्रतिशत | | | | | |
| पुरुष | ४०.१९ | १२.३३ | १९.२१ | २८.२७ | १०० |
| महिला | ३८.६९ | १४.२१ | १९.०५ | २८.०५ | १०० |
| जम्मा | ३९.३६ | १३.३७ | १९.१२ | २८.१५ | १०० |

चित्र ११.१.१: अवधिका आधारमा आर्थिक काममा सक्रिय र निष्क्रिय जनसंख्या (%)




## ११.२ आर्थिक क्रियाकलाप सम्बन्धी विवरण

आर्थिक काम गरेको अवधिका आधारमा आर्थिक रूपले सक्रिय जनसंख्यालाई अक्सर रोजगार, अक्सर बेरोजगार, अक्सर निष्क्रिय, आर्थिक रूपले निष्क्रिय आदि उपवर्गमा विश्लेषण गर्ने गरिन्छ। तालिका (११.२.१) मा प्रस्तुत तथ्याङ्कलाई व्याख्या गर्नुभन्दा अगाडि केही आधारभूत अवधारणासँग परिचित हुनु जरुरी छ। **आर्थिक रूपले सक्रिय जनसङ्ख्या:** सन्दर्भ अवधिमा जुनसुकै आर्थिक काम जतिसुकै अवधिको लागि गरेका वा कुनै पनि आर्थिक कामको खोजी गरेका १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरू आर्थिक रूपले सक्रिय जनसंख्या अन्तर्गत पर्दछन्।

**आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या:** सन्दर्भ अवधिमा कुनै पनि आर्थिक काम नगरेका र आर्थिक काम नखोजेका व्यक्तिहरू आर्थिक रूपले निष्क्रिय जनसंख्या अन्तर्गत पर्दछन्। **अक्सर आर्थिक रूपले सक्रिय जनसङ्ख्या:** सन्दर्भ अवधिमा कुनै पनि आर्थिक काम गरेको वा आर्थिक काम खोजेको समयावधिको जोड ६ महिना वा सोभन्दा बढी भएको व्यक्तिलाई अक्सर आर्थिक रूपले सक्रिय जनसंख्याभित्र समावेश गरिन्छ।

**अक्सर आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या:** आर्थिक काम गरेको अवधि र आर्थिक काम खोजेको अवधिको जोड ६ महिनाभन्दा कम भएमा त्यस्तो व्यक्तिलाई अक्सर आर्थिक रूपले निष्क्रिय जनसंख्यामा समावेश गरिन्छ। यस बुढीगंगा नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल १६,०८२ जनसंख्यामध्ये ७,३९६ जना आर्थिक रूपले अक्सर सक्रिय र ४,४५८ जना आर्थिक रूपले अक्सर निष्क्रिय रहेको देखिन्छ। अक्सर आर्थिक रूपले सक्रिय ७,३९६ जनसंख्यामध्ये ९१.८ प्रतिशत अक्सर रोजगार र ८.२ प्रतिशत अक्सर बेरोजगार रहेका छन्। आर्थिक रूपले सक्रिय तर अक्सर निष्क्रिय (६ महिनाभन्दा कम समय काम गर्नेहरू) रहेको जनसंख्या ४,४५८ (३७.६%) रहेको छ। सन्दर्भ अवधि भित्र कुनै पनि आर्थिक काम नगरेको जनसंख्या ४,२१३ रहेको छ जुन १० वर्ष र सोभन्दा माथिका जनसंख्याको करिब

२६.२ प्रतिशत रहेको छ। नगरपालिकाका विभिन्न वडामा आर्थिक रूपले सक्रिय, निष्क्रिय, रोजगार र बेरोजगार जनसंख्या फरक फरक रहेको छ। खास वडाको आर्थिक रूपले सक्रिय र निष्क्रिय जनसंख्यालाई आवश्यकतानुसार विस्तृत विश्लेषण गर्न सकिन्छ।

तालिका ११.२.१: आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या (१० वर्ष वा सोभन्दा बढी उमेरका

| वडा | दश वर्ष वा सो भन्दा माथिको जनसंख्या | आर्थिक क्रियाकलापमा संलग्नता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक रुपले सक्रिय | | | | | | आर्थिक रुपले निष्क्रिय | | आर्थिक क्रियाकलाप नखुलेको | |
| | | अक्सर सक्रिय | | | | अक्सर निष्क्रिय | | | | | |
| | | अक्सर रोजगार | | अक्सर बेरोजगार | | | | | | | |
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| बुढीगंगा | १६०८२ | ६७८७ | ९१.७७ | ६०९ | ८.२३ | ४४५८ | ३७.६१ | ४२१३ | २६.२० | १५ | ०.०९ |
| १ | १६५३ | ८३३ | ९६.७५ | २८ | ३.२५ | ३७९ | ३०.५६ | ४०६ | २४.५६ | ७ | ०.४२ |
| २ | १६४८ | ७८६ | ९७.१६ | २३ | २.८४ | २६१ | २४.३९ | ५७३ | ३४.७७ | ५ | ०.३० |
| ३ | ११४२ | ३१३ | ५७.३३ | २३३ | ४२.६७ | ४१३ | ४३.०७ | १८० | १५.७६ | ३ | ०.२६ |
| ४ | १८५० | ८७३ | ९६.१५ | ३५ | ३.८५ | ४०८ | ३१.०० | ५३४ | २८.८६ | ० | ०.०० |
| ५ | १०३८ | ४४५ | ७२.५९ | १६८ | २७.४१ | २७३ | ३०.८१ | १५२ | १४.६४ | ० | ०.०० |
| ६ | १७४२ | ९०६ | ९८.४८ | १४ | १.५२ | २५५ | २१.७० | ५६७ | ३२.५५ | ० | ०.०० |
| ७ | १७६२ | ८१३ | ९६.५६ | २९ | ३.४४ | ४४१ | ३४.३७ | ४७९ | २७.१९ | ० | ०.०० |
| ८ | १३८२ | ७२६ | ९३.८० | ४८ | ६.२० | ३१७ | २९.०६ | २९१ | २१.०६ | ० | ०.०० |
| ९ | १६३९ | ३६५ | ९७.८६ | ८ | २.१४ | ४६८ | ५५.६५ | ७९८ | ४८.६९ | ० | ०.०० |
| १० | २२२६ | ७२७ | ९६.९३ | २३ | ३.०७ | १२४३ | ६२.३७ | २३३ | १०.४७ | ० | ०.०० |

## ११.३ आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या

आर्थिक काम गरेका जनसंख्याको पेशा अनुसार वर्गीकरण र विश्लेषण महत्वपूर्ण हुन्छ। आर्थिक काम गर्दा व्यक्तिको भूमिका कस्तो प्रकारको थियो भन्ने प्रश्न पनि उत्तिकै सरोकारको विषय हो। आर्थिक काम कृषि वा गैरकृषि क्षेत्रमा हुनसक्दछ। त्यस्तै औद्योगिक, व्यापारिक, सेवामूलक र सामान्य प्राथमिक पेशासँग सम्बन्धित आर्थिक कामहरू हुन्छन्। जनसंख्याको पेशा र व्यवसायले त्यहाँको आर्थिक अवस्था र संरचनालाई प्रतिविम्बित गर्दछन्।

यस नगरपालिकाका १० वर्षमाथिका आर्थिक रूपले सक्रिय कुल ११,५५५ जनसंख्यामध्ये ५,१३८ जना पुरुष रहेका छन् भने ६,४१७ जना महिला रहेका छन्। यस नगरपालिकाका ७८.२६ प्रतिशत आर्थिक रूपले सक्रिय जनसंख्या कृषि, वन र माछापालन सम्बन्धी पेशाका दक्ष कामदार रहेका छन्। दोस्रो ठुलो (९.७%) समूह सामान्य वा प्राथमिक पेसाका कामदारहरूको रहेको छ भने तेस्रो ठुलो (३.४%) सेवा तथा वस्तु बिक्री गर्ने कामदार रहेको छन्। पेशाका दृष्टिबाट सबैभन्दा कम ०.१(%) सैनिक अधिकारी रहेको देखिन्छ।

तालिका ११.३.१: आर्थिक रूपले सक्रिय जनसंख्याको मुख्य पेसा अनुसारको विवरण
(१० वर्ष वा सोभन्दा बढी उमेरका)

| पेशा | दुवै | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ११५५५ | १०० | ५१३८ | १०० | ६४१७ | १०० |
| सैनिक अधिकारी | ६ | ०.०५ | ६ | ०.१२ | ० | ०.०० |
| व्यवस्थापक | २८१ | २.४३ | १९८ | ३.८५ | ८३ | १.२९ |
| पेशाविद् | ३५५ | ३.०७ | २४९ | ४.८५ | १०६ | १.६५ |
| प्राविधिक तथा सहायक पेशाविद् | ५९ | ०.५१ | ४१ | ०.८० | १८ | ०.२८ |
| कार्यालय सहायक | ४९ | ०.४२ | ३८ | ०.७४ | ११ | ०.१७ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदार | ३९२ | ३.३९ | १९२ | ३.७४ | २०० | ३.१२ |
| कृषि, वन र माछापालन कार्यका दक्ष कामदार | ९०४३ | ७८.२६ | ३६८५ | ७१.७२ | ५३५८ | ८३.५० |
| शिल्पकला तथा कालिगढ र यससम्बन्धी व्यापार गर्ने कामदार | १८८ | १.६३ | १२७ | २.४७ | ६१ | ०.९५ |
| यन्त्र तथा मेसिन अपरेटर र जडान गर्ने कामदार | ६० | ०.५२ | ५५ | १.०७ | ५ | ०.०८ |
| सामान्य वा प्राथमिक पेशाका कामदार | १११९ | ९.६८ | ५४७ | १०.६५ | ५७२ | ८.९१ |
| उल्लेख नभएका | ३ | ०.०३ | ० | ०.०० | ३ | ०.०५ |

चित्र ११.३.१: आर्थिक रूपले सक्रिय जनसंख्याको मुख्य पेसा अनुसारको विवरण प्रतिशतमा




## ११.४ आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या

देशको अर्थतन्त्रलाई विभिन्न उपक्षेत्रमा वर्गीकरण गरिएको हुन्छ। पछिल्लो जनगणनामा आर्थिक रूपले सक्रिय जनसंख्याले गरेको कामलाई विभिन्न २१ ओटा औद्योगिक क्षेत्रमा वर्गीकरण गरिएको छ। देश, प्रदेश र स्थानीय तहको आर्थिक

अवस्था र विकास अनुसार यी २१ ओटा औद्योगिक क्षेत्र उन्नत वा पिछडिएको अवस्थामा रहेका हुनसक्छन्। यस नगरपालिकाका १० वर्ष र सोभन्दा माथिका र आर्थिक रूपले सक्रिय कुल ११,५५५ जनसंख्या मध्ये ८०.८ प्रतिशत कृषि, वन र माछापालन क्षेत्रमा सक्रिय देखिएका छन्। यस क्षेत्रको मुख्य आम्दानीको स्रोत कृषि क्षेत्र नै देखिएको छ। आर्थिक रूपले सक्रिय जनसंख्या आवद्ध भएको दोस्रो ठुलो औद्योगिक क्षेत्र थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरू रहेको छ जसले करिब ८ प्रतिशत हिस्सा ओगटेको छ। यस नगरपालिकाको आर्थिक रूपले सक्रिय जनसंख्या आबद्ध भएको तेस्रो ठुलो (३%) शिक्षा क्षेत्र रहेको छ। निर्माण क्षेत्रले २.१ प्रतिशत हिस्सा ओगटेको छ भने औद्योगिक उत्पादन क्षेत्रको १.० प्रतिशत हिस्सा ओगटेको छ।

तालिका ११.४.१: आर्थिक रूपले सक्रिय जनसंख्याको मुख्य औद्योगिक क्षेत्र अनुसारको विवरण (१० वर्ष वा सो भन्दा बढी उमेरका)

| आर्थिक कामको क्षेत्र वा उद्योग | प्रतिशत | आर्थिक कामको क्षेत्र वा उद्योग | प्रतिशत |
|---|---|---|---|
| कृषि, वन र माछापालन | ८०.७६ | घरजग्गा कारोबारका व्यवसायिक क्रियाकलाप | ०.०१ |
| खानी तथा उत्खनन् | ०.०९ | पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ०.११ |
| औद्योगिक उत्पादन | १.०३ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.०४ |
| विद्युत, ग्यास, बाफ तथा वातानुकूलित सेवा | ०.१० | सार्वजनिक प्रशासन र सुरक्षासम्बन्धी क्रियाकलाप | ०.८० |
| पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र शुद्धीकरणका क्रियाकलाप | ०.०५ | शिक्षा | २.९७ |
| निर्माण | २.०६ | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप | ०.५४ |
| थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्य | ७.९६ | कला, मनोरञ्जन तथा मनोविनोद | ०.०१ |
| यातायात तथा भण्डारण | ०.५० | अन्य सेवा प्रदान गर्ने क्रियाकलाप | १.४९ |
| आवास तथा भोजनसम्बन्धी क्रियाकलाप | ०.६१ | घरपरिवारका घरायसी क्रियाकलाप | ०.४८ |
| सूचना तथा सञ्चार | ०.०४ | बाह्य संघसंस्था एवं यसका अङ्गहरुका क्रियाकलाप | ०.११ |
| वित्तीय तथा बिमासम्बन्धी क्रियाकलाप | ०.२१ | उल्लेख नभएका | ०.०१ |

चित्र ११.४.१: औद्योगिक क्षेत्रअनुसार आर्थिक काममा संलग्न जनसंख्या (%)




## ११.५ कृषि तथा गैरकृषि क्षेत्रमा संलग्न जनसंख्या

आर्थिक रूपले सक्रिय जनसंख्या मूलतः दुई प्रकारका काममा संलग्न रहेका हुन्छन्। पहिलो, कृषिसँग जोडिएको आर्थिक क्षेत्र हो र दोस्रो गैरकृषिसँग जोडिएको आर्थिक क्षेत्र। बुढीगंगा नगरपालिकाका वडाहरू सहरी क्षेत्रभन्दा अर्धसहरी क्षेत्र भएका अधिक हुनाले गैरकृषि क्षेत्रमा भन्दा कृषि क्षेत्रमा संलग्न जनसंख्या अधिकतम हुनु मनासिब मान्न सकिन्छ।

यस नगरपालिकाका आर्थिक रूपले सक्रिय जनसंख्या (१० वर्ष र सोभन्दा माथिको) मध्ये गैरकृषि आर्थिक क्षेत्रमा संलग्न जनसंख्या १९.२ प्रतिशत छ भने कृषिसँग जोडिएको आर्थिक क्षेत्रमा काम गर्ने जनसंख्या ८०.८ प्रतिशत रहेको छ। वडास्तरमा तुलना गर्दा गैरकृषिसँग जोडिएको क्षेत्रमा संलग्न जनसंख्या सर्वाधिक (४४.८%) वडा नं. ६ मा रहेको देखिन्छ भने सबैभन्दा कम (६.१%) वडा नं. १० मा रहेको छ। त्यसै गरी कृषिसँग जोडिएको आर्थिक क्षेत्रमा संलग्न जनसंख्या सबैभन्दा धेरै (९३.९%) वडा नं. १० मा रहेको छ भने सबैभन्दा कम (५५.२%) वडा नं. ६ मा रहेको छ।

तालिका ११.५.१: वडा अनुसार कृषि तथा गैरकृषि काममा संलग्न जनसंख्या (%)

| वडा | जम्मा | गैरकृषि आर्थिक काममा संलग्नको % | कृषि क्षेत्रमा संलग्नको % |
|---|---|---|---|
| १ | १२१७ | १८.४९ | ८१.५१ |
| २ | १००४ | २०.२२ | ७९.७८ |
| ३ | ९४१ | १३.३९ | ८६.६१ |
| ४ | १२५० | १९.५२ | ८०.४८ |
| ५ | ८७० | १४.९४ | ८५.०६ |
| ६ | ११३२ | ४४.७९ | ५५.२१ |

| वडा | जम्मा | गैरकृषि आर्थिक काममा संलग्नको % | कृषि क्षेत्रमा संलग्नको % |
|---|---|---|---|
| ७ | १२५२ | १७.०९ | ८२.९१ |
| ८ | १०६३ | २१.०७ | ७८.८३ |
| ९ | ८३४ | २७.२२ | ७२.७८ |
| १० | १९९२ | ६.१२ | ९३.८८ |
| बुढीगंगा | ११५५५ | १९.२३ | ८०.७६ |

चित्र ११.५.१: वडाअनुसार गैरकृषि र कृषि क्षेत्रका आर्थिक काममा संलग्न जनसंख्या (%)



# खण्ड १२: घरको संरचना तथा प्रयोग

## १२.१ घरको मुख्य प्रयोग

राष्ट्रिय जनगणना २०७८ मा देशका सम्पूर्ण घरहरूको समेत गणना गरिएको थियो। गणना गरिएका घरको प्रयोग कुन रूपमा भएको छ भन्ने विषयले आवासीय घर र गैरआवासीय घरको वितरणलाई विभिन्न तहमा (नेपाल, प्रदेश, भौगोलिक क्षेत्र, आदि) विश्लेषण गर्न मद्दत पुग्दछ। बुढीगंगा नगरपालिकामा पछिल्लो जनगणनाले कुल ५७८२ ओटा घर रहेको देखाएको छ जसमध्ये करिब ६२ प्रतिशत घर आवासीय प्रयोगमा रहेका छन्। गोठ वा धनसारका लागि प्रयोग भएका घरले १८.२ प्रतिशत हिस्सा ओगटेको छ भने ७.५ प्रतिशत घर खाली रहेको देखिन्छ। व्यापार/व्यवसायका लागि प्रयोग भएका घर ७.५ प्रतिशत छन्। स्वास्थ्य सम्बन्धी ०.५ प्रतिशत, शिक्षासम्बन्धी घरहरू १.९ प्रतिशत, उद्योगसम्बन्धी ०.२ प्रतिशत बैंक तथा वित्तीय क्षेत्रले प्रयोग गरेका घरहरूको अंश ०.१ प्रतिशत, सरकारी क्षेत्रले ०.३ प्रतिशत र संस्थागत क्षेत्रले प्रयोग गरेका घरको अंश ०.४ प्रतिशत रहेको छ। अन्य प्रकारका घरहरूको अंश ०.८ प्रतिशत रहेको छ।

तालिका १२.१.१: घरको मुख्य प्रयोग अनुसारको विवरण (% मा)

| क्षेत्र | आवासीय | व्यापार व्यवसाय | सरकारी | शिक्षा | स्वास्थ्य | उद्योग | बैंक तथा वित्तीय | संस्थागत | होटेल तथा लज | गोठ / धनसार | अन्य | खाली |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ७१.७२ | ३.०९ | ०.३७ | १.१२ | ०.२ | ०.४३ | ०.०९ | ०.४१ | ०.३२ | १०.१२ | ५.८७ | ६.२६ |
| बाजुरा | ६६.३४ | ४.०८ | ०.५५ | २ | ०.४७ | ०.१३ | ०.११ | ०.२४ | ०.२५ | १५.९३ | २.७९ | ७.११ |
| बुढीगंगा | ६१.९५ | ७.५२ | ०.२६ | १.९२ | ०.५२ | ०.२४ | ०.१ | ०.४२ | ०.५४ | १८.२१ | ०.७८ | ७.५४ |

आवास, व्यापार/व्यवसाय, उद्योग, संस्थागत प्रयोजन र खाली रहेका घरको अनुपातलाई राष्ट्रिय र बाजुरा जिल्लाको सन्दर्भमा हेर्दा केही विषमता देखिन्छ यद्यपि कुनै मान उल्लेखनीय रूपले फरक छन् भने कुनै मानमा सामान्य भिन्नता रहेको छ। नेपालमा आवासीय प्रयोगमा रहेका घरको अनुपात ७१.७ प्रतिशत छ भने बुढीगंगा नगरपालिकामा यो करिब ६२ प्रतिशत रहेको छ। गोठ वा धनसारको लागि प्रयोग भएका घर बाजुरा जिल्लामा करिब १६ प्रतिशत छन् भने यस नगरपालिकामा १८.२ प्रतिशत रहेको देखिन्छ। यस नगरपालिकामा नेपालको (६.३%) तुलनामा बढी (७.५%) घरहरू खाली अवस्थामा रहेको देखिन्छ तर यी खाली घरले थप अध्ययनको आवश्यकतालाई सङ्केत गरेका छन्। घरहरू जुनसुकै कारणले खाली भएका हुन सक्छन् तथापि बसाइँ सराइ गरेर वा असुरक्षित भएर खाली रहन गएको अवस्थामा जनसंख्या वृद्धिदर र सुरक्षित आवासको आपूर्तिमा प्रभाव पार्ने देखिन्छ। अन्य कारण पनि विद्यमान रहेका हुनसक्छन् र तिनका प्रभावलाई तदनुरूप व्याख्या गर्नुपर्ने हुन्छ।

चित्र १२.१.१: प्रमुख प्रयोगअनुसार घरको वितरण (%)




## १२.२ घरको तला

जनगणनामा प्रत्येक घर कति तलाको छ भनेर विवरण सङ्कलन गरिएको थियो। घरको तला संख्याको उपयोग कहाँ कहाँ हुनसक्छ भन्ने प्रश्न महत्वपूर्ण छ। आवासको उपलब्धतामा यसले एक सूचकका रूपमा कार्य गर्दछ। घरको कुल निर्मित क्षेत्रफल (Built-up area) गणनामा पनि यसले महत्वपूर्ण गुणक (Multiplier) प्रदान गर्दछ। घर पुँजीगत सम्पत्ति हो। यसको कुल गार्हस्थ्य उत्पादनमा पनि गणना भएको हुन्छ। समग्र नेपाल र प्रदेश अनुसारको कुल गार्हस्थ्य उत्पादन अनुमानमा घरको तला संख्याले एकप्रकारको दर वा अनुपात दिने हुनाले यो तथ्याङ्कको विशेष महत्व रहेको छ। नेपाल भूकम्पको उच्च जोखिममा रहेको देश हो। भूकम्पको केन्द्रविन्दु अनुसार क्षति र प्रभाव कम वा बढी हुने गर्दछ। भौगोलिक क्षेत्र (हिमाल, पहाड तथा तराई, ग्रामीण र सहरी) अनुसार पनि तला संख्या असमान रहनु स्वाभाविक देखिन्छ। नेपालमा करिब ६० प्रतिशत घर एक तले, झण्डै २९ प्रतिशत घर दुई तले र ९ प्रतिशत घर तीन तले रहेका छन् भने बाजुरा जिल्ला र बुढीगंगा नगरपालिकाको तुलना गर्दा पनि तथ्याङ्कमा स्पष्ट असमानता रहेको देखिन्छ। बाजुरा जिल्लामा ११.६ प्रतिशत घर एक तले र करिब ३८.६ प्रतिशत घर दुई तले छन् भने बुढीगंगा नगरपालिकामा एक तले घर १३.९ प्रतिशत र दुई तले घर ३८.८ प्रतिशत रहेका छन्। त्यस्तै तीन तले घर समग्र बाजुरा जिल्लामा ४८.८ प्रतिशत छन् भने बुढीगंगामा १.७ प्रतिशत विन्दुले कम अर्थात् ४७.१ प्रतिशत रहेका छन्।

तालिका १२.२.१: घरको तला अनुसारको विवरण (% मा)

| क्षेत्र | जम्मा घर संख्या | घरको तलाको प्रतिशत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५-७ | ८-९ | १०+ | नखुलेको |
| नेपाल | ७५५२०६६ | ५९.८२ | २८.७८ | ९.१७ | १.३ | ०.६४ | ०.०१ | ० | ०.२८ |
| बाजुरा | ३३८३५ | ११.६२ | ३८.५६ | ४८.८४ | ०.२५ | ०.१६ | ०.०० | ०.०० | ०.५५ |
| बुढीगंगा | ५७८२ | १३.८९ | ३८.७९ | ४७.०६ | ०.१६ | ०.०७ | ०.०० | ०.०० | ०.०३ |

## १२.३ घरको आयु

जनगणनामा घरपरिवारले बसोबास गरिरहेको प्रत्येक घरको आयु (निर्माण भएको मितिका आधारमा) सङ्कलन गरिएको थियो। यो तथ्याङ्कले भवनजस्तो मूल्यवान स्थिर पुँजीगत सम्पत्तिको वर्तमान मूल्य कति छ ? ती भवनहरूको बाँकी आयु कति हुनसक्छ ? भवनको संरचना र मूल्यमा ह्रास कति भएको हुनसक्छ लगायतका प्रश्नका साथसाथै वर्तमान र भावी जनसंख्याको लागि भविष्यमा निर्माण वा पुनर्निर्माण गर्नुपर्ने भवन कति हुनेछन् भनेर अनुमान गर्न सहयोग गर्दछ। कतिपय घरको आयु १०० वर्षभन्दा माथि हुने र ती राज्यको पुरातात्विक सम्पदाका रूपमा समेत रहन्छन्।

बुढीगंगा नगरपालिकामा सर्वाधिक (१८.६%) घरहरू १ देखि ४ वर्षभित्र बनेका देखिन्छन्। दोस्रो (१८.४%) मा ५ देखि ९ वर्षभित्र बनेका घर रहेका छन् भने तेस्रो (१८.३७%) मा १० देखि १४ वर्षभित्र बनेका घर रहेका छन्। यस नगरपालिकामा ५० वर्ष र सोभन्दाअघि बनेका घरको हिस्सा करिब ६ प्रतिशत रहेको छ।

तालिका १२.३.१: घरको आयु अनुसारको विवरण (%मा)

| क्षेत्र | जम्मा घर संख्या | घरको आयुअनुसार प्रतिशत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ० वर्ष | १-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२९ वर्ष | ३०-४९ वर्ष | ५० वर्षभन्दा माथि | नखुलेको |
| नेपाल | ७५५२०६६ | ३.५४ | २४.४२ | २०.६६ | १५.२९ | ९.६४ | १२.४७ | ८.१२ | ३.५० | २.३७ |
| बाजुरा | ३३८३५ | १.६७ | २०.३३ | २१.०८ | २०.०३ | १२.७९ | १२.१४ | ७.५५ | २.६३ | १.७८ |
| बुढीगंगा | ५७८२ | ३.०६ | १८.६१ | १८.४० | १८.३७ | ११.४१ | १२.५४ | १०.७६ | ५.९५ | ०.९० |

यस नगरपालिकामा रहेका घरहरूलाई तिनीहरूको आयुका आधारमा विभिन्न ७ ओटा उमेर समूहमा राखेर हेर्दा सर्वाधिक (४०.१%) घरहरू १० वर्षभन्दा कम आयु भएका अर्थात् विगत १० वर्षभित्र बनेका देखिन्छन्। दोस्रो ठुलो आयु समूह अर्थात् १० देखि १९ वर्षभित्र निर्माण भएका घरहरूको अंश २९.८ प्रतिशत रहेको छ भने २० देखि २९ वर्षभित्र बनेका घरहरू १२.५ प्रतिशत रहेका छन्। चौथो समूहमा विगत ३० देखि ४९ वर्षभित्र बनेका घरहरू रहेका छन् जसले १०.८ प्रतिशत हिस्सा ओगटेका छन्। नगरपालिकामा जीर्ण अर्थात् ५० वर्षभन्दा माथि आयु भएका घर ६ प्रतिशत रहेका छन्।

चित्र १२.३.१: उमेर समूहअनुसार घरको आयु (%)



## १२.४ घरको स्वामित्व

आवास परिवारको लागि आधारभूत आवश्यकता हो। जनगणनाको तथ्याङ्कबाट अधिकांश परिवार आफ्नै घरमा बसोबास गरेको देखिन्छ। रोजगारी, काम, व्यापार'व्यवसाय, अध्ययन आदिका कारणले व्यक्ति वा परिवार भाडामा वा अन्य प्रकारका आवासीय सुविधा उपभोग गरिरहेको पनि हुन्छन्। घरको स्वामित्वले एकातिर परिवारको सम्पन्नताको सूचकका रूपमा पनि केही हदसम्म काम गर्दछ भने अर्कातिर पेसा, व्यवसाय, अध्ययन, आदि कारणले भाडा वा गैरभाडाका आवासीय अवस्थाको सूचना पनि उपलब्ध गराउँदछ।

यस बुढीगंगा नगरपालिकामा ९६ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गर्दछन्। भाडाको घर वा कोठामा बसोबास गर्ने परिवारको अंश ३.१ प्रतिशत रहेको छ। संस्थागत घर (कार्यालयको क्वार्टर, छात्राबास, ब्यारेक, बृद्धाश्रम, बालगृह, धर्मशाला, गुम्बा आदि) मा बसोबास गर्ने परिवारको हिस्सा ०.५ प्रतिशत रहेको छ भने ०.३ प्रतिशत परिवार यीदेखि बाहेकका अन्य घरमा बसोबास गरेको देखिन्छ।

तालिका १२.४.१: घरको स्वामित्वअनुसार पारिवारिक विवरण (%)

| वडा नं. | संख्या | जम्मा परिवार | घरको स्वामित्व | | | |
|---|---|---|---|---|---|---|
| | | | आफ्नै | भाडाको | संस्थागत | अन्य |
| १ | संख्या | ४४७ | ४३८ | ३ | ० | ६ |
| | % | १०० | ९८.० | ०.७ | ०.० | १.३ |
| २ | संख्या | ४७३ | ४६७ | ४ | २ | ० |
| | % | १०० | ९८.७ | ०.८ | ०.४ | ०.० |
| ३ | संख्या | ३६५ | ३६४ | ० | ० | १ |
| | % | १०० | ९९.७ | ०.० | ०.० | ०.३ |
| ४ | संख्या | ५२४ | ५२२ | ० | २ | ० |
| | % | १०० | ९९.६ | ०.० | ०.४ | ०.० |
| ५ | संख्या | २८८ | २६७ | ४ | १७ | ० |
| | % | १०० | ९२.७ | १.४ | ५.९ | ०.० |
| ६ | संख्या | ४९२ | ३६९ | ११९ | २ | २ |
| | % | १०० | ७५.० | २४.२ | ०.४ | ०.४ |
| ७ | संख्या | ४७८ | ४७७ | १ | ० | ० |
| | % | १०० | ९९.८ | ०.२ | ०.० | ०.० |
| ८ | संख्या | ४१७ | ४१४ | ३ | ० | ० |
| | % | १०० | ९९.३ | ०.७ | ०.० | ०.० |
| ९ | संख्या | ४८९ | ४७६ | ७ | ० | ६ |
| | % | १०० | ९७.३ | १.४ | ०.० | १.२ |
| १० | संख्या | ५८१ | ५७९ | १ | १ | ० |
| | % | १०० | ९९.७ | ०.२ | ०.२ | ०.० |
| जम्मा | संख्या | ४५५४ | ४३७३ | १४२ | २४ | १५ |
| | % | १०० | ९६.० | ३.१ | ०.५ | ०.३ |

चित्र १२.४.१: घरको स्वामित्वअनुसार पारिवारिक विवरण




## १२.५ घरको जग

घरको जग सुरक्षित आवाससँग जोडिएको विषय हो। नेपाल भूकम्पको अत्यधिक जोखिम भएका देशहरूमध्ये एक भएको हुँदा घरको जग के कस्ता निर्माण सामग्रीबाट बनेको छ भन्ने विषयले विशेष महत्व राख्दछ। निर्माण सामग्री र त्यसको बनावट, प्राविधिक परामर्शलगायतका विषयले घरको सुरक्षालाई निर्देशित गर्दछन्। यस नगरपालिकाका कुल ४५५४ परिवारमध्ये ९२ प्रतिशत बसोबास गर्ने घरको जग माटोजडित ढुंगा माटोको छ। दोस्रो (३.४ %) क्रममा सिमेन्टजगित ईँट वा ढुंगाको जग हुने घरपरिवार रहेका छन् भने तेस्रो (२.७%) क्रममा काठ-बाँसको खम्बा गाडेको जग हुने घरमा बसोबास गर्ने परिवार रहेका छन्। ढलान पिल्लरसहितको संरचनायुक्त जग हुने घरमा बसोबास गर्ने परिवार १.२ प्रतिशत रहेको छन्।

माटोजडित ढुंगा माटोको जग हुने घरमा बसोबास गर्ने परिवार सबैभन्दा धेरै (९७.८%) वडा नं. १० मा रहेका छन्। सिमेन्टजडित ढुंगा माटोको घरमा बसोबास गर्ने परिवार सबैभन्दा धेरै (११.३%) वडा नं. ८ मा छन् भने ढलान पिल्लरसहितको जग हुने घरमा सर्वाधिक (५.२%) वडा नं. ५ मा रहेको छ। काठ वा बाँसको खम्बाको जग भएको घरमा बसोबास गर्ने परिवार सर्वाधिक (१८.९%) वडा नं. ६ मा रहेको देखिन्छ।

तालिका १२.५.१: घरको जगअनुसार पारिवारिक वितरण

| वडा नं. | संख्या / | जम्मा परिवार संख्या | घरको जग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | माटोजडित इट्टा ढुंगा | सिमेन्ट जडित इट्टा ढुंगा | ढलान पिल्लर सहितको | काठ/बाँसको खम्बा गाडेको | अन्य |
| १ | संख्या | ४४७ | ४४५ | २ | ० | ० | ० |
| | % | १०० | ९९.६ | ०.४ | ०.० | ०.० | ०.० |
| २ | संख्या | ४७३ | ४५१ | ११ | ३ | ७ | १ |
| | % | १०० | ९५.३ | २.३ | ०.६ | १.५ | ०.२ |
| ३ | संख्या | ३६५ | ३६५ | ० | ० | ० | ० |
| | % | १०० | १०० | ० | ० | ० | ० |

| वडा नं. | संख्या / | जम्मा परिवार संख्या | घरको जग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | माटोजडित इट्टा ढुंगा | सिमेन्ट जडित इट्टा ढुंगा | ढलान पिल्लर सहितको | काठ/बाँसको खम्बा गाडेको | अन्य |
| ४ | संख्या | ५२४ | ५०२ | १४ | ४ | ३ | १ |
| | % | १०० | ९५.८ | २.७ | ०.८ | ०.६ | ०.२ |
| ५ | संख्या | २८८ | २६१ | १० | १५ | ० | २ |
| | % | १०० | ९०.६ | ३.५ | ५.२ | ०.० | ०.७ |
| ६ | संख्या | ४९२ | ३४४ | ३३ | २० | ९३ | २ |
| | % | १०० | ६९.९ | ६.७ | ४.१ | १८.९ | ०.४ |
| ७ | संख्या | ४७८ | ४४९ | २२ | २ | १ | ४ |
| | % | १०० | ९३.९ | ४.६ | ०.४ | ०.२ | ०.८ |
| ८ | संख्या | ४१७ | ३३८ | ४७ | २ | ३ | २७ |
| | % | १०० | ८१.१ | ११.३ | ०.५ | ०.७ | ६.५ |
| ९ | संख्या | ४८९ | ४६३ | ७ | ८ | ११ | ० |
| | % | १०० | ९४.७ | १.४ | १.६ | २.२ | ०.० |
| १० | संख्या | ५८१ | ५६८ | ७ | २ | ४ | ० |
| | % | १०० | ९७.८ | १.२ | ०.३ | ०.७ | ०.० |
| जम्मा | संख्या | ४५५४ | ४१८६ | १५३ | ५६ | १२२ | ३७ |
| | % | १०० | ९१.९ | ३.४ | १.२ | २.७ | ०.८ |

चित्र १२.५.१: घरको जगअनुसार पारिवारिक वितरण (%)




## १२.६ घरको बाहिरी गारो

घरको बाहिरी गारो निर्माणमा प्रयुक्त निर्माण सामग्री पनि घरको सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय हो। कतिपय घरमा बाहिरी गारोले घरको भार लिएको हुन्छ भने कतिपय घरमा पिल्लरले मात्र भार वहन गरेको हुन्छ। तथापि, बाहिरी गारो कस्तो प्रकारको निर्माण सामग्रीले बनेको छ भन्ने विषयले परिवारको सम्पन्नता र जीवनस्तरको सूचकको रूपमा समेत

काम गर्दछ। यस नगरपालिकामा ५.२ प्रतिशत परिवार सिमेन्टको जडान भएका इँटाढुंगाको बाहिरी गारो भएको घरमा बसोबास गर्दछन्। माटोको जडानमा ईंटा ढुंगाको गारो भएको घरमा बसोबास गर्ने परिवार ९०.१ प्रतिशत रहेको छ। बाँसजन्य सामग्री र काँचो इँटाबाट बनेको घरमा बसोबास गर्ने परिवार यस नगरपालिकामा ०.१ प्रतिशत रहेको छ। जस्ता पाताबाट बनेको घरमा बसोबास गर्ने परिवार ४.३ प्रतिशत रहेको छ। विभिन्न वडाहरूमा सहरीकरणको अवस्था र परिवारको आर्थिक एवम् सामाजिक अवस्थाअनुसार घरको बाहिरी गारोको निर्माणमा भिन्नताहरू रहेका छन्।

तालिका १२.६.१: घरको बाहिरी गारोअनुसार पारिवारिक वितरण

| वडा नं. | जम्मा घरपरिवार | माटोको जोडाइ ढुंगा/ईट्टा | सिमेन्टको जोडाइ ढुंगा/ईट्टा | काठको फल्याक | बांस | कांचो ईट्टा | जस्ता पाता |
|---|---|---|---|---|---|---|---|
| १ | ४४७ | ९८.२ | १.१ | ०.० | ०.० | ०.२ | ०.४ |
| २ | ४७३ | ९३. | ४. | ०.२ | ०.० | ०.० | २.७ |
| ३ | ३६५ | ९९.५ | ०.५ | ०.० | ०.० | ०.० | ०.० |
| ४ | ५२४ | ९१.४ | ६.७ | ०.० | ०.२ | ०.० | १.७ |
| ५ | २८८ | ८९.२ | ९.४ | ०.० | ०.० | ०.३ | १.० |
| ६ | ४९२ | ६३.६ | ११.४ | ०.६ | ०.२ | ०.२ | २३.८ |
| ७ | ४७८ | ९४.४ | ४.४ | ०.० | ०.४ | ०.० | ०.८ |
| ८ | ४१७ | ८०.३ | ११.३ | १.० | ०.० | ०.० | ७.४ |
| ९ | ४८९ | ९४.७ | ३.१ | ०.० | ०.० | ०.० | २.२ |
| १० | ५८१ | ९६.७ | १.५ | ०.२ | ०.० | ०.३ | १.० |
| जम्मा | ४५५४ | ९०.१ | ५.२ | ०.२ | ०.१ | ०.१ | ४.३ |

चित्र १२.६.१: घरको बाहिरी गारोअनुसार पारिवारिक वितरण




## १२.७ घरको छानो

घरको छानो सामान्यतः घरको जग र बाहिरी गारोको निर्माण सामग्रीसँग अन्तरसम्बन्धित रहेको हुन्छ। तथापि, घरको छानो कतिपय अवस्थामा स्थानीय हावापानी, भौगोलिकता, आर्थिक'सामाजिक प्रभावसँग पनि अन्तरसम्बन्धित हुन्छ। घरको छानोले परिवारको सम्पन्नता र जीवनस्तरको पनि केही हदसम्म प्रतिनिधित्व गर्दछ।

बुढीगंगा नगरपालिकाका कुल ४५५४ परिवारमध्ये ६४.३ प्रतिशत परिवार ढुंगा/सिलेट छाना भएको घरमा बसोबास गर्दछन्। जस्ता/टिन छानो भएको घरमा बसोबास गर्ने परिवार २४.९ प्रतिशत रहेका छन्। सिमेन्टको ढलानयुक्त छानो भएको घरमा बसोबास गर्ने परिवार सर्वाधिक (१०.८%) वडा नं. ८ मा रहेका छन्। यस नगरपालिकामा अझै पनि ६.३ प्रतिशत परिवार खर वा परालको छानोयुक्त घरमा बसोबास गरेको देखिन्छ भने टायल र खपडाबाट बनेको छानोयुक्त घरमा बसोबास गर्ने परिवार ०.२ प्रतिशत रहेका छन्। वडा नं. ९ मा खर वा परालको छानोयुक्त घरमा बसोबास गर्ने परिवार सर्वाधिक (२३.७%) रहेका छन्।

तालिका १२.७.१: नगरपालिकामा घरको छानोको प्रकारअनुसार परिवारको विवरण

| वडा नं. | जम्मा घरपरिवार | जस्ता/टीन | सिमेन्ट ढलान | खर/पराल | टायल/खपटा | ढुंगा/सिलेट | काठ फल्याक | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४४७ | २०.४ | १.३ | ८.९ | ०.२ | ६९.१ | ०.० | ०.० |
| २ | ४७३ | २०.९ | २.३ | ५.५ | ०.२ | ७०.८ | ०.२ | ०.० |
| ३ | ३६५ | ४८.८ | ०.५ | ०.८ | ०.० | ४९.९ | ०.० | ०.० |
| ४ | ५२४ | २३.७ | ३.६ | ३.८ | ०.० | ६८.३ | ०.४ | ०.२ |
| ५ | २८८ | ३.८ | ९.० | १.० | ०.० | ८६.१ | ०.० | ०.० |
| ६ | ४९२ | ३०.५ | ७.५ | ०.२ | ०.० | ६१.४ | ०.४ | ०.० |
| ७ | ४७८ | ३१.८ | ३.८ | १.३ | ०.२ | ६३.० | ०.० | ०.० |
| ८ | ४१७ | ३३.३ | १०.८ | ३.४ | ०.० | ५२.३ | ०.२ | ०.० |
| ९ | ४८९ | २०.९ | ३.३ | २३.७ | ०.८ | ५१.१ | ०.० | ०.२ |
| १० | ५८१ | १५.३ | १.७ | १०.० | ०.० | ७३.० | ०.० | ०.० |
| जम्मा | ४५५४ | २४.९ | ४.२ | ६.३ | ०.२ | ६४.३ | ०.१ | ०.०४ |

यहाँ स्मरणीय छ कि काठ/फल्याक, ढुंगा/स्लेट र माटोका छाना समेतलाई "अन्य" मा समावेश गरिएको छ जसको मान नगण्य छ।

चित्र १२.७.१: नगरपालिकामा घरको छानोको प्रकारअनुसार परिवारको विवरण (% मा)




## १२.८ घरको भुइँ

कुनै पनि घरको भुइँ परिवारको आर्थिक'सामाजिक परिवेश, स्थानीय परम्परा, निर्माण सामग्रीको उपलब्धता र समग्र घरको निर्माण संरचनासँग समेत जोडिएको हुन्छ। नेपालमा घरको भुइँ माटो, काठ, सिमेन्ट ढलान, ईँट-ढुंगा, टायल आदि सामग्रीबाट निर्माण गरिएको हुन्छ। घरको भुइँको प्रकार परिवारको सम्पन्नताको सूचक निर्माण गर्ने प्रयोजनका लागि पनि

उपयोगी हुन्छ। जनगणना २०७८ अनुसार यस नगरपालिकाका ८९.३ प्रतिशत परिवार माटोबाट निर्मित भुइँ भएको घरमा बसोबास गरेको देखिन्छ। त्यसै गरी सिमेन्ट ढलान गरिएको भुइँ भएको घरमा बसोबास गर्ने परिवारको हिस्सा ७.७ प्रतिशत रहेको छ। सीमित परिवार अर्थात् १.८ प्रतिशत काठ, फल्याक र बाँसबाट निर्मित भुइँ भएको घरमा बसोबास गरेको देखिन्छ भने सेरामिक टायलको भुइँ भएको घरमा बसोबास गर्ने परिवार केवल ०.३ प्रतिशत रहेको छ।

वडास्तरमा तुलना गर्दा माटोको भुइँयुक्त आवासीय घरमा बसोबास गर्ने परिवार सर्वाधिक (९५.९%) वडा नं. ३ मा र सिमेन्ट ढलानयुक्त भुइँ भएका आवासीय घरमा बसोबास गर्ने परिवार सबैभन्दा धेरै (२३.६%) वडा नं. ६ मा रहेको देखिन्छ। वडा नं. १ मा काठको फल्याक वा बाँसबाट निर्मित भुइँ भएको घरमा बसोबास गर्ने परिवारको हिस्सा ४ प्रतिशत रहेको देखिन्छ।

तालिका १२.८.१: घरको भुइँको बनोटअनुसार परिवारको विवरण

| वडा नं. | माटो | काठको फल्याक/बांस | इट्टा/ढुंगा | सेरामिक टायल | ढलान | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ९३.७ | ४.० | ०.४ | ०.० | १.८ | ०.० |
| २ | ९२.८ | १.३ | ०.२ | ०.० | ५.७ | ०.० |
| ३ | ९५.९ | १.१ | ०.० | ०.० | ३.० | ०.० |
| ४ | ९४.५ | १.० | ०.२ | १.० | ३.४ | ०.० |
| ५ | ८८.५ | १.० | १.० | ०.३ | ८.७ | ०.३ |
| ६ | ७२.४ | ३.० | ०.४ | ०.४ | २३.६ | ०.२ |
| ७ | ९२.१ | १.० | ०.२ | १.३ | ५.२ | ०.२ |
| ८ | ७८ | १ | १ | ० | १८ | २ |
| ९ | ८९.० | २.९ | ०.८ | ०.२ | ६.५ | ०.६ |
| १० | ९५.५ | १.७ | ०.० | ०.० | २.१ | ०.७ |
| जम्मा | ८९.३ | १.८ | ०.४ | ०.३ | ७.७ | ०.४ |

चित्र १२.८.१: घरको भुइँको बनोटअनुसार परिवारको विवरण (% मा)




## १२.९ घरको गुणस्तरीयता वर्गीकरणअनुसार परिवारको वितरण

परिवारले बसोबास गरेका घरको आकार, बनोट र संरचना, उपलब्ध सेवा सुविधा जस्तैः सुधारिएको पिउने पानी, आधुनिक शौचालय र सुधारिएको ऊर्जा आदिका हिसाबले परिवारको न्यूनतम जीवनस्तर कायम गर्न उक्त घर र त्यसमा उपलब्ध सुविधाहरू पर्याप्त भए नभएको अवस्थाको जनगणना २०७८ मा सङ्कलन गरिएका विवरणका आधारमा मापन गर्दा बुढीगंगा

नगरपालिकामा १.१ प्रतिशत परिवार अति उच्च गुणस्तरयुक्त आवासीय एकाइमा बसोबास गर्ने गरेको देखिन्छ। त्यस्तै ७७.८४ प्रतिशत परिवार मध्यम गुणस्तरयुक्त घरमा बसोबास गरेको देखिन्छ। न्यून गुणस्तर भएका घरको प्रतिशत ११.३ प्रतिशत रहेको छ अति न्यून गुणस्तरका घर भएका परिवार केवल ०.११ प्रतिशत रहेको पाइएको छ।

वडास्तरमा तुलना गर्दा अति उच्च गुणस्तरयुक्त घरमा बसोबास गर्ने परिवार सर्वाधिक (५.९%) वडा नं. ५ मा रहेको देखिन्छ। अति न्यून गुणस्तरयुक्त घरमा बसोबास गर्ने परिवारको सबैभन्दा ठुलो (०.६%) वडा नं. ९ मा रहेको छ। मध्यम गुणस्तरयुक्त घरमा बसोबास गर्ने परिवारहरूको सबैभन्दा ठुलो (९४.३%) हिस्सा वडा नं. ३ मा रहेको देखिन्छ।

तालिका १२.९.१: वडाअनुसार परिवारले प्रयोग गर्ने घरको गुणस्तरीयता वर्गीकरण

| वडा नं. | जम्मा परिवार | अति उच्च गुणस्तरयुक्त | सामान्य गुणस्तरयुक्त | मध्यम गुणस्तरयुक्त | न्यून गुणस्तरयुक्त | अति न्यून गुणस्तरयुक्त |
|---|---|---|---|---|---|---|
| १ | ४४७ | ० | ३.१३ | ८०.७६ | १५.८८ | ०.२२ |
| २ | ४७३ | १.०६ | ३.३८ | ८६.८९ | ८.६७ | ० |
| ३ | ३६५ | ० | ४.६६ | ९४.२५ | १.१ | ० |
| ४ | ५२४ | ०.३८ | ४.०१ | ६५.२७ | ३०.३४ | ० |
| ५ | २८८ | ५.९ | ४.१७ | ८६.४६ | ३.४७ | ० |
| ६ | ४९२ | ३.०५ | ६.५ | ७०.१२ | २०.३३ | ० |
| ७ | ४७८ | ०.४२ | ६.२८ | ८६.८२ | ६.४९ | ० |
| ८ | ४१७ | ०.४८ | १७.७५ | ७४.३४ | ७.४३ | ० |
| ९ | ४८९ | १.२३ | ६.३४ | ६७.२८ | २४.५४ | ०.६१ |
| १० | ५८१ | ०.१७ | १.५५ | ७५.५६ | २२.५५ | ०.१७ |
| बुढीगंगा | ४५५४ | १.१ | ५.६२ | ७७.८४ | १५.३३ | ०.११ |

घरको गुणस्तर र परिवारको जीवनस्तर अन्तरनिर्भर रहेको हुन्छ। घरको गुणस्तरले खास स्थानीय तहको सहरीकरणको अवस्था र गतिलाई पनि इङ्गित गर्दछ। यस नगरपालिकाका न्यून गुणस्तर र अति न्यून गुणस्तरयुक्त घरहरूको समष्टिगत वितरणलाई चित्र १२.९.१ मा प्रस्तुत गरिएको छ। यसअनुसार वडा नं. ४ मा न्यून गुणस्तरयुक्त घर सर्वाधिक अर्थात् ३०.३ प्रतिशत रहेका छन्। दोस्रो (२५.२%) र तेस्रो (२२.७%) स्थानमा क्रमशः वडा नं. ९ र वडा नं. १० रहेका छन्।

चित्र १२.९.१: वडाअनुसार न्यून गुणस्तरका घर भएका परिवार प्रतिशतमा



# खण्ड १३: पारिवारिक सेवा सुविधा तथा पहुँच

## १३.१ परिवारमा खानेपानीको मुख्य स्रोत

सुरक्षित खानेपानी मानिसको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेको विषय हो। परिवारले उपयोग गर्ने खानेपानीको स्रोतका आधारमा त्यस स्थानमा भएको पूर्वाधारको अवस्था र परिवारको जीवनस्तरलाई प्रतिविम्बित गर्दछ। यस नगरपालिकाका २०.५ प्रतिशत परिवारले घरपरिसरभित्र उपलब्ध पाइपधाराबाट खानेपानी उपभोग गर्दछन् भने करिब ६२.३ प्रतिशत परिवारले घरपरिसरभन्दा बाहिर रहेको पाइपधाराबाट खानेपानी प्राप्त गर्दछन्। ट्युबवेल वा हातेपम्पबाट खानेपानी प्राप्त गर्ने परिवार नगण्य रहेकोले यहाँ प्रस्तुत गरिएको छैन। यस बुढीगंगा नगरपालिकामा ढाकिएको इनार खानेपानीको प्रमुख स्रोतहरूमध्ये पर्दैन। खुला इनार वा कुवालाई खानेपानीको सुरक्षित स्रोत मानिदैन। यस्तो प्रकारको स्रोतबाट खानेपानी प्राप्त गर्ने परिवार यस नगरपालिकामा ०.५ प्रतिशत रहेको छ। मूल धाराको पानी खानेपानीको मुख्य स्रोत हुने परिवार १६.३ प्रतिशत छन्। कुल ४५५४ परिवारमध्ये ०.१ प्रतिशत परिवारको लागि नदी वा खोलाको पानी नै खानेपानीको मुख्य स्रोत रहेको छ जुन सबैभन्दा असुरक्षित स्रोतमा पर्दछ।

वडास्तरमा तुलना गर्दा खानेपानीको मुख्य स्रोतमा विविधता रहेको छ। उदाहरणको लागि घरपरिसरभित्रको पाइपधारा (जसलाई तुलनात्मक रूपमा सुरक्षित स्रोतका रूपमा लिइन्छ) बाट खानेपानी प्राप्त गर्ने परिवार सर्वाधिक (३८.८%) वडा नं. ६ मा रहेका छन्। घरपरिसरबाहिरको पाइपधाराबाट खानेपानी प्राप्त गर्ने सर्वाधिक (८६.५%) परिवार वडा नं. २ मा रहेका छन्। नगरपालिकाका १० ओटा वडामध्ये मूल धाराबाट खानेपानीको स्रोत हुने अधिकतम (३६.६%) परिवार वडा नं. ६ मा रहेको देखिन्छ।

तालिका १३.१.१: खानेपानीको स्रोतअनुसार परिवारको वितरण

| वडा नं. | जम्मा परिवार संख्या | खानेपानीको मुख्य स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | धारा पाइप (घर परिसर भित्र) | धारा पाइप (घर परिसर बाहिर) | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | जार/बोतल | अन्य |
| १ | ४४७ | २५.७३ | ६७.११ | ०.२२ | ०.२२ | ६.०४ | ०.२२ | ०.०० | ०.४५ |
| २ | ४७३ | ९.०९ | ८६.४७ | ०.०० | ०.२१ | ४.२३ | ०.०० | ०.०० | ०.०० |
| ३ | ३६५ | १७.२६ | ८१.३७ | ०.०० | ०.०० | १.१० | ०.०० | ०.२७ | ०.०० |
| ४ | ५२४ | १४.५० | ५२.६७ | ०.१९ | ०.१९ | ३१.३० | ०.१९ | ०.०० | ०.९५ |
| ५ | २८८ | २५.०० | ७०.८३ | ०.०० | ०.०० | ४.१७ | ०.०० | ०.०० | ०.०० |
| ६ | ४९२ | ३८.८२ | २३.१७ | ०.२० | ०.८१ | ३६.५९ | ०.२० | ०.०० | ०.२० |
| ७ | ४७८ | २७.४१ | ६३.६० | ०.०० | ०.६३ | ८.३७ | ०.०० | ०.०० | ०.०० |
| ८ | ४१७ | ३५.२५ | ५९.९५ | ०.०० | ०.७२ | ४.०८ | ०.०० | ०.०० | ०.०० |
| ९ | ४८९ | ९.६१ | ६२.३७ | ०.०० | ०.८२ | २६.७९ | ०.२० | ०.०० | ०.२० |
| १० | ५८१ | ८.०९ | ६५.४० | ०.०० | ०.६९ | २५.४७ | ०.१७ | ०.०० | ०.१७ |
| जम्मा | ४५५४ | २०.४७ | ६२.३४ | ०.०७ | ०.४६ | १६.३२ | ०.११ | ०.०२ | ०.२२ |

घरपरिसरभित्र वा बाहिर जुनसुकै स्थानमा भए पनि धारा/पाइपबाट खानेपानी प्राप्त गर्ने परिवार वडास्तरमा हेर्दा वडा नं. ४ मा ९८ प्रतिशत भन्दा बढी परिवारले यस स्रोतबाट पानी प्राप्त गरेको देखिन्छ। वडा नं. ६ (६२%), वडा नं. ४ (६७.२%), वडा नं. ९ (७२ %) र वडा नं. १० (७३.५%) मा यस्तो सुविधाप्राप्त परिवार ८० प्रतिशतभन्दा कम

रहेको छ भने वडा नं. १, २, ३, ५, ७ र ८ मा ९० प्रतिशतभन्दा बढी परिवारले पाइप/धाराबाट खानेपानी प्राप्त गरिरहेको देखिन्छ। समग्र बुढीगंगा नगरपालिकाका करिब ८२.८ प्रतिशत परिवारले पाइप/धाराबाट खानेपानी प्राप्त गरेको देखन्छ भने १६.३ प्रतिशत परिवारले मूल धाराबाट खानेपानी प्राप्त गर्ने गरेका।

चित्र १३.१.१: खानेपानीको स्रोतअनुसार परिवारको वितरण




## १३.२ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

बाह्रौं राष्ट्रिय जनगणनाको नतिजाले बुढीगंगा नगरपालिकाका कुल ४५५४ परिवारमध्ये ९१.३ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। यसरी यस नगरपालिकामा काठ/दाउरा नै खाना पकाउने प्रमुख इन्धन रहेको देखिन्छ। एल.पी.ग्यास प्रयोग गर्ने परिवार करिब ८.२ प्रतिशत रहेको छ भने बिजुली, बायोग्यास र मट्टितेल प्रयोग गर्ने परिवार ०.४ प्रतिशत रहेको छ। अन्य (गोबर वा गुइँठा, मटितेल आदि) प्रयोग गर्ने परिवारको हिस्सा ०.०७ प्रतिशत मात्र रहेको देखिन्छ।

तालिका १३.२.१: खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवारको विवरण

| वडा नं. | काठ/दाउरा | एल. पी. ग्यास | बिजुली | वायोग्यास | मट्टितेल | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ९६.२० | ३.५८ | ०.०० | ०.०० | ०.०० | ०.२२ |
| २ | ९५.५६ | ४.४४ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | ९५.६२ | ४.११ | ०.२७ | ०.०० | ०.०० | ०.०० |
| ४ | ९८.०९ | १.५३ | ०.१९ | ०.१९ | ०.०० | ०.०० |
| ५ | ९२.३६ | ६.२५ | ०.३५ | १.०४ | ०.०० | ०.०० |
| ६ | ६७.४८ | ३१.९१ | ०.२० | ०.०० | ०.४१ | ०.०० |
| ७ | ९५.४० | ४.६० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| वडा नं. | काठ/दाउरा | एल. पी. ग्यास | बिजुली | वायोग्यास | मट्टितेल | अन्य |
|---|---|---|---|---|---|---|
| ८ | ८२.०१ | १७.९९ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ९ | ९२.०२ | ५.९३ | ०.०० | ०.६१ | १.०२ | ०.४१ |
| १० | ९७.७६ | २.०७ | ०.०० | ०.०० | ०.१७ | ०.०० |
| जम्मा | ९१.३३ | ८.१९ | ०.०९ | ०.१५ | ०.१८ | ०.०७ |

यस नगरपालिकामा अधिकांश परिवारले खाना पकाउनका लागि काठ/दाउरा प्रयोग गर्ने गरेको देखियो। यस नगरपालिकाका ९१.३ प्रतिशत परिवारले खाना पकाउनका लागि काठ/दाउरा प्रयोग गरेको देखिन्छ। वडा नं. ४ मा अक्सर काठ दाउरा प्रयोग गरी खाना पकाउने परिवार सर्वाधिक ९८.१ प्रतिशत रहेको छ। खाना पकाउनका लागि काठ/दाउरा सबैभन्दा न्यून (६७.४८%) प्रयोग गर्ने वडा नं. ६ रहेको छ।

चित्र १३.२.१: खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गरिने परिवारको विवरण (% मा)




यस नगरपालिकामा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनमा गत एक दशकमा देखिएको परिवर्तन आएको देखिएको छ। वि.सं. २०६८ मा काठ-दाउरा प्रयोग गरेर खाना पकाउने परिवारको हिस्सा ९८.४ प्रतिशत थियो भने अहिले त्यो घटेर ९१.३ प्रतिशत भएको छ। दश वर्ष अगाडि खाना पकाउनका लागि अक्सर एल.पी.ग्यासको प्रयोग गर्ने परिवार ०.१ प्रतिशत थियो भने अहिले त्यो बढेर ८.२ प्रतिशत पुगेको छ।

चित्र १३.२.२: खाना पकाउने इन्धनमा गत एक दशकमा भएको परिवर्तन



## १३.३ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत

बुढीगंगा नगरपालिकामा पछिल्लो बाह्रौं जनगणनाको नतिजाअनुसार नगरपालिकाका ९३.४ प्रतिशत परिवारले आफू बसोबास गरेको घर/आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। सौर्य ऊर्जा प्रगोग गर्ने परिवार ५.५ प्रतिशत रहेका छन् भने मट्टीतेल प्रयोग गर्ने परिवार ०.२ प्रतिशत देखिएको छ। अन्य स्रोत प्रयोग गर्ने परिवार ०.९ प्रतिशत छ भने नगण्य मात्रामा बायोग्यास उपयोग भएको देखिन्छ।

गत २०६८ को जनगणनाअनुसार बिजुली प्रयोग गर्ने परिवार ८.६ प्रतिशत रहेकोमा हाल सो अंशमा उल्लेख्य वृद्धि भएको देखिन्छ (९३.३७ प्रतिशत)। बत्ती बाल्नका लागि १० वर्षअगाडि सौर्य ऊर्जा प्रयोग गर्ने परिवार २८.५ प्रतिशत थिए भने अहिले त्यो ५.५ प्रतिशत पुगेको छ।

तालिका १३.३.१: बत्ती बाल्ने स्रोतको आधारमा परिवारको वितरण

| वडा नं. | बिजुली | सोलार | मट्टितेल | वायोग्यास | अन्य |
|---|---|---|---|---|---|
| १ | ४६.३१ | ४७.४३ | ०.४५ | ०.०० | ५.८२ |
| २ | ९८.७३ | १.०६ | ०.०० | ०.०० | ०.२१ |
| ३ | ९८.६३ | १.३७ | ०.०० | ०.०० | ०.०० |
| ४ | ९९.८१ | ०.०० | ०.०० | ०.०० | ०.१९ |
| ५ | ९९.३१ | ०.३५ | ०.०० | ०.०० | ०.३५ |
| ६ | ९९.५९ | ०.२० | ०.०० | ०.०० | ०.२० |
| ७ | ९८.७४ | ०.६३ | ०.४२ | ०.०० | ०.२१ |
| ८ | ९६.१६ | ३.१२ | ०.२४ | ०.०० | ०.४८ |
| ९ | ९७.१४ | १.६४ | ०.४१ | ०.२० | ०.६१ |
| १० | ९८.२८ | ०.६९ | ०.०० | ०.०० | १.०३ |
| जम्मा | ९३.३७ | ५.५३ | ०.१५ | ०.०२ | ०.९२ |

चित्र १३.३.१: बत्ती बाल्ने स्रोतको आधारमा परिवारको दशकीय वितरण



## १३.४ परिवारले प्रयोग गर्ने शौचालय

जनगणनाको नतिजाअनुसार यस नगरपालिकाका कुल ४५५४ परिवारमध्ये अधिकांश ९८.४ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने १.६ प्रतिशत परिवारको आफ्नो चर्पी नै नभएको देखिन्छ। सार्वजनिक ढल तथा सेप्टिक ट्यांकमा फ्लस सुविधायुक्त शौचालय भएका कुल परिवार ६५.६ प्रतिशत रहेका छन्। साधारण शौचालय प्रयोग गर्ने घरपरिवारको अंश ३२.२ प्रतिशत रहेको छ। यस नगरपालिकामा सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार ०.६ प्रतिशत रहेको देखिन्छ। गत जनगणना २०६८ मा शौचालयको पहुँच नभएको परिवार ७४.१ प्रतिशत थियो भने ९.४ प्रतिशत परिवारले फ्लस भएको र १५.४ प्रतिशतले साधारण शौचालय प्रयोग गर्ने गरेका थिए।

तालिका १३.४.१: परिवारले प्रयोग गर्ने शौचालयको प्रकार

| वडा नं. | जम्मा | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्यांक) | साधारण | सार्वजनिक | चर्पी नभएको |
|---|---|---|---|---|---|---|
| १ | ४४७ | ०.२२ | ३३.५६ | ६४.४३ | ०.२२ | १.५७ |
| २ | ४७३ | २.७५ | ३६.७९ | ६०.०४ | ०.२१ | ०.२१ |
| ३ | ३६५ | ०.५५ | ४२.७४ | ५५.८९ | ०.२७ | ०.५५ |
| ४ | ५२४ | ०.९५ | ५९.३५ | ३८.९३ | ०.३८ | ०.३८ |
| ५ | २८८ | ०.०० | ९७.९२ | २.०८ | ०.०० | ०.०० |
| ६ | ४९२ | ०.८१ | ६४.२३ | ३४.१५ | ०.२० | ०.६१ |
| ७ | ४७८ | २.५१ | ६१.९२ | ३३.४७ | ०.४२ | १.६७ |
| ८ | ४१७ | ०.२४ | ६६.९१ | २६.८६ | ४.५६ | १.४४ |
| ९ | ४८९ | ०.०० | ८९.७८ | ७.५७ | ०.०० | २.६६ |
| १० | ५८१ | ०.०० | ९४.३२ | ०.५२ | ०.१७ | ४.९९ |
| जम्मा | ४५५४ | ०.८३ | ६४.८० | ३२.१९ | ०.६१ | १.५६ |

वडास्तरमा आफ्नै शौचालय नभएका परिवार सबैभन्दा धेरै (५%) वडा नं. १० रहेको छ भने वडा नं. २ मा केवल ०.२ प्रतिशत परिवारमात्र शौचालयविहीन अवस्थामा रहेका छन्। वडा नं. ५ मा १००% परिवारले कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्छन (चित्र १३.४.१)।

चित्र १३.४.१: शौचालय प्रयोग गर्ने परिवारको दशकीय परिवर्तन (%)



चित्र १३.४.२: आफ्नै शौचालय नभएका परिवारको वडागत विवरण (%)




## १३.५ परिवारमा उपलव्ध साधन/सुविधा

जनगणनामा देशभित्र अक्सर बसोबास गर्ने हरेक परिवारमा भएका साधन तथा सेवा सुविधाहरूको विवरण सङ्कलन गरिएको थियो। सङ्कलित विवरणअनुसार यस नगरपालिकामा ३९.१ प्रतिशत परिवारसँग स्मार्ट मोबाइल फोन रहेको देखिन्छ भने ७३.७ प्रतिशत परिवारसँग साधारण मोबाइल फोन रहेको छ। सूचना र मनोरञ्जनको साधन टेलिभिजन भएका परिवार करिब ११.३ प्रतिशत रहेका छन्। मानिसहरूको आवश्यकताका रूपमा विस्तार हुँदै गरेको इन्टरनेट सुविधा हुने ५.० प्रतिशत र रेडियो सुविधा प्राप्त परिवार ३६.२ प्रतिशत रहेका छन्। अक्सर मध्यम वा उच्च आयस्तर हुने परिवारले उपयोग गर्ने कम्प्युटर/ल्यापटप, रेफ्रिजेरेटर र वासिङ मेसिन क्रमशः २.७, १.३ र ०.०२ प्रतिशत परिवारमा उपलब्ध देखिन्छ। मोटरसाइकल/स्कुटर भएका घरपरिवार ३.५ प्रतिशत रहेको देखिन्छ भने कार/जिप र भ्यानजस्ता सवारी साधन भएका घरपरिवारको अंश १.१ प्रतिशत रहेको छ।

## तालिका १३.५.१ : परिवारमा उपलब्ध सेवा सुविधाको अवस्था

| वडा नं. | | बुढीगंगा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरपरिवार | | ४५५४ | ४४७ | ४७३ | ३६५ | ५२४ | २८८ | ४९२ | ४७८ | ४१७ | ४८९ | ५८१ |
| कुनै सुविधा नभएको | | १५.७० | १३.८७ | ३५.९४ | ११.५१ | १४.६९ | ९.०३ | ६.१० | १८.४१ | १७.०३ | १९.२२ | ९.४७ |
| कम्तीमा एक सुविधा भएका | | ८४.३० | ८६.१३ | ६४.०६ | ८८.४९ | ८५.३१ | ९०.९७ | ९३.९० | ८१.५९ | ८२.९७ | ८०.७८ | ९०.५३ |
| घरायसी सुविधा तथा साधन | रेडियो सुविधा | ३६.१९ | ५४.८१ | १४.५९ | ४२.१९ | १०.५० | ७३.९६ | २३.९८ | ३७.८७ | ३२.८५ | ३८.६५ | ४९.४० |
| | टेलिभिजन | ११.३१ | ३.५८ | ६.७७ | ८.४९ | ९.३५ | १२.५० | ३४.७६ | ७.९५ | १८.४७ | ७.१६ | ५.१६ |
| | ल्याण्डलाइन टेलिफोन | ०.८१ | ०.०० | ०.०० | ०.०० | ०.०० | ३.१३ | ०.६१ | ०.४२ | ५.०४ | ०.२० | ०.१७ |
| | मोबाइल फोन( साधारण) | ७३.६९ | ७९.८७ | ५४.७६ | ५०.४१ | ८३.४० | ८९.९३ | ८६.५९ | ७३.४३ | ७१.७० | ५८.६९ | ८५.५४ |
| | मोबाइलफोन( स्मार्ट) | ३९.०९ | ४७.२० | १४.१६ | २७.९५ | २१.९५ | २.७८ | ५०.४१ | १४.०२ | ६४.७५ | ५८.२८ | ७०.०५ |
| | कम्प्युटर/ल्यापटप | २.७० | १.१२ | ०.०० | ०.०० | १.३४ | १.०४ | १४.४३ | २.०९ | ४.८० | ०.२० | १.०३ |
| | ईन्टरनेट | ५.०३ | ०.६७ | ०.०० | ४.३८ | १.३४ | ०.३५ | २.०३ | ०.८४ | २.४० | ०.०० | ३०.६४ |
| | कार/जीप/भ्यान | १.०८ | ०.२२ | ०.२१ | ०.२७ | ०.७६ | ०.०० | ५.८९ | ०.२१ | २.६४ | ०.०० | ०.१७ |
| | मोटर साइकल/स्कुटर | ३.४७ | ०.६७ | ०.४२ | १.१० | ०.५७ | ०.०० | १३.२१ | १.४६ | ९.८३ | १.२३ | ४.६५ |
| | साइकल | १.०१ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३.२५ | ०.८४ | ०.४८ | ०.२० | ३.९६ |
| | विद्युतीय पंखा | ३.१२ | ०.०० | ०.२१ | ०.०० | ०.१९ | ०.३५ | १७.८९ | १.०५ | ५.२८ | ०.८२ | ३.४४ |
| | रेफ्रिजरेटर | १.२५ | ०.०० | ०.६३ | ०.०० | ०.१९ | ०.०० | ७.३२ | ०.०० | ०.०० | ०.०० | २.९३ |
| | वाशिङ्ग मेशिन | ०.०२ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.२० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | एअर कन्डिसनर | ०.०२ | ०.०० | ०.०० | ०.०० | ०.१९ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

परिवारहरूको लागि अत्यावश्यक हुँदै गएका प्रमुख घरायसी साधन र सुविधा स्थान र समयअनुसार फरक फरक हुने भए तापनि वर्तमान अवस्थामा फोन (मोबाइल वा ल्याण्डलाइन) टेलिभिजन, इन्टरनेट, दुई पाङ्ग्रे सवारी साधन, रेफ्रिजेरेटर, पंखा आदि अपरिहार्य घरायसी साधनका रूपमा ग्रहण गरिन थालेका छन्। माथिल्लो तालिका १३.५.१ मा समाविष्ट कुनै पनि घरायसी साधन र सुविधा नभएका र भएका परिवारलाई चित्र १३.५.१ मा प्रस्तुत गरिएको छ। चित्रमा देखिएअनुसार ८० प्रतिशतभन्दा बढी परिवारमा उपरोक्तमध्ये कम्तीमा एक सुविधा रहेको देखिन्छ भने यस नगरपालिकाका १५.७ प्रतिशत परिवारमा कुनै पनि सुविधा विद्यमान नरहेको देखिन्छ।

चित्र १३.५.१: घरपरिवारमा उपलब्ध सेवा सुविधाको अवस्था




## १३.६ सम्पन्नताको वर्गीकरणअनुसार परिवारको वितरण

राष्ट्रिय जनगणना २०७८ ले सङ्कलन गरेका घरको बनोट संरचना र किसिम (जग, पर्खाल, छानो, भुइँ आदि), खानेपानीको मुख्य स्रोत, खाना पकाउन र बत्ती बाल्न प्रयोग हुने इन्धन, शौचालयको सुविधा र अन्य घरायसी सम्पतिको आधारमा हाल देशका विभिन्न भूभागमा बसोबास गर्ने परिवारलाई पाँच बराबर भागमा विभाजन गरी सम्पन्नताको पञ्चमक (Wealth quintile) निर्धारण गरिएको छ। यसरी सूचक निर्माण गर्दा घरायसी उपभोग, साधन तथा सुविधामा न्यून पहुँच भएका पहिलो (तल्लो %) वर्गमा र साधन तथा सुविधामा सहज पहुँच रहेका परिवार पाँचौ (माथिल्लो %) वर्गमा पर्ने गरी गरिएको छ। यस वर्गीकरणले देशका सबै परिवारलाई समान २०-२० प्रतिशतमा विभाजन गर्ने हुनाले तल्लोदेखि माथिल्लो तहसम्मका पाँचै भागमा २० प्रतिशत नै परिवार भएको देखिन्छ। समग्र देशभरिका परिवारलाई समान भागमा वितरण गर्दा यस नगरपालिकामा भएको घरपरिवार कुन तहमा रहेका छन् र तिनको वितरण कस्तो छ भनी यस उपखण्डमा विश्लेषण गरिएको छ।

जनगणना २०७८ अनुसार यस नगरपालिकामा न्यून आर्थिक अवस्था भएका तल्लो वर्गमा ६३.२ प्रतिशत र सबैभन्दा माथिल्लो अर्थात् अति उच्च वर्गमा ०.४ प्रतिशत परिवार रहेका छन् भने मध्यम वर्गमा पर्ने परिवार ६.८ प्रतिशत छन्। वडास्तरमा तुलना गर्दा अति न्यून वर्गभित्र सर्वाधिक ठुलो (८१%) संख्या वडा नं. १ मा रहेको छ भने अति उच्च वर्गभित्र सर्वाधिक ठुलो हिस्सा (१.४%) वडा नं. ६ र ८ मा रहेको छ। मध्यम वर्गभित्र सबैभन्दा धेरै परिवार (२०.७%) वडा नं. ६ मा रहेको देखिन्छ।

तालिका १३.६.१: सम्पन्नताको पञ्चमकअनुसार परिवारको वितरण (%)

| वडा | अति न्यून वर्ग | न्यून वर्ग | मध्यम वर्ग | उच्च वर्ग | अति उच्च वर्ग |
|---|---|---|---|---|---|
| १ | ८०.९८ | १८.१२ | ०.८९ | ० | ० |
| २ | ८०.५५ | १५.६४ | ३.३८ | ०.२१ | ०.२१ |
| ३ | ७०.४१ | २७.१२ | २.४७ | ० | ० |
| ४ | ७१.९५ | २३.४७ | ४.२ | ०.३८ | ० |
| ५ | ७६.०४ | १३.८९ | ९.०३ | १.०४ | ० |
| ६ | ३९.८४ | २९.६७ | २०.७३ | ८.३३ | १.४२ |
| ७ | ७८.०३ | १६.७४ | ३.९७ | ०.८४ | ०.४२ |
| ८ | ३५.२५ | ४५.३२ | १४.३९ | ३.६ | १.४४ |
| ९ | ६२.९९ | ३२.३१ | ३.२७ | १.४३ | ० |
| १० | ४४.२३ | ४९.५७ | ५.८५ | ०.३४ | ० |
| बुढीगंगा | ६३.१८ | २८.०६ | ६.७६ | १.६५ | ०.३५ |

चित्र १३.६.१: सम्पन्नताको वर्गीकरणअनुसार परिवारको वितरण (प्रतिशत)




## १३.७ आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवार

वि.सं. २०७२ को शक्तिशाली महाभूकम्पबाट देशका विभिन्न जिल्लामा पूर्ण वा आंशिक रूपमा क्षति भएका घरहरूको पुनर्निर्माण गर्नका लागि नेपाल सरकारले निश्चित आधार पूरा गरेका घरपरिवारलाई अनुदान प्रदान गरेको थियो। गत १२ औं राष्ट्रिय जनगणना वि.सं. २०७८ मङ्सिरमा सञ्चालन गर्दा भूकम्पबाट आंशिक वा पूर्ण क्षति भएका अधिकांश घरहरूको निर्माण वा पुनर्निमाण भइसकेको थियो। सरकारी अनुदान लिई भूकम्पबाट प्रभावित आफ्नो आवासीय घर पुनर्निर्माण गर्ने घरपरिवार नेपालभरि १०.२७ प्रतिशत रहेका थिए भने बाजुरा जिल्लामा यस्तो सरकारी सुविधा प्राप्त गर्ने घरपरिवार

२.२ प्रतिशत रहेको देखिन्छ। बुढीगंगा नगरपालिकामा आवासीय घर पुनर्निर्माणका लागि सरकारी अनुदान प्राप्त गर्ने घरपरिवारको हिस्सा १.२प्रतिशत रहेको देखिन्छ।

तालिका १३.७.१: आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवारको विवरण (% मा)

| क्षेत्र | परिवार संख्या (संथागतबाहेक) | आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवारको प्रतिशत | | |
|---|---|---|---|---|
| | | लिएका | नलिएका | नखुलेको |
| नेपाल | ६६६०८४१ | १०.२७ | ८९.३३ | ०.४ |
| बाजुरा | २८०४१ | २.१७ | ९७.७५ | ०.०८ |
| बुढीगंगा | ४५५४ | १.५५ | ९८.३८ | ०.०६ |

## १३.८ बैंक तथा वित्तीय संस्थामा बैंक खातासम्बन्धी विवरण

पहिलोपटक वि.सं. २०७८ को बाह्रौं राष्ट्रिय जनगणनामा घरपरिवारका कति सदस्यको बैंक वा वित्तीय संस्थामा कम्तीमा एउटा खाता छ भनेर विवरण सङ्कलन गरिएको थियो। यसको मुख्य उद्देश्य भनेको घरपरिवारको बैंक तथा वित्तीय संस्थामा रहेको पहुँच पहिचान गर्नु र डिजिटल कारोबार विस्तार गर्ने राज्यको नीति कति प्रभावकारी भएको छ भनेर सूचना सङ्कलन गर्नु रहेको थियो। बुढीगंगा नगरपालिकामा कम्तीमा एउटा बैंक खाता भएको परिवार करिब ४७ प्रतिशत रहेको छ। नेपालमा बैंक खाता हुने परिवारको हिस्सा करिब ६१.९ प्रतिशत रहेको छ। त्यससँग तुलना गर्दा बुढीगंगामा बैंक खाता हुने परिवार करिब १५ प्रतिशत विन्दुले कम छ। समग्र बाजुरा जिल्लासँग तुलना गर्दा पनि बुढीगंगा नगरपालिकाका परिवारमध्ये कम्तीमा एउटा बैंकमा खाता हुने परिवार १३.२ प्रतिशत विन्दुले कम रहेको छ। यसका पछाडि मूलतः दुईओटा कारणहरू विद्यमान हुनसक्छ। परिवारहरूको बैंकिङ्ग अभ्यास र बैंक तथा वित्तीय संस्थाको उक्त नगरपालिकामा कत्तिको उपस्थिति छ त्यस अवस्थाले यसलाई धेरै हदसम्म निर्धारण गर्दछ।

आवश्यकता, उमेर र आर्थिक सक्षमताअनुसार परिवारका सबै सदस्यको कम्तीमा एउटा वा एकभन्दा बढी बैंक खाता हुनसक्दछ। जनगणनाको नतिजाअनुसार यस नगरपालिकामा परिवारका लगभग १६.१ प्रतिशत सदस्यको मात्र बैंक वा वित्तीय संस्थामा खाता रहेको देखिन्छ। बैक खाता हुने परिवारका सदस्यमध्ये पनि पुरुषको अंश १७.५ प्रतिशत छ भने महिलाको अंश लगभग १५ प्रतिशत छ। यसबाट नगरपालिकामा पुरुष सदस्यभन्दा महिला सदस्यको बैंकमा पहुँच कम रहेको देखिन्छ।

तालिका १३.८.१: बैक तथा वित्तीय संस्थामा बैंक खातासम्बन्धी विवरण (% मा)

| क्षेत्र | परिवार संख्या (संथागत बाहेक) | जनसंख्या (संथागतबाहेक) | | | कम्तीमा एउटा खाता भएको परिवारको प्रतिशत | बैंक खाता भएको व्यक्तिको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| नेपाल | ६६६०८४१ | २८९८५३६४ | १४९११८९१ | १४८६६३७३ | ६१.९ | २५.६ | २६.४ | २४.७ |
| बाजुरा | २८०४१ | १३७७३२ | ६६३२५ | ७१४०७ | ६०.१३ | १९.३९ | २२.१८ | १६.८ |
| बुढीगंगा | ४५५४ | २०१८५ | ९२५४ | १०९३१ | ४६.९७ | १६.१ | १७.५३ | १४.८९ |

## १३.९ प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम

देशमा उपलब्ध जनशक्तिमध्ये कति संख्यामा प्राविधिक विषय अध्ययन गरेका छन् र अन्य कतिले व्यावसायिक शिक्षा वा तालिम लिएका छन् ? यस विषयसँग सम्बन्धित तथ्याङ्क संघ, प्रदेश र प्रत्येक स्थानीय तहका लागि महत्वपूर्ण हुन्छ। विकासका विभिन्न चरणमा प्राविधिक एवम् व्यावसायिक सिपयुक्त जनशक्तिको आवश्यकता रहन्छ। राष्ट्रिय शिक्षा नीतिलाई समयानुकूल बनाउनका लागि पनि यस्तो तथ्याङ्क अपरिहार्य मानिन्छ।

वि.सं. २०७८ को जनगणनामा पहिलोपटक यससम्बन्धी विवरण प्रत्येक घरपरिवारबाट सङ्कलन गरिएको थियो। नेपालमा १८ वर्ष र सोभन्दा माथिको जनसंख्यामध्ये १२.६ प्रतिशत जनसंख्याले प्राविधिक शिक्षा वा व्यावसायिक तालिम प्राप्त गरेको देखिन्छ। बुढीगंगा नगरपालिकामा ७.२ प्रतिशत जनसंख्याले यस्तो शिक्षा र तालिम प्राप्त गरेका छन्। तथ्याङ्कबाट बुढीगंगा नगरपालिकाका कुल ४५५४ परिवारमध्ये १२.४ प्रतिशत घरपरिवारमा १८ वर्षमाथिका कम्तीमा एक जना सदस्यले प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गरेको वा त्यसप्रकारको तालिम लिएको देखिन्छ। यसप्रकारको जनशक्ति समग्र नेपालको तुलनामा यस स्थानीय तहमा ०.१ प्रतिशत विन्दुले कम रहेको छ भने बाजुरा जिल्लाको समग्र मानसँग तुलना गर्दा २.८ प्रतिशत विन्दुले उच्च छ।

तालिका १३.९.१: प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएको परिवार तथा जनसंख्या विवरण (%मा)

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | १८ वर्ष र सोभन्दा माथिको जनसंख्या | व्यावसायिक तथा प्राविधिक तालिम लिएको परिवार तथा जनसंख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | व्यावसायिक तथा प्राविधिक तालिम लिएको कम्तीमा १ जना भएको परिवार | | जनसंख्या | |
| | | | संख्या | प्रतिशत | व्यावसायिक तथा प्राविधिक तालिम लिएको जनसंख्या | प्रतिशत (१८ वर्ष र सो भन्दा माथिको ) |
| नेपाल | ६६६०८४१ | १९२९४९९५ | ८३६१२७ | १२.५५ | १०८१६४६ | ५.६१ |
| बाजुरा | २८०४१ | ७८२५० | २६९२ | ९.६० | ३६६३ | ४.६८ |
| बुढीगंगा | ४५५४ | ११५६४ | ५६६ | १२.४३ | ८३२ | ७.१९ |

## १३.१० बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको विवरण

बैंक तथा वित्तीय संस्थाबाट घरपरिवारले विभिन्न प्रयोजनका लागि ऋण लिएका हुन्छन्। पछिल्लो बाह्रौं जनगणना (वि.सं. २०७८) मा गणनाको दिनभन्दा अगाडिको कुनै समयमा घरपरिवारले ऋण लिएको र गणनाको दिनसम्म उक्त ऋण पूर्ण वा आंशिक रूपमा बाँकी रहेको भए ऋण लिएको मानी विवरण सङ्कलन गरिएको थियो। यसबाट केही महत्वपूर्ण सूचक प्राप्त हुन्छन्। पहिलो, घरपरिवारको संगठित संस्थाबाट प्रवाह गरिने कर्जामा रहेको पहुँच सम्बन्धमा वडा तहसम्मको तथ्याङ्क प्राप्त हुन्छ। दोस्रो, ऋण लिनुका पछाडि जुनसुकै कारण भए पनि त्यसले मूलतः उपभोग वा व्यावसायिक प्रयोजनका लागि घरपरिवारको आवश्यकतालाई दर्शाउँदछ।

यस बुढीगंगा नगरपालिकामा कुनै पनि बैंक तथा वित्तीय संस्था (सहकारी संस्थासमेत) बाट ऋण लिएका घरपरिवार ९.९ प्रतिशत रहेका छन्। बाजुरा जिल्लामा यस सूचकको मान १४.३ प्रतिशत छ भने समग्र नेपालमा ऋण लिएका

घरपरिवारको हिस्सा २५.६ प्रतिशत रहेको छ। यस तथ्याङ्कले यस स्थानीय तहमा बसोबास गर्ने परिवारहरूको ऋण लिने प्रवृत्ति बाजुरा जिल्ला र नेपालको भन्दा पनि कम रहेको देखिन्छ।

तालिका १३.१०.१: बैक तथा वित्तीय संस्थाबाट ऋण लिएका परिवारको विवरण (% मा)

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | ऋण लिएका परिवारको प्रतिशत | |
|---|---|---|---|
| | | लिएका | नलिएका |
| नेपाल | ६६६०८४१ | २५.६ | ७४.४ |
| बाजुरा | २८०४१ | १४.२८ | ८५.७२ |
| बुढीगंगा | ४५५४ | ९.८९ | ९०.११ |

## १३.११ घर, जग्गामा महिलाको स्वामित्व

यस नगरपालिकाका कुल ४५५४ परिवारमध्ये २.३ प्रतिशत परिवारका कम्तीमा एक जना महिला सदस्यको घर र जग्गा दुवैमा स्वामित्व रहेको छ भने १.८ प्रतिशत परिवारका महिलाहरूको जग्गामा मात्र स्वामित्व रहेको छ। त्यसैगरी ०.४ प्रतिशत परिवारमा महिला सदस्यको स्वामित्वमा घरमात्र रहेको छ। घर वा जग्गा कुनै पनि सम्पत्तिमाथि स्वामित्व नभएका महिला भएका घरपरिवारको अंश ९४ प्रतिशत रहेको छ।

तालिका १३.११.१ : घर र जग्गामा महिलाको स्वामित्व (%)

| क्षेत्र | जम्मा घरपरिवार | स्वामित्व | | | | |
|---|---|---|---|---|---|---|
| | | घर मात्र | जमिन मात्र | घर र जग्गा दुवै | कुनै पनि स्वामित्व नभएको | उल्लेख नभएको |
| नेपाल | ६६६०८४१ | २.३५ | ९.६६ | ११.८४ | ७४.५६ | १.५८ |
| सुदुरपश्चिम | ५७६७७२ | ०.६८ | ४.७० | ६.३७ | ८६.४३ | १.८१ |
| बाजुरा | २८०४१ | ०.३९ | १.६० | २.१८ | ९३.७३ | २.१० |
| बुढीगंगा | ४५५४ | ०.३७ | १.७६ | २.२८ | ९४.०१ | १.५८ |

चित्र १३.११.१: घर र जग्गामा महिलाको स्वामित्व (%)



## १३.१२ कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको विवरण

जनगणनाको नतिजाअनुसार यस नगरपालिकामा कुनै पनि सरकारी निकायमा दर्ता नभएका र एक जना पनि तलबी कामदार नराखिएका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार करिब ७ प्रतिशत रहेका छन् ।

तालिका १३.१२.१: साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको वितरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जम्मा परिवार संख्या | ४५५४ | १०० |
| साना घरेलु व्यवसाय भएका परिवार संख्या | ३१७ | ६.९६ |
| साना घरेलु व्यवसाय नभएका परिवार संख्या | ४२२० | ९२.७ |
| उल्लेख नभएको | १७ | ०.३७ |

साना घरेलु व्यवसाय सञ्चालन गरेका कुल ३१७ परिवारमध्ये ६६.६ प्रतिशतले व्यापार व्यवसाय सञ्चालन गरेको देखिन्छ भने यातायात क्षेत्रमा ३.५ प्रतिशत परिवार संलग्न रहेका छन्। घरेलु उद्योगमा ५.७ प्रतिशत परिवार संलग्न देखिन्छ। सेवा क्षेत्रमा १४.८ प्रतिशत परिवार संलग्न देखिएका छन्। उपरोक्त बाहेकका अन्य क्षेत्रमा ९.५ प्रतिशत परिवार संलग्न देखिन्छन्।

तालिका १३.१२.२: क्षेत्रअनुसार साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार

| साना घरेलु व्यवसाय | जम्मा परिवार | % | पुरुष संचालक भएका परिवार | % | महिला संचालक भएका परिवार | % |
|---|---|---|---|---|---|---|
| घरेलु उद्योग | १८ | ५.६८ | १५ | ७.९८ | ३ | २.३३ |
| व्यापार/ व्यवसाय | २११ | ६६.५६ | १२३ | ६५.४३ | ८८ | ६८.२२ |
| यातायात | ११ | ३.४७ | ७ | ३.७२ | ४ | ३.१ |
| सेवा | ४७ | १४.८३ | २४ | १२.७७ | २३ | १७.८३ |
| अन्य | ३० | ९.४६ | १९ | १०.११ | ११ | ८.५३ |
| जम्मा | ३१७ | १०० | १८८ | १०० | १२९ | १०० |

चित्र १३.१२.१: कृषिबाहेक साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार (%)



# खण्ड १४: अक्सर विदेश बस्ने जनसंख्या

## १४.१ परिवारमा अनुपस्थित विदेश

यस बुढीगंगा नगरपालिकामा कुल ४५५४ परिवार मध्येमा १६८९ (३७.१%) परिवारमा अनुपस्थित भई कम्तीमा एक जना सदस्य अक्सर विदेशमा बसोबास गरेका छन्। कुल "अनुपस्थित विदेश" रहेका ४२६८ जना मध्येमा २८०६ जना पुरूष र १४६२ जना महिला रहेका छन्। समग्र बाजुरा जिल्लामा हेर्ने हो भने परिवारबाट कम्तीमा एक जना विदेश अनुपस्थित हुने घरपरिवार २२.१ प्रतिशत रहेका छन्।

तालिका १४.१.१ : परिवारमा अनुपस्थित विदेश रहेका परिवारको संख्या

| क्षेत्र | जम्मा परिवार | कम्तीमा एक जना विदेश अनुपस्थित भएको परिवार | प्रतिशत | अनुपस्थित विदेश संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला |
| बाजुरा | २८०४१ | ६१८२ | २२.०५ | १४३३९ | ९६२१ | ४७१८ |
| बुढीगंगा नगरपालिका | ४५५४ | १६८९ | ३७.०९ | ४२६८ | २८०६ | १४६२ |

## १४.२ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको उमेर समूहअनुसारको विवरण

परिवारको कम्तीमा एक जना सदस्य अक्सर विदेशमै बसोबास गर्ने भएमा ती विदेश अनुपस्थितअन्तर्गत गणना हुने सन्दर्भमा कुन उमेर समूहका मानिसहरू यस नगरपालिकाबाट विदेश गएका रहेछन् भन्ने तथ्याङ्क उपयोगी हुन्छ। यस नगरपालिकाबाट विदेशमा अनुपस्थित सबैभन्दा धेरै अर्थात् ३९.३ प्रतिशत व्यक्तिहरू १५-२४ वर्ष उमेर समूहका रहेका छन्। दोस्रो (२२.१%) र तेस्रो (१९.३%) स्थानमा क्रमशः १४ वर्ष वा सोभन्दा कम र २५-३४ उमेर समूहका व्यक्तिहरू रहेका छन्। उमेर समूहको बढोत्तरी सँगसँगै विदेशमा अनुपस्थित हुने जनसंख्या क्रमशः घटिरहेको देखिन्छ। यसको सङ्केत २५-३४ उमेर समूहबाट ३५-४४ उमेर समूहमा पुग्दा विदेश जाने जनसंख्याको अनुपात १९.३ प्रतिशतबाट ९.४ प्रतिशतमा झरेको छ। कुल जनसंख्यामा विदेश जाने उमेर समूहको संरचना जस्तो छ त्यसलाई पुरूष र महिलाअनुसार खण्डीकृत गरेर हेर्दा पनि उस्तै उस्तै नै प्रवृत्ति रहेको देख्न सकिन्छ।

### तालिका १४.२.१: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरूको विदेश जाँदाको उमेर तथा लिङ्गअनुसारको विवरण

| लिङ्ग | जम्मा | विदेश जाँदाको उमेर | | | | | | | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १४ वर्ष वा सोभन्दा कम | १५-२४ | २५-३४ | ३५-४४ | ४५-५४ | ५५-६४ | ६५+ | |
| जम्मा | ४२६८ | ९४३ | १६७६ | ८२२ | ३९९ | १७२ | ७१ | ९ | १७६ |
| % | १०० | २२.०९ | ३९.२७ | १९.२६ | ९.३५ | ४.०३ | १.६६ | ०.२१ | ४.१२ |
| पुरुष | २८०६ | ५४६ | ११०२ | ५६२ | ३०६ | १४० | ४६ | ८ | ९६ |
| % | १०० | १९.४६ | ३९.२७ | २०.०३ | १०.९१ | ४.९९ | १.६४ | ०.२९ | ३.४२ |
| महिला | १४६२ | ३९७ | ५७४ | २६० | ९३ | ३२ | २५ | १ | ८० |
| % | १०० | २७.१५ | ३९.२६ | १७.७८ | ६.३६ | २.१९ | १.७१ | ०.०७ | ५.४७ |

चित्र १४.२.१: विदेशमा अनुपस्थित पुरूष र महिलाको उमेर समूह अनुसारको वितरण




## १४.३ अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देशअनुसारको विवरण

नेपालका सबै जिल्ला र सबै स्थानीय तहबाट विभिन्न उद्देश्यका लागि विदेश जाने गरको देखिन्छ। मानिसहरूको आर्थिक अवस्था, शैक्षिक योग्यता, सिप, पेसा, उद्देश्य, सामाजिक सम्पर्क लगायतका कारणले गन्तव्य पनि फरक फरक हुने गरेको देखिन्छ। यस नगरपालिकाबाट परिवारमा अनुपस्थित (विदेश) रहेका व्यक्तिमध्ये सर्वाधिक (९७.१%) भारतमा गएको देखिन्छ। दोस्रोमा आसियान देश (०.८%) र तेस्रोमा मध्यपुर्व मुलुक (०.८%) मा घरपरिवारबाट अक्सर अनुपस्थित भई विदेशमा हुने व्यक्तिहरू देखिएका छन्। चौथो (०.४%) गन्तव्यमा अन्य एसियाली देशहरू रहेका छन्।विदेश जाने व्यक्तिहरूको रोजाइ लिङ्गअनुसार फरक फरक रहेको देखिन्छ। पुरूषहरूको शीर्ष रोजाइमा रहेका तीन देशहरू क्रमशः भारत (९६%), आसियान (१.२%) र मध्यपूर्व (१.१%) भने महिलाहरूको रोजाइमा रहेका शीर्ष तीन मुलुकमा क्रमशः भारत (९९.%), उत्तर अमेरिकी देश (०.५%) र (०.१%) मध्यपूर्वका देश रहेको छ।

तालिका १४.३.१: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको लिङ्ग तथा देशअनुसारको विवरण

| लिंग | जम्मा | भारत | सार्क | आसियान | मध्यपूर्व | अन्य एसियाली | युरोपियन युनियन | उत्तर अमेरिका | अफ्रिका | प्यासिफिक | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | | | | | | |
| संख्या | ४२६८ | ४१४२ | ७ | ३४ | ३४ | १८ | १० | १६ | १ | ३ | ३ |
| % | १०० | ९७.०५ | ०.१६ | ०.८ | ०.८ | ०.४२ | ०.२३ | ०.३७ | ०.०२ | ०.०७ | ०.०७ |
| पुरुष | | | | | | | | | | | |
| संख्या | २८०६ | २६९५ | ६ | ३३ | ३२ | १६ | १० | ९ | १ | २ | २ |
| % | १०० | ९६.०४ | ०.२१ | १.१८ | १.१४ | ०.५७ | ०.३६ | ०.३२ | ०.०४ | ०.०७ | ०.०७ |
| महिला | | | | | | | | | | | |
| संख्या | १४६२ | १४४७ | १ | १ | २ | २ | ० | ७ | ० | १ | १ |
| % | १०० | ९८.९७ | ०.०७ | ०.०७ | ०.१४ | ०.१४ | ० | ०.४८ | ० | ०.०७ | ०.०७ |

चित्र १४.३.१: पुरूष र महिलाको शीर्षस्थ तीन गन्तव्य देश/क्षेत्र (%)




## १४.४ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको विदेश जानुको कारण अनुसारको विवरण

परिवारमा अनुपस्थित व्यक्तिहरूको विदेश जानुको मुख्य (५५.९%) कारण तलब ज्याला रहेको छ। दोस्रो ठुलो (२७.१%) कारण आश्रित रहेको छ।त्यस्तै, विदेश जाने कारण कामको खोजी हुनेहरूको हिस्सा ११.६ प्रतिशतसहित तेस्रो स्थानमा रहेको छ। अध्ययन र तालिमको लागि विदेश गएकाहरूको अनुपात १.९ प्रतिशत रहेको छ। परिवारमा अनुपस्थित भई विदेश गएका व्यक्तिहरूको विदेश जानुको मुख्य कारण लिङ्गअनुसार फरक फरक रहेको छ। पुरूषहरू तलब/ज्याला (६२.२%), आश्रित (२०.२%) तथा कामको खोजी (१२.६%) विदेश गएका देखिन्छन् भने महिलाहरू विदेश जानुको प्रमुख तीनओटा कारण क्रमशः तलब/ज्याला (४३.९%), आश्रित (४०.४%) र कामको खोजी (९.६%) रहेका छन्।

तालिका १४.४.१: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको लिङ्ग तथा कारण अनुसारको विवरण

| बुढीगंगा नगरपालिका | जम्मा | परिवारमा अनुपस्थित रहनुको कारण | | | | | | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|
| | | तलब/ज्याला | व्यापार/व्यवासय | अध्ययन/तालिम | कामको खोजि | आश्रित | अन्य | |
| जम्मा | | | | | | | | |
| संख्या | ४२६८ | २३८६ | २ | ८० | ४९३ | ११५७ | ४५ | १०५ |
| % | १०० | ५५.९० | ०.०५ | १.८७ | ११.५५ | २७.११ | १.०५ | २.४६ |
| पुरुष | | | | | | | | |
| संख्या | २८०६ | १७४४ | २ | ५८ | ३५३ | ५६७ | २५ | ५७ |
| % | १०० | ६२.१५ | ०.०७ | २.०७ | १२.५८ | २०.२१ | ०.८९ | २.०३ |
| महिला | | | | | | | | |
| संख्या | १४६२ | ६४२ | ० | २२ | १४० | ५९० | २० | ४८ |
| % | १०० | ४३.९१ | ० | १.५० | ९.५८ | ४०.३६ | १.३७ | ३.२८ |

चित्र १४.४.१: नगरपालिकाबाट परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरूको विदेश जाने प्रमुख कारण (%)




## १४.५ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थामा उत्तीर्ण गरेको तहअनुसारको विवरण

यस नगरपालिकाबाट परिवारमा अनुपस्थित (विदेशमा) रहेका व्यक्तिहरू मध्येमा २५.५ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह वा सोसरह उत्तीर्ण गरेर गएको पाइएको छ। त्यस्तै १९.७ प्रतिशतले माध्यमिक तह, १६.१ प्रतिशतले निम्न माध्यमिक तह र करिव ७ प्रतिशतले प्रमाणपत्र वा सोसरह पूरा गरेर गएको देखिन्छ। एस.एल.सी.-एस.ई.ई. उत्तीर्ण गरेर जानेको अनुपात २.९ प्रतिशत, स्नातक वा सोसरह ०.९ प्रतिशतले र ०.२ प्रतिशतले स्नातकोत्तर तह उत्तीर्ण गरी विदेश गएको पाइएको छ।

तालिका १४.५.१: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थाको शैक्षिक तह

| उत्तीर्ण गरेको तह | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा | ३८३७ | १०० | २५८४ | १०० | १२५३ | १०० |
| पूर्व प्रथामिक | ३२६ | ८.५० | २०५ | ७.९३ | १२१ | ९.६६ |
| प्राथमिक | ९७९ | २५.५१ | ६५३ | २५.२७ | ३२६ | २६.०२ |
| निम्न माध्यामिक | ६१९ | १६.१३ | ४४२ | १७.११ | १७७ | १४.१३ |
| माध्यमिक | ७५४ | १९.६५ | ५३८ | २०.८२ | २१६ | १७.२४ |
| एस.एल.सी/एस.ई. ई. | १११ | २.८९ | ७४ | २.८६ | ३७ | २.९५ |
| प्रमाणपत्र तह वा सोसरह | २६७ | ६.९६ | २०४ | ७.८९ | ६३ | ५.०३ |
| स्नातक वा सोसरह | ३३ | ०.८६ | २३ | ०.८९ | १० | ०.८० |
| स्नातकोत्तर वा सोसरह | ६ | ०.१६ | ६ | ०.२३ | ० | ०.०० |
| अन्य | २ | ०.०५ | २ | ०.०८ | ० | ०.०० |
| तह नखुलेको | २२ | ०.५७ | १० | ०.३९ | १२ | ०.९६ |
| नखुलेको | ७१८ | १८.७१ | ४२७ | १६.५२ | २९१ | २३.२२ |

चित्र १४.५.१: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थाको शैक्षिक तह



# खण्ड १५: मृत्युसम्बन्धी विवरण

## १५.१ मृत्युसम्बन्धी विवरण

नगरपालिकामा रहेका कुल ४५५४ परिवारमध्ये १३१ (२.९%) परिवारमा जनगणना गरिएको दिनभन्दा १२ महिना अगाडि कम्तीमा एक जनाको मृत्यु भएको पाइएको छ। सो अवधिमा मृत्यु भएका १३५ जना मध्येमा ८० जना पुरूष र ५५ जना महिला रहेका छन्। मृत्यु भएको कुल जनसंख्यालाई उमेर समूहअनुसार विश्लेषण गर्दा सर्वाधिक मृत्यु ८० वर्ष र सोभन्दा माथिको उमेर समूहमा विद्यमान देखिन्छ। यस उमेर समूहमा जम्मा मृत्यु भएका मध्ये २३.६ प्रतिशत महिलाको मृत्यु भएको देखिन्छ भने पुरुषतर्फ यो मान २६.३ प्रतिशत रहेको छ। अत्यधिक मृत्यु भएको दोस्रो ठुलो उमेर समूह ७०-७४ रहेको छ जहाँ समग्र मृत्यु अनुपात १६.३ रहेको छ। पुरुषतर्फ यो मान १५ प्रतिशत र महिलातर्फ १८.२ प्रतिशत रहेको छ। नीतिनिर्माताका लागि अत्यधिक चासोको विषय १ वर्षमुनिका कति शिशुको मृत्यु भयो भन्ने रहेको छ। कुल मृत्युमध्ये २.२ प्रतिशत मृत्यु शिशुहरूतर्फ रहेको छ भने पाँच वर्षमुनिको मृत्यु ५.२ प्रतिशत रहेको छ।

तालिका १५.१.१: मृत्यु भएका पुरूष तथा महिलाको विवरण (% मा)

| उमेर समुह | मृत्यु भएको संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | % | पुरुष | % | महिला | % |
| जम्मा | १३५ | १०० | ८० | १०० | ५५ | १०० |
| <१ | ३ | २.२२ | २ | २.५० | १ | १.८२ |
| ०१-०४ | ४ | २.९६ | ३ | ३.७५ | १ | १.८२ |
| ०५-०९ | १ | ०.७४ | ० | ०.०० | १ | १.८२ |
| १०-१४ | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ - १९ | २ | १.४८ | १ | १.२५ | १ | १.८२ |
| २० - २४ | १ | ०.७४ | १ | १.२५ | ० | ०.०० |
| २५ - २९ | २ | १.४८ | १ | १.२५ | १ | १.८२ |
| ३० - ३४ | ३ | २.२२ | २ | २.५० | १ | १.८२ |
| ३५ - ३९ | ४ | २.९६ | २ | २.५० | २ | ३.६४ |
| ४० - ४४ | ६ | ४.४४ | ५ | ६.२५ | १ | १.८२ |
| ४५ - ४९ | २ | १.४८ | २ | २.५० | ० | ०.०० |
| ५० - ५४ | ६ | ४.४४ | ४ | ५.०० | २ | ३.६४ |
| ५५ - ५९ | ५ | ३.७० | ३ | ३.७५ | २ | ३.६४ |
| ६० - ६४ | १५ | ११.११ | ७ | ८.७५ | ८ | १४.५५ |
| ६५ - ६९ | १० | ७.४१ | ५ | ६.२५ | ५ | ९.०९ |
| ७० - ७४ | २२ | १६.३० | १२ | १५.०० | १० | १८.१८ |
| ७५ - ७९ | १५ | ११.११ | ९ | ११.२५ | ६ | १०.९१ |
| ८० + | ३४ | २५.१९ | २१ | २६.२५ | १३ | २३.६४ |

## १५.२ विगत १२ महिनामा मृत्यु भएको कारण

जनगणना भएको समयदेखि १२ महिना अघिसम्म बुढीगंगा नगरपालिकामा १३५ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा पुरूष ५९.३ प्रतिशत र महिला मृत्यु ४०.७ प्रतिशत रहेका थिए। कुल मृत्यु हुनेमध्ये ३६.३ प्रतिशत नसर्ने रोगबाट, १९.३ प्रतिशतको सरुवा रोगबाट, २१.५ प्रतिशतको अन्य कारणबाट, ९.६ प्रतिशत मृतकहरू प्राकृतिक प्रकोपका कारणले, ८.२ प्रतिशतको अन्य दुर्घटनाबाट, १.५ प्रतिशतको यातायात दुर्घटनाबाट र ०.७ प्रतिशतको आत्महत्याका कारणबाट मृत्यु भएको देखियो।

पुरूषको मृत्युका कारणमा नसर्ने रोगबाट ३६.३ प्रतिशत, अन्य कारणबाट १८.८ प्रतिशत, सरूवा रोगबाट २० प्रतिशत, अन्य दुर्घटनाबाट ८.८ प्रतिशत, यातायात दुर्घटनाबाट २.५ प्रतिशत, प्राकृतिक प्रकोपबाट १० प्रतिशत र आत्महत्या २.५ प्रतिशत देखिन्छ। महिलाको मृत्युको कारणमा नसर्ने रोगबाट ३६.४ प्रतिशत, सरुवा रोगबाट १८.२ प्रतिशत, अन्य दुर्घटनाबाट ७.८ प्रतिशत, अन्य कारणबाट २५.५ प्रतिशत, आत्महत्याबाट ३.६ प्रतिशत, प्राकृतिक प्रकोपबाट ९.१ प्रतिशतको मृत्यु भएको देखिन्छ।

### तालिका १५.२.१: मृत्यु भएका व्यक्तिको मृत्युको कारण

| विवरण | जम्मा | मृत्युको कारण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सरुवा रोग | नसर्ने रोग | यातायात दुर्घटना | अन्य दुर्घटना | अपराध हत्या | आत्महत्या | प्राकृतिक प्रकोप | अन्य |
| जम्मा | १३५ | २६ | ४९ | २ | ११ | १ | ४ | १३ | २९ |
| % | १०० | १९.२६ | ३६.३० | १.४८ | ८.१५ | ०.७४ | २.९६ | ९.६३ | २१.४८ |
| पुरुष | ८० | १६ | २९ | २ | ७ | १ | २ | ८ | १५ |
| % | १०० | २०.०० | ३६.२५ | २.५० | ८.७५ | १.२५ | २.५० | १०.०० | १८.७५ |
| महिला | ५५ | १० | २० | ० | ४ | ० | २ | ५ | १४ |
| % | १०० | १८.१८ | ३६.३६ | ०.०० | ७.२७ | ०.०० | ३.६४ | ९.०९ | २५.४५ |

## १५.३: १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको अवस्था

जनगणना भएको समयदेखि १२ महिना अघिसम्म बुढीगंगा नगरपालिकामा १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको अवस्था अध्ययन गर्दा कुनै पनि महिलाको मृत्यु गर्भावस्थासँग सम्बन्धित कारणबाट भएको देखिएन। प्रजनन् उमेरभित्र मृत्यु भएका ६ जना सबै महिलाको अन्य कारणबाट मात्र मृत्यु भएको देखिन्छ।

### तालिका १५.३.१: १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको कारणजन्य अवस्था

| उमेर समूह | जम्मा | मृत्यु हुँदाको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | गर्भवती | प्रसुती | प्रसुतीपछिको ६ हसा | अन्य |
| जम्मा | ६ | ० | ० | ० | ६ |
| १५ - २४ वर्ष | १ | ० | ० | ० | १ |
| २५ - ३४ वर्ष | २ | ० | ० | ० | २ |
| ३५ - ४९ वर्ष | ३ | ० | ० | ० | ३ |

# खण्ड १६: कृषि सम्बन्धी विवरण

## १६.१ कृषि सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ मा राष्ट्रिय कृषिगणना सञ्चालनको लागि प्रत्येक परिवारमा जग्गाजमिन तथा पशुपन्छीको विवरणसहित कृषक परिवार विवरणका आधारमा नमुना फ्रेम (Sample Frame) तयार गरिएको थियो। उक्त फ्रेमका आधारमा वडा वा गणनाक्षेत्र छनोट गरी कृषि परिवारको विस्तृत विवरण सङ्कलन गरिएको थियो। राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार बुढीगंगा नगरपालिकामा कृषक परिवारको जम्मा संख्या ३९७८ रहेको छ।

यस नगरपालिकामा रहेका ३९७८ कृषक परिवारले जम्मा १५७०२ ओटा कित्ता जग्गामा ७९१.४ हेक्टर जमिनमा कृषि चलन गरेको देखिन्छ। यस हिसाबले औसतमा एउटा कृषक परिवारले ३.९ कित्ता जग्गामा खेती गरेको देखिन्छ। यहाँ कुल सिञ्चित क्षेत्रफल २८७ हेक्टर रहेको छ।

तालिका १६.१.१: कृषक संख्या, चलन गरेको जग्गाको क्षेत्रफल, कित्ता संख्या र सिंचित क्षेत्रफल

| क्षेत्र | बाजुरा | बुढीगंगा नगरपालिका |
|---|---|---|
| कृषक परिवारको जम्मा संख्या | २५२७९ | ३९७८ |
| कृषक परिवारले प्रयोग गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | ६७९२.५ | ७९१.४ |
| जम्मा कित्ता संख्या | १३४५५५ | १५७०२ |
| औसत कित्ता संख्या | ५.३ | ३.९ |
| सिञ्चित क्षेत्रफल (हेक्टर) | १९६१.३ | २८७.० |

## १६.२ जग्गाको उपभोग

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार यस नगरपालिकामा जग्गाको उपभोगसम्बन्धी विवरण हेर्दा कृषक परिवारले परिवारको स्वामित्वको  एक प्रकारको स्वामित्व भएको जग्गा कमाउने कृषक परिवार संख्या २५५६ (६४%) र यसको क्षेत्रफल ४५२.४ हेक्टर (५७.२%) रहेको छ। त्यस्तै एकभन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा कमाउने कृषक परिवार संख्या १४२२ (३६%) रहेको र यस्तो जग्गाको क्षेत्रफल ३३८.९ हेक्टर (४२.८%) रहेको छ।

तालिका  १६.२.१: कृषक परिवारले चलन गरेको जग्गाको उपभोग

| कृषक परिवारको किमिस | परिवार संख्या | प्रतिशत | क्षेत्रफल(हेक्टर) | प्रतिशत |
|---|---|---|---|---|
| जम्मा | ३९७८ | १०० | ७९१.४ | १०० |
| एक प्रकारको स्वामित्व भएको जग्गा कमाउने | २५५६ | ६४ | ४५२.४ | ५७.१७ |
| परिवारको हकको जग्गा मात्र कमाउने | २५५६ | | ४५२.४ | |
| अरुको हकको जग्गा मात्र कमाउने | ० | | ० | |
| अन्य प्रकारको उपभोगअन्तर्गत | ० | | ० | |
| एकभन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा कमाउने | १४२२ | ३६ | ३३८.९ | ४२.८३ |

## १६.३ जग्गाको उपयोग

कृषिचलनले के कस्ता बाली कति क्षेत्रफलमा लगाएको छ भन्ने विश्लेषण गर्दा राष्ट्रिय कृषि गणनाको नतिजाअनुसार यस नगरपालिकामा खेतीयोग्य जग्गामा कृषिचलन गर्ने परिवार संख्या ३९७८ छ भने खेतीयोग्य जमिनको कुल क्षेत्रफल ६३९.१ हेक्टर रहेको छ। यसप्रकार १२ कृषक परिवारले खेतीयोग्य नभएको अर्थात् पशुपन्छी पालन गरिरहेको निचोडमा पुग्न सकिन्छ जसमा खेती नगरिएको जग्गाको क्षेत्रफल १५२.३ हेक्टर हुन आउँछ।

खेतीयोग्य जग्गामा खेतीपाती गरिरहेका सबै ३९६६ परिवारले ६२५.७ हेक्टर जग्गामा अस्थायी बाली लगाएको पाइन्छ। त्यस्तै अन्य खेतीयोग्य जग्गामा बाली लगाउने ३८४ कृषक परिवारको जग्गाको क्षेत्रफल १३.४ हेक्टर रहेको छ। यसैगरी ८६ कृषक परिवारले २.४ हेक्टर जमिन मा स्थायी बाली लगाएको पाइन्छ। त्यस्तै, स्थायी चौरचरन, निजी बनबनेलो, पोखरी तथा अन्य जग्गाको क्षेत्रफल १४९.८ हेक्टर रहेको देखिन्छ।

तालिका १६.३.१: कृषक परिवारले चलन गरेको जग्गाको उपयोग

| कृषक परिवारको किमिस | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|
| जम्मा | ३९७८ | ७९१.४ |
| जम्मा खेतीयोग्य जग्गा | ३९६६ | ६३९.१ |
| अस्थायी बाली लागेको जग्गा | ३९६६ | ६२५.७ |
| अन्य खेतीयोग्य जग्गा | ३८४ | १३.४ |
| स्थायी बाली लागेको जग्गा | ८६ | २.४ |
| स्थायी चौरचरन, निजी बनबनलो, पोखरी तथा अन्य जग्गा | ३९७८ | १४९.८ |

## १६.४ पशुपन्छीको विवरण

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार पशु चौपाया पाल्ने कृषक परिवार र पशु चौपायाको संख्या हेर्दा यस बुढीगंगा नगरपालिकाका कुल ३९७८ कृषक परिवारहरूमध्ये जम्मा ३६५७ कृषक परिवार (९१.९ %) ले पशुचौपाया पालन गरेको देखिन्छ। नगरपालिकामा कुल चौपाया संख्या २२१०० (१००%) पशुपालन गर्ने ३६५७ कृषक परिवारमध्ये २९४१ कृषक परिवारले ६१५५ (३७.८%) ओटा गाई/गोरू पालेको र १५८१ कृषक परिवारलले २४५८ (१५.१%) ओटा राँगा/भैसी पालेको देखिन्छ। त्यसै गरी २१८७ कृषक परिवारले ७५९८ (४६.७%)ओटा बाख्रा/च्याङ्ग्रा पालेको, १२ कृषक परिवारले १२ (०.१%)ओटा सुँगुर/बंगुर पालेको देखिन्छ। त्यस्तै गरी १२ कृषक परिवारले २५ (०.२%) ओटा भेडा पालेको देखिन्छ। अन्य पशुचौपाया पाल्ने कृषक परिवारको संख्या १२ र अन्य पशु चौपायाको संख्या २५ रहेको देखिन्छ। नगरपालिकामा राष्ट्रिय कृषिगणना २०७८/७९ अनुसार कुल २९१४ ओटा कुखुरा तथा अन्य पन्छीहरू रहेको देखिन्छ। पन्छीतर्फ हेर्दा ३२१ जना कृषक परिवारसँग २८१५ (९६.६%) ओटा कुखुरा र ४९ कृषक परिवारले ९९ (३.४%) ओटा अन्य पन्छीहरू रहेको देखिन्छ।

तालिका १६.४.१: पशुपन्छी पालन गरेको कृषकको विवरण

| विवरण | संख्या | % |
|---|---|---|
| जम्मा कृषक परिवार | ३९७८ | १०० |
| पशु चौपाया पाल्ने कृषक परिवार | ३६५७ | ९१.९ |

## तालिका १६.४.२: पाल्तु चौपाया र पन्छीको संख्या र कृषक परिवार

| चौपाया-पन्छीको किसिम | पाल्तु चौपाया/पन्छी पाल्ने कृषक परिवार | पाल्तु चौपाया/पन्छीको | |
|---|---|---|---|
| | संख्या | संख्या | ५ |
| **पशु** | | | |
| गाई/गोरु | २९४१ | ६१५५ | ३७.८ |
| राँगा/भैंसी | १५८१ | २४५८ | १५.१ |
| बाखा/च्याङ्ग्रा | २१८७ | ७५९८ | ४६.७ |
| भेंडा/भेंडी | १२ | २५ | ०.२ |
| सुगुँर/बंगुर | १२ | १२ | ०.१ |
| अन्य पशु | १२ | २५ | ०.२ |
| **पन्छी** | | | |
| कुखुरा | ३२१ | २८१५ | ९६.६ |
| अन्य पन्छी | ४९ | ९९ | ३.४ |

# खण्ड १७: सारांश

## जनसंख्या

बुढीगंगा नगरपालिकाको जनसाङ्ख्यिक प्रतिवेदन २०८१ मा विभिन्न खण्डमा प्रस्तुत तथा विश्लेषण गरिएका विषयक्षेत्रको सारांशलाई देहायानुसार उल्लेख गर्न सकिन्छ। जनसङ्ख्याः वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार यस नगरपालिकामा कुल ४५५४ परिवार र २०१८५ जनसंख्या रहेको छ। कुल जनसंख्यामा पुरुष ९२५४ (४५.९%) र महिला १०९३१ (५४.१%) रहेका छन्। नगरपालिकाको औसत परिवार संख्या ४.४३ जना रहेको छ र लैङ्गिक अनुपात ८४.६ रहेको छ। पछिल्लो १० वर्षमा जनसंख्या वडा नं. ६ बाहेक सबै वडाको जनसंख्या घटेको छ।राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर -०.६८ प्रतिशत रहेको छ र जनघनत्व ३४१ जना प्रतिवर्ग किलोमिटर रहेको छ। नगरपालिकाका १६८९ परिवारबाट कम्तीमा जना व्यक्ति विदेशमा अक्सर बसोबास गर्ने गएको देखिएको छ। विदेश गएको कुल जनसंख्या ४२६८ जना रहेको छ। विदेशमा अनुपस्थित हुनेमध्ये सर्वाधिक (१०२०जना) वडा नं. १० का रहेका छन्। बुढीगंगा नगरपालिकामा एकल उमेर समूहअनुसार सर्वाधिक (३.५%) जनसंख्या १२ वर्ष उमेर समूहको छ भने त्यसपछिका चार स्थान क्रमशः १४ (३.१%), १५ (२.९%), १३ (२.९%) र १६ (२.९%) नं. वडा रहेका छन्।

## ग्रामीण तथा सहरी जनसंख्या

यस बुढीगंगा नगरपालिकाको समग्र जनसंख्यालाई सहरीकरणको अवस्थानुसार वर्गीकृत गर्दा ७२% जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गरिरहेको छन भने २८% जनसंख्या सहरी क्षेत्रमा बसोबास गर्छन।

## पारिवारिक संरचना

यहाँको कुल जनसंख्यामध्ये ४२.५ प्रतिशत एकल परिवारमा बसोबास गर्दछन् भने बाँकी ५७.५ प्रतिशत जनसंख्या संयुक्त परिवारभित्र अक्सर बसोबास गर्दछन्।

## महिला परिवारमुली

कुल ४५४१ परिवारमध्ये (३९.८%) परिवारमा महिला परिवारमुली रहेका छन्। महिला परिवारमुली सर्वाधिक (५२.६%) वडा नं. ९ मा रहेको देखियो भने वडा नं. ६ मा सबैभन्दा न्यून (२४.६%) रहेको देखियो।

## साक्षरतादर

बुढीगंगा नगरपालिकाको समग्र साक्षरतादर ७१.९ प्रतिशत रहेको छ जुन अघिल्लोको तुलनामा ११.९ प्रतिशत विन्दुले बढी हो। उच्च साक्षरतादरका आधारमा प्रमुख तीन जातजाति क्रमशः सन्यासी/दशनामी (८१.४%), ठकुरी (७६.३%) र ब्राह्मण पहाड (७४.९%) रहेका छन्। नगरपालिकाको कुल जनसंख्यामा पहिलो ठुलो स्थानमा रहेका क्षेत्रीको साक्षरतादर ७३.१ प्रतिशत रहेको छ।

नगरपालिकाका १० ओटा वडामध्ये सबैभन्दा उच्च साक्षरतादर भएका पाँचओटा वडाहरू क्रमशः ६ (८१.३%), ८ (७३.९%), १ (७३.५%), ७ (७३.१%) र ३ (७२.१%) रहेका छन्। समग्र नगरपालिकाको औसत साक्षरतादर (७१.९%) भन्दा कम साक्षरतादर भएका पाँचओटा वडाहरू (९, ५, १०, २ र ४ ) रहेका छन्।

## अध्ययन गरेको विषयक्षेत्र

बुढीगंगा नगरपालिकामा १० जोड दुई वा सोभन्दा माथि अध्ययन गरेका व्यक्तिको तथ्याङ्क हेर्दा समग्र (पुरुष तथा महिला) मा ४९.९ प्रतिशत जनसंख्याले शिक्षा अध्ययन गरेको देखिन्छ। दोस्रोमा व्यवस्थापन (१४.९%) र तेस्रोमा

मानविकी तथा सामाजिक शास्त्र (१०.७%) रहेको छ। विज्ञान तथा प्रविधितर्फ करिब ४ प्रतिशत शिक्षित जनसंख्या छ भने स्वास्थ्य/चिकित्साशास्त्रमा ४.६ प्रतिशतले उच्च शिक्षा अध्ययन गरेको देखिन्छ। इन्जिनियरिङ अध्ययन गरेको जनसंख्या १.३ प्रतिशत छ।

## मातृभाषा

कुल जनसंख्याले ६ ओटाभन्दा बढी मातृभाषा व्यवहार गरेको देखिन्छ। कुल जनसंख्यामा नेपाली मातृभाषा हुने जनसंख्याको हिस्सा ६६ प्रतिशत रहेको छ। दोस्रो ठुलो (३०.९%) मातृभाषा बाजुरेली रहेको छ।

## धर्म

कुल जनसंख्यामध्ये ९९.९ प्रतिशतले हिन्दु धर्म अवलम्बन गरेको देखिन्छ भने बौद्धमार्गीहरूको हिस्सा ०.०१ प्रतिशत रहेको छ। इस्लाम धर्म अनुशरण गर्नेको संख्या ०.०१ प्रतिशत रहेको छ।

## वैवाहिक स्थिति

नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिका ५७ प्रतिशत जनसंख्याको विवाह भएको देखिन्छ। सोही उमेर समूहमा विवाह नभएको जनसंख्याको प्रतिशत ३७.६ रहेको छ। नगरपालिकामा विधुर/विधवाको अंश समग्रमा ५.३ प्रतिशत, पुरुषतर्फ २.० प्रतिशत र महिलातर्फ ७.९ प्रतिशत रहेको छ। एकपटक विवाह भई पारपाचुके भएको जनसंख्या समग्रमा ०.०३ प्रतिशत छ। उमेर समूहअनुसार विवाहलाई विश्लेषण गर्दा विवाह भएकामध्ये सर्वाधिक अर्थात् ३८ प्रतिशत

१८-२० वर्ष उमेर समूहका देखिन्छन्।

## एकल महिला

यस नगरपालिमा महिलाको कुल जनसंख्या १०९३१ मध्ये ७५२ जना अर्थात् ८.४ प्रतिशत एकल महिला रहेका छन्।

## ज्येष्ठ नागरिक

बुढीगंगा नगरपालिकामा ६० वर्ष वा सोभन्दा माथि (ज्येष्ठ नागरिक) को कुल जनसंख्या २०६६ रहेको छ जुन यहाँको कुल जनसंख्या २०१८५ को १०.२ प्रतिशत हुन आउँछ।

वडा तहमा हेर्दा अनुपातका दृष्टिले सबैभन्दा धेरै (१२.८%) ज्येष्ठ नागरिक वडा नं. ५ मा रहेका छन् भने सबैभन्दा न्यून (७.५%) अनुपात वडा नं.६ मा रहेको छ। संख्यात्मक हिसाबले सबैभन्दा धेरै अर्थात् ३०० जना ज्येष्ठ नागरिक वडा नं. १० मा रहेका छन् भने सबैभन्दा कम १३२ जना वडा नं. ८ मा रहेका छन्।

## बुढ्यौली जनसंख्या

बुढीगंगा  नगरपालिकामा कुल १४४४ जना (७.२%) ६५ वर्ष र सोभन्दा माथिको जनसंख्या रहेको छ। त्यसै गरी १४ वर्ष र सोभन्दा माथिको कुल जनसंख्या ७०२६ (३४.८%) रहेको छ। यी दुई तथ्याङ्कबाट बुढ्यौली सूचकाङ्क २०.६ हुन आउँछ। यसको सरल अर्थ यो हुन्छ कि १४ वर्ष र सोभन्दा मुनिका १००० बालबालिका हुँदा २०६ जना ६५ वर्ष वा सोभन्दा माथिका बुढाबुढी रहेका छन्। यसले यस नगरपालिकाको जनसंख्या बुढ्यौलीउन्मुख भए पनि बुढ्यौली जनसंख्यामा पूर्ण प्रवेश नगरेको सङ्केत गर्दछ।

## बालबालिका

बुढीगंगा नगरपालिकामा कुल ८६२१ जना बालबालिका रहेका छन् जुन यहाँको कुल जनसंख्याको ४२.७ प्रतिशत हुन आउँछ। नगरपालिकाको कुल जनसंख्यामा हेर्ने हो भने २१.३ प्रतिशत बालक र २१.४ प्रतिशत बालिका रहेका छन्। यहाँ बालबालिकाको समग्र लैङ्गिक अनुपात ९९.७ रहेको छ।

## बालआश्रित अनुपात

बुढीगंगा नगरपालिकाको समग्र बाल-आश्रित अनुपात ६०.० प्रतिशत रहेको छ। यसको अर्थ १०० जना काम गर्ने उमेर समूहको जनसंख्याले ६० जना बालबालिकाको खानपिन, रेखदेख, शिक्षा, स्वास्थ्य लगायतको हेरविचार गर्नु परिरहेको भन्ने बुझिन्छ। उक्त जनसंख्याको भार उत्पादक जनसंख्यामाथि पर्ने हुन्छ। वडास्तरमा बाल-आश्रित अनुपात न्यूनतम ४५.३ प्रतिशत (वडा नं. ५) देखि अधिकतम ६७.० प्रतिशत (वडा नं. ९) सम्म रहेको छ।

## बाल विवाह

बुढीगंगा नगरपालिकामा १८ वर्षभन्दा कम उमेरमा विवाह हुने पुरुष र महिलाको समग्र अनुपात १८ प्रतिशत रहेको छ। सोही उमेर समूहका महिलामध्ये १८ वर्ष उमेर नपुगी विवाह हुनेको अनुपात २४ प्रतिशत छ भने पुरुषका हकमा यो मान १०.४ प्रतिशत रहेको छ। यसबाट यस नगरपालिकामा पुरुषको तुलनामा महिलाहरूको बाल विवाह दर दुई गुणा बढी रहेको देखिन्छ।

## बालबालिकाको साक्षरतादर

बुढीगंगा नगरपालिकामा बालक तथा बालिकाको समग्र साक्षरतादर ९५.९ प्रतिशत रहेको छ। वडागत रूपमा बाल साक्षरतादरलाई तुलना गर्दा सर्वाधिक (९८.७%) साक्षरतादर वडा नं. ८ मा रहेको छ र सबैभन्दा कम ९०.६ प्रतिशत वडा नं. ४ मा रहेको छ।

## विद्यालय गइरहेका र विद्यालयभन्दा बाहिर रहेका बालबालिका

यस नगरपालिकाका ५ देखि १७ वर्षसम्मका कुल ६७५१ जनामध्ये ६२०६ (९१.९%) जना हाल स्कुल गइरहेको देखिन्छ भने ४.४ प्रतिशत विगतमा गएको तर हाल स्कुल नगएको तथ्याङ्कले देखाएको छ। कहिल्यै स्कुल नगएका बालबालिकाको हिस्सा ३.८ प्रतिशत रहेको छ।

## बालश्रम

बुढीगंगा नगरपालिकामा समग्र बालश्रम विद्यमानतादर घरायसी क्षेत्रमा ३१.९ प्रतिशत र गैरघरायसी क्षेत्रमा १०.५ प्रतिशत रहेको देखिन्छ। वडास्तरमा बालश्रम विद्यमानतादर तुलना गर्दा घरायसी क्षेत्रमा सर्वाधिक (७८.९%) वडा नं. १० मा देखिन्छ भने सबैभन्दा कम (४.८%) वडा नं. २ मा रहेको छ।गैरघरायसी क्षेत्रको सर्वाधिक बालश्रम विद्यमानतादर सर्वाधिक (१३.३%) वडा नं. ९ मा र सबैभन्दा कम (४.८%) वडा नं. १० मा रहेको छ।

## जन्मदर्ताको अवस्था

बुढीगंगा नगरपालिकामा ५ वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाहरूको समग्र जन्मदर्ताको अवस्था ९०.६ प्रतिशत रहेको छ। वडा तहमा तुलना गर्दा जन्मदर्ताको अधिकतम (९७.४%) उपलब्धि वडा नं. ८ ले हासिल गरेको देखिन्छ। न्यून जन्मदर्ता भएका तीनओटा वडाहरू क्रमशः वडा नं. ७ (८१.९%), वडा नं. १० (८५.१%) र वडा नं. ३ (८८.८%) रहेका छन्।

## अपाङ्गता भएका व्यक्ति

बुढीगंगा नगरपालिकामा कुल २०,१८५ जनसंख्यामध्ये ६२६ जनामा अपाङ्गता रहेको छ। यो संख्या नगरपालिकाको कुल जनसंख्याको ३.० प्रतिशत हुन आउँछ र यसैलाई यस नगरपालिकाको अपाङ्गता विद्यमानतादर मानिन्छ। वडागत रूपमा अपाङ्गता विद्यमानतादर तुलना गर्दा सर्वाधिक (६.८%) वडा नं. ६ मा देखिन्छ। वडा नं. १० दोस्रोमा (४.४%) र तेस्रोमा (३.६%) वडा नं. ८ रहेको छ। अपाङ्गता विद्यमानतादर सबैभन्दा न्यून (१.२%) वडा नं. ५ मा रहेको छ

यस नगरपालिकामा सबैभन्दा धेरै (५४.६३%) शारीरिक अपाङ्गता रहेको छ। दोस्रो र तेस्रोमा क्रमशः न्यून दृष्टियुक्त (१०.८६%) र बहिरोपन (७.८३%) रहेका छन्। अपाङ्गता भएको जनसंख्यामध्ये बहुअपांगता हुनेको अनुपात ७.१९ प्रतिशत रहेको देखिन्छ। बुढीगंगा नगरपालिकामा अपाङ्गता भएका व्यक्तिको समग्र साक्षरतादर ५५.५ प्रतिशत रहेको छ।

## बसाइँसराइ

बुढीगंगा नगरपालिकाको वि.सं. २०७८ को जनगणनाअनुसार कायम रहेको कुल जनसंख्या २०१८५ मध्ये ९९.८ प्रतिशत नेपालमा जन्मेका र ०.१६ प्रतिशत जनसंख्या विदेशमा जन्मेका देखिन्छ। नेपालमा जन्म भएकामध्ये ८९.१ प्रतिशत बुढीगंगा नगरपालिकामा नै जन्मेका हुन् भने ६.४ प्रतिशत जनसंख्या बाजुरा जिल्लाकै कुनै अर्को स्थानीय तहमा जन्म भई जनगणनाको समयमा बुढीगंगा नगरपालिकाभित्र अक्सर बसोबास भएका व्यक्ति हुन्।

बाजुराबाहेक नेपालको कुनै पनि जिल्लामा जन्म भई गणनाको समयमा बुढीगंगा नगरपालिकाभित्र बसोबास गर्ने जनसंख्याको हिस्सा ४.४ प्रतिशत रहेको छ।

## बसाइँसराइ गर्नुको मुख्य कारण

बुढीगंगा नगरपालिकामा अक्सर बसोबास गर्न आउने कुल जनसंख्यामध्ये करिब ३.७ प्रतिशत हाल अर्थात् पछिल्लो पटक काम वा रोजगारीका कारणले बसाइँसराइ भएका देखिन्छन्। करिब ५.६ प्रतिशत जनसंख्याको बसाइँसराइ हुनुको कारण व्यापार/व्यवसाय रहेको छ। यसअघि घरपरिवारबाट अन्यत्र गई बसोबास गरेका तर गणनाको समय (वि.सं. २०७८ कार्तिक २ देखि मङ्सिर ९ सम्म) मा घर फर्किएको कारण हुने जनसंख्या ०.३ प्रतिशत रहेको छ। विवाहका कारण यहाँ बसोबास गर्न आउने जनसंख्या ८० प्रतिशत रहेको छ भने अध्ययन वा तालिमको सिलसिलामा यहाँ बसोबास गर्न आउने जनसंख्या २.१ प्रतिशत रहेको छ। आश्रित हुनुको कारणबाट ५.७ प्रतिशत जनसंख्या यस नगरपालिकामा बसोबास गरिरहेको देखिन्छ।

## प्रजनन् सम्बन्धी विवरण

आफ्नो प्रजनन् उमेरमा रहेका तर गणनाको दिनसम्म एक जना पनि बच्चा नजन्माएका महिलाको अंश ९.८ प्रतिशत छ भने कम्तीमा एक जना बच्चा जन्माएका विवाहित महिलाको कुल हिस्सा ९०.२ प्रतिशत रहेको छ। बच्चा जन्माएका महिलामध्ये सर्वाधिक (२३.८%) ले २ जना बच्चा जन्माएको देखिन्छ। एक जना मात्र बच्चा जन्माएका महिलाको अंश १६.१ प्रतिशत छ भने २१.१ प्रतिशत महिलाले ३ जना बच्चा जन्माएको तथ्याङ्क छ।

## जीवितै जन्मिएका बच्चा

गणनाको दिनसम्म १५ देखि ४९ वर्षको उमेरभित्र पर्ने कुल महिलाले जीवितै जन्माएका कुल बच्चाको संख्या १०३९८ रहेको छ। यी जीवित जन्मिएका सर्वाधिक २२४७ जना (२१.६%) बच्चालाई ३५-३९ वर्ष उमेर समूहका विवाहित महिलाले जन्माएका हुन्। यस नगरपालिकामा अक्सर बसोबास गर्ने १५-४९ वर्षका महिलाले जन्माएका कुल १०३९८ जना (१००%) मध्ये ४७७ जना (४.६%) को मृत्यु भएको देखिन्छ।

## आर्थिक काम

यस बुढीगंगा नगरपालिकामा १० वर्ष र सोभन्दा माथिको कुल १६०८२ जनामध्ये ३९.४ प्रतिशतले ६ महिना वा सोभन्दा बढी अवधि काम गरेका छन्। त्यसै गरी १३.४ प्रतिशतले ३ देखि ६ महिनासम्म काम गरेका छन् भने १९.१ प्रतिशतले ३ महिनाभन्दा कम अवधि काम गरेका छन्। कुनै पनि आर्थिक काम नगरेको जनसंख्या २८.२ प्रतिशत रहेको छ।

## अक्सर रोजगार र अक्सर बेरोजगार

यस बुढीगंगा नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल १६०८२ जनसंख्यामध्ये ७३९६ जना आर्थिक रूपले अक्सर सक्रिय र ४४५८ जना आर्थिक रूपले अक्सर निष्क्रिय रहेको देखिन्छ। अक्सर आर्थिक रूपले सक्रिय ७३९६ जनसंख्यामध्ये ९१.८ प्रतिशत अक्सर रोजगार र ८.२ प्रतिशत अक्सर बेरोजगार रहेका छन्। आर्थिक रूपले सक्रिय तर अक्सर निष्क्रिय (६ महिनाभन्दा कम समय काम गर्नेहरू) रहेको जनसंख्या ४४५८ (३७.६%) रहेको छ। सन्दर्भ अवधिभित्र कुनै पनि आर्थिक काम नगरेको जनसंख्या ४२१३ रहेको छ जुन १० वर्ष र सोभन्दा माथिका जनसंख्याको करिब २६.२ प्रतिशत रहेको छ।

## आर्थिक काम र पेसा

यस नगरपालिकाका १० वर्षमाथिका आर्थिक रूपले सक्रिय कुल ११५५५ जनसंख्यामध्ये ५१३८ जना पुरुष रहेका छन् भने ६४१७ जना महिला रहेका छन्। यस नगरपालिकाका ७८.२६ प्रतिशत आर्थिक रूपले सक्रिय जनसंख्या कृषि, वन र माछापालनसम्बन्धी पेसाका दक्ष कामदार रहेका छन्। दोस्रो ठुलो (९.७%) समूह सामान्य वा प्राथमिक पेसाका कामदारहरूको रहेको छ भने तेस्रो ठुलो (३.४%) सेवा तथा वस्तु बिक्री गर्ने कामदार रहेको छन्। पेसाका दृष्टिबाट सबैभन्दा कम ०.१(%) सैनिक अधिकारी रहेको देखिन्छ।

## कृषि र गैरकृषि क्षेत्रमा संलग्न जनसंख्या

यस नगरपालिकाका आर्थिक रूपले सक्रिय जनसंख्या (१० वर्ष र सोभन्दा माथिको) मध्ये गैरकृषि आर्थिक क्षेत्रमा संलग्न जनसंख्या १९.२ प्रतिशत छ भने कृषिसँग जोडिएको आर्थिक क्षेत्रमा काम गर्ने जनसंख्या ८०.८ प्रतिशत रहेको छ।

## आवास र प्रमुख आवासीय अवस्था

बुढीगंगा नगरपालिकामा पछिल्लो जनगणनाले कुल ५७८२ ओटा घर रहेको देखाएको छ जसमध्ये करिब ६२ प्रतिशत घर आवासीय प्रयोगमा रहेका छन्। गोठ वा धनसारका लागि प्रयोग भएका घरले १८.२ प्रतिशत हिस्सा ओगटेको छ भने ७.५ प्रतिशत घर खाली रहेको देखिन्छ। यस बुढीगंगा नगरपालिकामा ९६ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गर्दछन्। भाडाको घर वा कोठामा बसोबास गर्ने परिवारको अंश ३.१ प्रतिशत रहेको छ।

## घरको गुणस्तर

बुढीगंगा नगरपालिकामा १.१ प्रतिशत परिवार अति उच्च गुणस्तरयुक्त आवासीय एकाइमा बसोबास गर्ने गरेको देखिन्छ। त्यस्तै ७७.८४ प्रतिशत परिवार मध्यम गुणस्तरयुक्त घरमा बसोबास गरेको देखिन्छ। अति न्यून गुणस्तरका घर भएका परिवार केवल ०.११ प्रतिशत रहेको पाइएको छ।

## खानेपानीको मुख्य स्रोत

यस नगरपालिकाका २०.५ प्रतिशत परिवारले घरपरिसरभित्र उपलब्ध पाइपधाराबाट खानेपानी उपभोग गर्दछन् भने करिब ६२.३ प्रतिशत परिवारले घरपरिसरभन्दा बाहिर रहेको पाइपधाराबाट खानेपानी प्राप्त गर्दछन्।

खुला इनार वा कुवालाई खानेपानीको सुरक्षित स्रोत मानिँदैन। यस्तो प्रकारको स्रोतबाट खानेपानी प्राप्त गर्ने परिवार यस नगरपालिकामा ०.५ प्रतिशत रहेको छ। मूल धाराको पानी खानेपानीको मुख्य स्रोत हुने परिवार १६.३ प्रतिशत छन्। कुल ४५५४ परिवारमध्ये ०.१ प्रतिशत परिवारको लागि नदी वा खोलाको पानी नै खानेपानीको मुख्य स्रोत रहेको छ जुन सबैभन्दा असुरक्षित स्रोतमा पर्दछ।

## खाना पकाउन अक्सर प्रयोग हुने इन्धन

बुढीगंगा नगरपालिकाका कुल ४५५४ परिवारमध्ये ९१.३ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। यसरी यस नगरपालिकामा काठ/दाउरा नै खाना पकाउने प्रमुख इन्धन रहेको देखिन्छ। एल.पी.ग्यास प्रयोग गर्ने परिवार करिब ८.२ प्रतिशत रहेको छ भने बिजुली, बायोग्यास र मट्टितेल प्रयोग गर्ने परिवार ०.४ प्रतिशत रहेको छ। अन्य (गोबर वा गुइँठा, मट्टितेल आदि) प्रयोग गर्ने परिवारको हिस्सा ०.०७ प्रतिशत मात्र रहेको देखिन्छ।

## बत्ती बाल्न प्रयोग गरिने स्रोत

बुढीगंगा नगरपालिकामा पछिल्लो बाह्रौं जनगणनाको नतिजाअनुसार नगरपालिकाका ९३.४ प्रतिशत परिवारले आफू बसोबास गरेको घर/आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ । सौर्य ऊर्जा प्रगोग गर्ने परिवार ५.५ प्रतिशत रहेका छन् भने मट्टीतेल प्रयोग गर्ने परिवार ०.२ प्रतिशत देखिएको छ। अन्य स्रोत प्रयोग गर्ने परिवार ०.९ प्रतिशत छ भने नगण्य मात्रामा बायोग्यास उपयोग भएको देखिन्छ।

## परिवारले प्रयोग गर्ने शौचालय

जनगणनाको नतिजाअनुसार यस नगरपालिकाका कुल ४५५४ परिवारमध्ये अधिकांश ९८.४ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने १.६ प्रतिशत परिवारको आफ्नो चर्पी नै नभएको देखिन्छ। सार्वजनिक ढल तथा सेप्टिक ट्यांकमा फ्लस सुविधायुक्त शौचालय भएका कुल परिवार ६५.६ प्रतिशत रहेका छन्। साधारण शौचालय प्रयोग गर्ने घरपरिवारको अंश ३२.२ प्रतिशत रहेको छ। यस नगरपालिकामा सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार ०.६ प्रतिशत रहेको देखिन्छ।

## सम्पन्नताको वर्गीकरण अनुसार परिवार

यस नगरपालिकामा न्यून आर्थिक अवस्था भएका तल्लो वर्गमा ६३.२ प्रतिशत र सबैभन्दा माथिल्लो अर्थात् अति उच्च वर्गमा ०.४ प्रतिशत परिवार रहेका छन् भने मध्यम वर्गमा पर्ने परिवार ६.८ प्रतिशत छन्।

## बैंक तथा वित्तीय संस्थामा खाता हुने परिवार र व्यक्ति

बुढीगंगा नगरपालिकामा कम्तीमा एउटा बैंक खाता भएको परिवार ४७.९ प्रतिशत रहेको छ। बैंक खाता हुने परिवारका सदस्यमध्ये पनि पुरुषको अंश १७.५ प्रतिशत छ भने महिलाको अंश लगभग १५ प्रतिशत छ।

## बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका परिवार

यस बुढीगंगा नगरपालिकामा कुनै पनि बैंक तथा वित्तीय संस्था (सहकारी संस्थासमेत) बाट ऋण लिएका घरपरिवार ९.९ प्रतिशत रहेका छन्।

## घर, जग्गामा महिलाको स्वामित्व

यस नगरपालिकाका कुल ४५५४ परिवारमध्ये २.३ प्रतिशत परिवारका कम्तीमा एक जना महिला सदस्यको घर र जग्गा दुवैमा स्वामित्व रहेको छ भने १.८ प्रतिशत परिवारका महिलाहरूको जग्गामा मात्र स्वामित्व रहेको छ। त्यसैगरी ०.४ प्रतिशत परिवारमा महिला सदस्यको स्वामित्वमा घरमात्र रहेको छ। घर वा जग्गा कुनै पनि सम्पत्तिमाथि स्वामित्व नभएका महिला भएका घरपरिवारको अंश ९४ प्रतिशत रहेको छ।

## कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार

यस नगरपालिकामा कुनै पनि सरकारी निकायमा दर्ता नभएका र एक जना पनि तलबी कामदार नराखिएका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार करिब ७ प्रतिशत रहेका छन् । साना घरेलु व्यवसाय सञ्चालन गरेका कुल ३१७ परिवारमध्ये ६६.६ प्रतिशतले व्यापार व्यवसाय सञ्चालन गरेको देखिन्छ भने यातायात क्षेत्रमा ३.५ प्रतिशत परिवार संलग्न रहेका छन्। घरेलु उद्योगमा ५.७ प्रतिशत परिवार संलग्न देखिन्छ। सेवा क्षेत्रमा १४.८ प्रतिशत परिवार संलग्न देखिएका छन्। उपरोक्त बाहेकका अन्य क्षेत्रमा ९.५ प्रतिशत परिवार संलग्न देखिन्छन्।

## परिवारमा अनुपस्थित विदेश (विदेशमा बस्ने परिवारका सदस्य)

यस बुढीगंगा नगरपालिकामा कुल ४५५४ परिवार मध्येमा १६८९ (३७.१%) परिवारमा अनुपस्थित भई कम्तीमा एक जना सदस्य अक्सर विदेशमा बसोबास गरेका छन्। कुल "अनुपस्थित विदेश" रहेका ४२६८ जना मध्येमा २८०६ जना पुरूष र १४६२ जना महिला रहेका छन्। समग्र बाजुरा जिल्लामा हेर्ने हो भने परिवारबाट कम्तीमा एक जना विदेश अनुपस्थित हुने घरपरिवार २२.१ प्रतिशत रहेका छन्।

## विदेश बस्ने व्यक्ति र गन्तव्य देश

यस नगरपालिकाबाट परिवारमा अनुपस्थित (विदेश) रहेका व्यक्तिमध्ये सर्वाधिक (९७.१%) भारतमा गएको देखिन्छ। दोस्रोमा आसियान देश (०.८%) र तेस्रोमा मध्यपुर्व मुलुक (०.८%) मा घरपरिवारबाट अक्सर अनुपस्थित भई विदेशमा हुने व्यक्तिहरू देखिएका छन्। चौथो (०.४%) गन्तव्यमा अन्य एसियाली देशहरू रहेका छन्।

## अनुपस्थित व्यक्ति विदेश जानुको कारण

परिवारमा अनुपस्थित व्यक्तिहरूको विदेश जानुको मुख्य (५५.९%) कारण तलब ज्याला रहेको छ। दोस्रो ठुलो (२७.१%) कारण आश्रित रहेको छ।त्यस्तै, विदेश जाने कारण कामको खोजी हुनेहरूको हिस्सा ११.६ प्रतिशतसहित तेस्रो स्थानमा रहेको छ। अध्ययन र तालिमको लागि विदेश गएकाहरूको अनुपात १.९ प्रतिशत रहेको छ।

## मृत्युसम्बन्धी विवरण

नगरपालिकामा रहेका कुल ४५५४ परिवारमध्ये १३१ (२.९%) परिवारमा जनगणना गरिएको दिनभन्दा १२ महिना अगाडि कम्तीमा एक जनाको मृत्यु भएको पाइएको छ। सो अवधिमा मृत्यु भएका १३५ जना मध्येमा ८० जना पुरूष र ५५ जना महिला रहेका छन्।

## मृत्यु भएका व्यक्ति र उनीहरूको उमेर

मृत्यु भएको कुल जनसंख्यालाई उमेर समूहअनुसार विश्लेषण गर्दा सर्वाधिक मृत्यु ८० वर्ष र सोभन्दा माथिको उमेर समूहमा विद्यमान देखिन्छ। यस उमेर समूहमा जम्मा मृत्यु भएका मध्ये २३.६ प्रतिशत महिलाको मृत्यु भएको देखिन्छ भने पुरुषतर्फ यो मान २६.३ प्रतिशत रहेको छ। अत्यधिक मृत्यु भएको दोस्रो ठुलो उमेर समूह ७०-७४ रहेको छ जहाँ समग्र मृत्यु अनुपात १६.३ रहेको छ।

## मृत्युको कारण

जनगणना भएको समयदेखि १२ महिना अघिसम्म बुढीगंगा नगरपालिकामा १३५ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा पुरूष ५९.३ प्रतिशत र महिला मृत्यु ४०.७ प्रतिशत रहेका थिए। कुल मृत्यु हुनेमध्ये ३६.३ प्रतिशत नसर्ने रोगबाट, १९.३ प्रतिशतको सरुवा रोगबाट, २१.५ प्रतिशतको अन्य कारणबाट, ९.६ प्रतिशत मृतकहरू प्राकृतिक

प्रकोपका कारणले, ८.२ प्रतिशतको अन्य दुर्घटनाबाट र ०.७ प्रतिशतको आत्महत्याका कारणबाट मृत्यु भएको देखियो। त्यसैगरी १.५ प्रतिशतको यातायात दुर्घटनाबाट मृत्यु भएको देखियो।

## कृषिसम्बन्धी विवरण

यस नगरपालिकामा रहेका ३९७८ कृषक परिवारले जम्मा १५७०२ ओटा कित्ता जग्गामा ७९१.४ हेक्टर जमिनमा कृषि चलन गरेको देखिन्छ। यस हिसाबले औसतमा एउटा कृषक परिवारले ३.९ कित्ता जग्गामा खेती गरेको देखिन्छ। यहाँ कुल सिञ्चित क्षेत्रफल  २८७ हेक्टर रहेको छ।

## जग्गाको उपभोग

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार यस नगरपालिकामा जग्गाको उपभोगसम्बन्धी विवरण हेर्दा कृषक परिवारले परिवारको स्वामित्वको एक प्रकारको स्वामित्व भएको जग्गा कमाउने कृषक परिवार संख्या २५५६ (६४%) र यसको क्षेत्रफल ४५२.४ हेक्टर (५७.२%) रहेको छ। त्यस्तै एकभन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा कमाउने कृषक परिवार संख्या १४२२  (३६%) रहेको र यस्तो जग्गाको क्षेत्रफल ३३८.९ हेक्टर ( ४२.८%) रहेको छ।

## जग्गाको उपयोग

यस नगरपालिकामा खेतीयोग्य जग्गामा कृषिचलन गर्ने परिवार संख्या ३९७८ छ भने खेतीयोग्य जमिनको कुल क्षेत्रफल ६३९.१ हेक्टर रहेको छ। यसप्रकार १२ कृषक परिवारले खेतीयोग्य नभएको अर्थात् पशुपन्छी पालन गरिरहेको निचोडमा पुग्न सकिन्छ जसमा खेती नगरिएको जग्गाको क्षेत्रफल १५२.३ हेक्टर हुन आउँछ।

## पशुपन्छी

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार पशु चौपाया पाल्ने कृषक परिवार र पशु चौपायाको संख्या हेर्दा यस बुढीगंगा नगरपालिकाका कुल ३९७८ कृषक परिवारहरूमध्ये जम्मा ३६५७ कृषक परिवार (९१.९ %) ले पशुचौपाया पालन गरेको देखिन्छ।

# खण्ड १८ : शिक्षा सम्बन्धी

## १८.१ : प्रारम्भिक बाल शिक्षा र विकास

नेपालमा ECED धेरै मोडालिटीहरू मार्फत प्रदान गरिन्छ, जसमध्ये मुख्य स्कूल-आधारित ECED केन्द्रहरू र समुदाय-आधारित ECED केन्द्रहरू हुन्। सरकारले यी ECED केन्द्रहरूलाई पूर्ण रूपमा वित्त पोषित गर्दछ, जसले गर्दा सबै बालबालिकाहरूलाई निःशुल्क हुन्छ। सरकारले शिक्षकहरूको तलब र यी केन्द्रहरूलाई रु.५०० को PCF अनुदान प्रदान गर्दछ। समुदाय-आधारित ECED केन्द्रहरू विद्यालय बाहिर सञ्चालन हुन्छन्, प्रायः अन्तर्राष्ट्रिय/गैर-सरकारी संस्थाहरू र/वा स्थानीय सरकारहरूद्वारा समर्थित हुन्छन्। सहजकर्ताहरू स्थानीय रूपमा नियुक्त हुन्छन् तर सरकारले तोकेको योग्यता मापदण्ड पूरा गर्नुपर्छ। तिनीहरूको तलब आंशिक रूपमा सरकारद्वारा र आंशिक रूपमा I/NGOs द्वारा भुक्तानी गरिन्छ, अभिभावकहरूको योगदानको साथ।अनुगमन र कार्यप्रणाली सुधार गर्न यी केन्द्रहरूलाई नजिकैका विद्यालयहरूको व्यवस्थापनमा ल्याउन SESP अन्तर्गत प्रयासहरू गरिएको छ। विद्यालय र समुदाय-आधारित ECED केन्द्रहरूको अतिरिक्त, निजी रूपमा सञ्चालित किन्डरगार्टनहरू छन् जुन सरकारद्वारा वित्त पोषित छैनन्। यी ECED केन्द्रहरू मुख्यतया शहरी क्षेत्रहरूमा अवस्थित छन् र अभिभावकहरूबाट शुल्क लिन्छन्।

## १८.२ ECED केन्द्रहरूको संख्या

शैक्षिक वर्ष २०८१ मा यस बुढीगंगा नगरपालिकामा कुल ५० ECED केन्द्रहरू छन्, जसमध्ये ४२ समुदायमा आधारित ECED केन्द्रहरू छन्। यसका साथै ८ निजी रूपमा वित्त पोषित ECED केन्द्रहरू छन्। शैक्षिक सत्र २०८० यो संख्या ४४ रहेको थियो जसमध्ये ३६ वटा सामूदायमा आधारित तथा ८ वटा निजी रुपमा संचालन रहेका ECED संख्याको बारेमा तिनबर्षीय विवरणहरू तालिका १८.२.१ मा देखाईएको छ।

तालिका १८.२.१: यस नगरपालिकामा रहेका ECED केन्द्रहरुको संख्या

| क्र.स. | ECED/PPCs को प्रकार | बर्ष(बि.स. मा) | | |
|---|---|---|---|---|
| | | २०७९ | २०८० | २०८१ |
| १ | सामुदायिक | ४३ | ३६ | ४२ |
| २ | संस्थागत | ६ | ८ | ८ |
| ३ | धार्मिक | ० | ० | ० |
| जम्मा | | ४९ | ४४ | ५० |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.२.१: ECED सम्बन्धी विवरण



## १८.३ ECED मा बालबालिकाको संख्या

शैक्षिक क्षेत्र २०८१ मा यस नगरपालिकामा रहेका ECED केन्द्रहरूमा कुल ११६४ बालबालिका भर्ना भएका छन्। यसमध्ये, ५९२ (५०.९%) सामुदायिक विद्यालयहरू सरकारी अनुदान प्राप्त ECED केन्द्रहरूमा भर्ना भएका छन्, जबकि बाँकी ५७२ (४९.१%) संस्थागत विद्यालयहरूमा भर्ना भएका छन्। थप रूपमा, ४९७ (४२.७%) केटीहरू र ६६७ (५७.३%) केटाहरू छन्, जसले केटाहरूलाई प्रारम्भिक बाल्यकाल शिक्षा र विकास प्रदान गर्ने प्राथमिकतालाई निरन्तरता दिन्छ। यो प्राथमिकता निजी रूपमा सञ्चालित ECED केन्द्रहरूमा केटीहरूको (३५.१%) तुलनामा केटाहरूको असमान भर्ना (६४.९%) बाट प्रभावित छ, जबकि सरकारी अनुदान प्राप्त ECED केन्द्रहरूमा भर्ना (५०%) अर्थात लैङ्गिक समानता छ।

तालिका १८.३.१ बुढीगंगा नगरपालिकामा ECED/PPCs मा जम्मा विद्यार्थी संख्या

| क्र.स. | सबै प्रकारका ECED/PPCs | २०७९ | | | २०८० | | | २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| १ | सामुदायिक विद्यालय | ४१५ | ३८५ | ८०० | ३३७ | ३२७ | ६६४ | २९६ | २९६ | ५९२ |
| २ | संस्थागत विद्यालय | ८७ | १८५ | २७२ | १४४ | २८३ | ४२७ | २०१ | ३७१ | ५७२ |
| जम्मा | | ५०२ | ५७० | १०७२ | ४८१ | ६१० | १०९१ | ४९७ | ६६७ | ११६४ |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.३.१बुढीगंगा नगरपालिकामा ECED/PPCs मा जम्मा विद्यार्थी संख्या




## १८.४ ECED मा GER/NER

कुल भर्ना दर भर्ना भएका बालबालिकाको कुल संख्यालाई कुल योग्य जनसंख्या (३-४ वर्ष) ले भाग गरेर गणना गरिन्छ। अर्कोतर्फ खुद भर्ना दर कुनै विशेष उमेर (३-४ वर्ष) का भर्ना भएका बालबालिकाको कुल संख्यालाई ECED को कुल योग्य जनसंख्याले भाग गरेर निर्धारण गरिन्छ।

तालिका १८.४.१: ECED मा GER र NER दर

| शैक्षिक सूचकहरु | २०७९ | | | २०८० | | | २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| Gross Enrolment Rate | ९८.८ | ८८.४ | ९३ | ८४.४ | ८४.८ | ८४.६ | ८६.१ | १०२.२ | ९४.७ |
| Net Enrolment Rate | ८०.४ | ६९.२ | ७४.१ | ६६.९ | ६७.३ | ६७.१ | ६२.९ | ६८.७ | ६६ |

| शैक्षिक सूचकहरु | २०७९ | | | २०८० | | | २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| G 1 New Enrollment | २८७ | २७७ | ५६४ | २०७ | १९३ | ४०० | १७५ | २०४ | ३७९ |
| G 1 ECED Experience | २२७ | २३६ | ४६३ | १५९ | १६६ | ३२५ | १५४ | १६६ | ३२० |
| G 1 ECED Experience % | ७९.१ | ८५.२ | ८२.१ | ७६.८ | ८६ | ८१.३ | ८८ | ८१.४ | ८४.४ |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

२०८१ मा ECED को GER ९४.७ प्रतिशत छ, जसमा केटीहरूको लागि दर ८६.१ प्रतिशत र केटाहरूको लागि १०२.२ प्रतिशत छ। साथै NER ६६.० प्रतिशत छ, जसमा केटीहरूको लागि दर ६२.९ प्रतिशत र केटाहरूको लागि ६८.७ प्रतिशत छ। ECED मा GER र NER बारे विस्तृत जानकारी तालिका १८.४.१ मा दिएको छ।

## १८.५ सिकाइ र अन्य सामग्रीहरूको उपलब्धता

सिकाइ सामग्री, शिक्षक निर्देशिका, बाल सामग्री, पाठ्यक्रम, र सन्दर्भ सामग्रीहरू शिक्षण र सिकाइ प्रक्रियाका आवश्यक घटक हुन्। थप रूपमा, कक्षाकोठामा पुस्तक कुना हुनु बालबालिकाहरूलाई सिकाइ वातावरणमा संलग्न गराउने प्रभावकारी तरिका हो। तालिका १८.५.१ ले ECED सँग सम्बन्धित सिकाइ सामग्री र अन्य सामग्रीहरूको उपलब्धताको बारेमा जानकारी प्रदान गर्ने विद्यालयहरूको संख्या प्रस्तुत गर्दछ। यो ध्यान दिनु महत्त्वपूर्ण छ कि यी सामग्रीहरूको गुणस्तर IEMIS मार्फत मूल्याङ्कन गर्न सकिँदैन र थप अध्ययन आवश्यक पर्न सक्छ।

तालिका १८.५.१: सरकार-समर्थित ECED मा सान्दर्भिक सामग्रीहरूको उपलब्धता

| शैक्षिक सत्र | विद्यालय र समुदायमा आधारित ECED/PPCs | सिकाइ सामग्रीहरू | शिक्षक निर्देशिका | बाल सामग्री | पुस्तक कुना | सन्दर्भ सामग्री |
|---|---|---|---|---|---|---|
| २०७९ | ४३ | ५ | २ | ७ | ३ | ५ |
| २०८० | ३६ | ७ | २ | ६ | ४ | २ |
| २०८१ | २७ | २५ | १६ | २२ | २१ | १९ |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

तालिका १८.५.१ मा देखाइए अनुसार २०८१ मा कुल २७ सरकारी सहयोग प्राप्त ECED केन्द्रहरू मध्ये, २५ (९२.६%) ले सिकाइ सामग्रीहरू भएको रिपोर्ट गरे, जबकि १६ ECED केन्द्रहरू (६४.०%) ले शिक्षक निर्देशिकाहरूको उपलब्धता रहेको रिपोर्ट गरे। त्यस्तै, २२ (८८.०%) ले बाल सामग्रीहरूको उपलब्धता रहेको रिपोर्ट गरे; २१ (८४.०%) ले कार्यात्मक पुस्तक कुना भएको रिपोर्ट गरे, र १९ (७६.०%) ले ECED सँग सम्बन्धित सन्दर्भ सामग्रीहरूको उपलब्धता रहेको रिपोर्ट गरे।

## १८.६ विद्यालयहरू

यो खण्डले यस पालिकामा सञ्चालनमा रहेका विद्यालयहरूको संख्याको बारेमा जानकारी प्रदान गर्दछ। यो कुरा ध्यान दिनु महत्त्वपूर्ण छ कि नेपालका विद्यालयहरू दुई ठूला वर्गमा पर्छन्: सामुदायिक विद्यालयहरू, जुन सार्वजनिक वा सरकारद्वारा वित्त पोषित छन्, र संस्थागत विद्यालयहरू, जुन अभिभावकहरूको शुल्कबाट वित्त पोषित छन्। केही विद्यालयहरू धार्मिक छन्, तर तिनीहरूले सरकारी पाठ्यक्रम पालना गर्न आवश्यक छ र त्यसैले सामुदायिक विद्यालयहरूको

रूपमा वर्गीकृत गरिएका छन्। शुल्क वा सार्वजनिक दानबाट वित्त पोषित धार्मिक विद्यालयहरूलाई संस्थागत विद्यालय मानिन्छ।

## १८.७ विद्यालयहरूको संख्या

शैक्षिक वर्ष २०८१ मा कुल ३६ विद्यालयहरूले डेटा प्रदान गरेका थिए, जसमध्ये २९ (८०.६%) सामुदायिक र बाँकी ७ (१९.४%) संस्थागत विद्यालयहरू थिए। अघिल्लो शैक्षिक वर्ष २०८० मा पनि सोहिसंख्यामा विद्यालयहरू थिए। गणनामा केवल सञ्चालनमा रहेका ECED केन्द्रहरू, मोन्टेसरी-आधारित पूर्व-प्राथमिक कक्षाहरू समावेश छैनन्। तालिका १८.७.१ ले यस पालिकामा रहेका जम्मा विद्यालयहरूको संख्या देखाउँछ।

तालिका १८.७.१: विद्यालयहरूको संख्या

| शैक्षिक सत्र | जम्मा | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % |
| २०७९ | ३६ | ३० | ८३.३ | ६ | १६.७ |
| २०८० | ३६ | २९ | ८०.६ | ७ | १९.४ |
| २०८१ | ३६ | २९ | ८०.६ | ७ | १९.४ |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.७.१: बुढीगंगा नगरपालिकामा भएका विद्यालयको विवरण




## १८.८ आधारभूत तहका विद्यालयहरू

यस बुढीगंगा पालिकामा शैक्षिक सत्र २०८१ मा जम्मा ३६ विद्यालयहरु रहेका छन जसमध्ये २७ (७५.०%) आधारभूत तहका विद्यालय रहेका छन् भने बाँकी ९ माध्यमिक तहका विद्यालय, ७ संस्थागत विद्यालयहरू आधारभूत तहसम्म सञ्चालनमा छन्। यी तथ्याङ्कहरूको तुलना गर्दा सामुदायिक विद्यालयहरू धेरै हदसम्म आधारभूत शिक्षामा केन्द्रित छन्।

तालिका १८.८.१: आधारभूत तहका विद्यालयहरूको संख्या

| शैक्षिक सत्र | जम्मा | | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (१-८) | आधारभूत (१-५) | आधारभूत (१-८) | आधारभूत (१-५) | आधारभूत (१-८) |
| २०७९ | १९ | ९ | १४ | ८ | ५ | १ |
| २०८० | २१ | ६ | १६ | ४ | ५ | २ |
| २०८१ | २१ | ६ | १६ | ४ | ५ | २ |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## १८.९ माध्यमिक तहका विद्यालयहरू

तालिका १८.९.१ ले शैक्षिक सत्र २०७९, २०८० र २०८१ मा यस पालिकामा संचालनमा रहेका माध्यमिक तहमा कक्षा १० र १२ सम्म शिक्षा प्रदान गर्ने विद्यालयहरूको संख्या देखाउँछ। २०८१ सालमा यस पालिकामा जम्मा ५ (कुल विद्यालयहरूको १३.९%) विद्यालयहरूले कक्षा १-१० वा १० सम्मका विभिन्न कक्षाहरूको संयोजन प्रदान गरिरहेका छन् भने ३ विद्यालयहरू (कुल विद्यालयहरूको ८.३%) ले कक्षा १-१२ वा कक्षा ६ देखि १२ सम्मका संयोजन प्रदान गरिरहेका छन् भनी देखाउँछ। माध्यमिक तह पढाई हुने संस्थागत विद्यालयको संख्या ० देखिन्छ।

तालिका १८.९.१: माध्यमिक तहका विद्यालयहरूको संख्या

| शैक्षिक सत्र | जम्मा | | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| | माध्यमिक (१-१०) | माध्यमिक (१-१२) | माध्यमिक (१-१०) | माध्यमिक (१-१२) | माध्यमिक (१-१०) | माध्यमिक (१-१२) |
| २०७९ | ५ | ३ | ५ | ३ | ० | ० |
| २०८० | ७ | २ | ७ | २ | ० | ० |
| २०८१ | ७ | २ | ७ | २ | ० | ० |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.९.१: माध्यमिक तहका विद्यालयहरूको संख्या



## १८.१० आधारभूत तहको शिक्षा

प्रतिवेदनको यस भागले देशभरि आधारभूत तहमा भर्ना भएका विद्यार्थीहरूको संख्या प्रस्तुत गर्दछ। यसले विद्यार्थी-शिक्षक अनुपात, साथै दलित, जनजाति र अन्य समुदायका विद्यालयहरूमा विद्यार्थीहरूको संख्या र अनुपातको बारेमा पनि जानकारी प्रदान गर्दछ। शिक्षा क्षेत्रका प्रमुख कार्यसम्पादन सूचकहरू, जस्तै कुल भर्ना दर (GER), कुल भर्ना दर (NER), कुल भर्ना दर (NIR), र कुल भर्ना दर (GIR), यस खण्डमा प्रदान गरिएको छ। सबै जानकारी आवश्यक भएमा विद्यालय र प्रदेशहरूको प्रकारद्वारा विभाजित गरिएको छ।

## १८.११ आधारभूत तहमा विद्यार्थीहरूको संख्या

शैक्षिक सत्र २०८१ मा कक्षा १-८ मा कुल ४०९० विद्यार्थीहरूमध्ये २७९२ (६८.३%) कक्षा १-५ मा छन् र बाँकी १२९८ (३१.७%) कक्षा ६ देखि ८ मा छन्। यस वर्ष, कक्षा १-८ मा ८९५ विद्यार्थीहरूको कमी आएको छ, जुन २०८० को शैक्षिक वर्षको तुलनामा करिब १८ प्रतिशतले कमी हो। संस्थागत विद्यालयहरूमा २०८१ को शैक्षिक सत्रमा ५६७ विद्यार्थीहरू छन्, जुन कक्षा १-५ मा कुल विद्यार्थीहरूको ९५.९ प्रतिशत हो। गत वर्ष, सामुदायिक विद्यालयहरूको लागि यी तथ्याङ्कहरू २२४५(८०.०%) र संस्थागत विद्यालयहरूको लागि ५६२ (२०.०%) थिए। कक्षा ६-८ मा विद्यार्थीहरूको कुल संख्या १२९८ छ, जुन गत वर्षको कुल १७३० को तुलनामा ४३२ कम विद्यार्थी (२५.०% कमि) हो।

तालिका १८.११.१: आधारभूत तहमा विद्यार्थीहरूको संख्या

| शैक्षिक सत्र | जम्मा | | | सामुदायिक | | | संस्थागत | | | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी% | केटी% |
| २०७९ | २८७१ | २७१७ | ५५८८ | २७१६ | २३६६ | ५०८२ | १५५ | ३५१ | ५०६ | ५१.४ | ३०.६ |
| २०८० | २६१० | २३७५ | ४९८५ | २४२७ | १९७४ | ४४०१ | १८३ | ४०१ | ५८४ | ५२.४ | ३१.३ |
| २०८१ | २१८८ | १९०२ | ४०९० | १९८४ | १५३९ | ३५२३ | २०४ | ३६३ | ५६७ | ५३.५ | ३६.० |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

तालिका १८.११.१ मा यो स्पष्ट छ कि सामुदायिक विद्यालयहरूमा केटीहरूको भर्ना दर बढी छ, जसमा ५३.५ प्रतिशत केटीहरू भर्ना भएका छन्, जबकि संस्थागत विद्यालयहरूमा यो दर ३६.० प्रतिशत छ। यी तथ्याङ्कहरूले केटीहरूको लागि सामुदायिक विद्यालयहरू र केटाहरूको लागि संस्थागत विद्यालयहरू प्राथमिकतामा रहेको संकेत गर्दछ। थप रूपमा, चित्र १८.११.१र १८.११.२ ले आधारभूत (१-५) र आधारभूत (६-८) स्तरहरूमा विद्यालयहरूमा भर्ना भएका विद्यार्थीहरूको संख्या चित्रण गर्दछ।

तालिका १८.११.२ : कक्षा अनुसार तहमा विद्यार्थीहरूको संख्या

| प्रकार | शैक्षिक तह | शैक्षिक सत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९ | | | २०८० | | | २०८१ | | |
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| सामुदायिक | कक्षा १ | ४०४ | ३३५ | ७३९ | ३०५ | २३२ | ५३७ | २५९ | २२३ | ४८२ |
| | कक्षा २ | ३२६ | २६२ | ५८८ | २६४ | २०७ | ४७१ | २३६ | १५६ | ३९२ |
| | कक्षा ३ | ३०५ | २४३ | ५४८ | २९५ | २०६ | ५०१ | २५४ | १६५ | ४१९ |
| | कक्षा ४ | ३१३ | २८६ | ५९९ | २७१ | २३२ | ५०३ | २७६ | २१२ | ४८८ |
| | कक्षा ५ | ३४६ | ३२२ | ६६८ | ३६७ | ३१४ | ६८१ | २४० | २२४ | ४६४ |
| | कक्षा ६ | २८७ | २५४ | ५४१ | २१२ | १९५ | ४०७ | २८५ | २३२ | ५१७ |
| | कक्षा ७ | ३१९ | २५४ | ५७३ | २८३ | २२१ | ५०४ | १९५ | १६५ | ३६० |
| | कक्षा ८ | ४१६ | ४१० | ८२६ | ४३० | ३६७ | ७९७ | २३९ | १६२ | ४०१ |

| प्रकार | शैक्षिक तह | शैक्षिक सत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९ | | | २०८० | | | २०८१ | | |
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| संस्थागत | कक्षा १ | ४४ | ७४ | ११८ | ४७ | ७८ | १२५ | ६४ | ९८ | १६२ |
| | कक्षा २ | ३६ | ७५ | १११ | ५० | ८३ | १३३ | ४३ | ७९ | १२२ |
| | कक्षा ३ | २८ | ७३ | १०१ | ३८ | ८५ | १२३ | ४३ | ७३ | ११६ |
| | कक्षा ४ | २३ | ६२ | ८५ | २३ | ७३ | ९६ | ३२ | ५५ | ८७ |
| | कक्षा ५ | २१ | ५५ | ७६ | २१ | ६४ | ८५ | १५ | ४५ | ६० |
| | कक्षा ६ | ० | ० | ० | ४ | १८ | २२ | ७ | १३ | २० |
| | कक्षा ७ | ३ | १२ | १५ | ० | ० | ० | ० | ० | ० |
| | कक्षा ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.११.१: कक्षा अनुसार सामुदायिक विद्यालयमा विधार्थी संख्या




चित्र १८.११.२: कक्षा अनुसार संस्थागत विद्यालयमा विधार्थी संख्या




## १८.१२ आधारभूत तहमा आन्तरिक दक्षता

शिक्षामा आन्तरिक दक्षताको अवधारणाले शिक्षाको विभिन्न तहमा पदोन्नति, दोहोरिने र छाड्ने दरलाई विचार गर्ने काम समावेश गर्दछ। तालिका १८.१२.१ ले लिङ्गद्वारा विभाजित व्यक्तिगत ग्रेडहरूको लागि यी दरहरू प्रदान गर्दछ। यो

ध्यान दिनु महत्त्वपूर्ण छ कि कम ग्रेडबाट बढुवा भएका विद्यार्थीहरू, एउटै ग्रेड दोहोरिने र नयाँ भर्नाहरूको कारणले कक्षाकोठा संरचना परिवर्तन हुने भएकोले, पदोन्नति, दोहोरिने र छाड्ने दरको योग १०० प्रतिशतसम्म जोड्न सक्दैन।

### तालिका १८.१२.१: आधारभूत तहमा कक्षा उत्तीर्ण दर, दोहोरिने र छाड्ने दर

| शैक्षिक तह | जम्मा | Promotions Rate | | | Repeaters Rate | | | Dropouts Rate | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९ | २०८० | २०८१ | २०७९ | २०८० | २०८१ | २०७९ | २०८० | २०८१ |
| **कक्षा १** | **केटी** | ७२.८ | ६२.२ | ६५.६ | १८.५ | २७.५ | २३.८ | ३.६ | ६.३ | १०.६ |
| | **केटा** | ७६.४ | ६४.६ | ६६.७ | १६.३ | २५.२ | २४.० | ३.६ | ६.७ | ९.३ |
| | **जम्मा** | ७४.६ | ६३.३ | ६६.१ | १७.५ | २६.४ | २३.९ | ३.६ | ६.५ | १०.० |
| **कक्षा २** | **केटी** | ७४.६ | ६७.२ | ७४.८ | २१.० | २५.२ | २१.६ | ४.१ | ४.४ | ३.५ |
| | **केटा** | ७५.० | ७२.० | ६७.६ | २१.० | २०.७ | २५.२ | ३.६ | ४.५ | ७.१ |
| | **जम्मा** | ७४.८ | ६९.५ | ७१.५ | २१.० | २३.० | २३.३ | ३.९ | ४.५ | ५.२ |
| **कक्षा ३** | **केटी** | ७१.० | ६८.३ | ७२.६ | २५.७ | २५.५ | २२.४ | ३.० | ४.१ | ५.० |
| | **केटा** | ७१.२ | ७७.३ | ७६.७ | २५.२ | १६.५ | १८.३ | ३.२ | ४.१ | ५.० |
| | **जम्मा** | ७१.१ | ७२.५ | ७४.४ | २५.५ | २१.३ | २०.६ | ३.१ | ४.१ | ५.० |
| **कक्षा ४** | **केटी** | ८३.९ | ६५.९ | ७५.८ | १३.१ | २६.९ | २१.३ | २.७ | २.५ | २.९ |
| | **केटा** | ८३.२ | ६९.४ | ७६.० | १३.४ | २५.२ | २०.७ | ३.१ | २.१ | ३.३ |
| | **जम्मा** | ८३.६ | ६७.७ | ७५.९ | १३.३ | २६.० | २१.० | २.९ | २.३ | ३.१ |
| **कक्षा ५** | **केटी** | ७६.१ | ५५.६ | ८२.० | २१.२ | ३८.४ | १५.७ | २.५ | ४.२ | २.३ |
| | **केटा** | ७३.६ | ५९.९ | ८०.४ | २३.६ | ३३.९ | १७.४ | २.५ | ४.३ | २.२ |
| | **जम्मा** | ७४.९ | ५७.७ | ८१.२ | २२.४ | ३६.२ | १६.६ | २.५ | ४.२ | २.३ |
| **कक्षा १-५** | **केटी** | ७५.७ | ५९.७ | ७३.९ | १९.९ | ३१.९ | २१.१ | ३.२ | ४.४ | ५.० |
| | **केटा** | ७५.९ | ६४.९ | ७३.३ | १९.९ | २७.३ | २१.२ | ३.२ | ४.४ | ५.५ |
| | **जम्मा** | ७५.८ | ६२.२ | ७३.६ | १९.९ | २९.७ | २१.२ | ३.२ | ४.४ | ५.२ |
| **कक्षा ६** | **केटी** | ९२.० | ६२.४ | ८२.९ | ४.२ | २७.८ | १४.१ | ३.५ | ३.३ | ३.० |
| | **केटा** | ९२.९ | ६३.७ | ८७.० | ३.१ | २४.९ | ६.१ | ३.५ | ४.८ | ६.९ |
| | **जम्मा** | ९२.५ | ६३.१ | ८४.८ | ३.७ | २६.३ | १०.५ | ३.५ | ४.० | ४.८ |
| **कक्षा ७** | **केटी** | ९१.३ | ६८.१ | ७३.० | २.२ | २६.९ | १९.० | ६.२ | ४.१ | ८.० |
| | **केटा** | ९२.७ | ७१.५ | ६७.६ | २.६ | २३.१ | २१.८ | ४.५ | ३.४ | १०.६ |
| | **जम्मा** | ९२.० | ६९.६ | ७०.४ | २.४ | २५.२ | २०.३ | ५.४ | ३.८ | ९.२ |
| **कक्षा ८** | **केटी** | ९२.७ | ४६.० | ८९.९ | ३.३ | ४५.८ | ५.५ | ३.८ | ६.१ | ४.६ |
| | **केटा** | ९३.७ | ४९.५ | ९०.१ | २.० | ४१.१ | ५.३ | ४.० | ६.९ | ४.७ |
| | **जम्मा** | ९३.२ | ४७.६ | ९०.० | २.६ | ४३.७ | ५.४ | ३.९ | ६.५ | ४.६ |
| **कक्षा ६-८** | **केटी** | ९२.० | ५६.७ | ८२.५ | ३.२ | ३५.८ | १२.६ | ४.५ | ४.७ | ४.९ |
| | **केटा** | ९३.१ | ५९.४ | ८२.१ | २.६ | ३१.८ | १०.६ | ४.० | ५.३ | ७.४ |
| | **जम्मा** | ९२.६ | ५७.९ | ८२.३ | २.९ | ३४.० | ११.७ | ४.३ | ५.० | ६.० |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

२०८१ सालमा कक्षा १ मा, दोहोरिने दर २३.९ प्रतिशत छ (गत वर्ष २६.४ % बाट केहि घटेको), कक्षा २ मा यो २१ प्रतिशत छ (गत वर्ष २३% बाट घटेको) र कक्षा ३ मा यो २१.३ प्रतिशत छ (गत वर्ष २०.६% बाट बढेको)। कक्षा ४ र कक्षा ५ मा दोहोरिने दर क्रमशः २६.० प्रतिशत र ३६.२ प्रतिशत छ। यसले प्रारम्भिक कक्षाहरूमा समस्याहरूलाई सम्बोधन गर्न सरकारका सबै तहहरूमा समन्वित प्रयासहरूको आवश्यकता रहेको संकेत गर्दछ। सबै कक्षाहरूमा पदोन्नति दर ६५ देखि ९० प्रतिशत सम्म हुन्छ, र कक्षा ७ बाहेक, क्रमिक कक्षाहरूमा छाड्ने दर घट्छ।

## १८.१३ GER/NER आधारभूत तहमा

कुल भर्ना दर (GER) ले त्यो तहको लागि आधिकारिक उमेर समूहमा जनसंख्याको प्रतिशतको रूपमा शिक्षाको एक विशेष स्तरमा कुल भर्नालाई प्रतिनिधित्व गर्दछ र प्रारम्भिक वा ढिलो प्रवेश र ग्रेड दोहोरिने कारणले १०० प्रतिशत भन्दा बढी हुन सक्छ। नेट भर्ना दर (NER) भनेको सम्बन्धित जनसंख्याको प्रतिशतको रूपमा दिइएको शिक्षा स्तरको लागि आधिकारिक उमेर समूहमा विद्यार्थीहरूको कुल संख्या हो। यी दरहरू २०७८ सालमा सङ्कलन गरिएको अनुमानित जनसंख्या डेटाको आधारमा गणना गरिन्छ।

तालिका १८.१३.१: आधारभूत तहमा GER र NER विवरण

| शैक्षिक सूचकहरु | जम्मा | शैक्षिक सत्र | | |
|---|---|---|---|---|
| | | २०७९ | २०८० | २०८१ |
| **GER (1-5)** | महिला | १६०.५ | १४३.८ | १५३.७ |
| | पुरुष | १६३.९ | १४१.८ | १५७.६ |
| | जम्मा | १६२.२ | १४२.८ | १५५.५ |
| **NER (1-5)** | महिला | ९६.४ | ९५.८ | ९६.२ |
| | पुरुष | ९६.५ | ९६.४ | ९२.४ |
| | जम्मा | ९६.४ | ९६.१ | ९४.४ |
| **GER (6-8)** | महिला | १२२.४ | १२५.५ | ११३.६ |
| | पुरुष | १०९.१ | ९४.३ | ११७.५ |
| | जम्मा | ११५.७ | १०८.९ | ११५.३ |
| **NER (6-8)** | महिला | ९४.८ | ९४.९ | ९५.० |
| | पुरुष | ९३.१ | ९२.३ | ८९.१ |
| | जम्मा | ९३.९ | ९३.५ | ९२.५ |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

GER र NER दुवै १०० प्रतिशत हुनुपर्छ, जसले प्रत्येक कक्षाको लागि उमेर-विशिष्ट भर्ना र उमेर समूहमा स्कूल बाहिरका बालबालिकाहरू नभएको जनाउँछ। १०० प्रतिशतभन्दा बढी GER ले कक्षाकोठामा कम उमेरका वा बढी उमेरका विद्यार्थीहरूलाई जनाउँछ, जबकि १०० प्रतिशतभन्दा कम NER ले त्यो उमेर समूहमा स्कूल बाहिरका बालबालिकाहरूलाई जनाउँछ। उदाहरणका लागि, तालिका १८.१३.१ मा, आधारभूत (१-५) को लागि GER १५५.५ छ, जसले कम उमेरका र बढी उमेरका विद्यार्थीहरूको उपस्थिति जनाउँछ। आधारभूत (१-५) को लागि NER ९४.४ छ, जसले ५-९ वर्ष उमेरका ५.६ प्रतिशत बालबालिकाहरू विद्यालयमा छैनन् भन्ने जनाउँछ। तालिका १८.१३.१ ले आधारभूत (६-८) स्तरको लागि GER र NER पनि प्रस्तुत गर्दछ। यी ग्रेडहरूको लागि GER ११५.३ छ र NER ९२.५ छ। तालिका १८.१३.२ ले आधारभूत (१-८) को लागि GER र NER देखाउँछ।

तालिका १८.१३.२ : आधारभूत स्तरमा GER र NER विवरणहरू (अतिरिक्त)

| शैक्षिक सूचकहरु | जम्मा | वर्ष (बि.स.मा) | | |
|---|---|---|---|---|
| | | २०७९ | २०८० | २०८१ |
| **GER (१-८)** | महिला | १४५.२ | १३६.७ | १३७.६ |
| | पुरुष | १३६.४ | १२१.२ | १४२.९ |
| | जम्मा | १४०.८ | १२८.९ | १४०.० |
| **NER (१-८)** | महिला | ९५.८ | ९५.४ | ९५.७ |
| | पुरुष | ९५.३ | ९४.६ | ९१.२ |
| | जम्मा | ९५.६ | ९५.० | ९३.७ |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## १८.१४: कक्षा १ मा GIR र NIR

कुल प्रवेश दर (GIR) ले कक्षा १ मा प्रवेश गर्ने नयाँ विद्यार्थीहरूको कुल संख्यालाई प्रतिनिधित्व गर्दछ, उमेरको पर्वाह नगरी, त्यो कक्षाको लागि आधिकारिक स्कूल प्रवेश उमेरमा जनसंख्याको प्रतिशतको रूपमा। अर्कोतर्फ, नेट प्रवेश दर (NIR) ले गणनाको क्रममा विशिष्ट उमेर समूहलाई मात्र विचार गर्दछ, जुन कक्षा १ को सन्दर्भमा उमेर ५ हो।

तालिका १८.१४.१: कक्षा १ मा GIR र NIR

| शैक्षिक सूचकहरु | जम्मा | वर्ष (बि.स.मा) | | |
|---|---|---|---|---|
| | | २०७९ | २०८० | २०८१ |
| **GIR Grade 1** | महिला | १२५.८ | १०२.५ | १३९.४ |
| | पुरुष | १३५.९ | १०२.१ | १६६.० |
| | जम्मा | १३०.५ | १०२.३ | १५१.६ |
| **NIR Grade 1** | महिला | ९७.८ | ९५.५ | ९३.७ |
| | पुरुष | ९६.७ | ९७.४ | ९४.६ |
| | जम्मा | ९७.३ | ९६.४ | ९४.१ |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

५ वर्ष उमेरका बालबालिकाको अनुमानित जनसंख्याको साथ कक्षा १ मा नयाँ भर्ना गणना गरेपछि, कक्षा १ मा GIR १५१.६ प्रतिशत र कक्षा १ मा NIR ९४.१ (शैक्षिक सत्र २०८१ मा) प्रतिशतमा रहन्छ। यसले अभिभावकहरूले अझै पनि कक्षा १ मा बढी उमेरका र कम उमेरका दुवै बालबालिकालाई भर्ना गरिरहेका छन् भन्ने संकेत गर्छ, जसको परिणामस्वरूप कक्षा १ मा NIR कम छ जहाँ केटीहरूको लागि ९३.७ प्रतिशत र केटाहरूको लागि ९४.६ प्रतिशत छ।

## १८.१५: माध्यमिक तहको शिक्षा

प्रतिवेदनको निम्न खण्डले देशभर माध्यमिक तहको शिक्षामा भर्ना भएका विद्यार्थीहरूको संख्या प्रस्तुत गर्दछ। यसले सामुदायिक र संस्थागत विद्यालयहरूमा विद्यार्थी-शिक्षक अनुपातसँगै दलित र जनजातिका विद्यार्थीहरूको संख्या र अनुपातको

बारेमा पनि जानकारी प्रदान गर्दछ। थप रूपमा, कुल र कुल भर्ना दर जस्ता प्रमुख शिक्षा सूचकहरू पनि यस खण्डमा प्रदान गरिएको छ। सबै जानकारी विद्यालय प्रकार र आवश्यक भएमा प्रदेशहरूद्वारा विभाजित गरिएको छ।

## १८.१६ माध्यमिक तहमा विद्यार्थीहरूको संख्या

यस नगरपालिकामा शैक्षिक सत्र २०८१ मा कक्षा ९-१२ को माध्यमिक तहमा १२६२ विद्यार्थीहरू छन्। यी मध्ये ८६७ (६८.७%) कक्षा ९-१० मा छन् र बाँकी ३९५ (३१.३%) कक्षा ११-१२ मा छन्। यसले गत वर्षको कुल भर्ना संख्यामा १११ संख्या ले वृद्धि भएको देखाउछ। यस बुढीगंगा नगरपालिकामा माध्यमिक तहका संस्थागत विद्यालयहरू नरहेकाले बिद्यार्थी संख्या शुन्य छ।

तालिका १८.१६.१: माध्यमिक तहमा विद्यार्थीहरूको संख्या

| शैक्षिक सत्र | जम्मा | | | सामुदायिक | | | संस्थागत | | | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी% | केटी% |
| २०७९ | ८३१ | ६८९ | १५२० | ८३१ | ६८९ | १५२० | ० | ० | ० | ५४.७ | ० |
| २०८० | ६२६ | ५२५ | ११५१ | ६२६ | ५२५ | ११५१ | ० | ० | ० | ५४.४ | ० |
| २०८१ | ६८३ | ५७९ | १२६२ | ६८३ | ५७९ | १२६२ | ० | ० | ० | ४५.९ | ० |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.१६.१: माध्यमिक तहमा विद्यार्थीहरुको संख्या




तालिका १८.१६.२: शैक्षिक तह अनुसार सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या

| शैक्षिक तह | शैक्षिक सत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७९ | | | २०८० | | | २०८१ | | |
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| कक्षा ९ | २०६ | १८० | ३८६ | १४१ | १६९ | ३१० | ३१७ | २६६ | ५८३ |
| कक्षा १० | ३०१ | २५१ | ५५२ | १७४ | १६६ | ३४० | १२६ | १५८ | २८४ |
| कक्षा ११ | २३३ | १५६ | ३८९ | १४८ | ८३ | २३१ | ४५ | ५१ | ९६ |
| कक्षा १२ | ९१ | १०२ | १९३ | १६३ | १०७ | २७० | १९५ | १०४ | २९९ |

चित्र १८.१६.२ : कक्षा अनुसार माध्यमिक तहमा विद्यार्थी संख्या




## १८.१७ माध्यमिक तहमा आन्तरिक दक्षता

शिक्षामा आन्तरिक दक्षता विभिन्न कक्षा स्तरहरूमा पदोन्नति, पुनरावृत्ति र छाड्ने दर जस्ता कारकहरूद्वारा निर्धारण गरिन्छ। तालिका १८.१७.१ ले लिङ्गको आधारमा कक्षा ९ र १० को लागि यी दरहरूको विभाजन प्रदान गर्दछ। तथ्याङ्कले देखाउँछ कि कक्षा ९ को लागि पदोन्नति दर ९६.४ प्रतिशत छ, जसमा पुनरावृत्ति दर १.४ प्रतिशत र छाड्ने दर २.२ (२०८१ मा) प्रतिशत छ। कक्षा १० को लागि, पदोन्नति दर ९८.९ प्रतिशतमा उच्च छ, जसमा पुनरावृत्ति दर ० प्रतिशत र छाड्ने दर १.१ प्रतिशत छ।

तालिका १८.१७.१: माध्यमिक तहमा कक्षा उत्तीर्ण, दोहोरिने र छोड्ने दर

| शैक्षिक तह | जम्मा | Promotions Rate | | | Repeaters Rate | | | Dropouts Rate | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९ | २०८० | २०८१ | २०७९ | २०८० | २०८१ | २०७९ | २०८० | २०८१ |
| कक्षा ९ | केटी | ९७.२ | ८४.९ | ९५.९ | ०.० | ५.७ | १.६ | २.० | ४.१ | २.५ |
| | केटा | ९७.६ | ८९.१ | ९७.० | ०.० | २.४ | १.१ | २.२ | २.५ | १.९ |
| | जम्मा | ९७.४ | ८७.० | ९६.४ | ०.० | ३.९ | १.४ | २.१ | ३.४ | २.२ |
| कक्षा १० | केटी | ९९.८ | १००.० | ९९.२ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.८ |
| | केटा | ९९.६ | ९९.९ | ९८.७ | ०.० | ०.० | ०.० | ०.० | ०.० | १.३ |
| | जम्मा | ९९.७ | ९९.९ | ९८.९ | ०.० | ०.० | ०.० | ०.० | ०.० | १.१ |
| कक्षा ९-१० | केटी | ९८.५ | ९३.४ | ९६.८ | ०.० | २.५ | १.१ | १.० | १.७ | २.० |
| | केटा | ९८.६ | ९४.६ | ९७.६ | ०.० | १.२ | ०.७ | १.१ | १.१ | १.७ |
| | जम्मा | ९८.५ | ९४.० | ९७.२ | ०.० | १.८ | ०.९ | १.० | १.४ | १.८ |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

यसबाहेक, तथ्याङ्कले कक्षा ९-१० मा विद्यार्थीहरू अर्को कक्षामा जाने सम्भावना बढी हुन्छ र आधारभूत शिक्षाको तुलनामा विद्यालय छोड्ने दर उल्लेखनीय रूपमा कम हुन्छ भन्ने देखाउँछ।

## १८.१८: माध्यमिक तहमा GER/NER

GER र NER अनुमानित जनसंख्या उमेर समूहको आधारमा गणना गरिन्छ। यस प्रतिवेदनको सन्दर्भमा; यी दरहरू २०७८ सालमा सङ्कलन गरिएको अनुमानित जनसंख्या तथ्याङ्कको आधारमा गणना गरिन्छ।

तालिका १८.१८.१: माध्यमिक तहमा GER र NER सम्बन्धी विवरण

| शैक्षिक सत्र | GER (९-१०) | | | NER (९-१०) | | | GER (११-१२) | | | NER (११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २०७९ | ९४.२ | ११५.० | १०२.८ | ७४.२ | ८९.० | ८०.३ | ५७.४ | ७५.८ | ६४.३ | ३१.० | ३९.१ | ३४.१ |
| २०८० | ८६.३ | ८८.२ | ८७.२ | ७४.० | ८४.५ | ७९.३ | ४७.९ | ५०.७ | ४८.९ | २५.० | ३०.१ | २६.९ |
| २०८१ | ९३.३ | ९०.८ | ९२.० | ७४.१ | ७०.० | ७२.१ | ३९.२ | ४४.२ | ४१.० | २७.२ | ३२.२ | २९.० |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

तालिका १८.१८.२: माध्यमिक तहमा GER र NER विवरणहरू (अतिरिक्त)

| शैक्षिक सत्र | **GER (९-१२)** | | | **NER (९-१२)** | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २०७९ | ७५.५ | ९६.५ | ८३.८ | ५२.२ | ६५.४ | ५७.५ |
| २०८० | ६१.७ | ६९.५ | ६५.१ | ४२.६ | ५७.५ | ४९.० |
| २०८१ | ६२.८ | ७०.८ | ६६.२ | ४७.७ | ५३.८ | ५०.३ |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

तालिका १८.१८.२ मा, कक्षा ९-१२ को लागि कुल भर्ना दर (GER) र नेट भर्ना दर (NER) देखाइएको छ। समग्र NER ५०.३ प्रतिशत छ, जुन गत वर्षको ४९.० प्रतिशतको आंकडाभन्दा बढी हो। यद्यपि NER र GER दुवै १०० प्रतिशतभन्दा धेरै छन्, जसले गर्दा विद्यार्थीहरू माध्यमिक तह (९-१२) पुग्नु अघि नै विद्यालय छोडिरहेका छन् भन्ने संकेत गर्छ। GER र NER बीचको भिन्नताले माध्यमिक तहमा नाबालिग र बढी उमेरका विद्यार्थीहरूको समस्यालाई जनाउँछ।

## १८.१९ माध्यमिक तहमा विद्यार्थी शिक्षक अनुपात

विद्यार्थी शिक्षक अनुपात कुल विद्यार्थी संख्यालाई कुल शिक्षक संख्याले भाग गरेर गणना गरिन्छ। यो अनुपात गणना गर्दा, विद्यार्थीहरूको संख्यालाई पालिकाभरि ९-१० र ११-१२ माध्यमिक तह भएका शिक्षकहरूको कुल संख्याले भाग गरिन्छ।

तालिका १८.१९.१: माध्यमिक तहमा विद्यार्थी शिक्षक अनुपात

| शैक्षिक सत्र | स्वीकृत शिक्षकहरूको आधारमा | | सबै शिक्षकहरूमा आधारित | |
|---|---|---|---|---|
| | कक्षा (९-१०) | कक्षा(११-१२) | कक्षा (९-१०) | कक्षा(११-१२) |
| २०७९ | ४४.७ | ३४.२ | ३७.५ | २४.३ |
| २०८० | ४४.७ | ३४.२ | ३७.५ | २४.३ |
| २०८१ | ३३.३ | १५.६ | २८.८ | १४.८ |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

तालिका १८.१९.१ अनुसार, कक्षा ९-१० मा सामुदायिक विद्यालयहरूको विद्यार्थी-शिक्षक अनुपात ३३.३ छ, र कक्षा ११-१२ मा सामुदायिक विद्यालयहरूको विद्यार्थी-शिक्षक अनुपात १५.६ (स्वीकृत शिक्षकहरूको आधारमा) रहेको छ।

## १८.२० आधारभूत तहमा सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको संख्या

सामुदायिक विद्यालयहरूमा शिक्षकहरू रोजगारीको तीन मुख्य वर्गमा पर्छन्: पहिलो स्थायी, अस्थायी र राहत शिक्षकहरूको रूपमा वर्गीकृत संघीय सरकारले नियुक्त गरेका शिक्षकहरू हुन्। दोस्रो संघीय, प्रान्तीय वा स्थानीय स्तरको सरकारले प्रदान गरेको अनुदानको आधारमा स्थानीय रूपमा नियुक्त गरिएका शिक्षकहरू हुन्। तेस्रो निजी रूपमा वित्त पोषित शिक्षकहरू हुन् जसलाई विद्यालयहरूले भुक्तानी गर्छन्। संस्थागत विद्यालयहरूको सन्दर्भमा, सबै शिक्षकहरू निजी रूपमा नियुक्त गरिएका छन्। तालिका १८.२०.१ ले आधारभूत (१-५) र आधारभूत (६-८) मा सामुदायिक विद्यालयहरूमा सरकार-अनुमोदित शिक्षकहरूको संख्या प्रदान गर्दछ।

तालिका १८.२०.१: आधारभूत तहका सामुदायिक विद्यालयहरूमा सरकार-अनुमोदित शिक्षकहरूको संख्या

| शैक्षिक तह | शिक्षकको प्रकार | शैक्षिक सत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९ | | | २०८० | | | २०७९ | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| आधारभूत (१-५) | स्थाई | १७ | ६० | ७७ | १७ | ६० | ७७ | १७ | ५६ | ७३ |
| | अस्थाई | १ | ४ | ५ | १ | ४ | ५ | ६ | ६ | १२ |
| | राहत | ११ | १५ | २६ | ११ | १५ | २६ | १० | १५ | २५ |
| | जम्मा स्वीकृत दरबन्दी | १८ | ६४ | ८२ | १८ | ६४ | ८२ | ३३ | ७७ | ११० |
| | निजि | १३ | ४२ | ५५ | १५ | ७ | २२ | १५ | ७ | २२ |
| आधारभूत (६-८) | स्थाई | ३ | १४ | १७ | ३ | १४ | १७ | २ | १४ | १६ |
| | अस्थाई | ० | १ | १ | ० | १ | १ | १ | १ | २ |
| | राहत | २ | ७ | ९ | २ | ७ | ९ | २ | ८ | १० |
| | जम्मा स्वीकृत दरबन्दी | ३ | १५ | १८ | ३ | १५ | १८ | ५ | २३ | २८ |
| | निजि | ३ | १९ | २२ | ३ | ७ | १० | ३ | ७ | १० |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.२०.१ : आधारभूत तहका सामुदायिक विद्यालयहरूमा सरकार-अनुमोदित शिक्षकहरूको संख्या



## १८.२१ आधारभूत तहमा संस्थागत विद्यालयहरूमा शिक्षकहरूको संख्या

संस्थागत विद्यालयहरूमा, आधारभूत (१-५) मा ४६ शिक्षकहरू छन् जसमध्ये २२ (४७.८%) महिला छन्, जबकि बाँकी २४ (५२.२%) पुरुष छन्। आधारभूत (६-८) मा संस्थागत विद्यालयहरूमा ७ शिक्षकहरू छन्, जसमध्ये १ (१४.३%) महिला छन् र बाँकी ७ (८५.७%) पुरुष छन्।

तालिका १८.२१.१: संस्थागत विद्यालयहरूमा शिक्षकहरूको संख्या

| शैक्षिक सत्र | आधारभूत (१-५) | | | आधारभूत(६-८) | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २०७९ | ९ | ५४ | ६३ | ३ | ५ | ८ |
| २०८० | २२ | २४ | ४६ | १ | ६ | ७ |
| २०८१ | २२ | २४ | ४६ | १ | ६ | ७ |

श्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.२१.१: संस्थागत विद्यालयहरूमा शिक्षकहरूको संख्या




कुल मिलाएर, आधारभूत (१-८) मा संस्थागत विद्यालयहरूमा शिक्षकहरूको संख्या ५३ छ, जसमध्ये २३ (४३.४%) महिला छन् र बाँकी ३० (५६.६%) पुरुष छन्।

## १८.२२ माध्यमिक तहमा सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको संख्या

आधारभूत तहको सन्दर्भमा जस्तै, माध्यमिक तह (९-१२) मा सामुदायिक विद्यालयहरूमा शिक्षकहरू तीन प्रमुख वर्गहरू मध्ये एक अन्तर्गत पर्दछन्: संघीय सरकारले नियुक्त गरेका शिक्षकहरूलाई स्थायी, अस्थायी र राहत शिक्षकको रूपमा वर्गीकृत गरिएको छ; संघीय, प्रान्तीय वा स्थानीय तहको सरकारद्वारा प्रदान गरिएको अनुदानको आधारमा स्थानीय रूपमा नियुक्त गरिएका शिक्षकहरू र विद्यालयहरूद्वारा भुक्तानी गरिएका निजी रूपमा वित्त पोषित शिक्षकहरूको संख्या तालिका नं. १८.२२.१ मा उल्लेख गरिएको छ।

तालिका १८.२२.१: माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा सरकारद्वारा स्वीकृत शिक्षकहरूको संख्या

| शैक्षिक तह | शिक्षकको प्रकार | शैक्षिक सत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९ | | | २०८० | | | २०८१ | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| माध्यमिक (९-१०) | स्थाई | ३ | १४ | १७ | ३ | १४ | १७ | २ | ११ | १३ |
| | अस्थाई | ० | ० | ० | ० | ० | ० | २ | ५ | ७ |
| | राहत | ० | ४ | ४ | ० | ४ | ४ | १ | ५ | ६ |
| | जम्मा स्वीकृत दरबन्दी | ३ | १४ | १७ | ३ | १४ | १७ | ५ | २१ | २६ |
| | निजि | ० | ४ | ४ | १ | ३ | ४ | १ | ३ | ४ |
| माध्यमिक (११-१२) | स्थाई | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | अस्थाई | २ | ७ | ९ | २ | ७ | ९ | २ | ७ | ९ |
| | राहत | ० | ८ | ८ | ० | ८ | ८ | ० | ८ | ८ |
| | जम्मा स्वीकृत दरबन्दी | २ | ७ | ९ | २ | ७ | ९ | २ | १५ | १७ |
| | निजि | ३ | ४ | ७ | ० | १ | १ | ० | १ | १ |

श्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

चित्र १८.२२.१: माध्यमिक तहमा शिक्षकको वर्गीकरण अनुसारको संख्या



# खण्ड १९: स्वास्थ्य

## १९.१ वडाअनुसार स्वास्थ्य संस्थाहरूको विवरण

| वडा नं. | स्वास्थ्य चौकी | सामुदायिक स्वास्थ्य इकाइ केन्द्र | ग्रामीण स्वास्थ्य ईकाइ | खोप केन्द्र |
|---|---|---|---|---|
| १ | ० | ० | ० | २ |
| २ | ० | ० | ० | २ |
| ३ | १ | ० | ० | १ |
| ४ | ० | ० | ० | १ |
| ५ | १ | ० | ० | १ |
| ६ | ० | ० | ० | १ |
| ७ | ० | ० | ० | १ |
| ८ | ० | ० | ० | १ |
| ९ | १ | १ | ० | १ |
| १० | ० | ० | १ | २ |
| जम्मा | ३ | १ | १ | १३ |

स्रोतः बुढीगंगा नगरपालिका स्वास्थ्य शाखा

## १९.२ नगरपालिकाभित्र कार्यरत स्वास्थ्य जनशक्ति विवरण

| वडा नं. | विशेषज्ञ चिकित्सक | चिकित्सक | जनस्वास्थ्य निरिक्षक / हेल्थ असिष्टेन्ट | स्टाफ नर्स | ल्याब टेक्निसियन | अ.हे.व. | अ.न.मी. | ल्याब असिष्टेन्ट | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० | २ | २ | ० | २ |
| २ | ० | ० | ० | ० | ० | २ | १ | ० | ३ |
| ३ | ० | ० | १ | ० | ० | २ | ३ | १ | ४ |
| ४ | ० | ० | ० | ० | ० | १ | १ | ० | ३ |
| ५ | ० | ० | १ | ० | ० | २ | ४ | २ | ३ |
| ६ | ० | ० | ० | ० | ० | १ | १ | ० | २ |
| ७ | ० | ० | ० | ० | ० | १ | २ | ० | ३ |
| ८ | ० | ० | ० | ० | ० | १ | १ | ० | २ |
| ९ | ० | ० | १ | ० | ० | ३ | ३ | १ | २ |
| १० | ० | ० | ० | ० | ० | २ | २ | ० | ३ |
| जम्मा | ० | ० | ३ | ० | ० | १७ | २० | ४ | २७ |

स्रोतः बुढीगंगा नगरपालिका स्वास्थ्य शाखा

## १९.३ प्रमुख स्वास्थ्य सूचकांकहरूको त्रिवर्षिय प्रवृति तथ्य तालिका (Fact Sheet)

| कार्यक्रम | प्रमुख स्वास्थ्य सूचकांकहरु | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| राष्ट्रिय खोप कार्यक्रम | राष्ट्रिय खोप तालिका अनुसार पूर्ण खोप पाउने बालबालिकाको % | | ७० | ५९ |
| | १ वर्ष मुनिका बिसिजी खोप पाउने बालबालिकाको % | ७५ | ७१ | ६६ |
| | १ वर्ष मुनिका डी पी टि पहिलो मात्रा खोप पाउने बालबालिकाको % | ८६ | ६६ | ५२ |
| | १ वर्ष मुनिका डी पी टि तेश्रो मात्रा खोप पाउने बालबालिकाको % | ८९ | ६८ | ५५ |
| | १२ देखि २३ महिना सम्मका बालबालिकाहरु ले दादूरा रूबेला दोश्रो मात्रा खोप पाएको % | ८०.५८ | ७१.२८ | ५९.०२ |
| | TD2 & TD2+ खोप पाएका गर्भवती महिलाहरुको % | ६६ | ५१ | ३७ |
| | पेन्टा१ Vsदादुरा२ ड्रप आउट दर | ७ | -७ | -९ |
| | पेन्टा १ Vs पेन्टा ३ ड्रप आउट दर | -४ | -२ | -६ |
| | पेन्टा खोपको खेर जाने दर | ० | ३१ | ४३ |
| | दादुरा खोपको खेर जाने दर | ० | ४७ | ५४ |
| | टिडी खोपको खेर जाने दर | ० | ४० | ५९ |
| पोषण | ०-२३ महिनाका बालबालिकाहरुको बृद्धि अनुगमन % | ० | ७ | १४ |
| | ०-२३ महिना का बृद्धिअनुगमन गरिएका बालबालिकाहरु मध्ये कमतौल भएका बालबालिकाहरु% | ३ | ५ | ७ |
| | स्वास्थ्य संस्थामा कम जन्म तौल (low birth weight <2.5kg) भएका शिशु % | १ | ० | ५ |
| | ०-२३ महिनाका बालबालिकाहरुको औसत बृद्धि अनुगमन पटक | ० | ६ | १४ |
| | SAM भएका बच्चाहरुको निको हुने दर % | ० | ८७ | १०० |
| CBIMNCI | २ महिना मुनिका दर्ता भएका बिरामी बच्चा मध्ये PSBI को % | ६ | १७ | ३६ |
| | PSBI भएका बच्चाहरुले Gentamicin को पुरा मात्रा पाएको % | ० | ७१ | ५० |
| | पाँच बर्षमुनिका बच्चाहरुमा झाडापखाला incidence rate (प्रति हजार मा) | ३०९ | २७१ | २५० |
| | पाँच बर्षमुनिका बच्चाहरुमा स्वासप्रश्वास (ARI) को Incidence(प्रति हजारमा) | ५३७ | ५२६ | ५७१ |
| | पाँच बर्षमुनिका बच्चाहरुमा pneumonia को Incidence दर (प्रति हजारमा) | १०४ | १११ | ११५ |

| कार्यक्रम | प्रमुख स्वास्थ्य सूचकांकहरु | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| | निमोनिया भएका नयाँ बच्चाहरु मध्ये कडा निमोनिया भएका बच्चा % | ०.०७ | ०.४४ | ०.०९ |
| सुरक्षित मातृत्व | स्वास्थ्य संस्था मा कम्तिमा पनि एकपटक गर्भजाच गराउने महिला को % | ० | ५९ | २९ |
| | जम्मा गर्भ जांच मध्ये किशोरीहरुको गर्भ जांच (कुनै एक पटक ) | १.४ | ०.९९ | १.०२ |
| | गर्भावस्थामा १८० आईरन चक्की पाउने महिला को % | ६५ | ५३ | ३८ |
| | प्रोटोकल अनुसार (४, ६, ८ र ९ महिनामा) गर्भाजाच गराउने महिला % | ६३ | ६४ | ७८ |
| | संस्थागत सुत्केरी % | ८४. | ५४. | ३७ |
| | ४५ दिन को लागि आईरन चक्की पाएका सुत्केरी महिला % | १०१ | ९९ | १०० |
| | Met need for emergency obstetric care | १ | २ | १ |
| परिवार योजना | प्रजनन् उमेरका महिलाहरु मध्ये परिवार योजनाका नया प्रयोगकर्ता % | २९ | २४ | २४ |
| | सुरक्षित गर्भपतन सेवा लिने २० वर्ष मुनिका महिला को अनुपात (%) | ०. | ०.११ | ०.७ |
| | परिवार नियोजन साधन प्रयोगकर्ता दर (CPR unadjusted) | २८९ | २६८ | २५८. |
| | Pills का लगातार प्रयोगकर्ता संख्या | ८०२ | ८२४ | ७७८ |
| | डिपो का लगातार प्रयोगकर्ता संख्या | ५४७५ | ४८७५ | ४४९५ |
| | IUCD का लगातार प्रयोगकर्ता संख्या | ३८७ | २२९ | १०३ |
| | Implant का लगातार प्रयोगकर्ता संख्या | ४९३१ | ४९७७ | ५२९० |
| रोग नियन्त्रण | Slide Positivity Rate | ० | ० | ० |
| | जम्मा रक्त नमुना परिक्षण (ACD and PCD) गरेको संख्या | २६७ | ३०२ | ३६३ |
